पूर्णाङ्क ५३, २०७६ भदौ

# सहभागिता

सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)



## सूचना प्रविधि र सहभागीमूलक विकास विशेषाङ्क

NEPAN

Celebrating 25th Year

सहभागिता

# भित्र कहाँ के छ ?


**२**
**सूचना तथा सञ्चार प्रविधिलाई कसरी बुझ्ने, कसरी प्रयोग गर्ने र यसका असर वा प्रभावहरू कहाँ के कसरी पर्न सक्छन् भन्ने अवधारणागत स्पष्टताको अझै अभाव छ।**
*तोया गौतमको लेख*

**१०**
**द्वन्द्व समाधानको रणनीतिक विधि तय गर्दा सूचना र सञ्चार को भूमिका सम्बन्धमा महत्वपूर्ण छलफल।**
*डा. विष्णुराज उप्रेतीको विश्लेषण*

**१९**
**"असक्षम जनप्रतिनिधिहरूले मात्र सूचनामा अङ्कुश लगाउन खोज्छन्"**
*राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटासँगको कुराकानी*

**४१**
**सूचना प्रविधिमा महिलाहरुको पहुँच र सहभागिता किन कम छ ? वृद्धिका लागि के गर्ने ? विविध सुझाव सहितको वकालत।**
*विन्दु गहतराजको अनुभवजन्य आलेख*

सहभागीमूलक विकासमा सूचना प्रविधि • गोरखबहादुर बोगटी ....५

राष्टिय योजना आयोगको पन्ध्रौं आधारपत्रमा सञ्चार एवं सूचना प्रविधि • श्रीराम के.सी. .......... १५

सहभागीमूलक विकास र सूचना प्रविधिको अन्तर्सम्बन्ध • कर्णबहादुर नेपाली.......... २४

२५ वर्ष लक्का जवान "नेपान" र सूचना प्रविधिसँगको सहयात्रा • चेतनाथ कणेल..........२७

आधुनिक सूचना तथा सञ्चार प्रविधिबारे युवा अनुभव र धारणाहरू • विनोद त्रिपाठी • टीकाराम कार्की ..........३१

शिक्षण र सूचना प्रविधि : केही व्यावहारिक अनुभवहरू • विष्णुप्रसाद भण्डारी..........३४

सूचना प्रविधि, इन्टरनेटको लत र समाधान • डा. नरेन्द्रसिंह ठगुन्ना ..........३७

एचआईभी एड्स नियन्त्रणमा सूचना प्रविधिको भूमिका र यसको प्रयोग • दलबहादुर जि.सी. .......... ४५

कोठाभित्रको दुनियाँ (विकास कविता) • सीता भण्डारी कँडेल... ४८

विकास अभियानमा सहभागीमूलक सूचना प्रविधि • बिर्ख छेत्री....... ४९

"सूचना प्रविधिको प्रयोगबाट कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याउन सकिन्छ" • डा. अनोज क्षेत्री ..........५२

प्रविधिका पराक्रमहरू (विकास कविता) • तीर्थराज अधिकारी....५६

विकासमा सञ्चार तथा सूचना प्रविधिको महत्व र अबका पाइलाहरू • गम्भीरबहादुर हाडा..........५७

रोजगारी सिर्जना दिगो विकासको आधार • प्रा. डा. नरविक्रम थापा..........५९

स्थानीय सरकारमा न्यायिक समितिको प्रभावकारिता कसरी बढाउने ? • तेज सुनार ..........६५

होमस्टेमा सूचना प्रविधिको प्रयोग • नन्दलाल माझी ..........६७

स्थानीय सरकारको विकास गति ५ नम्बर गियरमा कहिले ? • गोपीकृष्ण ढुंगाना..........६९

सामुदायिक विकास सञ्जालीकरण : सुदूरपश्चिमको अनुभव • राधादेवी ओली • ज्ञानुप्रसाद तिवारी..........७१

नागरिक समाजका संस्थाहरुमा सामाजिक परीक्षण • गोविन्दराज पौडेल • दिवेश सायमी ..........७३

माझी-दनुवार बस्तीमा विकासको चर्चा र जनप्राथमिकताहरू • कमलरत्न दनुवार ..........७८

बाल सहभागिता र सञ्चारका कुरा • भारद्वाज मित्र..........८०

नेपालआमालाई २ विशेष पुस्तक उपहार • चेतनाथ हरित .........८३

पूर्वीय दर्शनको चर्चा गर्ने अमूल्य पुस्तक • अश्विन पुडासैनी......८६

राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिता कसरी बढाउने ? • जानुका न्यौपाने.......... १०६


साथमा नियमित स्तम्भ...


**जनमत** ५४

**पुस्तक चर्चा** ८३

**नेपान स्रोतकेन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू** ८८

**नेपान गतिविधिहरू** ९०

**पाठकपत्र** १००

**नेपानको वर्तमान कार्यसमिति** १०२

**नेपान अक्षय-कोषको हालसम्मको स्थिति** ११०

## सम्पादकीय

# सूचना तथा सञ्चार प्रविधिको उपयोग जनताको जीविकोपार्जन र सुशासनसँग जोडौं

सहभागिताको यो ५३ औं अङ्क तपाईंहरूको हातमा पार्न पाउँदा हामी खुशी भएका छौं । सम्भवतः यो पत्रिका हातमा परिराख्दा पक्कै यो अनलाइनको जमानामा यस्तो (मुद्रित) प्रकाशनमा धेरै प्रयत्न किन गरिरहेको होला भनेर मनमनै प्रश्न गर्नुभयो होला ! यदि यो प्रश्न उब्जिएको हो भने तपाईं पनि प्रविधिप्रेमी भइसक्नु भएको रहेछ भनेर मान्नुहोला । निश्चय नै, प्रविधिको उच्चतम तथा द्रुत विकासले गर्दा अनलाइन र 'भर्चुअल स्पेस'को सबैतिर चर्चा, चासो र चिन्ता हुनु अस्वाभाविक होइन । र, हामी पनि त्यही चाहन्छौं । ढिलोचाँडो सहभागितालगायत नेपानका सम्पूर्ण प्रकाशनहरू अनलाइनमा जानुपर्ने आवाज पक्कै आउनेछ ।

त्यसैले, यस अङ्कमा हामीले वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि र यसले विकासमा पारेको प्रभाव तथा विविध आयामहरूलाई खोतल्ने प्रयास गरेका छौं । प्रविधिको प्रयोगले विकासलाई कसरी मद्दत पुऱ्याइरहेको छ, यसको प्रयोगमा के कस्ता चुनौती छन् भन्ने विषयमा पनि बहसको सुरुवात गरेका छौं ।

सूचना प्रविधिको पहुँचले सूचना, विचार तथा अनुभव आदान-प्रदानको तौरतरिकामा धेरै नै फरक आइसकेको अवस्थामा यी प्रविधिहरू कति जनमुखी छन्, जनसहभागिताका सवालमा कस्तो असर र प्रभाव पार्दैछन् भन्ने पनि बहसको विषय भएको छ । ग्रामीण भेग र दूरदराजसम्म यसको पहुँच पुगेपछि मोबाइल र यसको माध्यमबाट चल्ने सामाजिक सञ्जालको उपयोगले आफ्ना कुरा व्यक्त गर्ने, प्रतिक्रिया दिने खालका भर्चुअल अर्थात् 'डिजिटल' सहभागिता बढेको पक्कै हो तर ती सवालहरू विकास र शासनका निकायहरूसम्म पुग्छन् या पुग्दैनन् र तिनको सम्बोधन कसरी गरिन्छ भन्ने कुरा पनि अहिलेको ज्वलन्त सवाल हो ।

जनताको सहभागिता अब प्रत्यक्षरूपमा मात्र हुनुपर्छ भन्ने छैन, प्रविधिको प्रयोगमार्फत् पनि सहभागी हुने अवसरहरू सृजना भएका छन् । तर यसलाई कसरी अर्थपूर्ण, वैचारिक र वैधानिक बनाउने भन्नेमा चाहिँ अन्योल छ । खासगरी 'सोसल मिडिया'मा व्यक्त हुने नागरिकका अभिव्यक्तिहरूले सामाजिक विषयमा के कति योगदान गरिरहेका छन् भन्नेतर्फ पनि अब छलफल हुनुपर्छ । समुदायको हितमा कसरी प्रयोग गर्ने भन्नेबारे अहिलेसम्म त्यति धेरै बहस हुन सकिरहेको छैन ।

सूचना तथा सञ्चार प्रविधि विकास र प्रयोगलाई राज्यले महत्वपूर्ण एजेण्डाका रुपमा राखिसकेको छ । सूचना तथा सञ्चार प्रविधि नीति २०७२, राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजनाको आधारपत्र (तथा योजना) ले गरेको नीतिगत व्यवस्थालाई प्रादेशिक एवं स्थानीय तहसम्म लैजानुपर्ने आजको आवश्यकता हो ।

अन्त्यमा, सहभागितालाई आफ्ना अमूल्य लेख-रचना उपलब्ध गराइदिनुहुने सबै नेपान सदस्य एवम् अन्य लेखक तथा विकासविज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यहाँहरूको रचनात्मक सुझाव एवम् अमूल्य सल्लाहको हामी सधैं अपेक्षा गर्दछौं । हार्दिक धन्यवादसहित २०७६ का सम्पूर्ण शारदीय पर्वहरूको उपलक्ष्यमा मङ्गलमय शुभकामना !



**वर्ष २३, अंक १-४ (संयुक्ताङ्क): पूर्णाङ्क ५३, २०७६ भदौ**
जि.प्र.का. काठमाडौं दर्ता नं.: १५५/०५६/५७

**प्रधान सम्पादक**
श्रीराम के.सी.

**सम्पादन सल्लाहकार**
चेतनाथ कणेल
उत्तम उप्रेती

**सम्पादकहरू**
उषा अर्याल दाहाल
आशिष पाठक
डा. अनोज क्षत्री
अश्विन पुडासैनी
डा. पूर्णबहादुर नेपाली

**व्यवस्थापन सहयोगी**
तुलसी सापकोटा

**प्रकाशक**
**नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**
नेपान घर, दोभान टोल, सहयोगी नगर,
जनता सडक, कोटेश्वर, काठमाडौं-३२, नेपाल
फोन नं.: ९७७ ०१ ४१५४९३८
इमेलः nepan@nepan.org.np
वेबसाइटः www.nepan.org.np

**प्रेस**
क्रिएटिभ प्रेस प्रा.लि.
हाँडीगाउँ काठमाडौं, नेपाल
४४२९०५३/५४

**साजसज्जा**
आवास गौतम/सुरेश श्रेष्ठ

**आवरण तस्विर**
मोबाइल फोन प्रयोग गर्दै दुइ ग्रामीण महिलाहरू
सौजन्य : अर्जुन तामाङ्ग

**सहभागितामा प्रकाशित विचारहरू लेखकका निजी हुन् ।**

व्यक्तिगत मूल्य **रू १००/-**
संस्थागत मूल्य **रू २००/-**

# सूचना र सञ्चार प्रविधि विस्तारको तीब्र गति



● तोया गौतम

**साँच्चै भन्ने हो भने सूचना-सञ्चार प्रविधिको अभावमा अबको विश्व अडिन नसक्ने भइसकेको छ । यो मानिस-मानिसलाई जोड्ने, आपसमा जानकारी र ज्ञान आदान-प्रदान गर्ने एवम् सिक्ने-सिकाउने सहभागितात्मक पद्धतिको सशक्त र द्रुत माध्यम बनेको छ ।**

कुरा २०७५ साल, मङ्सिरको हो । नवलपुर जिल्लाको मध्यबिन्दु नगरपालिकाका एकजना किसानले खल्तीबाट फुत्त आफ्नो मोबाइल निकाले र 'मेसेज बक्स'मा गएर हेरे, लेखिएको थियो -

'मंसिर ५, नवलपरासी : आज केहीबेर पातलो बादल लाग्नसक्ने तथा भोलि र पर्सी मौसम सफा रहने सम्भावना छ । तापक्रम १२-२८ डि.से. ....' ।

यो सन्देश पढेपछि उनले निर्णय गरे - 'आज धान काट्नु ठीक छैन । भोलि र पर्सी धान काट्नु पर्ने भो ।' भोलिपल्ट बिहान पनि उनले मोबाइलको मेसेज बक्समा गएर नजिकको नारायणघाट बजारमा तरकारीको भाउ के कसो छ भनेर हेर्न चाहे । मेसेज बक्समा लेखिएको थियो -

'नारायणघाटमा आज तरकारीको भाउ : प्रतिकेजी बन्दा १५, हरियो खुर्सानी ४२, करेला ६०, काँक्रो १२, फर्सी १०, लौका १२, काउली १२, बोडी २५ ...।'

अब उनलाई तरकारी बेच्ने कि नबेच्ने भन्ने निर्णय गर्न र बेच्नुपर्ने भए तरकारी किन्न आउने व्यापारीसँग आफू नभुक्किने गरी मोलमोलाइ गर्न सजिलो हुने भयो ।


गाउँ घुम्दा थाहा भयो, सो क्षेत्रका धेरैजना किसानहरूले यसरी आ-आफ्ना मोबाइलमा सूचना पाउने व्यवस्था मिलाएका रहेछन् । उनीहरू आफूले पनि यस सूचना प्रविधिका लागि लाग्ने केही खर्च वहन गर्दा रहेछन् । बाँकी सम्पूर्ण चाँजोपाँजो कृषि प्रविधिका लागि सहयोग गर्ने 'ली-बर्ड' नामक संस्थाले सूचना प्रविधिमा काम गर्ने 'आई.एफ.ए.' नामक संस्थाको प्राविधिक सहयोग लिएर मिलाएको रहेछ । किसानहरूको भनाइ थियो - 'यो सूचना प्रविधिले गर्दा हामी किसानलाई आजकल धेरै सजिलो भएको छ ।'

सोही नगरपालिकाको वडा नं. ६, हर्दियाका अगुवा किसान ताराप्रसाद भट्टराई भन्छन्, 'हो, हामी पहिलेभन्दा अलि फरक प्रयत्न गरिरहेका छौं । हाम्रो गाउँ त अहिले विद्यालयजस्तो पो भएको छ । हामी आफैं पनि सिक्दैछौं र हामीले अपनाउन थालेका फरक खालका प्रयत्नहरूबाट अरूहरूले पनि सिक्न थालेका छन् ।'

उदाहरणका लागि अरू पनि केही प्रसङ्गहरू हेरौं, महोत्तरी जिल्लाको रातु नदीमा आउने बाढी पहिले-पहिले यसको किनारमा रहेका नेपाली गाउँ र सीमावर्ती क्षेत्रमा पर्ने भारतको भिट्ठामोड क्षेत्रका लागि समेत ठूलै समस्याको रूपमा रहने गरेको थियो । सन् २०१७ मा नेपालको तराई क्षेत्रका धेरै ठाउँमा व्यापक क्षति गर्नेगरी आएको भयानक बाढीको बेला रातुमा पनि ठूलै बाढी आयो । तर, त्यसले तुलनात्मक रूपमा पहिलेजस्तो ठूलो नोक्सानी गर्न पाएन । यसको कारण थियो - स्थानीय बासिन्दाहरूले अपनाएको नदीको माथिल्लो जलाधार क्षेत्रबाट तल्लो जलाधार क्षेत्रका गाउँहरूमा कत्रो बाढी आइरहेको छ भनेर मोबाइलबाट सन्देश पठाउने जुक्ति । यस जुक्तिअन्तर्गत मोबाइलबाट सन्देश आएपछि तल्लो जलाधार क्षेत्रमा (नेपाली भू-भागका साथै भिट्ठामोड क्षेत्रमा समेत) रहेको पूर्व-सूचना प्रणाली सक्रिय तुल्याएर साइरन बजाउने र बाढी आइपुग्नुभन्दा केही घण्टा पहिले नै जनधनको सुरक्षाको प्रबन्ध मिलाइहाल्ने अभ्यास अपनाइयो ।

हिमाली क्षेत्रको इम्जा हिमताल विस्फोट भइहाले सोलुखुम्बुको दूधकोशी किनारका १२ वटा गाउँमा हुनसक्ने क्षति जोगाउन र पोखराको सेती नदीमा विनाशकारी बाढी आए त्यसबाट जोगिन व्यवस्थित गरिएको सूचना प्रणालीको प्रत्यक्ष अध्ययन गर्ने मौका पनि यस लेखकले पाएको थियो । महावीर पुनको सक्रियतामा म्याग्दीका गाउँहरूमा सूचना प्रविधिबाट मानिसहरूले पाएका सेवा-सुविधा पनि हामीले पढ्दै-सुन्दै आएकै हौं । नेपालमै सूचना प्रणालीका यस्ता अनेक उदाहरणहरू देखिन थालेका छन् । नेपालमा केही वर्ष यता सञ्चालन गरिरहेको 'इ-सेवा'ले गर्दा अब बिजुलीको बिल तिर्न नेपाल विद्युत प्राधीकरणको काउन्टरमा सशरीर उपस्थित भएर लामो 'क्यू' लाग्नुपर्ने झन्झटबाट यो लेखक मुक्त भएको धेरै महिना बितिसकेको छ । मकालु यातायातको बस-टिकट लिन न कलङ्कीको काउन्टर पुगिरहनु पर्छ, न हवाइजहाजको टिकट लिन एयरलाइन्स वा ट्राभल एजेन्सीको

अफिस धाइरहनु पर्छ । घरै बसी-बसी सबै काम फत्ते । इन्टरनेट र मोबाइल बैंकिङ्गको सुविधाले गर्दा यस लेखकका छोराछोरी समेत घरको आफ्नै कोठामा बसेर टप-अप लगायतका सुविधा समेत लिँदै बैङ्कको सहज कारोबार गर्छन् ।




साँच्चै भन्ने हो भने अब फेसबुकमार्फत् 'ह्याप्पी बर्थ डे, विवाह वर्षगाँठको हार्दिक बधाइ र रिप' लेख्नका लागि मात्र इन्टरनेटको सुविधा प्रयोग गर्नुपर्छ भन्ने छैन । मोबाइलमै हेर्न सकिने 'गुगल म्याप'ले गल्ली-गल्लीको 'लोकेसन' दिन थालेकाले कुन ठाउँ कताबाट कसरी पुग्ने भनेर कसैलाई सोधिरहनु नपर्ने भएको छ । केही नयाँ जानकारी र ज्ञान लिन चाहे 'साइबर स्पेस'बाट 'ल्यापटप'मा 'मिलीसेकेण्ड' भित्रै खोजेको सूचना हाम फालेर आइहाल्छ । ज्योतिषीले चिना हेर्ने काम होस् वा इञ्जिनियरले घरको नक्सा बनाउने काम किन नहोस् आधुनिक सूचना-प्रविधिले सबैलाई सहज तुल्याउँदै गएका उदाहरणहरू अनेकौं छन् ।

'मोबाइल ब्रोडब्यान्ड नेटवर्क' सन् २०१७ मै विश्वको ८५ प्रतिशत जनसङ्ख्यामा पुगिसकेको दाबी गरिएको छ । यसका प्रयोगकर्ताको वृद्धिको प्रतिशत दोहोरो अङ्कको गतिले अघि बढिरहेको पाइएको छ । सन् २०१७ मै विश्वको करिब आधा जनसङ्ख्याले इन्टरनेट प्रयोग गर्न थालेको अर्को दाबी पनि छ । अल्पविकसित मुलुकमै पनि सन् २०१७ मा करिब १८ प्रतिशत जनसङ्ख्याले इन्टनेट प्रयोग गरेको पाइएको छ । अहिले त यस्ता प्रतिशतहरू अझ बढेको हुनुपर्छ । यी तथ्यहरूले साबित गर्छन्, दुनियाँ अब 'अत्याधुनिक सूचना समाज'मा रूपान्तरित भइसकेको छ । 'सूचना-क्रान्ति' युद्धस्तरमा चलिरहेको छ ।

संयुक्त राष्ट्रसंघसँगको निकट सहकार्यमा 'इन्टरनेसनल टेलिकम्युनिकेसन युनियन - आई.टी.यु.'ले सन् २००९ देखि नै प्रत्येक वर्ष ११ वटा सूचकहरूका आधारमा संसारका अधिकांश मुलुकको 'सूचना-सञ्चार प्रविधि विकास सूचाङ्क' समेत निकाल्न थालेको छ । यो मुलुकको समृद्धता र अग्रणीपन मापन गर्ने अर्को आधार बन्दै गएको छ । यसमा आइसल्याण्ड, दक्षिण कोरिया, स्वीटजरल्याण्ड, डेनमार्क, बेलायतजस्ता मुलुकहरू सबैभन्दा अगाडि देखिन्छन् । कतिपय मुलुकको आर्थिक प्रगति नियाल्ने हो भने यो प्रविधि कोशेढुङ्गा नै बनेको छ । दक्षिण कोरिया यसको एउटा उल्लेख्य उदाहरण हो । दक्षिण कोरियाको सन् २०१४ को कुल गार्हस्थ उत्पादनमा यस प्रविधिसम्बन्धी उत्पादनले ३५ प्रतिशत हिस्सा ओगटेको 'कोरियन इन्फर्मेसन सोसाइटी डेभलप्मेन्ट इन्स्टिच्यूट'ले उल्लेख गरेको छ ।

'सूचना-सञ्चार प्रविधि विकास सूचाङ्क'का ११ वटा सूचकहरूलाई विश्लेषण गर्दा कुनै पनि मुलुकमा सूचना-सञ्चार प्रविधिमा पहुँचका लागि स्थापित संरचना र सञ्जालहरू, समाजमा सूचना-सञ्चार प्रविधि कत्तिको प्रयोग गरिन्छ भन्ने कुरा र सूचना-सञ्चार प्रविधिको कत्तिको प्रभावकारी ढङ्गले प्रयोग गरेर उल्लेख्य नतिजा वा उपलब्धिहरू हासिल गर्न सकिएको छ भन्ने कुराहरू नै मुख्य रूपमा पाइन्छन् । सन् २०१७ मा १७६ वटा मुलुकमध्ये यस सूचाङ्कमा नेपाल १४० औं स्थानमा रहेको छ । यो स्थिति निराशाजनक देखिए पनि बङ्गलादेश, पाकिस्तान र अफगानिस्तानजस्ता मुलुकका तुलनामा नेपाल केही अघि रहनु सन्तोषको विषय बनेको छ ।

साँच्चै भन्ने हो भने सूचना-सञ्चार प्रविधिको अभावमा अबको विश्व अडिन नसक्ने भइसकेको छ । यो मानिस-मानिसलाई जोड्ने, आपसमा जानकारी र ज्ञान आदान-प्रदान गर्ने एवम् सिक्ने-सिकाउने सहभागितात्मक पद्धतिको सशक्त र द्रूत माध्यम बनेको छ । कुनै पनि हालतमा अब आर्थिक, उत्पादनशील र सामाजिक विकासमा समेत सूचना-सञ्चार प्रविधिको भूमिकालाई अस्वीकार र उपेक्षा गर्न नसकिने भएको छ । विश्वले सन् २०३० भित्र हासिल गर्ने भनिएका १७ वटै 'दिगो विकासका लक्ष्यहरू' पनि यस प्रविधिको अभाव हुने हो भने हासिल गर्न नसकिने भएका छन् । तर, त्यस्तो अभाव अब कदापि सम्भव छैन । यस प्रविधिले विकासका हरेक प्रयत्नमा कसैले रोक्न वा उपेक्षा गर्न नसक्ने गरी अपरिहार्य 'क्याटालिस्ट'को (आफू जस्ताको तस्तै रहेर अरूलाई परिवर्तन गर्न सक्ने) भूमिका खेलिरहेको छ ।

सन् १९८० को दशकको मध्यतिर नेपालका केही ठूला होटल र ट्राभल एजेन्सीहरूले आफ्नो व्यावसायिक काममा कम्प्युटरको प्रयोगबाट थालेको आधुनिक सूचना-सञ्चार प्रविधिको उपयोग

### यो अर्को फरक प्रसङ्ग पनि

सूचना-सञ्चार प्रविधिको प्रयोग यतिविधि बढ्न थालेको छ कि अब यससम्बद्ध उपकरणजन्य फोहोरको उपयुक्त विसर्जन पनि विश्वव्यापी चुनौती बन्न थालेको छ । यस प्रविधिका उपकरणहरूको जथाभावी प्रयोग, असुरक्षित मर्मत-सम्भार र अनुपयुक्त विसर्जनले यस्तो फोहोर उत्पादन गर्न सघाउँछ । 'इ-वेस्ट' भनिने यस्तो फोहोर संसारमा संन् २०१६ मा ४ करोड ४७ लाख मेट्रिक टन उत्पादन भएको अनुमान छ । सन् २०२१ मा 'इ-वेस्ट'को उत्पादन परिमाण ५ करोड २२ लाख मेट्रिक टन पुग्ने अनुमान छ । 'इ-वेस्ट' ले माटो, हावा र पानीमा मर्करी, लीड, क्याडमियम बेरिलियम, क्रोमियम, ब्यारियम र ब्रोमिनेटेड फ्लेम रिटार्डेन्ट्सजस्ता विषाक्त अवशेषहरू छोड्दछ जसले मानव स्वास्थ्य र वातावरणमा घातक असर पार्दछन् ।

अहिले व्यापक बन्दै गएको र यस आलेखको सुरुमा उल्लेख गरिएका दृष्टान्त झैं खेत-खलामा समेत पुगेको पाउन थालिएको छ । विश्वविद्यालय स्तरमा यस विधाको विशिष्ट अध्ययन-अध्यापन सुरु भएको छ। यो हजारौं नेपालीहरूको पेशा, व्यवसाय वा जीवनवृत्तिको माध्यम बनिसकेको छ । हाम्रो सङ्घीय मन्त्रीमण्डलका बैठकहरूमा समेत सूचना-सञ्चार प्रविधिको प्रयोगले अनिवार्य रूप लिन थालेको पाइन्छ । यत्रतत्र सर्वत्र सूचना-सञ्चार प्रविधिले राज जमाउन थालेको छ। राज नजमाओस् पनि किन ? यसले -

**यति हुँदाहुँदै पनि हामीले हाम्रो मुलुकका विकासका प्रयत्नहरूलाई तीब्रतापूर्वक अघि बढाउन सूचना-सञ्चार प्रविधिको समुचित प्रयोग गर्ने उपयुक्त गोरेटो कोर्न सकिरहेका छैनौं ।**

- स्वस्थ जीवन, उपयुक्त शिक्षा र जीवनस्तरका लागि थुप्रै उपयुक्त विकल्पहरू प्रदान गरिरहेको छ,
- विचार र अभिव्यक्ति स्वतन्त्रताको व्यापक उपयोग र लोकतान्त्रिक अभ्यासमा सघाइरहेको छ,
- शीघ्र सूचना प्रवाह गरी विपद्मा आइपर्ने जोखिम र क्षतिहरू कम गर्न मद्दत पुऱ्याइरहेको छ,
- जानकारी तथा तथ्य-तथ्याङ्कको विश्लेषण, निर्णय प्रक्रिया, शीघ्र जानकारी प्रवाह र कामका प्रतिवेदनहरूको निर्माणमा यो अपरिहार्य भइसकेको छ ।

यस्ता बुँदाहरूको सूची धेरै लामो हुन सक्दछ। यति हुँदाहुँदै पनि हामीले हाम्रो मुलुकका विकासका प्रयत्नहरूलाई तीब्रतापूर्वक अघि बढाउन सूचना-सञ्चार प्रविधिको समुचित प्रयोग गर्ने उपयुक्त गोरेटो कोर्न सकिरहेका छैनौं। हाम्रो मुलुकमा यस प्रविधिसम्बन्धी नीति तुलनात्मक रूपमा अझै पनि नियन्त्रणमुखी र केन्द्रीकृत रूपमै हेर्ने दृष्टिबाट मात्र बढी उत्प्रेरित छ । सूचना-सञ्चार प्रविधिलाई कसरी बुझ्ने, कसरी प्रयोग गर्ने र यसका असर वा प्रभावहरू कहाँ के कसरी पर्न सक्छन् भन्ने अवधारणागत स्पष्टताको अझै अभाव छ। राष्ट्रिय र स्थानीय स्तरको विकासमा यस प्रविधिलाई कसरी आत्मसात गर्ने र के कसरी परिचालन गर्ने भन्नेतर्फ हाम्रा नीतिगत दृष्टिकोणहरू बन्न सकिरहेका छैनन् । यसको अत्यधिक सदुपयोग गरेर सकारात्मक लाभ हासिल गर्नका लागि सर्वसाधारणसम्म व्यापक जनचेतना अभिवृद्धि गर्ने खाँचो पनि उत्तिकै छ । सूचना-प्रविधिका घातक अवशेषहरूको उपयुक्त विसर्जन कसरी गर्ने भन्ने कुरामा हाम्रो ध्यान पुग्न सकेको छैन । यी कुराहरूमा यथोचित ध्यान पुऱ्याउन र सक्रियतापूर्वक अघि सर्न सरकारी एवम् गैरसरकारी दुवै क्षेत्रले आपसी सहभागितामूलक सकारात्मक प्रयत्न गर्न सके सूचना र सञ्चार प्रविधि हाम्रो विकास प्रयत्नमा निसन्देह वरदान साबित हुनसक्छ। अन्यथा, निश्चित छ, समयको प्रवाहले स्वत: केही प्रयोगहरू भए पनि हामी अन्य धेरै कुराहरूमा निरन्तर चुक्ने गरे झैं योजनाबद्ध ढङ्गले सूचना-सञ्चार प्रविधिको समुचित प्रयोग गरेर तीब्रतापूर्वक समसामयिक विकासमा अघि बढ्ने सन्दर्भमा समेत नराम्रोसँग चुक्नेछौं । यसमा होसियारी अपनाउन ढिलो हुन थालिसकेको छ ।

*****

**सन्दर्भ सामग्रीहरू :**


१. Harindranath, G.; Revisiting the role of ICT in development; University of London, U.K.; January, 2007.
२. ITU activities and sustainable development goal; ITU; 2018
३. Measuring the information society report; ITU, 2018
४. Sharma, Aashis and Kim, Yun Seon; Information communication technology development in Nepal; National Information Technology Center and Handong Global University; 2016
५. Successful electronic waste management initiatives (Thematic report), ITU, 2018



ज्येष्ठ नागरिकका सवालमा नेपालकै
पहिलो अनुसन्धानात्मक पुस्तक

**बुढ्यौली आवाज**

नेपाली तथा अङ्ग्रेजी दुबै भाषामा
नेपान सचिवालयमा उपलब्ध छ ।

# सहभागीमूलक विकासमा सूचना प्रविधि



● गोरखबहादुर बोगटी

**भौगोलिक दृष्टिले विकट तथा आर्थिक एवम् शैक्षिक दृष्टिले पिछडिएका ठाउँमा सूचना प्रविधिको द्रुततर विकासले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा विभिन्न व्यवसायलगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न अवसर प्रदान गर्न सक्दछ ।**

## सूचना प्रविधिको परिचय तथा महत्व

साधारण अर्थमा सूचना प्रविधि भन्नाले सूचना संकलन, प्रशोधन, विश्लेषण, भण्डारण, सुरक्षण, सम्प्रेष्ण एवम् सञ्चार गर्ने कम्प्युटर हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट, टेलिकम्युनिकेशन लगायतका प्रविधिको समष्टिगत रुप हो । सूचना प्रविधिको क्षेत्रमा समयसापेक्ष विकास गर्न र प्रभावकारी कार्यान्वयन गर्न सफल भएका देशहरूले नै आफ्नो विकास र समृद्धिमा फड्को मार्न सफल भएका छन् । एक अर्थमा कुनै पनि देशको अबको विकास सूचना प्रविधिमा आधारित भइसकेको छ भन्दा फरक पर्दैन । सूचना प्रविधिसँग नागरिक जति धेरै परिचित तथा जानकार हुन्छन्, त्यत्तिकै धेरै आफ्नो विचार राख्न सक्ने क्षमताको विकास गर्छन् र उनीहरूले त्यत्तिकै व्यवहारिकरुपमा विकास र समृद्धिमा योगदान पनि गर्न सक्दछन् । स्थानीयस्तरमा व्यापक र प्रभावकार ीरुपमा सूचना सम्प्रेषण गर्ने कार्यनै सुशासन र विकास प्रक्रियामा सकारात्मक परिवर्तन ल्याउने विश्वसनीय विधि पनि हो ।

सूचना प्रविधिले देशको सर्वाङ्गीण विकासका लागि विशिष्ट महत्व राख्दै आएको छ । सरकारले सञ्चालन गर्ने हरेक प्रकारका विकास निर्माणका कार्यबाट सर्वसाधारण नागरिकको दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याई विकासलाई दिगो राख्ने कार्यमा सूचना प्रविधिको प्रभावकारितामा निर्भर रहेको हुन्छ । अझ त भौगोलिक दृष्टिले विकट तथा आर्थिक एवम् शैक्षिक दृष्टिले पिछडिएका ठाउँमा सूचना प्रविधिको द्रुततर विकासले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा बिभिन्न व्यवसाय लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न अवसर प्रदान गर्न सक्दछ । यसको विकासले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा भएका राम्रा अभ्यास तथा नीतिनियम र प्रयोगलाई सहजरुपमा स्थानान्तरण गरी त्यसबाट फाइदा लिन सकिन्छ । यतिमात्र नभएर सूचना प्रविधिको विकासबाट आर्थिक सुशासन कायम गर्न, भ्रष्टाचारमुक्त गर्न र चुस्तदुरुस्त प्रशासनमार्फत् सर्वसाधारणले पाउनु पर्ने सेवा छिटोछरितो तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न पनि सघाउ पुग्दछ । अतः हरेक ठाउँको विकास र समृद्धिको अभियानलाई सफल पार्नका लागि परिवर्तित परिस्थितिअनुसार सूचना प्रविधिमा व्यवस्थित र व्यापक विकास तथा प्रयोग गर्न विशेष ध्यान दिनु पर्दछ ।

कुनैपनि पेशा व्यवसायमा संलग्न व्यक्ति तथा सर्वसाधारणले समेत सूचना प्रविधिबाट सिर्जित अवसरको सदुपयोग गर्न सक्ने हैसियत राख्न अग्रसर रहनुपर्दछ र सम्बन्धित निकायले सूचना प्रविधिमा हैसियत कायम गराउनका लागि सर्वसाधारणलाई प्रश्रय दिनु पर्दछ । सूचना प्रविधिबाट उत्पन्न हुने चुनौतीहरूको सामना गर्दै बदलिँदो राष्ट्रिय तथा विश्व परिवेश अनुरुपको रणनीतिक अवधारणा अवलम्बन गर्न पनि सम्बद्ध निकाय तथा व्यक्तिहरूले ध्यान दिनु पर्दछ । साथै विभिन्न निकाय तथा समुदायबाट सहभागीमूलक विकासका लागि भएगरेका राम्रा कामको व्यापक प्रचारप्रसार गर्ने विधिको विकास गर्नुपर्दछ । काम गर्ने सिलसिलामा कहिकतैबाट हुन गएका कमिकमजोरीका बारेमा पनि समयमै सूचनाप्राप्त गर्ने र त्यसबाट सतर्क रहने प्रक्रिया पनि अपनाउनु पर्दछ ।

एकअर्थमा सूचना प्रविधिको प्रयोगबिना आधुनिक जीवन पद्धति सहजरुपमा चल्न नसक्ने अवस्था आइसकेको छ । अतः सूचना प्रविधिको महत्व बढ्दै गएको कुरा महशुस गरेरनै नेपाल

सरकारको तर्फबाट देशमा राष्ट्रिय सूचना प्रविधि केन्द्रको स्थापना गरिएको छ । यसको पहलमा सूचना प्रविधिलाई देशव्यापीरुपमा भरपर्दो, व्यवस्थित र विस्तारित गर्ने काम भइरहेको छ । तरपनि देशको कतिपय ठाउँका स्थानीय समुदाय सूचनामा अझै पछाडि छन् । उनीहरूले आफ्नो जीवन पद्धतिदेखि लिएर सिंगो समाजको विकाससँग सरोकार राख्ने कतिपय आधुनिक विषयका बारेमा त्यति जानकार छैनन् र सूचनाप्राप्त गर्ने संयन्त्रको पनि सुविधा छैन । व्यक्तिगत, संस्थागत तथा सामाजिक विकाससँग जोडिएका सफल पक्षहरूका बारेमा स्थानीय समुदाय जानकार भइराख्न जरुरी हुन्छ । यो भन्दा पनि सिंगो समुदायको अभिभावकीय भूमिकामा रहेका तहगत सरकारहरू (संघ,प्रदेश र स्थानीय सरकार) विकास र समृद्धिसँग सम्बन्धित विविधखाले सूचनाबाट जानकार भइराख्नु पर्दछ । यिनले आफ्नो कार्यक्षेत्रमा विभिन्न विषय समेटिएका व्यवस्थित सूचना बैंकको स्थापना गरी प्रभावकारी ढंगले सञ्चालन गर्नु पर्दछ । सूचना बैंकमा आफ्नो कार्यक्षेत्रमा विकास र समृद्धिमा सहयोग पुऱ्याउने विषयका सूचनाहरूलाई ई-प्रणालीमा व्यवस्थित गरेर राख्नु पर्दछ । प्रदेशका जो कोहीले पनि कुनैपनि विषयमा सूचना माग गर्दा सम्बन्धित तहका सरकारहरूले सूचना बैक मार्फत उपलब्ध गराउन सक्नु पर्दछ । सम्बन्धित व्यक्ति तथा समुदायलाई मोवाइल एस्.एम्.एस्, फेसबुक, म्यासेन्जर, भाइवर, ईमेल, स्थानीय एफ्.एम.रेडियो, टेलिभिजन, चलचित्र, सिनेमा, पुस्तक, पत्रपत्रिका, हातेपत्र, होडिङ्बोर्ड आदि माध्यमबाट समयमै सूचना प्रवाह हुने वेवस्ता गर्नुपर्दछ । यसमा सहभागीमूलक विकास के हो ? विकासमा सरोकारवाला सबैको सहभागिता किन आवश्यक छ ? विकासका लागि सरोकारवाला सबैको सहभागिता कसरी गर्नुपर्दछ ? भन्नेलगायतका विषयमा सूचना दिने गर्नुपर्दछ । कृषकहरूका लागि आधुनिक खेती प्रणालीसँग सम्बन्धित सूचनाहरू, उद्यमीहरूका लागि उद्यमशीलतासँग सम्बन्धित ज्ञान तथा सीपमूलक सूचनाहरू प्रवाह गर्ने प्रक्रिया अपनाउनु पर्दछ ।

**कृषकहरूका लागि आधुनिक खेती प्रणालीसँग सम्बन्धित सूचनाहरू, उद्यमीहरूका लागि उद्यमशीलतासँग सम्बन्धित ज्ञान तथा सीपमूलक सूचनाहरू प्रवाह गर्ने प्रक्रिया अपनाउनु पर्दछ ।**

आम सर्वसाधारण नागरिकका लागि शिक्षा, स्वास्थ्य, खानपिन तथा सरसफाईसँग सम्बन्धित सूचनालाई विशेष महत्व दिनु पर्दछ । यसको साथै राज्यबाट प्रदान गरिने सेवा सुविधासँग सम्बन्धित जनचेतनामूलक सूचनाहरू, शिक्षक, कर्मचारीलाई पेशागत जिम्मेवारी बहन र सेवा प्रभावकारी बनाउने नयाँ उपायहरूसँग सम्बन्धित सूचनाहरू, निजी क्षेत्र, नागरिक संस्था तथा सहकारीलाई समुदायप्रति उत्तरदायी र पारदर्शी बन्न सजग गराउने सूचनाहरू प्रवाह गर्ने व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । अर्थात विभिन्न प्रकृति र प्रणालीका विकास सरोकारका विषयमा आधारित सूचना प्रणालीको विकास गरी सरल ढंगले सम्बन्धित सरोकारवालाहरूलाई समय समयमा जानकारी गराउने व्यवस्था मिलाउनु पर्दछ । यसो गर्नसकेमा कुनैपनि आफ्नो पेशा व्यवसायमा संलग्न व्यक्ति तथा समुदायलाई उनीहरूको पेशाप्रतिको ज्ञान र सीप सिक्न, आफ्नो अधिकार र कर्तव्यप्रति सजग गराउन सघाउ पुगिरहने छ । स्थानीय नागरिकसँग हरेक दिन सँगैरहने र नागरिकको प्रत्यक्ष सरोकारका विकासका काममा साथदिने स्थानीय प्रत्येक गाउँ पालिका तथा नगरपालिकामा भरपर्दो टेलिफोन, इन्टरनेट, सामुदायिक एफ्.एम् तथा सामुदायिक रेडियो सेवा स्थापना गर्नु गराउनु पर्दछ ।

## सूचना प्रविधि एक अपरिहार्य एवं वलशाली साधन

नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तब्य अन्तर्गत धारा २७ मा उल्लेखित सूचनाको हकसम्बन्धी व्यवस्थामा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनेर प्रष्ट किटान गरिएको छ । कुनैपनि देशको विकास र समृद्धिको क्षेत्रमा सूचना प्रविधि एक महत्वपूर्ण संवाहकको रुपमा रहेको पाइन्छ । सूचना प्रविधिले देशको आर्थिक विकासको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सूचना प्रविधिको तिव्रतर विकासले आज विश्वका हरेक कुनामा बसिरहेका मानव समुदायलाई एकअर्कोसँग नजिक पुऱ्याइदिएको छ । मानिसका व्यक्तिगत जीवनसँग जोडिएका विषयहरूदेखि लिएर सार्वजनिक महत्वका विषयलाई उजागर गर्न र प्रभाव पार्न सूचना प्रणाली एक वलशाली साधन प्रमाणित हुँदै आएको छ ।

आधुनिक सूचना प्रविधिको तिव्रतर विकासलेगर्दा विश्वका धेरैजसो मानिसहरू आफ्नो घरमै बसेर विश्वसम्बन्धी विभिन्न महत्वपूर्ण विषयको ज्ञान हासिल गरी आफ्नो क्षमताको विकास गरिरहेका छन् । यसैगरी राज्यका महत्वपूर्ण जिम्मेवारीमा रहेका व्यक्तिहरूले पनि विश्वका अन्य मुलुकमा भएगरेका महत्वपूर्ण कुराको प्राप्त सूचनाको सहयोगबाट आफ्नो समुदाय र सिंगो देशको विकासमा योगदान गर्न सफल भएका छन् । आज जुन समुदायले आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक, कृषि, शिक्षा, स्वास्थ्यलगायतका विषयसँग सम्बन्धित आन्तरिक तथा बाह्य सूचनाहरू समयमा प्राप्त गर्ने र तिनको विश्लेषण गरी आफ्नो अनुकूलका सूचनामा आधारित भएर अघि बढ्ने गरेकाछन् उनीहरूनै आफ्नो समुदायको विकासलाई आधुनिक विकाससँग जोडेर लिन सफल भएका छन् ।

नेपाली नागरिकलाई सूचना प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास एवम् उपलब्धिसँग सम्बन्धित ज्ञान, सीप र क्षमताको विकास गरी सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्नु आजको आवश्यकता हो । विचार र अभिव्यक्तिको स्वतन्त्र प्रवाह र सूचनाको सार्वजनिकीकरणले नै मानव अधिकारको सम्मान र लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुग्दछ । आफ्नो विकास आफैले गर्नुपर्दछ भन्ने भावनाको विकास गर्न र यसप्रति आस्था र विश्वास अभिवृद्धि गर्न सूचना प्रविधिसँग सम्बन्धित राज्यका निकायहरूलाई नागरिकप्रति जिम्मेवार बनाउनका लागि सूचनामा आम नागरिकको पहुँचलाई सहज र सरल बनाउन सक्नुपर्दछ । स्थानीय समुदायलाई उनीहरूको घर क्षेत्रमा भौतिक पूर्वाधार तथा सामाजिक सेवाका क्षेत्रमा विकास किन भएन, विकास गर्न के गर्नुपर्छ भन्ने बारेमा राम्ररी जानकारी दिलाउने गरी सूचना प्रविधिलाई व्यवस्थित बनाउनु पर्दछ ।

विकासका लागि कसको भूमिका के हुनुपर्छ, दिगो विकासका लागि कुन कुरामा ध्यान पुऱ्याउनु पर्छ भनेर जान्नका लागि सूचना प्रविधिमा स्थानीय सुदायको हक हुनुका साथै उनीहरूको पहुँच कायम हुनु पर्दछ । किनकि सहभागीमूलक विकासका लागि सूचना प्रविधिको ठूलो महत्व हुन्छ । आधुनिक सूचना प्रविधिले सहभागीमूलक विकासलाई थप प्रभावकारी र विस्तारित बनाउन योगदान गरेको छ । तरपनि हाम्रो देशको ग्रामीण क्षेत्रका कतिपय नागरिकहरू आज पनि सूचना प्रविधिबाट लाभ पाउन सकिरहेका छैनन् । उनीहरूलाई आधुनिक सूचना प्रविधिअनुरुप सेवा प्रदान गरेर सहभागीमूलक विकासलाई गति प्रदान गर्न जरुरी छ । सहभागीमूलक विकासको महत्वपूर्ण हिस्साको रुपमा सूचना प्रविधिको विकास गर्न सक्नु पर्दछ । विकासका समग्र पक्षमा सूचना प्रविधिको अधिकतम उपयोग बढाउन विशेष ध्यान दिनु पर्दछ । साथै सूचना प्रविधिको क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउन पनि जरुरी छ । किनकि सूचना प्रविधिको दुरुपयोगले गर्दा समाजमा विकृति पनि सिर्जना हुनेगरेका छन् । यसले समुदायमा नकारात्मक असर पार्ने गरेको छ । अतः सूचना प्रविधिलाई व्यवस्थित गर्ने दायित्व राज्य र नागरिक स्वयंको पनि हो । सबै यसप्रति जिम्मेवार बन्न सक्नु पर्दछ । आम सूचना प्रविधिलाई पूर्णरुपमा मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय बनाउन नसक्नु र सबै नागरिकको पहुँच पुग्न नसक्नु प्रमुख समस्याको रुपमा देखिएको छ । विकास सरोकारका भ्रामक समाचारलाई खण्डन गरी सही समाचार आम नागरिकमा व्यापकरुपमा सम्पेषण गर्ने परिपाटी बसाल्नु पर्दछ । सूचना प्रविधिमा आधारित विकासलाई सम्वर्द्धन गर्नु पर्दछ ।

कुनैपनि मुलुकको तथा ठाउँविकासका लागि त्यहीँका नागरिकनै


## ---नेपान स्रोतकेन्द्र प्रवर्द्धनार्थ---

- सहभागीमूलक विकाससम्बन्धी प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरुसँग आपसी आदान-प्रदान गर्ने गरी प्रकाशन प्रेषण गर्नका लागि आफूलाई जानकारी भएसम्मका प्रकाशकहरुसँग सम्पर्क बढाऔं र नेपान सचिवालयलाई जानकारी गराऔं ।
- आफूलाई उत्कृष्ट लागेका विकाससम्बन्धी सवालका पुस्तकहरुको विवरण उपलब्ध गराऔं ।
- जे-जसरी सकिन्छ, नेपान स्रोत केन्द्र प्रबर्द्धन गर्नका लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोत-केन्द्र अबदेखि नेपानको आफ्नै घरमा अझ व्यवस्थित बन्न लागेको जानकारी गराउन चाहन्छौं । यहाँको सहभागिता र सहकार्य अपेक्षित छ ।
- नेपान स्रोत-केन्द्र प्रयोगका लागि हाम्रो ढोका यहाँहरुका लागि सधैं खुला रहेको कुरा पनि जानकारी गराउन चाहन्छौं ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझ बढाऔं । नेपान एक स्वयंसेवी संस्था भएकोले स्वयंसेवा गर्न चाहने व्यक्तिहरुलाई हामी अझ प्रेरित गर्दछौं । नेपाल र नेपालीका लागि नेपान !

**- नेपान सचिवालय**

**सर्वसाधारण नागरिकलाई चनाखो बनाउन, विकाससम्बन्धि निर्धक्कसँग बहस गर्न प्रभावकारी सूचना प्रविधिको विकास र कार्यान्वयन हुन जरूरी हुन्छ । यसलाई ऐनकानुनले व्यवस्थित बनाउनु पर्दछ ।**

मालिक हुन् । उनीहरूको सक्रिय सहभागिताबिना मुलुकको विकास हुनसक्दैन । अतः विकासलाई मूर्तरुप दिनका लागि नागरिको सक्रियताको खाँचो पर्दछ । विकासको हरेक चरणमा स्थानीय समुदायले प्रत्यक्षरुपमा भाग लिन पाउनु पर्दछ । यो उनीहरूको हक पनि हो । तैपनि कतिपय स्थानमा कतिपय विकास आम नागरिकलाई थाहैनदिई गर्ने गरेको पाइन्छ । जसलेगर्दा त्यस्तो विकास नाममात्रको हुने गरेको पनि छ । स्थानीय समुदायलाई सहभागी नगराई गरिने विकासले एकातर्फ बहुसंख्यक नागरिकको हित गर्न सक्दैन भने अर्कोतर्फ त्यस्तो विकास दिगो पनि हुँदैन । क्षणिक समयका लागि फाइदा पुऱ्याउने, केही सीमित व्यक्तिको स्वार्थसिद्धिमा सीमित रहने र माथिबाट थोपरिने विकासले देशको विकासलाई सहीरुपमा मार्गदर्शन गर्न सक्दैन । अझ त संघीय संरचना अवलम्बन गरिसकेको हाम्रो मुलुकमा सहभागीमूलक विकासलाई देश विकासको मूल मियोको रुपमा लिनु पर्दछ । विकास योजनाहरूको पहिचान कसरी भएको हो ? प्रारम्भिक सर्भेक्षण कसरी भयो ? कार्यान्वयन कसरी भैरहेको छ ? नीतिनियममा भएका कुराको पालना किन गरिदैन ? काममा ढिलासुस्ति किन गरिन्छ ? आदि विषयमा जानकारी राख्ने हक सम्बन्धित क्षेत्रका नागरिकको हुन्छ । यी विषयको जबाफ दिनु सम्बन्धित निकायको कर्तब्य हो । स्थानीय नागरिकले आफ्नो ठाउँको विकासका बारेमा थाहा पाउन सक्दैनन् र उनीहरूलाई बेवास्ता गरेर विकास कार्य अघि बढाइन्छ भने त्यो विकासले लक्षित बर्गलाई फाइदा पुऱ्याउन सक्दैन । यो प्रबृत्ति कायम रहेमा देशमा संघीय लोकतन्त्रात्मक गणतन्त्रात्मक शासन प्रणालीको अनुभूति नागरिकले गर्न पाउँदैनन् । लोकतन्त्रलाई व्यवहारमा उतार्नका लागि नागरिकहरूलाई विकास र समृद्धिको सवालमा जागरुक बनाउनु पर्दछ । यसका लागि विकासका सबै चरणमा नागरिकलाई सहभागी गराउनु पर्दछ । यो कामका लागि सूचना प्रविधिको हकलाई संरक्षित गर्नु पर्दछ । टाठाबाठा र पहुँच भएकालेमात्र विकासमा हालीमुहाली गर्ने प्रचलन रहेमा त्यसले आम नागरिकलाई फाइदा पुऱ्याउन कदापी पनि सक्दैन । सर्वसाधारण नागरिकलाई चनाखो बनाउन, विकाससम्बन्धि निर्धक्कसँग बहस गर्न प्रभावकारी सूचना प्रविधिको विकास र कार्यान्वयन हुन जरुरी हुन्छ । यसलाई ऐनकानुनले व्यवस्थित बनाउनु पर्दछ । आवश्यताअनुसार स्थानीयस्तरमा सूचना बैंकको स्थापना पनि गर्नु पर्दछ ।

### सहभागीमूलक विकास के हो ?

यहाँ सहभागीमूलक विकासका बारेमा संक्षिप्तमा उल्लेख गर्न खोजिएको छ । सामान्य अर्थमा कुनै पनि प्रकृतिको विकासको कार्यको प्रस्थान विन्दुदेखि अन्तिम चरणसम्म विकास लक्षित वर्ग तथा समुदायको प्रत्यक्ष सहभागिता रहने विकासलाई सहभागीमूलक विकास पद्धति भनेर बुझिन्छ । अर्थात विकासको योजना छनोट, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनका सबै चरणमा लक्षित समुदायलाई प्रत्यक्ष संलग्न गराएर गरिने विकासलाई सहभागीमूलक विकास भनिन्छ । विकासको यो प्रक्रियाले आयोजनाको पहिचान तथा छनोट र परिचालनगर्दा पछि परेका वर्ग, क्षेत्र, समुदायको विकासप्रति अपनत्व महशुस गराउने काम गर्दछ । यसबाट स्थानीय साधनस्रोत, श्रम, सीप र प्रविधिको प्रयोग हुने गर्दछ । सहभागीमूलक विकास प्रक्रियाले लक्षित समुदाय तथा सरोकारवालाबाट योजनाको प्रत्यक्ष छनोट, कार्यान्वयन, लाभको न्यायोचित बितरण तथा समान उपभोग गर्ने, अनुगमन तथा मूल्याङ्कनमा समेत सघाउ पुऱ्याउँदछ । स्थानीय नागरिकका आवश्यकतामा आधारित विकास कार्यक्रमहरूको पहिचान गर्न र सम्भावनाहरूको खोजि गर्न, स्थानीय स्रोत साधनको समन्वयपूर्ण परिचालन गर्न, स्थानीय सीप र प्रविधिको अधिकतम उपयोग गरी विकासप्रति स्थानीय समुदायको अपनत्वको भावना जागृत गर्दछ । यस्तो विकास आयोजना जिर्ण हुँदैगर्दा मर्मत सम्भारको पहलकदमी पनि स्थानीय समुदायलेनै लिने गर्दछन् । यसरी गरिने विकास दिगो पनि हुनेगर्दछ । सहभागीमूलक विकासको मूल ध्येयनै समृद्ध जीवन र सभ्य समाजको निर्माण गर्नु हो । यो विकासलेनै वास्तविकरुपमा नागरिकको जीवनस्तरमा सुधार र सामाजिक उन्नति गर्न सक्दछ । अतः सहभागीमूलक विकासका बारेमा आम नागरिकलाई व्यवस्थित र भरपर्दो सूचना प्रविधिका माध्यमबाट जानकारी दिलाउने व्यवस्था मिलाउनु पर्दछ । विकासमा आम नागरिकको सहभाति किन र केका लागि भन्ने बारेमा सर्वसाधारण नागरिकलाई स्पष्ट जानकारी गराउनु पर्दछ । सूचना प्रविधिको अधिकतम प्रयोगले विकाससँग सम्बन्धित सेवा प्रवाहको लागतमा कमी ल्याउन सकिन्छ । यसमा सबै नागरिको पहुँच बृद्धि तथा उच्चतम प्रयोगले सहभागीमूलक विकासमा सकारात्मक प्रभाव पर्न गई अन्ततः आम नागरिकको जीविनस्तरमा गुणात्मक परिवर्तन हुन जान्छ । अतः सूचना प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन जरुरी छ । विकास आयोजनाको कार्य प्रारम्भ गर्नु अघि सम्बन्धित समुदायकोबीचमा घनिभूत छलफल गर्ने आवश्यक सूचना लिनेदिने वातावरण बनाउनु पर्दछ । राम्रा कामको पनि प्रचार प्रसार नगर्नाले सर्वसाधारणमा नकारात्मक असर पर्न जाने गरेका घट्नाबाट सम्वद्ध सबै सजग रहनु पर्दछ । विकास भाँड्ने ध्ययले नियतवस फैलाउने गरेका गलत अफबाहलाई सर्वसाधारणका

बीचमा व्यापक रुपले खण्डन गर्ने कामलाई हेक्का राख्नु पर्दछ । आम नागरिकको भलोका लागि गरिएका विकासका बारेमा सर्वप्रथम सम्बन्धित सरोकारवालाहरूकोबीचमा राम्ररी प्रचार प्रसार गरी स्पष्ट पार्नका लागि विशेष हेक्का राख्नु पर्दछ ।

वर्तमान युग सूचना प्रविधिको युग भएकोले सहभागीमूलक विकास नमूनाका बारेमा सर्वसाधारण नागरिकमा सही जानकारी हुन अत्यावश्यक छ । विकासका लागि विभिन्न निकायले अवलम्बन गरेका नीति, कार्यक्रम र कार्ययोजना तथा गरेका राम्रा कामका बारेमा नागरिकलाई सुसूचित गर्ने, विभिन्न अवस्था र स्थितिको बारेमा समयमै जानकारी गराउने गर्नु पर्दछ । प्रचार कार्यलाई सुव्यवस्थितरूपमा संचालन गर्नुपर्छ । यसका लागि प्रचार संयन्त्र निर्माण गरी प्रचार संयन्त्रलाई सुदृढ र प्रभावकारी तुल्याउनु पर्छ । कुनैपनि स्थानीय समुदायले सहभागीमूलक विकासबाट उपलब्धि हासिल गर्नका लागि उनीहरूले केही मूलभूत विषयमा जानकारी राख्नु पर्दछ । आफ्नो समुदायको हिजोको परिवेश कस्तो थियो ? अहिले कुन धरातलमा छौं ? उनीहरूसँग प्राकृतिक तथा मानवीय साधनस्रोतहरू के के उपलब्ध छन् ? उनीहरूलाई कुन कुन कुराको नपुग तथा अभाव छ ? उनीहरूका बाधक के के छन् ? विगतदेखि अहिलेसम्म कसको भूमिका के कस्तो रह्यो ? अब कसले के कस्तो भूमिका बहन गर्नुपर्दछ ? उनीहरूबीचको भावनात्मक एकता कस्तो छ ? अर्थात् उनीहरूको राजनीतिक, प्रशासनिक, प्राविधिक, आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातिगत लगायतका विषयमा कर्णाली प्रदेशभित्रका र बाहिरका सरोकारवाला सबैलाई यथार्थपरक जानकारी दिने सुव्यवस्थित सूचनामुलक समग्री हुनु नितान्त आवश्यक हुन आउँछ । साथै यस्ता सूचनालाई जीवितरुपमा बचाउनका लागि माथि उल्लेख गरेअनुसार सूचना बैंक स्थापना गरी संस्थागत ढंगलेनै सञ्चालन गर्नुगराउनु पर्दछ ।

कुनै पनि समुदाय तथा संस्थाले आफ्नो ठाउँको विकासका लागि गरिने कुनैपनि कार्यसँग सम्बन्धित सूचनाको आवश्यकता परेको अवस्थामा सहज ढंगले उपलब्ध हुनसक्ने व्यवस्था हुनुपर्दछ । सहभागीमूलक विकासका लागि गरिएका अध्ययन अनुसन्धानबाट प्राप्त उपलब्धिहरूको राम्ररी अध्ययन विश्लेषण गर्ने र आफ्नो ठाउँविशेष प्रयोग गरी विकासलाई थप प्रभावकारी बनाउने विषयमा पनि विशेष ध्यान दिनु पर्दछ । यसका लागि कुनैपनि ठाउँका अगुवाहरू जागरुक भएर लाग्नु पर्दछ । सहभागीमूलक विकासलाई विकासको साँच्चै प्रभावकारी माध्यम बनाउनका लागि स्थलगत अध्ययन तथा अनुसन्धानको कामलाई अघि बढाउँदै विद्यमान चुनौतीहरूको सामना गर्न र सम्भावनाहरूको राम्ररी सदुपयोग गर्न सरोकारवालासबै एकतावद्ध भएर लाग्नु पर्दछ । किनकि कतिपय स्थानमा सहभागीमूलक विकासको नाउँमा अझैपनि सीमित व्यक्तिहरूको हालिमुहाली भैरहेको पाइन्छ । अतः विकासका लागि कामगर्दै जाने दौरानमा हालसम्म पहिचान भएका चुनौतीहरूको सामना गर्न र सम्भावनाहरूको सदुपयोग गर्न व्यवस्थित कार्ययोजना सहितको खाकामा आधारित भएर सहभागीमूलक विकास र सूचना प्रविधि एकअर्कोका परिपुरक हुन् भन्ने कुरालाई सावित गर्न सक्नु पर्दछ । अनिमात्र सहभागीमूलक विकास र सूचना प्रविधिबीचको सम्बन्ध नङ् र मासुको सम्बन्ध रहेको पुष्टि हुन जानेछ ।

**सन्दर्भ सामाग्रि :**

१. नेपालको संविधान
२. पन्ध्रौं योजना,राष्ट्रिय योजना आयोग,सिंहदरवार काठमाडौँ

*(बोगटी नेपान सदस्य एवं हुम्ला जिल्लाका पूर्वसभासद हुनुहुन्छ ।)*
इमेल : gbogati@gmail.com

**सहभागिता मा**

**पुस्तक समीक्षा गराउन चाहने लेखकहरूले आफ्नो प्रकाशनको २ प्रति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं ।**

**–सम्पादक मण्डल**

# द्वन्द्व व्यवस्थापनमा सूचना र सञ्चार प्रविधि



● डा. विष्णुराज उप्रेती

**सञ्चार सीपले द्वन्द्वरत पक्षलाई सकारात्मक सोच बनाउन, सञ्चारको बिषयबस्तुले समस्याको गहिराई बुझाउन र सञ्चारको शैलीले द्वन्द्वरत पक्षबीच सम्बन्ध सुधार्न अत्यन्त महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तर सूचना र सञ्चार प्रविधिको गलत प्रयोगले द्वन्द्वलाई थप जटिल बनाउँछ/बनाएको छ ।**

## बिषय प्रबेश

सञ्चारमा बिज्ञान र प्रविधिको बिकासले ब्यक्ति, समुदाय र समाजको शैली, ब्यवहार र सम्बन्धमै आधारभूत परिबर्तन ल्याई रहेको छ र यो अझ कसरी बिकास हुदै जाने हो र यसले सामाजिक सम्बन्धमा कस्तो सकारात्मक र नकारात्मक प्रभाव पार्ला भनी आँकलन गर्न पनि कठिन हुने देखिन्छ । यसरी बिकास भएको सूचना र सञ्चार प्रविधिको बिकासले भबिश्यमा समाजमा द्वन्द्व श्रृजना गर्न र न्यूनीकरण गर्न दुबै क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने छ ।

द्वन्द्व ब्यक्तिको मन-मस्तिष्कमा श्रृजना भई दुई वा दुई भन्दा बढि पात्रहरूबीच देखिने मानव चरित्र भएकोले यो समाजमा सधै कायम रहन्छ किनकी ब्यक्ति-ब्यक्ति मिलेर नै समाज बन्ने हो । त्यसैले द्वन्द्व कुनै पनि समाजको एकिकृत अङ्ग हो, चरित्र हो र पूँजी पनि हो । द्वन्द्वले ब्यक्ति, समुदाय र समाजलाई गतिशिल, प्रतिस्पर्धी, रचनात्मक श्रृजनशिल बनाउँछ । यसले ब्यक्ति, समुदाय र समाजको बिकासको आधार तयार गर्दछ । ब्यक्तिको ब्यक्तित्व बिकास, श्रृजनशील क्षमता बिकास, र समाज रुपान्तरणको आधारसमेत प्रदान गर्दछ । त्यसैले द्वन्द्व बिनाको समाजको परिकल्पना पनि हुन सक्दैन् । तर दुर्भाग्य बहुसंख्यक मानिसले द्वन्द्व भन्नासाथ सिधै हिंसात्मक गतिबिधिलाई नै सम्झन्छ । नेपालमा त द्वन्द्व भन्नासाथ भ्वाट्टै बिगतमा भएको १० बर्षे हिंसात्मक सशस्त्र द्वन्द्वसँग जोडेर बुझिन्छ । यथार्थमा यो त द्वन्द्वको हिंसात्मक जटिल एक स्वरुप मात्र हो । निश्चय नै द्वन्द्वको हिंसात्मक स्वरुप भने समाजको रुचाईको सवाल होइन । द्वन्द्व अहिंसात्मक, श्रृजनशील, परिबर्तनमूखी, रचनात्मक पनि हुन्छ र हिंसात्मक पनि । त्यसैले द्वन्द्व भनेकै हिंसात्मक द्वन्द्व हो भन्ने बुझाई आंशिक हो ।

द्वन्द्व ब्यवस्थापनको दृष्टिकोणबाट हेर्दा द्वन्द्व किन हुन्छ भन्ने जान्नु अति महत्वपूर्ण हुन्छ । जब मानिसको दिमागमा देखेर, सुनेर, पढेर, हेरेर, महसुस गरेर कुनै बाहिरी कारण, कृयाकलाप वा सोचले प्रभाव पार्दछ त्यसपछि मस्तिष्कमा प्रतिक्रिया श्रृजना हुन्छ जसलाई "स्टिमूल्स रेस्पोन्स" सिद्धान्तको सहयोगले ब्याख्या गर्न सकिन्छ । यहि प्रतिक्रिया द्वन्द्वको आधारको रुपमा बिकास हुन्छ र जब ब्यक्तिको दिमागको यो प्रतिक्रिया अर्को ब्यक्तिसँग वा समाजमा प्रस्तुत हुन्छ अनि त्यो देखिने द्वन्द्वको शुरुवात हुन्छ ।

## द्वन्द्व ब्यवस्थापन र सूचना एवं संबाद

द्वन्द्व ब्यवस्थापन भन्नाले द्वन्द्वले ब्यक्तिहरू वा समाजमा नकारात्मक प्रभाव पार्ने अवस्था आउन लाग्यो भने त्यस्तो द्वन्द्वलाई थप नकारात्मकता तिर जान नदिई, उचित प्रक्रियाको माध्यमबाट सकारात्मक बाटोमा डोऱ्याउने रणनीति, सिद्धान्त र गतिबिधिको समग्र ब्यवस्थापन हो । त्यसैले द्वन्द्व ब्यवस्थापन भनेको द्वन्द्व समाधान होइन तर समाधानमा पुऱ्याउने दिशातर्फ डोऱ्याउने बिधि हो । यो प्रक्रियामा सूचना र प्रविधिको प्रयोगको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । द्वन्द्वरत देशमा बिभिन्न समयमा भएका द्वन्द्व ब्यवस्थापनको सिकाईको निचोड के हो भने सञ्चार सिपले द्वन्द्वरत पक्षलाई सकारात्मक सोच बनाउन, सञ्चारको बिषयबस्तुले समस्याको गहिराई बुझाउन र सञ्चारको शैलीले द्वन्द्वरत पक्षबीच सम्बन्ध सुधार्न अत्यन्त महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तर सूचना र सञ्चार प्रविधिको गलत प्रयोगले द्वन्द्वलाई थप जटिल बनाउँछ, बनाएको छ ।

द्वन्द्वको समयमा द्वन्द्वरत पक्षहरूले अर्को पक्षलाई कमजोर पार्न जानाजान गलत सूचना प्रवाह गर्ने, खण्डित, भ्रामक, लान्छनायुक्त सूचना उत्पादन तथा प्रक्षेपण गर्ने, यथार्थ भन्दा बढाई-चढाई गर्ने जस्ता क्रियाकलाप अत्यधिक मात्रामा भएका हुन्छन् र यसोगर्दा

उनीहरूलाई तत्कालको लागि केही फाईदा पनि पुग्न सक्छ । तर यस्ता गतिबिधिले द्वन्द्व चर्काउन मद्दत गर्ने, परिस्थितिलाई थप जटिल बनाउने र दिर्घकालमा द्वन्द्वरत पक्ष, समुदाय र समाजलाई नै हानी पुग्न सक्छ । त्यसकारण सूचना, मिडिया र सञ्चार प्रविधिको प्रयोग कुनै पनि द्वन्द्वको कारक र समाधानको माध्यम दुबै भएको देखिन्छ ।

सूचना र सञ्चारसम्बन्धी सैद्धान्तिक मान्यतामा सूचनाहरू र यसको प्रवाह स्वतन्त्र हुनुपर्ने, यथार्थपरक हुनुपर्ने, निष्पक्ष हुनुपर्ने, प्रमाणित हुन सक्ने हुनुपर्ने, तथ्यपरक हुनपर्ने भए पनि यस्ता सैद्धान्तिक मान्यताहरू द्वन्द्वको समयमा खासै प्रयोग भएको देखिदैन किनकी यि सैद्धान्तिक मान्यता कार्यान्वयन गर्दा द्वन्द्वलाई आफ्नो पक्षमा पार्ने उद्देश्यमा सहयोग पुग्दैन । साथै केही ब्यक्तिको नीजि स्वार्थ, अहं, महत्वकांक्षा पूरा गर्न पनि सञ्चारको दुरुपयोग भएको देखिन्छ । त्यसैगरि मेरो आँखाले देखे जतिमात्र संसार हो, मेरो बुझाई मात्र सहि हो, मेरो दृष्टिकोण नै अरुको पनि दृष्टिकोण हुनु पर्दछ भन्ने सोचाई र चिन्तन तथा सोहीअनुरुप सूचनाको प्रवाह र सञ्चारको प्रयोगले पनि समाजमा द्वन्द्व श्रृजना गराउँदछ ।

सूचना प्रविधिको सहि प्रयोगले द्वन्द्वरत पक्षबीच बार्तामा तथ्य निरुपण गर्न, बिकल्प खोज्न, अडान प्रष्ट पार्न, सामुहिक बिश्लेषणको आधारमा निर्णय लिन सहयोग पुग्दछ । अफगानिस्तान, सेरेयालेवन, रुवाण्डा, बुरुण्डी, कङ्गो, भेनेजुयला, श्रीलंका, ईराक, लेबनान, ईरान, पाकिस्तान जस्ता द्वन्द्व प्रभावित देशहरूमा देखिएको सूचना प्रवाह र सञ्चारको नकारात्मक भूमिकाबाट सिक्न चाहने हो भने बिश्वले धेरै सिक्न सक्छ । शक्तिशाली देशहरूले आफ्नो प्रभाव बिस्तार गर्न ठूला सञ्चार संस्थाहरूको स्वार्थोन्मुख उपयोग गरेको अनगिन्ती उदाहरणमध्ये एक हो सि.एन.एन.ले ईराक युद्धमा निर्वाह गरेको बिबादित भूमिका । अफ्रिकी द्वन्द्वहरूमा बिबिसीको भूमिका पनि नकारात्मक नै पाईएको छ ।

द्वन्द्वको सन्दर्भमा सञ्चारको सिप, बिषयबस्तु र उपयोग कसरी गर्ने र किन गर्ने भन्ने प्रश्नको उत्तर खोज्दा द्वन्द्व ब्यवस्थापनको दृष्टिकोणबाट बिश्वका चर्चित ब्यक्तिहरू दक्षिण अफ्रिकाका नेल्शन मण्डेला, एफ.डब्लु.डी. क्लार्क र डेस्मण्ड तुतु, भारतका मोहनदास करम चन्द गान्धी, अमेरिकी सिभिल राईट्स आन्दोलनका अग्रणी मार्टिन लुथर किङ्ग र उनका सहयोगी बायार्ड रस्टीनले प्रयोग गरेको सञ्चारको सीप र अहिंसात्मक मान्यताको समिश्रणबाट श्रृजित शान्त रणनीतिलाई लिन सकिन्छ । पारिवारिक द्वन्द्वकै परिबेशमा हेर्ने हो भने पनि परिवारका सदस्यहरू खास गरी पति-पत्नी बीच सूचना र सञ्चारको पारदर्शि प्रयोग नहुँदा अबिश्वास र शंका बढि पारिवारिक तनाव बढेको देखिन्छ तर सूचना र सञ्चार पारदर्शि हुँदा अस्पष्ट कुराहरू प्रष्ट राख्दा र रचनात्मक संबादको प्रयोग गर्दा पारिवारिक सम्बन्ध सुमधुर भएको देखिएको छ । त्यसैले पारिवारिक द्वन्द्वको सन्दर्भमा पनि तनाब श्रृजना गर्ने, द्वन्द्व बढाउने वा द्वन्द्व समाधान गर्न परिबेशमा सञ्चारले सकारात्मक र नकारात्मक दुबै भूमिका खेलेको देखिन्छ ।

**चाहे पारिवारिक तनाब होस या संगठन भित्रको बिबाद, चाहे राजनीतिक शक्तिबीचको तनाव होस् या अन्तर्राष्ट्रिय सम्बन्धमा देखिने दरार यी सबैमा सञ्चारको महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।**

कुनै पनि देशमा निर्णयको प्रक्रिया केन्द्रिकृत, अपारदर्शि, स्वार्थ केन्द्रित भएपछि सुशासनको मान्यता कमजोर बन्दै जान्छ र यसले द्वन्द्व श्रृजना गर्ने परिबेश बनाउँछ । द्वन्द्व बिश्लेषणमा कुशासनलाई द्वन्द्व सृजना र बिस्तारको महत्वपूर्ण कारकहरूमध्ये प्रमुख एक मानिन्छ । तर सञ्चारको सहि प्रयोग र परिचालनको माध्यमबाट राज्यका अङ्गहरूले जनमैत्री प्रशासन, पारदर्शि प्रक्रिया, परिणाममुखी कार्य, जनताप्रति जवाफदेही ब्यवहारको माध्यमबाट सुशासन कायम गर्न योगदान दिए भने द्वन्द्व श्रृजना हुने अवस्था नआउन सहयोग पुग्दछ । त्यसैले सुशासनलाई द्वन्द्व ब्यवस्थापनमा महत्वपूर्ण मानिन्छ र सुशासनको लागि सहि सूचना र सञ्चार प्रविधिको भूमिका अति महत्वपूर्ण मानिन्छ ।

### सञ्चार र द्वन्द्वको अन्तर्सम्बन्ध

सन् २००४ देखि मैले बिभिन्न देशमा "सञ्चार र द्वन्द्वको अन्तर्सम्बन्ध" बारे गरेको अनुसन्धानको सारांश के थियो भने चलिरहेको द्वन्द्व रोकी अस्थायी युद्धबिराम घोषणा भएको अवस्थामा बार्ताको वातावरण बिथोल्न द्वन्द्वरत पक्षका प्रभावशाली नेताहरूको सार्बजनिक अभिब्यक्तिले ८०% सम्म प्रभाव पार्ने रहेछ । द्वन्द्वरत पक्षबीच सम्बन्ध बिकास गर्न पनि संबाद र सूचनाको अति महत्वपूर्ण भूमिका हुने रहेछ ।
द्वन्द्वको क्षेत्रमा गरेको मेरो २४ बर्ष लामो अध्ययन र अनुसन्धानको निचोड के हो भने समाजमा देखिने सामाजिक-आर्थिक द्वन्द्व, पारिवारिक द्वन्द्व, राजनीतिक द्वन्द्व, जातिय द्वन्द्व, धार्मिक द्वन्द्वहरू सबैमा सञ्चार र सञ्चार प्रविधिको सकारात्मक तथा नकारात्मक भूमिका हुन्छ । चाहे पारिवारिक तनाब होस या संगठन भित्रको बिबाद, चाहे राजनीतिक शक्तिबीचको तनाव होस् या अन्तर्राष्ट्रिय सम्बन्धमा देखिने दरार यी सबैमा सञ्चारको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । द्वन्द्व ब्यवस्थापनको एक महत्वपूर्ण पक्ष भनेको द्वन्द्वरत पक्षहरूबीच बिबादित बिषय/मुद्दामा दुबै पक्षको समान खाले दृष्टिकोण बनाउने र सो नभए भिन्न दृष्टिकोणहरूलाई छलफलबाटै अगाडी बढाउने र सामुहिकरुपमा समाधान खोज्ने हो जसको लागि संबादको शैली, बार्ताकारको लचकता, बिषयगत स्पष्टता, मैत्रीवत ब्यवहार समाधानको अपरिहार्यता बारेको गम्भीर्यता आदी पर्दछन् जुन सहि सञ्चार र सञ्चार प्रविधिको सहि उपयोगबाट हासिल गर्न सकिन्छ ।

### द्वन्द्व समाधान रणनीति

द्वन्द्व समाधानको रणनीतिक विधि तय गर्दा खासगरी उद्देश्य (Goal) र सम्बन्ध (Relations) को प्राथमिकताको आधारमा निर्धारित हुन्छ र यो प्रक्रियामा सूचना र सञ्चारको भूमिका धेरै महत्वपूर्ण हुन्छ । सही द्वन्द्व समाधानकोलागि नीतिगत र बिधिगत तथा कार्यान्वयन पक्षलाई समन्वयात्मक रुपमा अगाडी

बढाउनु पर्ने हुन्छ । यसको लागि विभिन्न द्वन्द्वविद्हरूले हिंसात्मक द्वन्द्व सम्बोधन गर्न तयार गरेका केही रणनीतिहरूको चर्चा गर्नु सान्दर्भिक देखिन्छन् । ति हुन्:

(क) औपचारिक वा आधिकारिक कूटनीति (Official Diplomacy) जसमा मुख्य गरी मध्यस्थता (Mediation), सम्झौता (Negotiation), मेलमिलाप (Conciliation), विशेष कार्यालय (Good Offices) को स्थापना, औपचारिक भेटघाट (Formal Meeting), शान्ति सम्मेलन (Peace Conference), एक पक्षीय शुभसङ्केतहरू (Unilateral Goodwill Gesture), विशेष दूतहरू (Especial Envoys) को नियुक्ति, कूटनीतिक अनुज्ञा ९म्स्उफिबतष्अ क्बलअतष्यलक०, अन्तर्राष्ट्रिय आह्वान तथा खेद व्यक्त (Appeal/Condemnation), आपत् तथा लडाइ कूटनीति (Crisis & War Diplomacy), शक्तियुक्त कूटनीति (Coercive Diplomacy), प्रमाणीकरण (Certification), कूटनैतिक मान्यता (Diplomatic Recognition) जस्ता रणनीतिगत क्रियाकलापहरू पर्दछन् ।

चेच्निया, कंगो, अल्जेरिया, कोसोभो, रूवाण्डा, इजरायल, प्यालेस्टाइन, बुरूण्डी, सियरालिवन, फिलिपिन्स, इन्डोनेसिया (आचे), पुर्वी टिमोर, सोमालिया, बोस्निया, लाइबेरिया, लेसेथो, चाड, अङ्गोला, सुडान, युगोस्लाभियाजस्ता द्वन्द्वले निकै ठूलो असर पुर्‍याएका देशहरूमा द्वन्द्वको समयमा न्यायिक तथा कानुनी प्रावधानहरू पूर्ण बेवास्ता गरेको देखिन्छ ।

(ख) अनौपचारिक कूटनीति (Unofficial Diplomacy) मा मध्यस्थता, द्वन्द्व समाधानका स्थानीय प्रचलनहरूलाई सहयोग गर्ने, द्वन्द्व समाधान स्रोतकेन्द्रहरू खोल्न सहयोग गर्ने, शान्ति आयोगको स्थापना, नागरिक शान्ति अनुगमन टोली परिचालन, सहयोग समूह परिचालन, सामुहिक छलफलहरूको आयोजना, शान्तिपूर्ण भेला/जुलुस, तेश्रो तहको कूटनीति आदि पर्दछन् ।

(ग) सैनिक उपायहरू (Military Measures): हिंसात्मक द्वन्द्व वा रक्तपातपूर्ण युद्धको प्रसङ्गमा सैनिक उपायहरूको बढी प्रयोग भएको पाइन्छ। यी उपायहरूमा: शान्तिको लागि युद्ध भड्किनुभन्दा अगाडि नै सुरक्षा निकायको परिचालन, सैन्य पुनर्संरचना, एकीकृत परिचालन, सुरक्षा निकायको व्यावसायिकीकरण र सुधार, सशस्त्र विद्रोहीहरूलाई हतियारविहीन गराई समाजमा समायोजन गर्ने, सैनिक सहायता, सैनिक-सैनिकबीच अनुभवको आदानप्रदान वा विभिन्न कार्यक्रम, वैकल्पिक सुरक्षा रणनीतिको तय, सुरक्षा अनुभूतिको सुनिश्चितता र आत्मविश्वासको विकास, सामूहिक सुरक्षा व्यवस्था, निषेधात्मक वा प्रतिरोधात्मक (Deterrence) व्यवस्था, सैन्यविहीन क्षेत्र घोषणा (Demilitarized Zone), हतियारमाथि प्रतिबन्ध, सैन्य बल प्रयोग, हातहतियारको बिस्तारमा (Arm Proliferation) रोक, सङ्कट व्यवस्थापनका प्रक्रिया र विधिको सञ्चालन, जोखिम विश्लेषण (Risk Assessment), निश्चित समयावधिसम्म थोरै मात्रामा बलको प्रयोग, एकीकृत सुरक्षा प्रणालीको प्रयोग, सुरक्षा र विकासको अवधारणा अन्तर्गत विकास निर्माण कार्यमा सुरक्षाकर्मीहरूको परिचालन प्रमुख छन् ।

(घ)आर्थिक तथा सामाजिक नीतिगत उपायहरू (Economic and Social Measures) मा विकास सहायता (Development Assistance), आर्थिक सुधार (Economic Reform), स्रोतको समन्वयात्मक परिचालन, आर्थिक तथा सामाजिक विकास, अन्तरसमुदाय व्यापार वृद्धि, संयुक्त आर्थिक आयोजनाहरूको कार्यान्वयन, निजी क्षेत्रको लगानीमा वृद्धि र प्रभावकारिता, स्वास्थ्य सहायता परियोजना सञ्चालन, कृषि परियोजनाको परिचालन, वैदेशिक सहायता शर्तहरूको कडाई तथा लचकता, आर्थिक नाकाबन्दी वा यसलाई हटाउने, मानवीय सहायता (Humanitarian Aid), युद्धबाट विस्थापितहरूको आन्तरिक व्यवस्था वा शरणार्थीका रूपमा विदेशिएका भए उनीहरूलाई आफ्नै देशमा फिर्ता गराई उनीहरूको जीविकोपार्जनका कार्यक्रमहरूको सञ्चालन, आपत्कालीन खाद्य तथा अन्य सहायता, विशेष अनुदान वा ऋण कार्यक्रम, तत्कालीन आय-आर्जनका गतिविधिहरूको सञ्चालन आदि पर्दछन् ।

(ङ) न्यायिक तथा कानुनी उपायहरू: द्वन्द्व फैलिएका समाज वा देशहरूको ठूलो चुनौतीहरूमध्ये एक हो न्यायिक तथा कानुनी प्रावधानको अवहेलना हुनु वा त्यस्ता प्रावधानहरूले काम गर्न नसक्नु हो । चेच्निया, कंगो, अल्जेरिया, कोसोभो, रुवाण्डा, इजरायल, प्यालेस्टाइन, बुरुण्डी, सियरालिवन, फिलिपिन्स, इन्डोनेसिया (आचे), पुर्वी टिमोर, सोमालिया, बोस्निया, लाइबेरिया, लेसेथो, चाड, अङ्गोला, सुडान, युगोस्लाभियाजस्ता द्वन्द्वले निकै ठूलो असर पुर्‍याएका देशहरूमा द्वन्द्वको समयमा न्यायिक तथा कानुनी प्रावधानहरू पूर्ण बेवास्ता गरेको देखिन्छ । त्यसकारण द्वन्द्व भड्किनबाट रोक्ने वा द्वन्द्वको नकरात्मक प्रभाव न्यूनीकरण गर्न कानुनी तथा न्यायिक औजारहरूको भूमिका पनि निकै महत्वपूर्ण हुन्छ । यस्ता औजार हरूमा छानबिन आयोग (Commission of Inquiry), अपराध न्यायालय (Crime Tribunals), कानुन सुधार वा संवैधानिक सुधार/परिवर्तन, संवैधानिक आयोगहरूको व्यवस्था तथा सक्रियता, अर्धन्यायिक संस्थाहरू (जस्तै प्रहरी, प्रशासन कार्यालय) को कार्यशैली र कार्यक्षमतामा सुधार, देशमा परापूर्वकालदेखि चलिआएका र नागरिकहरूले विश्वास गरेका कानुनी प्रावधानहरू (Customary Laws) र द्वन्द्व व्यवस्थापन पद्धतिहरूको परिचालन वा तिनीहरूको प्रभावकारी कार्यान्वयन पर्दछन् ।

(च) आर्थिक उपायहरू: यसमा विकास सहायता (Development Assistance), आर्थिक सुधार (Economic Reform),

स्रोतको समन्वयात्मक परिचालन, आर्थिक तथा सामाजिक विकास, अन्तरसमुदाय व्यापार वृद्धि, संयुक्त आर्थिक आयोजनाहरूको कार्यान्वयन, निजी क्षेत्रको लगानीमा वृद्धि र प्रभावकारिता, स्वास्थ्य शिक्षा तथा कृषि परियोजनाको परिचालन, वैदेशिक सहायता सर्तहरूको कडाइ तथा लचकता, आर्थिक नाकाबन्दी वा यसलाई हटाउने, मानवीय सहायता (Humanitarian Aid), युद्धबाट विस्थापितहरूको आन्तरिक व्यवस्था वा शरणार्थीका रूपमा विदेशिएका भए उनीहरूलाई आफ्नै देशमा फिर्ता गराउने र त्यहि बस्दा सम्म उनीहरूको जीविकोपार्जनका कार्यक्रमहरूको सञ्चालन, आपत्कालीन खाद्य तथा अन्य सहायता, विशेष अनुदान वा ऋण कार्यक्रम, तत्कालीन आयआर्जनका गतिविधिहरूको सञ्चालन आदि पर्दछन् ।

सञ्चारले नै शान्तिसम्बन्धी जनचेतना जगाउने काममा अत्यन्त महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसकारण युद्धको विरोधमा र शान्तिको पक्षमा जनमत सृजना गर्न, र जनदबाब सृजना गर्न संसारभरि नै सञ्चार जगतलाई रणनीतिक उपायको रूपमा लिइएको छ ।

(छ) सुशासन र राजनैतिक विकाससम्बन्धी नीतिगत उपायहरू (Governance and Political Measures) : संसारका युद्ध भएका देशहरूको पृष्ठभूमि हेर्दा पनि सुशासन र राजनैतिक क्षेत्रको महत्वपूर्ण भूमिका देखिएको छ । त्यसकारण द्वन्द्वको प्रतिरोधात्मक (Preventive) वा समाधानको महत्वपूर्ण औजारमा सुशासन र राजनैतिक पक्षलाई लिइएको हो । यस्ता औजारहरूमा राजनैतिक पार्टी-विकास, राजनैतिक-संरचना र संस्थागत विकास, निर्वाचन सुधार, सहयोग तथा अनुगमन, राष्ट्रिय भेला-छलफल, गोलमेच सम्मेलन (Round Table Conference), नागरिक समाजको विकास र सुदृढीकरण, नागरिक प्रशासनको सुधार तथा कर्मचारीहरूको क्षमता विकास,मानवअधिकार संरक्षण र प्रवर्द्धन साथै मानवअधिकार अनुगमन तथा यसको संस्थागत विकास पर्दछन् ।

(ज) सञ्चार, तथा सचेतनासम्बन्धी नीतिगत उपायहरू (Policy Measures on Communication and Awareness) : द्वन्द्व भड्काउन वा समाधानको लागि सञ्चारको ठूलो भूमिका रहन्छ । सञ्चारले नै शान्तिसम्बन्धी जनचेतना जगाउने काममा अत्यन्त महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसकारण युद्धको विरोधमा र शान्तिको पक्षमा जनमत सृजना गर्न, र जनदबाब सृजना गर्न संसारभरि नै सञ्चार जगतलाई रणनीतिक उपायको रूपमा लिइएको छ । यस रणनीतिअन्तर्गत रेडियो, टेलिभिजन तथा छापाका सञ्चारमाध्यम मार्फत् 'शान्ति अभियान' कार्यक्रम सञ्चालन गर्ने, शान्तिसम्बन्धी कार्यक्रमको उत्पादन, वितरण व्यापक बनाउने, सञ्चार व्यवसायलाई व्यावसायिकरूपमा विकास गराउने, शान्ति प्रमुख लक्ष्य (Peace Mission) भएको पत्रकारिताको विकास गर्ने, पत्रकारहरूलाई द्वन्द्व र शान्तिसम्बन्धी तालिम दिने, सचेत गराउने, सनसनीपूर्ण र युद्ध भड्काउने खालका सामग्रीको प्रचारप्रसारमा अत्यन्त सतर्कता अपनाउने, नागरिक शिक्षा (Civic Education), द्वन्द्वसम्बन्धी समाचार प्रसारणको आचारसंहिता (Code of Conduct) बनाई कार्यान्वयन गर्ने-गराउने, वैकल्पिक सूचनाका स्रोतहरूको व्यवस्था मिलाउने, विद्यालय र तालिम केन्द्रहरूमा समेत शान्तिशिक्षालाई समावेश गर्ने, राम्रो गर तर हानि नगर (Do Good But Do No Harm) को सिद्धान्तको जानकारी गराउने, द्वन्द्व व्यवस्थापनसम्बन्धी विभिन्नस्तरमा तालिम दिने आदि पर्दछन् । त्यसैले यो सन्दर्भमा द्वन्द्व व्यवस्थापनका चरणगत गतिविधिहरू बारे बुझ्नु आवश्यक हुन्छ । द्वन्द्वको सही व्यवस्थापन गर्दा निम्न चरणहरू पूरा गर्नुपर्दछ । प्रत्येक चरणमा गर्नुपर्ने तयारीहरू र गतिविधिहरू सम्पन्न गरेपछि मात्र द्वन्द्व व्यवस्थापन भएको भन्न सकिन्छ । ति चरणहरू निम्न अनुसार छन् ।

**(१) पूर्व तयारीको चरण** (Pre-preparation stage)

(क) द्वन्द्व व्यवस्थापनमा प्रयोग गरिने विधिको छनोट

(ख) द्वन्द्व व्यवस्थापन प्रकृयालाई हानि वा क्षति पुऱ्याउने कारकहरू पत्ता लगाउने

**(२) सचेतना र जनपरिचालनको चरण** (Awareness and people's mobilization stage)

(क) द्वन्द्व व्यवस्थापनको पक्षमा जनमत सृजना गर्ने

(ख) द्वन्द्व व्यवस्थापनको पक्षमा वकालत गर्ने

(ग) अहिंसात्मक दबावका गतिविधिहरू अगाडि बढाउने

(घ) सूचना र सञ्चारको उचित प्रयोगबाट जनचेतना अभिबृद्धि गरी सकारात्मक दबाब श्रृजना गर्ने

**(३) द्वन्द्व समाधानमा प्रत्यक्ष प्रवेशको चरण** (Direct engagement stage)

(क) विश्वासको वातावरणको सृजना (Confidence & Trust Building)

(ख) संवादको सुरुवात र सहजकर्ताको भूमिका,

(ग) मध्यस्थता (Mediation), को प्रयोग

(घ) द्वन्द्वरत पक्षका प्रतिनिधिहरू बीच सम्झौता (Negotiation) र यसको दस्ताबेजीकरणद्वन्द्व व्यवस्थापन जटिल र गतिशील प्रक्रिया हो । त्यसकारण रूपरेखात्मक विधि (ब्लुप्रिन्ट मेथड) सबैखाले द्वन्द्वमा उत्तिकै प्रभावकारी तरिकाले लागू हुँदैन । यसमा सूचनाको प्रभावकारी प्रयोग र सञ्चारको सिप, रणनीति, जुक्ति, प्रक्रिया र विकल्पका कौशल आवश्यक हुन्छन् । त्यसैले आवश्यकताअनुसार द्वन्द्व व्यवस्थापनका

विभिन्न तरिका/बिधिहरू प्रयोग गरिएको हुन्छन् । तीमध्ये केही प्रमुख तरिका निम्न छन्:

(क) सहजता निर्माणका तरिकाहरू (स्ट्राटेजी अफ अकोमोडेसन) जस्मा द्वन्द्वरत पक्षले सम्बन्धलाई प्राथमिकता दिएर लक्ष्यलाई गौण मानेको खण्डमा उनीहरूले सहजता निर्माणका बिकल्प रोज्छन् । यो खासगरी सम्बन्धउन्मुख रणनीति हो र एउटा पक्षले सम्बन्धको मूल्यमा अर्को पक्षको भनाई वा मागको प्रतिकार वा विरोध गर्दैन । सामान्यतया द्वन्द्वरत पक्षले सहमति गर्ने, शालीनता अपनाउने, असमझदारीहरू त्याग्ने, अर्कोको सूचना र नियन्त्रणकारी व्यवहारप्रति सकारात्मक हुने जस्ता विशेषताहरू देखाउँछन् ।

(ख) व्यक्तताको रणनीति (स्ट्राटेजी अफ अभ्योइडेन्स) जसमा द्वन्द्वरत पक्षहरू सम्बन्ध वा लक्ष्यमा उति साह्रो उत्साहित नभए तिनले यो तरिका अवलम्बन गर्छन् । उनीहरू बिबादका सवाल त्याग्न, अस्वीकार गर्न, तीबाट बच्न, स्वीकार्न ढिलाइ गर्न र त्यसबाट पछि हट्न चाहन्छन् । द्वन्द्वरत पक्षहरू वार्तामा बस्न र द्वन्द्व समाधानतिर सक्रिय हुन चाहँदैनन् । (ग) सम्झौताको रणनीति (स्ट्राटेजी अफ कम्प्रमाइज): कुनै पनि प्रकारको द्वन्द्व समाधान गर्न व्यापकरूपमा प्रयोग गरिएको र व्यावहारिक रणनीति हो । यो रणनीतिको आधारभूत सिद्धान्त लेनदेनको (Give to take) माध्यमबाट समस्याको समाधान खोज्नु हो । आफ्ना अपेक्षाहरू कम गर्ने, नरम भई मोलतोल प्रयोग गर्ने, मतभेद कम गर्ने तथा विकल्पहरू खोज्ने, आफ्ना अडान आंशिक वा पूरै त्याग्न तयार हुने र संवादमा लागिरहने आयामहरू यसमा समाहित छन् । यस रणनीतिमा द्वन्द्वरत पक्षहरू निकै हिसाबकिताबी, सतर्क र सहृदयी हुन्छन् । उनीहरूले सम्बन्ध व्यवस्थापन र उद्देश्य प्राप्तिमा उत्तिकै महत्त्व दिन्छन् ।

(घ) सामनाको रणनीति (स्ट्राटेजी अफ कन्फ्रन्टेसन): यो भिडन्तकारी रणनीति हो । यसमा एउटा पक्षले अर्को पक्षसँगको सम्बन्धबारे कुनै चासो राख्दैन । उद्देश्य हासिल गर्ने अभिप्राय मात्र यसमा रहन्छ । यसमा बल, दबाब, प्रतिबन्ध, थुनछेक आदि कार्यहरू सामान्य हुन्छन् । द्वन्द्वरत पक्षहरूले सम्झौताको कुनै पनि व्यवहार देखाउँदैनन् र वार्ता सुरुआत गर्न अर्को पक्षलाई विश्वसनीय मान्न तयार हुँदैनन् ।

(ङ) नियन्त्रणको रणनीति (स्ट्राटेजी अफ कन्ट्रोलिङ): सम्झौताको रणनीतिभन्दा यो केही फरक खालको छ । तर यसले पनि उद्देश्यहरूमा मात्रै ध्यान दिएर सम्बन्धहरूलाई वास्ता गर्दैन । यो रणनीतिलाई निर्देशित गर्ने मनोभावमा 'त्यो काम मैले आफ्नै तरिकाले गर्छु र अन्य पक्षको अभिरुचिबारे चासो राख्दिनँ' भन्ने हुन्छ । यसर्थ, यो बिधिमा बलप्रयोग, लडाइँ, सूचनाको तोडमरोड आदि सामान्य यिनीहरू संवाद, छलफल र वार्ताको लागि धैर्यता राख्दैनन् ।

(च) समस्या समाधानको रणनीति (स्ट्राटेजी अफ प्रोब्लम-सल्भिङ): द्वन्द्व व्यवस्थापनको प्रयासमा 'समस्या समाधानमा सामूहिक प्रयास' को सैद्धान्तिक आधार हुन्छ । त्यसले यसलाई समस्या समाधानमा सबैभन्दा रुचाइएको रणनीति मानिन्छ । त्यसैले यसमा जित-जितको परिणामसहित समस्या समाधनमा दुवै पक्षको दृढ संकल्प रहन्छ । यसले द्वन्द्वरत पक्षलाई समस्या समाधानको विन्दुमा ल्याउन खोज्छ । विकल्पहरू खोज्ने, क्रमिक संवादमा लाग्ने, आवश्यक सूचना संकलन र त्यसको राम्रो विश्लेषण गर्नुमा यसको प्रमुख जोड रहेको हुन्छ ।

(छ) निष्क्रियताको रणनीति (स्ट्राटेजी अफ इन्याक्सन): केही सवालहरूमा द्वन्द्वरत पक्षमध्ये कुनै एक पक्षले द्वन्द्वबारे कुनै चासो राख्दैन वा अग्रसर हुनबाट ऊ जानेरै टाढा रहन्छ । 'निष्क्रियताको रणनीति' को प्रमुख उद्देश्य अर्को पक्षलाई निष्क्रिय बनाउने वा द्वन्द्वको जालोबाट टाढै राख्ने हो ताकि त्यो काम द्वन्द्वको निष्क्रिय स्वरूपमा परिवर्तन होस् । यो रणनीति परिवार वा सानातिना सामाजिक द्वन्द्वमा साधारणतया प्रयोग हुन्छ । यी सबै तरिका र रणनीतिमा सूचना र सञ्चारलाई सोही अनुरुप आफ्नो उद्देश्य हासिल गर्न प्रयोग गरिएको हुन्छ ।

**सारांश :** सारांशमा सहि सूचना र सञ्चार प्रविधिको रणनितिक प्रयोगले द्वन्द्वको समाधानमा महत्वपूर्ण भूमिका खेल्न सक्छ भने गलत प्रयोगले द्वन्द्व भडकाउन, अस्थिरता बढाउन पनि उत्तिकै भूमिका खेल्छ । तर सूचनाको श्रोत, आधिकारिकता, बिषयगत गहनता र सञ्चारको शैली/सिप, आधुनिक प्रविधिको प्रयोग जस्ता सवालले द्वन्द्व व्यवस्थापनको सफलता वा असफलतामा प्रत्यक्ष प्रभाव पार्दछ । सूचना र सञ्चार द्वन्द्व व्यवस्थापनका लागि अपरिहार्य आधार त हो तर यतिले मात्र द्वन्द्व व्यवस्थापन हुने चाहिं होईन । द्वन्द्वरत पक्षबीच सम्बन्ध सुधारले द्वन्द्व व्यवस्थापन सहज बनाउने र प्रभावकारी सूचना र सञ्चारले सम्बन्ध सुधारमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा यी तीनको गहिरो अन्तरसम्बन्ध छ ।

**सन्दर्भ-सामग्रीः**


1. Upreti BR, (2014). Communication of political leaders in managing post-conflict transition in Nepal. Kathmandu: South Asia Regional Coordination Office of National Centre of Competence in Research (NCCR) North-South and Nepal Centre for Contemporary Research.
2. विष्णुराज उप्रेती (२०६१), द्वन्द्व व्यवस्थापनका सिद्धान्त र बिधिहरू: एक परिचय । काठमाडौं: भृकुटी एकेडेमिक पब्लिकेसन्स्
3. विष्णुराज उप्रेती (२०७१), द्वन्द्व व्यवस्थापन । काठमाडौं: भृकुटी एकेडेमिक पब्लिकेसन्स्



*(द्वन्द्व व्यवस्थापन विज्ञ डा. उप्रेती नेपान सदस्य हुनुहुन्छ ।)*

*bishnu.upreti@gmail.com*

### राष्ट्रिय योजना आयोगको पन्ध्रौं आधारपत्रमा सञ्चार एवं सूचना प्रविधि

# सूचना प्रविधियुक्त राष्ट्र बन्ने नेपालको सोच



● श्रीराम के.सी.

*देशमा अझै २५ प्रतिशत मानिसहरू अर्थात करिव ७५ लाख मानिसहरू गरिबीको रेखामुनि छन् । एक छाक खानका लागि उनीहरूलाई हरेक विहान के गर्ने होला भन्ने प्रश्नले सताउँछ । उनीहरूले प्रविधिसम्मको पहुँच कसरी पाउलान् ? त्यसबाट कसरी लाभ लिन सक्लान् ?*

देशको आवधिक विकास योजना पन्ध्रौ पटकमा आइपुगेको छ । वि सं २०१३ बाट शुरु भएको योजनावद्ध विकासको चरणको यो पन्ध्रौ योजनाको अवधि २०७६/७७ देखि २०८०/८१ हो। यो पन्ध्रौ योजनालाई दिर्घकालीन विकासको आधारपत्रका रुपमा राष्ट्रिय योजना आयोगले केही महिना अगाडि सरोकारवाला निकायहरूको व्यापक सहभागितामा करिव चार हजार मानिसहरूसँगको परामर्शबाट तयार पारेको हो । वि.सं.२१०० सम्ममा समृद्ध नेपाल, सुखी नेपालीको महत्वाकांक्षी सोच राखेर आएको यो आधारपत्रले विकासका सबै क्षेत्र तथा पक्षहरूको सोच, लक्ष्य र कार्यनीतिहरूबारे उल्लेख गरेको छ । यो आधारपत्रले विकासका प्राय सबै पक्षलाई केलाउँदै लिनु पर्ने नीति र उपेक्षित उपलब्धी समेत उल्लेख गरेको छ। तिमध्ये यो लेखमा सूचना तथा सञ्चार प्रविधिको बारेमा आधारपत्रले लिएको सोच, कार्यनीति तथा रणनीति र हाम्रा चुनौती तथा अवसरहरूबारे चर्चा गर्ने प्रयास गरिएको छ । मुल रुपमा यो लेख पन्ध्रौ आधारपत्रमा उल्लेखित सूचना प्रविधिका सम्बन्धमा केन्द्रित छ ।

### सूचना प्रविधि क्षेत्रका प्रमुख समस्या र अवसरहरू

यो आधारपत्रले सञ्चार र सूचना प्रविधिको क्षेत्रलाई विकासको पूर्वाधारको रुपमा लिएको छ। विकासका संवाहक एवं उत्प्रेरकको रुपमा रहेको भनी सञ्चार र सूचना प्रविधिको क्षेत्रलाई परिभाषित गरिएको छ। यसले दिगो विकासको लक्ष्य प्राप्तिका लागि सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । आधारपत्रले दूर सञ्चार सेवामा नागरिकहरूको पहुँच पुग्न नसक्नु, सूचना प्रविधिको विकास र साइवर सुरक्षाका लागि पर्याप्त संरचनागत व्यवस्थाको कमी हुनु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यनू उपयोग हुनु, सूचना प्रविधि उद्योग व्यवस्थित नहुनुलाई प्रमुख समस्याका रुपमा उठाएको छ ।

आधारपत्रले यो क्षेत्रका अवसरहरूलाई पनि सुचिकृत गरेको छ । संविधानले सूचनाको हकको प्रत्याभूति गर्नु, डिजिटल नेपालको अवधारणाले महत्व पाउनु, शिक्षाको पाठ्यक्रमहरूलाई प्रविधिमैत्री बनाउनु, प्रविधिको महत्वलाई आत्मसात गर्नुलाई अवसरका रुपमा लिएको छ । त्यस्तै, थुप्रै निजीक्षेत्रहरूको लगानी वृद्धि हुनु, रोजगारका अवसर सृजना हुनु, मोवाइल प्रयोगकर्ता वृद्धि हुनु, सूचना प्रविधिहरू विषयको स्कुलदेखि उच्च शिक्षासम्म अध्ययन अध्यापन हुनु, आमसञ्चारका क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्दै जानु पनि अवसरहरू हुन् । आगामी पाँच वर्षभित्र २ लाख व्यक्तिलाई रोजगारीको अवसर हुने आँकलन पनि आधारपत्रमा छ । तर चुनौतिलाई चिर्दै जान र अवसरलाई यथार्थमा बदल्न त्यति सहज भने छैन । त्यसका लागि भने विशेष खालका रणनीतिहरू र कदमहरू चाल्नु पर्ने हुन्छ ।

### सूचना र सञ्चार प्रविधिबारेका रणनीतिहरू

सञ्चार र सूचनालाई आधारपत्रले एउटा विकासको पूर्वाधारको अवधारणाका रुपमा अंगीकार गरेको छ । आधारपत्रमा सबै नागरिकमा पहुँच तथा उपयोग सुनिश्चित गर्ने उल्लेख छ । साथै यसअन्तर्गत पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरी आमसञ्चारमा नागरिकको पहुँच विस्तार, दूर सञ्चार सेवा देशभर पुरयाउने, डिजिटाइजेशनमार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने, हुलाक सेवालाई संस्थागत र व्यावसायिक बनाउने, चलचित्रको विकास गर्ने, सुरक्षित मुद्रणको व्यवस्था गर्ने, विज्ञापन बजार व्यवस्थित बनाउने जस्ता रणनीतिहरू लिएको छ ।

### महत्वाकांक्षी लक्ष्य, प्राप्त गर्न सकिएला ?

यो आधारपत्रले योजनाको अन्त्यसम्ममा ८० प्रतिशत जनसंख्यमा इन्टरनेटको पहुँच विस्तार गर्ने भनिएको जुन हाल ४४ प्रतिशत

छ । चार वर्षको अवधिमा करिव ४० प्रतिशतलाई इन्टरनेटको पहुँच विस्तारका लागि काम गर्नु पर्ने भएको छ । सूचना प्रविधिमा आएको छलाङको कारण पहुँचसम्म पुग्न त असंभव नै त नलाग्ला तर आम मानिसहरूले के का लागि यो प्रविधि उपयोग गर्लान भन्ने प्रश्न महत्वपूर्ण छ । देशमा अझै २५ प्रतिशत मानिसहरू अर्थात करिव ७५ लाख मानिसहरू गरीबीको रेखामुनी छन् । एक छाक खानका लागि उनीहरूलाई हरेक बिहान के गर्ने होला भन्ने प्रश्नले सताउँछ । उनीहरूले प्रविधिसम्मको पहुँच कसरी पाउलान ? पहुँच पाएपनि उनीहरूले के का लागि उक्त प्रविधि उपयोग गर्छन् भन्ने प्रश्नको उत्तर शायदै पाउन सकिएला । बरु उनीहरूको जीविकोपार्जनका लागि विद्यमान प्रविधिहरूले कसरी मदत गर्न सक्ला भन्ने विषयमा बहस गर्ने हो भने केही हदसम्ममा सहयोगी बन्ला कि ?

### सबैको प्रयासको खाँचो, युवाको सबैभन्दा बढी

आधारपत्रले राखेको लक्ष्यहरूको उपलब्धी हासिल गर्नका लागि कुनै एक संस्थाको प्रयासले संभव छैन, हुँदैन पनि । सबै सरोकारवालहरू, खासगरी प्रविधिको विकासमा नीजि क्षेत्रको सहभागिता अनिवार्य नै हुन्छ । लगानी विना प्रविधिहरू भित्रिन सक्दैनन । दक्षता र सीपविना यी प्रविधिहरूको टिकाउ हुन पनि सक्दैन । त्यसैले नीजि क्षेत्रको लगानी स्वीकार्नु अघि त्यहाँ जनताको भावना, चासो र सवालहरू कसरी सम्बोधन हुन्छन् भन्ने राज्यले सुनिश्चित गरिनुपर्छ । केवल नाफाआर्जनको हेतुले मात्र प्रविधिहरूको विकास गरिनुहुन्न । ति प्रविधिहरूले सामाजिक र आर्थिकस्तर वृद्धि गराउने खालको हुनुपर्छ । युवाहरूको सहभागितालाई निशर्त बनाई उनीहरूलाई संलग्न गराउनु पर्छ । नेपालका करिव ४० प्रतिशत युवाहरू जो प्रविधिको प्रयोगमा एक कदम अगाडि छन्, उनीहरूलाई वेवास्ता गरि गरिएको सूचना तथा सञ्चार प्रविधिको विकास दिगो हुन सक्दैन । त्यसैले युवाहरूका संस्था, समूहहरूलाई व्यापक परिचालनको अतिरिक्त नीतिहरू बनाइनु पर्छ ।

### उपयोगको फाइदा जानौं, बुझाऔं

प्रविधिको प्रयोगले सबैलाई फाइदा हुन्छ भनेर हामी भन्दै हिडेका छौं । त्यही सुनेका छौं, हामी पनि त्यही दोहोर्‍याउँछौं । तर यतिले मात्र आम मानिसहरू प्रविधिको प्रयोगमा ढुक्क हुने स्थिति छैन । त्यसैले सूचना तथा सञ्चार प्रविधिको फाइदाबारे बालबालिका, युवा, प्रोढहरूसबैलाई सचेत पार्नु पर्दछ । फेसवुके र ट्वीटे पुस्तालेमात्र यसको फाइदा बुझेर मात्र हुँदैन । सूचना तथा सञ्चार प्रविधि भनेको केवल फेसवुक या सामाजिक संजाल मात्र हो भनेर बुझिनु हुन्न । अरु दैनिकरुपमा आवश्यक पर्ने, उपयोगी हुने थुपै त्यस्ता प्रविधिहरू हुन सक्छन तिबारे खोज अन्वेषण गर्न प्रेरित गर्ने, काम गर्नुपर्छ । सूचना प्रविधिको एउटा आधरस्तम्भ इन्टरनेटले यसका उपभोक्तामा सकारात्मक प्रभावमात्र पारिरहेको छैन, अपितु नकारात्मक लत नशाका रुपमा झागिएको छ । यसतर्फ पनि हाम्रो ध्यान जानु पर्छ । विकसित देशहरूले प्रविधिलाई आफ्नो फाइदाका निमित्त प्रयोग गरिसकेको अवस्थामा हामी चाहि प्रविधिको दास बन्न त गइरहेका छैनौ, सोच्नु पर्ने बेला आएको छ । यो विषयमा भने आधारपत्रमा खासै उल्लेख छैन । तर प्रदेश र स्थानीय सरकारहरूले आफूले बनाउने नीति नियमहरूमा उक्त पक्षलाई जोडदिनु पर्छ ।

### स्थानीय निकायमा सूचना प्रविधि, क्षमता विकास गरौं

प्रदेश र स्थानीय सरकारले विकासका कार्यमा सूचना प्रविधिको उपयोग र प्रभावकारिताका लागि नीति निर्देशन तय गर्न ढिला गर्नु हुन्न । साथै कर्मचारी र जनप्रतिनिधिहरूको लागि सूचना प्रविधिबारे सीप, ज्ञान विकास गर्नु पर्ने त्यतिकै जरुरी छ । कुनै पनि विकास आयोजना, पैरवी परियोजना तथा अभियानहरूले सूचना प्रविधिको भरपुर उपयोगिताको लागि आवश्यक कदमहरू लिनुपर्छ । सूचना प्रविधि भनेर सामान्यतया इमेल इन्टरनेट र सोसल मिडिया मात्र हुन भनेर सीमित बुझाइमा अलमलिहुन्न । यो वृहद छ यसलाई हाम्रो विकास र विभिन्न सामाजिक अभियानमा कसरी भरपुर उपयोग गर्ने भनेर बृहद दृष्टिकोण राख्न जरुरी छ । कम्तीमा आधारपत्रले सुझाएको कुरालाई मात्र मनन गर्ने हो भने पनि केही नयाँ सुरुआत गर्न सक्छौं । प्रादेशिक एवं स्थानीय सरकारहरूको अवको बहस सूचना प्रविधिको प्रयोग गरेर कसरी आफ्ना लक्ष्यहरू प्राप्त हुन्छन् भनेर घनिभूत छलफलमा लाग्न ढिलाइ भइसक्यो ।

राष्ट्रिय सूचना प्रविधि नीति २०७२ र पन्ध्रौ योजनाको आधार पत्रलाई मार्गदर्शक कागजात मानी स्थानीय निकायहरूले सूचना प्रविधि नीति बनाई स्थानीयस्तरमा लागू गराउन सके यसबाट लाभ लिन सक्थ्यौं । करिव ३५ हजार निर्वाचित जनप्रतिनिधिहरूको प्रवेशले स्थानीय निकाय क्रियाशील छन् । स्थानीय सरकारहरूले आफ्नो नीति नियम र प्रावधानहरू आफै बनाउने सक्ने भएकाले राष्ट्रिय नीति र आधारपत्र एवं सरकारी प्राथमिकता र स्थानीय समुदायको आवश्यकता बमोजिम नीति नियम बनाउनु पर्दछ । ति निकायहरूले कस्तो खालको सूचना प्रविधिहरू विकास गर्ने, कुन सेवाहरू

## सञ्चार तथा सूचना प्रविधि

सोच : सूचना प्रविधियुक्त राष्ट्र

लक्ष्य : आमसञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने

उद्देश्य : सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्नु

सञ्चार र सूचना प्रविधिको सेवालाई सर्व सुलभ भरपर्दो र गुणस्तरीय बनाउनु ।

सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्नु ।

*पन्ध्रौ आधार पत्र, राष्ट्रिय योजना आयोग*

सूचना प्रविधिहरूबाटै प्रदान गर्न सकिन्छ भनेर अनुसन्धानहरू गर्ने, गाउँपालिका र नगरपालिका तथ्य तथ्याङ्कहरूलाई सहज ढंगले पाउन सक्ने गरि भण्डारण तथा प्रसार गर्न सक्ने खालका प्रविधिहरू हुनुपर्दछ ।

## आधारपत्रको प्रभावकारी कार्यान्वयनका लागि केही सुझावहरू

आवधिक विकासका योजनाहरूको इतिहास करिव छ दशक पुगिसकेपनि हाम्रो विकासको गतिले तिव्रता अझै लिन सकेको छैन । सुरुमा सबै योजनाहरू राम्रै देखिन्छन् जब कार्यान्वयनका चरणमा पुग्छन् विभिन्न समस्याका कारण या त ढिला हुन्छन् या त तोकिएको लक्ष्य हासिल गर्न सक्दैनन् । दृढ सोच र सक्रियताको अभावमा पछि विभिन्न निकायको दोषारोपणमै ति योजना र योजनाले लिएको सोचहरू तुहिन पुग्छन् । त्यसैले ति योजना तथा सोचहरूलाई व्यवहारमा ल्याउन यसका सरोकारवालाहरू सबैले आफ्नो ठाउँबाट अर्थपूर्ण प्रयत्नहरू गर्न जरुरी छ । आधारपत्रले लिएको सोचलाई व्यवहारमा बदल्न र लक्ष्यहरू हासिल गर्नका लागि केही सुझावहरू यस प्रकार छन् ।

- आधारपत्रबारे राजनैतिक दल, तिनका भातृसंगठन, सम्बन्धित विभागहरूले आधारपत्रको प्रावधान, सोच र कार्यनीतिहरू प्रस्टसंग बुझ्न जरुरी छ । दलहरूले सार्वजिनकरुपमा उक्त आधारपत्रप्रति आफ्नो पूर्ण प्रतिवद्धता रहेको घोषणा गर्नुपर्दछ । आधारपत्रको लक्ष्य एवं सोचहरू प्राप्तिका लागि चालिने कदमहरूलाई सहयोग गर्नुपर्दछ ।

- प्रादेशिक सरकार तथा यसका सबै मन्त्रालयहरूले सञ्चार तथा सूचना प्रविधिले आफ्नो क्षेत्रमा के कसरी जनताको जीविकोपार्जनमा मदत पुर्‍याउन सक्छन् अन्वेषण गरि जनमुखी योजनाहरू अघि सार्न जरुरी छ । यदि कुनै त्यस्ता सूचना प्रविधिहरूले सफलरुपमा काम गरिरहेका छन् भने त्यसको अनुशरणलाई व्यापक बनाइनुपर्छ ।

- स्थानीय सरकारहरूले आफना् क्षमता, आवश्यकता र समुदायको चाहनाअनुरुप सूचना तथा सञ्चार नीतिहरू, निर्देशिका तथा विभिन्न मोडलहरू तयार गर्ने र नियमितरुपमा श्रोत छुट्याई निरन्तरता दिनु पर्दछ ।

- सम्बन्धित मन्त्रालय, विभाग, प्रादेशिक सरकार तथा अन्य सरोकारवालाहरूसँग नियमित छलफल, प्रगति विवरणबारे आलोचनात्मक समीक्षा गर्नुपर्छ । र त्यस्ता बैठक तथा छलफलहरू प्रविधिमा आधारित भएर गर्नुपर्छ ।

- निजी क्षेत्रहरूलाई विश्वासमा लिइ नविनतम अभ्यास तथा मोडलहरू विकास गरी सहज, सुलभ र सस्ता प्रविधिहरूको विकास र विस्तार गर्नुपर्छ । यसकार्यमा विज्ञ संस्थाहरूलाई परिचालन गर्नुपर्छ ।

- सञ्चार तथा सूचना प्रविधि विज्ञहरूको विचार, अनुभव र ज्ञानलाई व्यापकरुपमा प्रयोग गर्ने नीति लिइनु पर्छ । महाविर पुन जस्ता व्यक्तित्वहरूलाई थिंक टैंकका रुपमा अगाडि सारिनु पर्छ । आइसीटी तथा विकास विज्ञहरू, यस क्षेत्रमा क्रियाशील व्यक्तिहरूको ज्ञान, अनुभव तथा सीपहरूलाई महत्व दिइनुपर्छ ।

- सूचना तथा सञ्चार प्रविधि सबैका लागि भनेर सबै तहहरूमा युवाहरूलाई अग्रणी भूमिका दिएर अभियानहरू नै सुरु गर्नुपर्छ । लैगिंक असमानताको अन्त्य गर्न महिलाहरूलाई

## सुशासनका लागि सञ्चार तथा सूचना प्रविधि

विकासका लागि शुशासन अनिवार्य शर्त हो । शुसाशन भनेको चुस्त, दुरुस्त र प्रभावकारी शासन व्यवस्था हो जहाँ सेवाग्राहीले चाहेको सेवा सहजरुपमा प्राप्त गर्न सक्छन् । शुशासन बुझ्नका लागि अर्को महत्वपूर्ण पक्ष भष्टाचाररहित शासन प्रणाली हो । यदि कुनै समाज एवं सरकार भष्टाचाररहित छ भने त्यो उत्कृष्ट शुसाशनको नमूना हो । शुसासनका लागि सञ्चार र सूचना प्रविधिले गहन भूमिका निर्वाह गर्न सक्छन् । शुसासनका लागि प्रविधि एउटा महत्वपूर्ण र सस्तो औजार हुन सक्ने विज्ञहरूले औल्याइसकेका छन् । यसको प्रयोगले सरकारले दिने सेवा, सहज पारदर्शी र दक्ष बनाउन मदत पुग्नेछ ।

तर सरकारले नीतिगत व्यववस्था र सूचना प्रविधिको औचित्यलाई आत्मशात गरेपनि यसको पूर्ण संम्भाव्यतालाई अझै मनन गर्न सकेको देखिन्न । यदि हामी जनतालाई दिने सेवा अनलाईनमा मार्फत दिन सक्यो भने यसले सरकारी श्रोत र जनतासम्म बचत हुन सक्छ । एउटा सानोभन्दा पनि सानो कामका लागि अड्डा धाइरहनु पर्ने झन्झटको अन्त्य हुनेथियो । बचेको समय अन्य उत्पादनमुलक काममा लगाउन सकिथ्यो ।

यो पन्धौ योजनाको आधारपत्रमा रोजगारीका लागि सूचना प्रविधिको क्षेत्रलाई एउटा महत्पपूर्ण सवालका रुपमा उठाइएको छ । कागजातको परम्परागत भण्डारण शैली र तरिकाहरूलाई विस्थापन गरी सूचना प्रविधियुक्त बनाउन प्रशस्त लगानीको खाँचो पर्छ । सूचना र सञ्चार प्रविधिमुलक व्यवसाय र उद्योगहरू संचालनमा गर्न समेत प्रोत्साहन गर्न आवश्यक छ । हाल हजारौको सख्यामा अनलाइन मिडियाहरू खुल्नु निश्चयनै सकारात्मक हो ।

अहिले करिव ३ हजार अनलाइन सञ्चार माध्यमहरू सूचना प्रविधिकै कारण संभव भएका हुन् । दुई वर्षअघि समृद्धि फाउण्डेशनले फेसवुकमार्फत् गरेको एउटा सर्वेक्षणमा सूचना प्रविधिमुलक व्यवसाय गर्न इच्छुकहरूको संख्या सबैभन्दा बढी आएको थियो, दोस्रोमा कृषि व्यवसाय र तेस्रोमा पर्यटन व्यवसायका लागि । यसले पनि के देखाउँछ भने, सूचना प्रविधिलाई व्यवसायका रुपमा अपनाउन चाहनेहरूको संख्या बढदोछ साथै प्रविधिको भविष्य र संभावना अधिक छन् ।

सूचना प्रविधिमा पहुँच दिने खालका अभियानहरू सुरु गर्नुपर्छ।

- दूर सञ्चार कम्पनी तथा सेवा प्रदायक कम्पनीहरूको सेवा विक्रिबाट प्राप्त मुनाफाको केही प्रतिशत रकम दूर सञ्चार एवं सूचना प्रविधिका क्षेत्रको विकासमा लगानी गर्ने र सो लगानी ग्राम्रीण विपन्न तथा सुविधिवीहिन समुदायलाई लक्ष्यित गर्ने नीतिगत व्यवस्था मिलाउनु पर्छ ।

**सहकार्य, समन्वय एवं साझेदारी**

यो आधारपत्रका कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोग, केन्द्रिय मन्त्रालयहरू, विभाग हुँदै प्रादेशिक सरकार अनि स्थानीय सरकारसम्म पुग्ने हुनाले यसबारे बुझाइहर फरक फरक हुन जाने अधिक संभावना रहन्छ । त्यसले प्रादेशिक निकाय एवं स्थानीय निकायहरूलाई यसबारेको बुझाई एवं साझा धारणा बनाई आआफ्नो निकायले सो आधारपत्रले मार्गदर्शन गरे बमाजिम उक्त लक्ष्यहरू हासिल गर्न संयुक्त कार्य योजना बनाउने र आवश्यक श्रोतहरू बाँडफाँडको सुनिश्चितता हुनुपर्छ । यसका लागि सबै निकायहरूवीच बलियो सहकार्य, अर्थपूर्ण समन्वय र प्रभावकारी साझेदारीको खाँचो छ । र, यो नै सहभागिताको आधारस्तम्भ हो जसले नेपाललाई सूचना तथा सञ्चारमैत्री राष्ट्र बन्नतर्फ प्रेरित गर्ने छ । आधारपत्रको अवधिसम्म सूचना प्रविधियुक्त राष्ट्र बन्ने चाहना लिनु पंशसनीय सोच पक्कै हो तर एउटा परिपक्व सूचना प्रविधियुक्त राष्ट्र बन्नका लागि केही अरु बर्षहरू पर्खनु चाहि पर्ने नै हुन्छ ।

**सन्दर्भ सामग्रीहरू :**

- राष्ट्रिय योजना आयोग पन्ध्रौं आधारपत्र, २०७६
- राष्ट्रिय सूचना तथा सञ्चार नीति, २०७२
- प्रेमलकुमार खनाल, https://www.karobardaily.com/news/idea/18049




## डिजिटल बोर्डमा सबैको आँखा

मोरगको तत्कालिन तेतरिया गाउँ विकास समिति जुन अहिले ग्रामथान गाउँपालिका भएको छ, यसले सूचना प्रविधिको उपयोग गरेर जनहितका लागि एउटा नविन प्रयास गरेको छ। हुनत यस्तो खालको प्रयोग विभिन्न कर्पोरेट कार्यालयहरूमा धेरै अघिदेखि हुँदै आएको हो । आफ्ना कार्यालयको कामहरू, सेवाग्राहीलाइ दिने सूचना, कर्मचारीका कामका विवरण आदि समेटेर पावर प्वाइन्ट बनाएर कार्यालय प्रवेश दारको अगाडि सहजै देख्न सकिने गरि राखिएपछि सेवाग्राहीहरूले यसको प्रशंसा गरेका छन् । कार्यालयले दिने सेवा, लागत तथा शुल्क र सेवाका लागि चाहिने समयहरू एवं कार्यालयका गतिविधिहरू यसरी प्रस्तुत गरेपछि कार्यालयमा सेवा लिन आउनेले कार्यालयका बारेमा थाहा पाउने अवसर पाएका छन्। त्यस्तै, कुन कामका लागि कसलाई भेट्ने भनेर समेत सहजै बुझ्ने भएकाले कार्यालयमा आउने व्यक्तिहरू अलमलिनु पनि पर्दैन । ग्रामथान गाउँपालिकाले जस्तै अन्य गाउँपालिका र नगरपालिकाहरूले पनि पनि यसको सिको गर्ने हो कि ?

*(नेपान आजीवन सदस्य के.सी. सञ्चार क्षेत्रमा क्रियाशील हुनुहुन्छ ।)*
*kc.shreeram@gmail.com*

## ---नेपान स्रोतकेन्द्र प्रवर्द्धनार्थ---

- सहभागीमूलक विकाससम्बन्धी प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरुसँग आपसी आदान-प्रदान गर्ने गरी प्रकाशन प्रेषण गर्नका लागि आफूलाई जानकारी भएसम्मका प्रकाशकहरुसँग सम्पर्क बढाऔं र नेपान सचिवालयलाई जानकारी गराऔं ।
- आफूलाई उत्कृष्ट लागेका विकाससम्बन्धी सवालका पुस्तकहरुको विवरण उपलब्ध गराऔं ।
- जे-जसरी सकिन्छ, नेपान स्रोत केन्द्र प्रबर्द्धन गर्नका लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोत-केन्द्र अबदेखि नेपानको आफ्नै घरमा अझ व्यवस्थित बन्न लागेको जानकारी गराउन चाहन्छौं । यहाँको सहभागिता र सहकार्य अपेक्षित छ ।
- नेपान स्रोत-केन्द्र प्रयोगका लागि हाम्रो ढोका यहाँहरुका लागि सधैं खुला रहेको कुरा पनि जानकारी गराउन चाहन्छौं ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझ बढाऔं । नेपान एक स्वयंसेवी संस्था भएकोले स्वयंसेवा गर्न चाहने व्यक्तिहरुलाई हामी अझ प्रेरित गर्दछौं । नेपाल र नेपालीका लागि नेपान !


**- नेपान सचिवालय**

अन्तर्वार्ता

# 'असक्षम जनप्रतिनिधिहरूले मात्र सूचनामा अङ्कुश लगाउन खोज्छन्'

नागरिकका सूचनाका हक, विश्वभर बढ्दै गइरहेको सञ्चार तथा सूचना प्रविधिको उभार, नेपालमा सूचना प्रविधिको अवस्था तथा तिनमा सर्वसाधारण जनताको पहुँचको स्थिति एवम् सूचना प्रविधिको उच्चतम सदुपयोगका लागि को-कसले के के गर्नुपर्छ भन्नेजस्ता विविध विषयमा केन्द्रित रही हामीले यसपटक राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटाज्यूसँग भेटवार्ता गरेका छौं । प्रस्तुत छ भेटवार्ताको सार :

*भेटवार्ता संयोजन : अश्विनकुमार पुडासैनी, आशिष पाठक र चन्द्रबहादुर सर्तुङ्गे मगर*



● **कृष्णहरि बँस्कोटा**
प्रमुख सूचना आयुक्त, **राष्ट्रिय सूचना आयोग**

**नेपान : नेपालको बारेमा समग्रमा कुरा गर्ने हो भने, अहिले हामी सूचनाको हकमा कुन अवस्थामा छौं ?**

**बाँस्कोटा :** विश्वमा १३१ वटा मुलुकहरूमा सूचनाको हकसम्बन्धी छुट्टै कानून जारी भएको छ । ती कानूनहरूको आवश्यकता कस्तो छ भनेर परीक्षण गर्नको क्यानाडामा रहेको सेन्टर फर ल एण्ड डेमोक्रेसी भन्ने संस्था क्रियाशील छ । त्यसले विश्वव्यापीरूपमा ६१ वटा सुचाकांकको आधारमा संसार भरिका सूचनाको हकसम्बन्धी कानूनलाई तुलानात्मक अध्ययन गर्दा १५० पूर्णाङ्कमा नेपालको सूचनासम्बन्धी भएको काममा ११३ अङ्क प्रदान गरिएको छ र विश्व वरियतामा अहिले हामी २१ औ स्थानमा छौं । यो हिसावले सूचनाको हक र कानूनको सन्दर्भमा कानून निर्माण सम्बन्धमा नेपालको अवस्था उत्कृष्ट रहेको छ । जहाँसम्म यसको प्रचलन के हो भनेर वुझ्न खोज्दा गत आर्थिक वर्षमा विभिन्न निकायहरूले स्रोत प्रकाशन गरेको, सूचना अधिकारी तोकिएको र नागरिकहरूले सूचना माग गरेको, विभिन्न तथ्याङ्कहरू बोधार्थमार्फत् राष्ट्रिय सूचना आयोगमा प्राप्त भएको छ ।

> 'आयोगले ७५३ वटा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरूसँग सूचनासम्बन्धी अन्तर्क्रिया कार्यक्रम गर्दा सूचनाको हकको पहुँच आमजनतामा पूरै नेपालभरि नै सम्पूर्ण पालिकास्तरमा पुगेको महसुस गरिएको छ ।'

साथै आयोग यी सबै सूचनाहरूको विश्लेषण गर्दा के निष्कर्षमा पुगेको छ भने संघीय मातहतका कार्यालयहरूमा करिब ९० प्रतिशत र स्थानीय तहका कार्यालयहरूमा करिब सतप्रतिशत नै सूचना अधिकारी तोकिएको पाइएको छ । जहाँसम्म स्रोत प्रकाशन जारी गर्ने विषय छ, त्यो चाहिँ संघ, प्रदेश र स्थानीय सरकारले गरी करिब ४० प्रतिशत कार्यालयले मात्र स्रोत प्रकाशन गरेको अनुमान गरिएको छ । उक्त विषयका साथै गत आर्थिक वर्षमा नागरिकले प्राप्त गरेको सूचनाको तथ्याङ्क र आयोगमा प्राप्त भएको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा करिब ५० हजारदेखि १ लाख मानिसहरूले सूचना माग गरेको र सूचना पाएको अवस्था देखिन्छ र गएको आर्थिक वर्षमा आयोगमा १ हजार १,१७६ वटा पुनरावेदन भएको थियो । अहिले आयोगले ७५३ वटा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरूसँग

सूचनासम्बन्धी अन्तर्क्रिया कार्यक्रम गर्दा सूचनाको हकको पहुँच आमजनतामा पूरै नेपालभरि नै सम्पूर्ण पालिकास्तरमा पुगेको महसुस गरिएको छ ।

यो के कारणले पनि महसुस गर्न सकियो भने ७५३ वटा स्थानीय सरकारमा विभिन्न १८ बुँदामा सूचनाहरू माग गरिएको थियो । सबै पालिकाबाट सूचना प्राप्त भएको थियो । यो हिसाबले सूचनाको हकको कुरा तल्लो तहसम्म पुगेको छ भन्न सकिन्छ। राष्ट्रियस्तरमा पनि हामीले प्रत्यक्ष २२ वटा मन्त्रालयहरूको सूचनाको हकको अडिट गरिएको थियो, जसमा करिब ६० प्रतिशतभन्दा बढी अङ्क मन्त्रालयहरूले हासिल गरेका छन् ।

अनुगमनको सिलसिलामा हामीले विभिन्न सूचाकाङ्कहरूको अवलोकन गरेका थियौँ । त्यस्ता सूचाकाङ्कहरूमा पनि एक प्रकारले ६० देखि १०० नम्बरसम्म प्राप्त गरेको अवस्था छ । यसरी हेर्दा, सूचनाको हकको हालको स्थिति सुधारात्मक र आम जनताको पहुँचसम्म पुग्ने अवस्थामा पुगेको र सूचना दिनुपर्ने सार्वजनिक निकायले पनि सूचना दिनुपर्छ भन्ने कुरामा सतर्क भएको, नागरिकहरू पनि आफ्नो र सार्वजनिक निकायहरूको सूचना माग गर्न अग्रसर हुदै गएको सुखद स्थितिको मूल्याङ्कन गरिएको छ ।

**नेपान : अब गैरसरकारी संस्था र दातृ निकायहरूका बारेमा पनि केही कुरा गरौं । ती संस्थाहरूमा सूचनाको हकसम्बन्धी प्रभावकारिता कस्तो देख्नुहन्छ ?**

**बाँस्कोटा :** सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ मा राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, संवैधानिक निकाय र त्यो अन्तर्गत रहेका सम्पूर्ण सरकारी कार्यालयहरू सूचना हकको दायरामा पर्ने स्वत: व्यवस्था कानूनीरूपमै छ । कानून, जहाँसम्म राजनैतिक दल र भगिनी संस्था छ, त्यो विषयमा कानूनमा प्रष्ट नै छ । हामीले साविकमा निर्वाचन आयोगमा दर्ता भएको १८० वटा राजनीतिक दलको नाममा ३ बुँदे आदेश जारी गरेका थियौं, जसमा चाहिँ सूचना अधिकारी तोक्नुपर्ने, ३/३ महिनामा सोध प्रकाशन गर्नुपर्ने र कति सूचना माग भए, कति सूचना प्रवाह भयो भनेर त्यसको छुट्टै अभिलेख राख्न भनेका थियौँ । त्यो प्रकियाअनुसार हामीले समाज कल्याण परिषद् सहसचिवका साथै २५७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको नाममा पनि यही आदेश जारी गरेका छौँ । यसबाट गैरसरकारी र अन्तर्राष्ट्रिय संस्थाले पनि सूचनाको हकको दायरा ल्याएका छन् ।

आयोगले नेपालमा रहेका कुटनीतिक र विकास साझेदारहरूलाई एउटै ठाउँमा राखेर सूचनाको हकको कामसमेत जानकारी गराएको छ । यस्तो जानकारी गराउँदा दातृ निकायहरूले मान्न तयार भएको र अझ पारदर्शी, सुशासन, आचार नियन्त्रणजस्ता विषयमा ध्यान दिन सके सजिलो हुने जानकारी गराउनुका साथै नेपालमा सूचनाको हकसम्बन्धी कार्यक्रम गर्न सहयोग गरी पारदर्शिता कायम राख्न अग्रसर भूमिका निर्वाह गरेको अवस्था छ ।

> 'विकास साझेदार संस्थाहरूले नेपालमा सूचनाको हकसम्बन्धी कार्यक्रम गर्न सहयोग गरी पारदर्शिता कायम राख्न अग्रसर भूमिका निर्वाह गरेको अवस्था छ ।'

**नेपान : सूचनाको हकले विकासमा कस्तो अर्थ राख्छ ? विकास र सूचनाको हकको सम्बन्धलाई कसरी जोड्नुहुन्छ ?**

**बाँस्कोटा :** सूचनाको हकको मुख्य ४ वटा उद्देश्य छन् : **पहिलो,** लोकतन्त्रलाई स्थायित्व प्रदान गर्न सूचनाको हकको प्रयोग हुन्छ । लोकतान्त्रिक पद्धतिमा नै नागरिकलाई सूचनाको हक रहन्छ। नागरिकले राज्य प्रणालीको काम-कारवाही जान्न चाहने भनेको नै शासन प्रणालीमा नागरिकको सहभागिता अभिवृद्धि हुने कुरा जनाउँछ ।

**दोस्रो,** भ्रष्टाचार नियन्त्रणको निमित्त सूचनाको हकको प्रयोग हुन्छ। जति कालो अन्धकार कोठामा काम हुन्छ त्यति नै भ्रष्टाचार हुने सम्भावना बढी हुन्छ भने खुल्ला र पारदर्शीरूपमा काम गरेको खण्डमा समझदारिता, सुशासन, उत्तरदायित्व, जवाफदेहीपन बढेर जान्छ ।

**तेस्रो,** विधिको शासनसँग काम गर्नको निमित्त सूचनाको प्रयोग हुन्छ । विधिको शासन भन्नाले सबैलाई समान दृष्टिले हेरिनुका साथै समान व्यवहार र अवसर प्रदान गर्नु हो ।

**चौथो,** विकास निर्माणको काममा प्रत्यक्ष सघाउने सूचनाको हकसम्बन्धी कानूनहरूको मुख्य उद्देश्य हो । आम जनताले आफ्नो-आफ्नो घरअगाडि बन्न आँटेको बाटोमा सूचना ऐनबमोजिम होर्डिङबोर्डमा योजनाको नाम, स्थान, बजेट, सुरु र अन्त्य मिति, गुणस्तर मापनका कुरा, निर्माण व्यवसायीको नाम र ठेगाना आदि के हो भन्ने सूचना प्राप्त गर्छ ।

कुनै पनि विकासको काम हुँदा निश्चित अवधि तोकिनुका साथै २-२ वा ३-३ महिनामा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, गुनासो भए गुनासोको व्यवस्थापनको लागि अगाडि बढ्न सक्ने हुन सक्छ र बेला बेलाबेलामा घुम्ती सेवामार्फत् अनुगमन गर्न जान्छन् भन्ने बिषयमा जानकारी यो सूचनाको हकले प्रदान गर्छ ।

यति हुँदाहुँदै पनि जनता सन्तुष्ट नभएको खण्डजमा विकास निर्माणको काममा सूचनाको माग गर्न सक्छन् । कतिपय ठाउँमा यसको प्रयोग हुन थालेको छ, कैयौं विकास निर्माणका कामहरूमा त्यसको गुणस्तर, बालुवा गिट्टी र सिमेन्टको प्रतिशत, मिले नमिलेको जनताले माग गर्न थालेपछि त्यसको गुणस्तरमा सुधार भएको छ र काम पनि तुरुन्त भएको छ ।

त्यस्तै सडकको मर्मतको क्षेत्रमा, सिँचाइको सिल्टेसन, कुलोमा बालुवा जम्ने, भनेजति घनमिटर पानी बग्न नसकेको समस्याहरू जनताले सूचनाको माग गरेपछि हल भएको छ । विद्यालयमा पनि प्रधानाध्यापक र एकाउन्टेन्ट मिलेर बदमासी भएको छ भनेर विद्यार्थी र अभिभावकले सूचनाको हक माग्न थाल्नु भएको छ ।

स्वास्थ्यचौकी जे उद्देश्यले वनाएको छ, जुन कोठा औषधीको निमित्त बनाएको छ, त्यही बमोजिम प्रयोग गर्नुपर्छ । त्यो स्वास्थ्यचौकीको सबै कोठाहरू भनेअनुसार, तोकेअनुसार उपयोग भएको छ कि छैन भनेर जनताले जानकारी मागेका छन् ।

त्यस्तैगरी नेपाल सरकारको सम्पति कुन ठाउँमा छ ? सार्वजनिक संस्थाको अवस्था के हो ? त्यसका उपकरणहरूमा किन खिया लाग्यो ? त्यसको जग्गा जमिनहरू भाडामा दियो कि बाँभ्mो राख्यो कि त्यसलाई उत्पादन क्षेत्रमा लगानी गर्न सक्यो वा सकेन भनेर पनि जनताले सूचना माग गरेका छन् । यसबाट पनि सार्वजनिक सम्पत्तिबाट थप आर्जन हुन पुगेको छ ।

'सामाजिक परीक्षणको माध्यमबाट पनि सरकारको कामलाई अनुगमन गरिएको पाइन्छ । सञ्चार माध्यमबाट सरकारको आलोचनात्मक टिप्पणी भए पनि सरकारले जनसहभागितामा सामाजिक परीक्षण गरी राज्यले गरेको कामलाई प्रमाणित गर्न सक्छ ।'

केही गाउँपालिका, केही गुठीका आम्दानी के के हुन् ? भनेर पनि जनताले माग गर्ने गरेका छन् । यसरी आमजनताले सूचना माग गरेपछि नै नेपालमा भएका विकासका सम्भावना उजागर भएको छ ।

तर, मेरो विचारमा अझै पनि नागरिकमा यो विषयको बारेमा केही अनभिज्ञता भएजस्तो देखिन्छ । जस्तो कि, नेपालमा अझै पनि सबै ठाउँमा लोडसेडिङ्गको अन्त्य भएको छैन । केही भागमा अझै पनि नेशनल ग्रिड पुगिसकेको अवस्था छैन । यस्तोमा नागरिकले कहिलेसम्म मुलुकभर नेशनल ग्रिड पुग्छ र लोडसेडिङ्गको अन्त्य हुन्छ भन्ने विषयमा आवश्यक जानकारी माग्न सक्छन् ।

त्यसैगरी, इन्टरनेट सेवाको पहुँच हाल जम्मा ५५ प्रतिशत रहेको छ । नेपालभर अप्टिकल फाइबर बिछ्याउन सकिएको छैन । भरपर्दो इन्टरनेटको सेवा छैन । यस सम्वन्धमा नेपाली नागरिकले सूचनाको बारम्बार माग गर्न सकिन्छ ।

नेपाल सरकारले अत्यन्तै जोडतोडका साथ रेल सेवालाई प्राथमिकता दिइरहेको छ । नेपालको आफ्नै पानीजहाज ल्याउने योजना छ । यी विषयहरूको सम्भाव्यता अध्ययन कहाँ पुग्यो ? कोशी नदीमाथि कसरी पानीजहाज चल्छ अथवा कर्णाली नदीमाथि पानीजहाज चल्न सम्भव छ ? आदि विषयमा सूचना माग गर्न सक्छन् ।

नेपालमा हाल मोनोरेलको विषय उठाइएको छ । काठमाडौँ र ललितपुरमा उक्त रेलको चर्चा बढी चलिरहेको छ । बाहिरी चक्रपथको पनि यहाँ योजना छ । त्यो चक्रपथ कहिलेसम्म बनिसक्छ ? त्यसको बारेमा पनि सम्बन्धित निकायमा जानकारी माग्न सकिन्छ ।

विभिन्न नगरपालिकाहरूले स्मार्ट शौचालय, स्वचालित पानी प्रदान गर्ने मेशिन बनाउँछौ भनेका छन् । यो कहिलेसम्म बनिसक्छ भन्ने विषयमा ती नगरपालिकाहरूमा सूचनाको जानकारी लिन सकिन्छ । ऐतिहासिक तथा पुरातात्विक महत्व भएको रानीपोखरीमा अधिकभन्दा अधिक पर्यटक ल्याउने योजना छ । यसको पुनर्निर्माण कार्य कहिले सम्पन्न हुन्छ ? २०७२ सालको भूकम्पको कारणले जति पनि सम्पदाहरू भत्किएका छन्, ती सम्पदाहरूको पुनर्निर्माण ३ वर्षभित्र पूरा गर्छौं भनेर भनिएको थियो । अब ३ वर्षभन्दा पनि धेरै भयो, किन ढिला भयो भनेर पनि जवाफ माग्न सकिन्छ ।

त्यस्तै देशको विकास निर्माणसम्बन्धी सरकारलाई अनेक प्रश्न सोधेर सूचना पाउन सकिन्छ । जस्तै, अबको कति समयपछि धरहराको निर्माण हुनेछ ? मध्यपहाडी लोकमार्ग, हिमाली लोकमार्गको कुरा भएको थियो, पूर्व-पश्चिम विद्युतीय रेलको विषय पनि उठान भएको थियो । यी विषयमा कति काम भए, कति भएनन् ? अहिले कुन अवस्थामा छौं, यसको सम्भावना कति छ ? आदि आदि मूल सरोकारका विषयमा आमनागरिकले सूचना माग गरेर नेपाल सरकार, स्थानीय सरकारहरू र सम्बन्धित सरोकारवाला निकायहरूको ध्यान आकृष्ट गर्न सकिन्छ । जसले गर्दा नेपालको विकास प्रकिया अझ प्रभावकारी र द्रुतरूपमा आगाडि बढ्न सहयोग गर्दछ ।

**नेपान : निकै कुरा स्पष्ट पारिदिनुभयो । अब अर्को प्रसङ्ग जोडौं । नेपालका विभिन्न तहका सरकारमा भ्रष्टाचार बढेको भनेर विभिन्न सञ्चारमाध्यममा समाचारहरू आएको देखिन्छ, के सूचना तथा सञ्चार प्रवाह प्रणाली राम्रो नभएकै कारण यस्तो भएको हो त ?**

**बाँस्कोटा :** यसको वास्तविकता यस्तो होला । लोकतन्त्रका महत्वपूर्ण विशेषताहरूमध्ये नागरिक सशक्तिकरण पनि एक हो । जुन मुलुकमा नागरिकहरू सशक्त र सूचनाको बारेमा जानकार हुन्छन् त्यहाँमात्रै लोकतन्त्रले स्थायीरूपमा जरा गाड्न सक्छ । नागरिकलाई सशक्त गर्ने भनेकै राज्य-प्रणालीमा भएको आधिकारिक सूचना प्रवाहबाट नै हो । राज्यप्रणालीले किन सूचना प्रदान गर्नु पर्छ भन्दा, पहिलो, लोकप्रियतको निमित्त सूचना प्रवाह गर्नुपर्दछ । आफूले गरेको कामहरूको जानकारी जनतालाई बताउनु पर्दछ । यसलाई अंग्रेजीमा 'एड्मिनिस्ट्रेटिभ मार्केटिङ' भनिन्छ । सरकारले गरेका कामको बारेमा जानकारी जति धेरै नागरिकमाझ पुऱ्याउन सक्यो, त्यति धेरै सरकारप्रति नागरिकको विश्वसनीयता बढ्छ । र, अर्कोपटक पनि निर्वाचनमा सफलता प्राप्त गर्न सहयोग पुग्छ ।

दोस्रो, 'क्राउड सोर्स' अथवा जानकारीको भण्डार । सरकारलाई ठोस निर्णयमा पुग्न कठिन हुने विषयमा जुन द्विविधा उत्पन्न हुन्छ, उक्त विषयलाई जनतामाझ ल्याएको खण्डमा जसलाई हामी ग्रिन/एल्लो पेपर जारी गर्ने भन्छौं, जनताले आवश्यक सुझाव दिन्छन् । संसदले कुनै कानून बनाउँदा आफूलाई द्विविधा उत्पन्न हुने कुनै विषय भएमा यसैगरी जनतामाझ समाधानको लागि अमूल्य सुझाव प्राप्त हुन सक्छ । लोकतन्त्र भनेकै अब्राहम लिङ्कनले भनेझैं 'अफ द पिपुल, बाई द पिपुल, फर द पिपुल' भएको हुनाले जनतालाई सर्वोपरि स्थानमा राखी गरिने शासन प्रणालीको अभ्यास हो ।

तेस्रो र महत्वपूर्ण भनेको जहिले पनि आफूचाहिँ सदाचारी देखिनु पर्छ । यसको निमित्त सरकारले नागरिकलाई 'वाचडग' को रूपमा राखी सरकारको कामलाई जनताको तर्फबाट निगरानी गराइरहेको हुन्छ। सामाजिक परीक्षणको माध्यमबाट पनि सरकारको कामलाई अनुगमन गरिएको पाइन्छ । सञ्चार माध्यमबाट सरकारको आलोचनात्मक टिप्पणी भए पनि सरकारले जनसहभागितामा सामाजिक परीक्षण गरी राज्यले गरेको कामलाई प्रमाणित गर्न सक्छ ।

चौथो भनेको सरकारले विश्वव्यापी मान्यता प्राप्त गर्नुपर्दछ । राज्य बन्नको लागि परम्परागतरूपमा भन्नुपर्दा जमिन, जनसंख्या, सरकार र सार्वभौमसत्तासम्पन्न भएको अवस्थामा राज्यको परिचय प्राप्त हुन्थ्यो । हाल आएर अन्तर्राष्ट्रिय मान्यता ९क्ष्लतभचलबतष्यलबि च्भअयनलष्तष्यल० भएपछि मात्रै राज्य बन्छ। सरकारले पनि आफूले गरेको काम कारवाहीको पारदर्शिता देखाउनु पर्छ । पारदर्शी बनाउनको निमित्त अहिले चाहिँ हामी 'ओजीपी' अर्थात् 'ओपन गभर्नमेन्ट पार्टनर' को अवधारणा आएको छ। यसमा सहभागी भएको अवस्थामा नेपाल सरकारले गरेको सुशासनका प्रयास तथा अभ्यासहरू विश्वव्यापीरूपमा प्रचारप्रसार गर्न सकिन्छ ।

पाँचौ र अन्तिम कुरा भनेको जहिले पनि राज्य प्रणाली अग्रगामिता (फर्वार्ड लुकिङ) तर्फ अघि बढेको हुनुपर्छ । जवाफदेहिता र पारदर्शिताको माध्यमबाट उक्त प्रयासको लागि सम्भव हुन्छ । अहिलेको पुस्ताले यति गर्न सकेको खण्डमा पछिल्लो पुस्ताले यो भन्दा अगाडि बढ्नुपर्ने हुन्छ ।

सूचना प्रविधिको प्रयोग गरेर नेपाल सरकारले जनताको लागि आवश्यक सूचना प्रदान गर्न सक्नुपर्छ । जसले गर्दा अब बन्ने नयाँ सरकारले त्यो भन्दा एक कदम अगाडी सोच्नु पर्ने हुन्छ । यसर्थः जसरी भएपनि राज्य प्रणालीले नागरिकलाई सूचना दिनै पर्छ । अब कतै स्थानीय तहले यी पाँचवटा सिद्धान्तहरूलाई नबुझिकन गोपनीय ढंगले लुकाएको भए वा जुन दिन सूचना बाहिर आउँछ, त्यो बेला भ्रष्टाचारजनित गतिविधिमा कारवाही हुन सक्छ । जुन कुरा समाजको लागि आलोचनायोग्य हुन्छ । स्थानीय सरकारहरूले सूचनामा जति धेरै बन्देज लगाउदै जान्छन्, त्यति धेरै जनताको नजरमा असक्षम जनप्रतिनिधिको रूपमा स्थापित हुन्छन् ।

विकास प्रकिया र जनताकोबीच कोरिएको दूरीको कारण लोकतन्त्रप्रति जनताको वितृष्णा बढेर जान्छ । यसर्थ, जुन अवस्थामा थाहा भएर वा नभएर केही जनप्रतिनिधिहरूले आफूले गरेको कार्य गोप्यरूपमा राख्नु भएको छ भने त्यो कुराको पारदर्शिता गराउनु आवश्यक छ। औषधि तीतो भएपनि यसको गुण लाभदायक नै हुन्छ। पारदर्शिता कायम राख्नु भनेको सबैको लागि राम्रो हो। यो खुल्ला हुन्छ र सधैं जनताको पक्षमा हुन्छ।

> 'यी पाँचवटा सिद्धान्तहरूलाई नबुझिकन गोपनीय ढंगले लुकाएको भए वा जुन दिन सूचना बाहिर आउँछ, त्यो बेला भ्रष्टाचारजनित गतिविधिमा कारवाही हुन सक्छ । जुन कुरा समाजको लागि आलोचनायोग्य हुन्छ । स्थानीय सरकारहरूले सूचनामा जति धेरै बन्देज लगाउदै जान्छन्, त्यति धेरै जनताको नजरमा असक्षम जनप्रतिनिधिको रूपमा स्थापित हुन्छन् ।'

**नेपान : अब अहिलेको तीन तहको सरकारमा, संघमा सूचना आयोगले कार्य गर्दै गर्दा प्रादेशिक र स्थानीय तहमा सूचनाको हक स्थापना गर्नको लागि कस्तो संगठनको आवश्यकता हुन्छ ?**

**बाँस्कोटा :** अहिले संघीयता अवलम्बन गरेका मुलुकहरू वा लोकतन्त्र पद्धति अवलम्बन गरेका मुलुकहरूको अभ्यासलाई हेर्दा भारतमा रहेका २९ मध्ये जम्मु र काश्मिरमा राष्ट्रपति शासन छ । अरु २७ वटा प्रदेशमा प्रादेशिक सूचना आयोग छ ।

बङ्गलादेशमा ६६ वटा जिल्ला छन् । प्रत्येक जिल्लामा जिल्ला मेजिष्टर, प्रमुख जिल्ला अधिकारी जस्ता ११ सदस्यीय सूचना हक प्रवाहसम्बन्धी समिति रहेको देखिन्छ ।

त्यस्तै पाकिस्तानमा ५ वटा प्रदेश छन् । पन्जाव र खेवर पक्खतुनखवा राज्यमा सन् २००२ मा नै सूचनाको हकको घोषणा जारी गरिएको थियो । बलुचिस्तान लगायतका प्रदेशमा सोसम्बन्धी कानून बन्ने क्रममा छ ।

अमेरिकामा ५० वटा प्रदेश (स्टेट) छन् । क्यानाडमा १० वटा छन् । अमेरिकामा ५० वटा र क्यानडामा १० वटा प्रादेशिक सूचना आयोग छ । सबै विश्वव्यापी अनुभवलाई हेर्दाखेरि नेपालमा केन्द्रीयस्तरमा संघीय सरकारको लागि राष्ट्रिय सूचना आयोग संवैधानिक अधिनमा रहनु पर्छ। जहाँसम्म ७ वटा प्रदेश छ, सातैवटा प्रदेशमा प्रादेशिक सूचना आयोग हुनुपर्दछ। त्यसले प्रदेशमा गरेको काम प्रदेशभित्र रहेका स्थानीय निकायले गरेको कामको सूचना माग गरेबमोजिम कामको जिम्मेवारी त्यहाँको प्रादेशिक सूचना आयोगले लिनुपर्छ । प्रत्येक स्थानीय तहको सरकारमा उपमेयर वा उपाध्यक्षको नेतृत्वमा सूचना प्रवाह गर्ने सञ्जाल स्थापना गर्नुपर्छ। जसमा पालिकाभित्रका एक-एक जना पत्रकार, सूचना अभियन्ता र पालिकाभित्रका नागरिका समाजका अगुवा कम्तीमा प्रतिनिधित्व हुने गरी सूचना कसरी प्रवाह गर्ने भन्ने सम्वन्धमा संजाल गठन गर्नुपर्छ ।

संघीयता अभ्यास गरेका विकिसित देशहरू जस्तै अमेरिका, क्यानाडा, युरोप आदि जस्ता देशहरूमा स्वास्थ्य, शिक्षा, ज्येष्ठ नागरिक र युवाहरूको छुट्टाछुट्टै च्ष्नजत तय क्ष्लायचकबतष्यल ९च्त्क्ष्० संघ रहेको छ ।

**नेपान : अहिले आयोगको कार्य क्षमता के कस्तो अवस्थामा छ त ?**

**बाँस्कोटा :** सूचना आयोग वि.सं. २०६५ वैशाख १२ गते स्थापना भएको हो। स्थापना वर्षमा आयोगमा ११ वटा पुनरावेदन परेको थियो । गएको वर्ष १,१७६ वटा पुनरावेदन परेको थियो । यो हिसाबले करिब १ हजारको हाराहारीमा पुनरावेदन पर्ने गरेको छ ।

आयोगले हालसम्म ५,५०० जति फैसला गरेको अवस्था छ । अहिले आयोगले कक्षा ७, ८ र ९ को पाठ्यक्रममा सूचनाको विषय समावेश गरेको छ । नेपालका ७७ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई नागरिक बडापत्र बनाएर गाउँ-गाउँसम्म वितरण गर्न आदेश गरिएको छ ।

यसैगरी बङ्गलादेशको आयोगसँग सहकार्य गर्नेगरी सम्झौता-पत्रमा हस्ताक्षर भएको छ । आयोगले संयुक्त राष्ट्रसंघसँग मिलेर ओपीडी अर्थात् 'ओपन गभर्नमेन्ट डाटा'मा राष्ट्रिय कार्ययोजना बनाएर अघि बढ्न सरकारलाई सुझाव दिएको छ । आयोगले नेपाल-चीनबीच भएको हवाई खरिद सम्झौता सार्वजनिक गराएको छ । नेपाल र भारतबीच भएको पञ्चेश्वर बहुउद्धेश्यीय आयोजनाको विधान जनताको हकमा पुऱ्याएको छ ।

लोकसेवा आयोगमा अंक हेर्ने व्यवस्था आयोगले मिलाएको छ । विद्यार्थीहरूले उत्तरपुस्तिका हेर्न पाउने सुविधा यो सूचनाको हकले मिलाइदिएको छ । केही कर्मचारीहरूले आफ्नो कार्य-सम्पादनमा अंक कटौती गरिएको अवस्थामा सूचनाको हकले जानकारी पाएर बढुवा हुन सक्षम भएका छन् । केही कार्यहरू, जस्तै अभिभावक र धर्मपुत्र वा पुत्रीको रूपमा लगिएका छोराछोरी, प्रहरी हिरासतमा रहेका, सडक विस्तारको क्रममा काटिएका रुखको सम्बन्धमा, पञ्चाङ्गहरूको सम्बन्धमा, नेपाल आयल निगमले वितरण गर्ने पेट्रोलियम पदार्थको मूल्यका सम्बन्धमा राष्ट्रिय सूचना आयोगले आवश्यक काम-कारवाही गरी जनपक्षीय निर्णय गरेको यहाँहरूलाई सर्वविदितै छ ।

**नेपान : सूचना प्रविधिको कुरा गर्दागर्दै फेरि अलिकति अर्को प्रसङ्ग जोड्न मन लाग्यो । यहाँले चलाउनुभएको एउटा अभियान जुन 'रक्सी वा मदिराविरुद्धको अभियान'को रूपमा चिनिने गर्छ, त्यसको बारेमा केही बताइदिनोस् न !**

**बाँस्कोटा :** मदिरासम्बन्धी मूल कुरा के हो भने, अहिले जति पनि संसारको अनुभवलाई विकासोन्मुख मुलुकहरू जो विकासको गतिमा अगाडि बढिरहेका छन्, त्यस्ता मुलुकमा केही वर्ष मदिरा नियन्त्रण गरेपछि विकासले तीव्रता लिएको पाइन्छ । छिमेकी देश भारतको केही प्रदेशका मुख्यमन्त्रीहरूले गरेको यो शुरुवातलाई हेर्दा पनि यो कुराको पुष्टि हुन्छ । पाकिस्तानलगायतका थुप्रै मध्यपूर्वी मुलुकहरू, जस्तै मुसलमानबहुल मुलुकहरूमा मदिरा पूर्णरूपमा निषेध गरिएको छ । विभिन्न देशहरूको अनुभवलाई आधार मान्दा मदिरा उत्पादनमा उच्च आयआर्जन गर्ने गरेको पाइन्छ तर आफ्नो देशभित्र यसको प्रयोग न्यून छ ।

नेपालको सन्दर्भमा जुन घरेलु रक्सी भनेर बनाइन्छ, त्यो अहिले पनि कर्णाली क्षेत्रमा सरकारले दिएको सहुलियतपूर्ण चामलको करिब ५० प्रतिशत रक्सी बनाउनमै प्रयोग हुने गरेको पाइन्छ । यसले आम जनतालाई भोकभोकै बस्न बाध्य बनाउने स्थिति एकातिर सिर्जना गर्छ भने अहिले प्रहरी प्रशासनबाट गरिको आकडा अनुसार झन्डै सम्पूर्ण अपराधहरूको ८० प्रतिशत अपराधमा मदिरा दोषी पाइएको छ ।

यसर्थ, मेरो अभियानमा पहिलो पटक नेपाल सरकारले बाहिरबाट मदिरा आयात रोक्न पर्छ भन्ने हो । सबै भन्सारका नाकाहरू बन्द गरिनुपर्छ । दोस्रो, नेपालमा भएका रक्सी जति पनि कारखाना छन्, ती कारखाना बन्द गरिनुपर्छ । उक्त स्थानमा नेपाल सरकारले अस्पताल, विद्यालय आदि सञ्चालन गर्न सक्छ । अहिले मदिरा कारखानाका संचालकहरूलाई आवश्यक क्षतिपूर्तिसहित बैंकहरूबाट निश्चित अवधिको निमित्त सहुलियतपूर्ण ऋणमा रकम दिएर रक्सी पार्नेहरूले चिनी उद्योग चलाउँछन् । रक्सी बिक्री गर्नेहरूले बिस्कुट उद्योग तथा अन्य वैकल्पिक उद्योगतर्फ आकर्षित गर्न सकिन्छ र दोस्रो चरणमा ती उद्योगहरूलाई बन्द गराउनु पर्छ ।

तेस्रो चरणमा आम जनतामा जागरण ल्याएर घरेलु मदिरा उत्पादनलाई पूर्णरूपमा निषेध गरिनुपर्दछ । यदि त्यो हाम्रो धार्मिक परम्परा र भगवानलाई चढाउनुपर्ने भएमा १ लिटर भन्दा बढी नदिने कानूनी व्यवस्था ल्याइनुपर्छ । यदि कसैलाई मदिरासहित फेला पारेमा सार्वजनिक अपराधको मुद्धा लगाई कारवाही गरिनुपर्छ । मदिरा नियन्त्रण कडाइ गर्नको लागि निश्चित समय छुट्टाउन सकिन्छ । केही गाउँपालिकाहरूले यो अभ्यास गरेको पाइन्छ । प्रयोगको लागि इजाजत-पत्र र लाइसेन्सको व्यवस्था गर्न सकिन्छ । मदिरा खरिद तथा प्रयोगको लागि तीन पुस्ते विवरण खुलाउनुपर्ने व्यवस्था गर्न सकिन्छ । सम्भव भए यो सधैंको लागि बन्द गर्न सकिन्छ ।

**नेपान : नेपाल सहभागीमूलक कार्य समूह २५ औं वर्षमा प्रवेश गरेको छ । सहभागीमूलक विकास कार्यमा नेपानले विभिन्न कार्य गर्दै आइरहेको छ । यहाँको अनुभवको आधारमा केही कुरा बताइदिनुहोस् ।**

**बाँस्कोटा :** शुरुमा नेपानलाई २५ वर्ष पूरा गर्न लागेकोमा बधाई एवं शुभकामना ज्ञापन गर्न चाहन्छु । यसले नेपालको विकासमा जुन पुऱ्याएको योगदान छ, म त्यसको उच्च कदर गर्न चाहन्छु । भविष्यका दिनमा पनि खासगरी नेपालको पूर्वाधार निर्माणमा आम जनतालाई सहभागी गराई गरिबीबाट मुक्त गर्ने, शिक्षा स्वास्थ्य, सञ्चार आदि जस्ता विकासका पूर्वाधार निर्माणका सवालमा विभिन्न कार्यक्रम गर्नुपर्छ ।

**नेपान : अब अन्त्यमा, नेपालको समग्र विकास प्रणालीका बारेमा के टिप्पणी गर्न चाहनुहुन्छ ? के सुझाव दिन चाहनुहुन्छ ?**

**बाँस्कोटा :** मेरो विचारमा शिक्षा र स्वास्थ्यमा विशेष जोड दिनुपऱ्यो । शिक्षामा जोड दिने कुरामा, सतप्रतिशत साक्षर बनाउनै पऱ्यो । जहाँसम्म स्वास्थ्यको कुरा छ, जनतालाई पूर्ण स्वास्थ्य सेवा प्रदान गर्नुपर्छ । त्यस्तै, अहिले मैले देखेको कुरा नेपालमा खानीको ठूलो सम्भावना छ । खानी उत्खनन गर्न सकिएमा यसबाट नेपालले धेरैभन्दा धेरै लाभ लिन सक्छ । त्यसैगरी, नेपालमा साह्रै महत्वपूर्ण जडिबुटीहरू छन् । त्यसको समग्र सम्भावनालाई पहिचान र विकास नगर्दासम्म नेपालको समृद्धि सम्भव छैन भन्छु म ।

त्यस्तै, जलविद्युतमा रणनीतिकरूपमा भारत र चीनसँग साझेदारी गरिएन भने नेपालले यसबाट नाफा लिन सक्दैन । केही बहुराष्ट्रिय कम्पनीहरू चीन तथा भारतका उपभोक्ताहरूलाई नै लक्षित गरेर नेपालमा स्थापना गर्न सक्छौं । अन्तिममा, नेपालमा अर्गानिक खेतीको ठूलो सम्भावना रहेको छ । यसको मूल्य साह्रै अपार छ । यसतर्फ हामी जानुपर्छ । –

# सहभागीमूलक विकास र सूचना प्रविधिको अन्तर्सम्बन्ध



● कर्णबहादुर नेपाली

**२१ औं शताब्दी विज्ञान, सूचना, सञ्चार र प्रविधिको युग भएको छ । प्रत्येक क्षणक्षणमा भएका प्रविधिको विकासले संसारलाई एक ग्लोबल भिलेजको रूपमा परिणत गरिदिएको छ । कुनै एक क्षेत्र वा स्थानमा भएको घटना क्षणभरमा विश्वभर फैलिन सक्छ ।**

रोबर्ट च्याम्बर्स (च्याम्बर्स १९९२)का अनुसार तल्लो तहमा रहेका जनतालाई अगाडी ल्याई उनीहरूको चौतर्फी र दिगो विकास गराउने सशक्त माध्यम जनसहभागिता हो । वास्तवमा अर्थपूर्ण जनसहभागिता विना दिगो विकासको परिकल्पनासमेत गर्न सकिदैन । विकासलाई सामान्यतया प्रष्ट्याउँदा नागरिक वा जनताको जीवनमा आउने सकारात्मक परिवर्तन वा रुपान्तरण भनिन्छ । कुनै पनि विकासले विगतभन्दा आज र भोलीको नागरिकहरूको जीवनस्तर, हैसियत वा अवस्थामा परिवर्तन ल्याउनका लागि महत्वपूर्ण भूमिका खेलेको हुनुपर्छ । विकासलाई कुनै एक व्यक्ति वा निश्चित पात्रले मात्र गरेर हुँदैन यस प्रक्रियामा नागरिकहरूको अपनत्व, सहभागिता, लगानी र प्रतिफलको उचित बाँडफाँडमा समेत समान हिस्सेदारी कायम भएको हुनुपर्छ ।

२१ औं शताब्दी विज्ञान, सूचना, सञ्चार र प्रविधिको युग भएको छ । प्रत्येक क्षणक्षणमा भएका प्रविधिको विकासले संसारलाई एक ग्लोवल भिलेजको रुपमा परिणत गरिदिएको छ । कुनै एक क्षेत्र वा स्थानमा भएको घटना क्षणभरमा विश्वभर फैलिन सक्छ । यस भुमण्डलिकृत विश्वमा सबै विषयको नियन्त्रण वा व्यवस्थापन प्रविधिसँग जोडिएको छ र हाल आएर आर्टिफिसिएल इन्टेलिजेन्स नै मानवको चुनौतिको रुपमा देखापर्दै गएको छ र यसका विषयमा गम्भीर बहसहरू भईरहेका छन् । त्यसकारण अबको विकास प्रक्रियालाई सूचना र प्रविधिसँग कसरी एकाकार गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित हुनु जरुरी भईसकेको छ । यस आलेखमा सहभागीतामुलक विकासमा सूचना प्रविधिको आवश्यकता वा औचित्यलाई प्रष्ट्याउन खोजिएको छ ।

## सहभागीमुलक विकास

समाबेशी लोकतान्त्रिक व्यवस्थामा जनसहभागिता भन्ने पक्षसँगै जोडिएर आउँछ वा अलग गर्नै सकिदैन । यस समावेशी लोकतान्त्रिक व्यवस्थालाई जनसहभागीतामुलक व्यवस्था पनि भन्न सकिन्छ किनभने यसमा नागरिकहरूका विकासका आकांक्षाहरू सहजरुपमा सम्वोधन हुने तथा प्रतिफलहरूको न्यायोचित बाँडफाँड तथा वितरण हुने विश्वास गरिन्छ । सन् १९७० पश्चात विकासमा जनसहभागिताको विषय सशक्तरुपमा उठेको हो । त्यसैले निर्णय प्रक्रियामा सहभागी भई सेवा प्रवाहलाई प्रभावकारी बनाउन, राज्यप्रति उत्तरदायित्व निर्वाह गर्न, विकासका आकांक्षाहरू सम्वोधन गर्न, सीमान्तकृत एवं पछाडि पारिएका वर्ग समुदायको विकासको प्रतिफल परिणाममुखी बनाउन पनि सहभागिताको आवश्यकता पर्छ । यसकारण पनि पछिल्लो समयमा समावेशीकरण भन्ने विषय टड्कारो तथा अभिन्नरुपमा आएको छ । विकास प्रक्रियामा मात्र नभई यथार्थमा राज्य संचालन प्रक्रियामा होस् वा अधिकारका विषयमा होस् राज्यभित्र रहेका सम्पुर्ण वर्ग, धर्म, वर्ण, लिंग, क्षेत्र, जात, जाति पछाडि पारिएका समुदाय वा क्षेत्रको अर्थपूर्ण संलग्नता समेतलाई सहभागिताको विषयका रुपमा लिइनुपर्छ ।

विकासका सन्दर्भका हिसाबले कुरा वा नारामा जनसहभागिताका कुरा गर्ने वा नीति तथा कानुन पनि सहभागितालाई अर्थपूर्ण बनाउने विषयमा निर्माण गर्ने तर व्यवहारमा फेरि पनि प्रक्रियामा होस् वा लाभको वितरण गर्ने सवालमा होस्, हुनेखानेहरूकै वा एलाइटहरूकै मात्र सहभागिता भएको देखिन्छ । नेपालको संविधानतः स्पष्टरुपमा विकास प्रक्रियामा नागरिकहरूलाई कसरी सहभागी गराउने वा कुन कुन संयन्त्रमा कसरी सहभागी बनाउने भन्ने विषय समेत उल्लेख गरेको छ । जबसम्म निर्णय र कार्यान्वयन प्रक्रियामा नागरिकहरूको उचित तथा समतामुलक तवरमा सहभागिताको सुनिश्चित नभएसम्म विकास भन्ने प्रक्रिया आफैमा अपुरो हुन्छ, दिगो हुन सक्दैन किनकी नागरिकहरूमा विकासप्रति अपनत्व भन्ने पक्ष नै हुँदैन ।

## सूचना प्रविधि

विश्वलाई यतिवेला सूचना र प्रविधिले एउटा संजालभित्र ल्याई पुरयाएको छ र सूचना र प्रविधिको अधिक विकासले मानवको दैनिक व्यवहारलाई समेत परिवर्तन गरेको यर्थाथ हाम्रो सामु छ। सूचना प्रविधिले विद्यमान अवस्थामा हाम्रा प्रत्येक गतिविधिहरूका साथै जीवनशैली नै बदलिदिएको छ । यस परिवर्तित अवस्थामा सूचना र प्रविधिको उचित प्रयोगमा विपन्न, जोखिममा परेका तथा पछाडि पारिएका वर्ग समुदायको पहुँच र प्रयोगको जरुरी छ । नेपालको मात्र अवस्थालाई हेर्ने हो भने औसतमा प्रत्येकको हातमा मोवाईल पुगेको तथ्यांकले बताउँछ, अहिले हेर्दा ईन्टरनेटको पहुँच समेत विस्तारै फराकिलो बन्दै गएको छ। यसले के देखाउँछ भने व्यक्तिको निर्णय प्रक्रिया वा जानकारीसहितको निर्णय गर्न पनि वास्तवमा सूचना प्रविधिको ठुलो हात छ ।

**आजकल युवा युवती तथा किशोर किशोरीहरूको त भन् सूचना तथा प्रविधिमा ठुलो चासो रहेको देखिन्छ । उनीहरूलाई प्रविधिमैत्री पनि बनाउने र यसलाई जीवनोपयोगी बनाउनु उत्तिकै आवश्यकता समेत देखिएको छ ।**

आजकल युवा युवती तथा किशोर किशोरीहरूको त भन् सूचना तथा प्रविधिमा ठुलो चासो रहेको देखिन्छ । उनीहरूलाई प्रविधिमैत्री पनि बनाउने र यसलाई जीवनोपयोगी बनाउनु उत्तिकै आवश्यकता समेत देखिएको छ । यसले व्यक्तिलाई सकारात्मक रुपमा उन्नति तथा प्रगति हुने खालको विषयमा पनि सहयोग गर्छ साथै यसको दुरुपयोगले व्यक्तिलाई नकारात्मक बाटोमा समेत धकेल्छ, सूचना तथा प्रविधिको गलत प्रयोगले आज मानिसहरूले साईबर क्राईमअन्तर्गत विभिन्न खालका अनाहकमा दुःखहरू समेत वेहोर्नु परिरहेको छ। सूचना प्रविधिको सकारात्मक प्रयोगले व्यक्तिले अनेक सफलताहरू समेत हात पारेका असल उदाहरणहरू समेत हामीले दैनन्दिन देखिरहेका छौ । त्यसकारण कसरी यसको सहज पहुँच, प्रयोग, नियन्त्रण एवं व्यक्तिको कल्याण, फाईदा र प्रगतिमा कसरी लगाउने भन्ने प्रमुख विषय हो ।

जुन घरमा ईन्टरनेटको सुविधा छ, त्यहाँ व्यक्तिहरू एक अर्कामा कुरा गर्दैनन्, कुरा त हुन्छ तर कुनै त्यो घरभन्दा बाहिर रहेको व्यक्तिसँग मात्र । यसरी हेर्दा सूचनाप्रविधिले हामी हाम्रो जीवनशैली फेरिदिएको छ र हामीलाई हाल आएर जबर्जस्तरुपमा प्रविधिसँग एकाकार हुन वाध्य बनाईरहेको छ । प्रविधिले हाम्रो जीवनपद्धतिलाई सहज समेत बनाएको छ , हामीले क्षणभरमै धेरै कामहरू सजिलैसँग गर्न सक्छौं, यसले हाम्रो सञ्चार प्रणालीमा आकाश पातालको फरकपन ल्याएको छ र दिनानुदिन यसको प्रयोगमा बढोत्तरी साथै नयाँ नयाँ अविष्कारहरू समेत भईरहेका छन् ।

## सहभागीमुलक विकास र सूचना प्रविधिको अन्तरसम्बन्ध

जनसहभागीतामुलक विकासले सकारात्मक परिवर्तन वा रुपान्तरणको मार्गलाई सहज बनाउँछ वा यसले समावेशीकरणलाई सुनिश्चित गर्छ भन्दै गर्दा, विकास प्रक्रियामा नागरिकहरूलाई सहभागी बनाउने विधि वा पद्धतिमा फरकपन आएको देखिन्छ । पुरानो विकास पद्धति जनसहभागीतामुलक भएन भनी सबैले स्वीकारेको विषय थियो र नीतिगत रुपमै नागरिकहरूको सहभागीतालाई विकासका हरेक कार्यमा सुनिश्चित गर्ने भन्ने कानुनी प्रावधानहरू समेत छन् । विकासका नागरिकहरूको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्न योजना निर्माण प्रक्रिया पनि सहभागीतामुलक विधिमार्फत हुनुपर्छ भनी प्रयोगसमेत भईराखेको छ। तर विद्यमान अवस्थामा सहभागीतामुलक विकासलाई मुर्तरुप दिनका लागि सूचना तथा प्रविधिको पहुँचलाई नागरिकसम्म विस्तार गर्नैपर्ने भएको छ । विकास प्रक्रियामा नागरिकहरूको सहभागीता नहुनुका थुप्रै कारणहरू छन् । समयमा जानकारी नपाउनु, सधै अरुले नै पाउँछन् हामी गएर के हुन्छ भन्ने सोच वा मानसिकता हुनु । योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा हुनेखाने कै पहुँच तथा नियन्त्रण, नीतिगत प्रक्रिया तथा प्रावधानको प्रभावकारी कार्यान्वयन नगर्नु, तथ्यमा आधारित पैरवी नहुनु, जस्ता विषयले गर्दा सहभागितामा असर गरेको देखिन्छ ।

सुशासनको दृष्टिकोणले समेत सरकारले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउन सूचना प्रविधिलाई अँगालेको छ भने सरकार, सेवाप्रदायक तथा सरोकारवालाहरूका आफ्नै वेबसाईटहरू, नागरिक वडापत्रहरू, मोवाईल एप्सहरू, सामाजिक संजालका विभिन्न माध्यमहरू छन्। उनीहरूले विकास तथा अन्य विषयसँग सम्बन्धित सूचना तथा जानकारीहरू तिनै सञ्चारका माध्यमबाट प्रवाह गरिरहेका छन् । त्यस्ता माध्यममा जसको पहुँच हुन्छ उसको मात्र त्यहाँ सहभागिता हुने भयो । प्रत्येकजसो नेपालीहरूको हातमा मोवाईल छ भन्ने तथ्यांक छ। तर, त्यसको सही प्रयोग भएको छ छैन भन्नेबारेमा अध्ययन अनुसन्धान कमै भएका छन् । तरपनि सबैखाले सेवाप्रदायकहरूले आफ्ना गतिविधिहरू सूचना प्रविधिका माध्यमबाट नागरिकहरूलाई सहजरुपमा प्रदान गर्ने माध्यम भने बनाएका छन् । त्यस्ता माध्यममा नागरिकलाई चित्त नबुझेको विषयमा जिज्ञासा राख्ने, प्रश्न गर्ने तथा त्यसको जवाफ पनि आउँछ भन्ने कुरा निश्चित गर्न सकियो भने भन् नागरिकहरूको सहभागीतामा वृद्धि हुन्छ ।

सर्वप्रथम, नागरिकहरूले विकासका कामहरू कसका लागि र कसरी हुँदैछ भन्ने विषय स्पष्ट रुपमा बुझ्नु जरुरी छ। विकास हुनुपर्छ, यस प्रक्रियामा हाम्रो पनि सहभागिता हुनुपर्छ भन्ने जनचेतना एकहदसम्म नागरिकस्तरमा भएको भान पनि हुन्छ र अर्कोतर्फ हामी समावेशी लोकतन्त्रको अभ्यास भईरहेको देशका नागरिक हुनुको नाताले पनि विकासका प्रक्रियामा नागरिकहरूको चासो, चिन्ता र आकांक्षा सम्वोधन हुन पनि सहभागिताको जरुरी छ भन्ने विषय बुझ्न आवश्यक हो । तर नागरिकहरूले हाल भईरहेको विकास प्रक्रियाले वास्तवमा उनीहरूलाई नै फाईदा पुर्याउँछ भन्ने महसुश गरेका छैनन्। यस्तो अवस्थामा घरघरमा

पुग्ने सूचना प्रविधिलाई विकासको प्रक्रिया वा सहभागितालाई वृद्धि हुने पक्षमा जोड गर्नु नै अहिलेको टड्कारो आवश्यकता हो ।

सहभागीमुलक विकासलाई सूचना प्रविधिसँग जोड्का लागि अब सरकारले प्रयोग गर्ने विभिन्न सञ्चारमाध्यमहरूको बारेमा सबैलाई जानकारी गराउने र प्रतिवद्धता बमोजिम सूचनाहरू पनि नियमितरुपमा अद्यावधिक गर्ने । नागरिकहरूलाई वस्ती वस्तीमा पुगेर प्रयोग भईरहेका सञ्चारमाध्यमको प्रयोग गर्ने तरिका, यसका फाईदा तथा बेफाईदाका बारेमा व्यवहारिक अभिमुखीकरण गराउने । उक्त माध्यमबाट आएका जिज्ञासा र प्रश्नहरूको जवाफ यथाशिघ्र प्रदान गर्ने जस्ता विषयले नागरिकहरूको विश्वास र अपनत्व पैदा गर्छ । अनि यस्ता पक्षले नागरिकहरूलाई भरोसा सृजना भएपछि स्वतःस्फुर्त उनीहरूको सहभागीतामा समेत वृद्धि हुन्छ, जब सेवाप्रदायकले दिएको सेवाले नागरिकहरूको मन छुन्छ, त्यसपछि उनीहरूको सहभागिता नीति योजना निर्माण प्रक्रियादेखि यसको अनुगमन र मूल्यांकनसम्म रहन्छ । त्यसकारण सहभागीमुलक विकास र सूचनाप्रविधिको मजबुत सम्बन्धले मात्र दिगो विकास तथा अर्थपूर्ण सहभागितामा टेवा पुर्‍याउन सक्छ ।

**निष्कर्ष**

हालको सूचना प्रविधिको विकासलाई हेर्ने हो भने, अब यसको द्रुततर विकास सँगसँगै सहभागितालाई समेत एकाकार गर्नु आवश्यकता देखिएको छ र पुर्नसंरचित राज्यको संयन्त्रअन्तर्गत संघीय, प्रान्तीय तथा प्रत्येक स्थानीय तहहरूले आफ्नो ईकाईलाई सकेसम्म डिजिटल बनाउने र यसको माध्यमबाट सूचना प्रवाह गर्ने भन्ने छ र गरि पनि रहेका छन् । कुनै कुनै स्थानीय तहले मोबाईल एप्स समेत निर्माण गरेका छन् । प्रतिवद्धताका हिसाबले, प्रविधिमैत्री बनाउने सबै तहका सरकार कटिवद्ध छन् । सबै सरोकारवालाहरूले आफ्ना नीति कार्यक्रममा तथा गतिविधिहरूमा कसरी नागरिकहरूको सहभागिता सुनिश्चित गर्ने भन्ने विषय प्रविधिका विभिन्न माध्यमबाट मात्र सफल हुन सकिन्छ । अब विभिन्न सेवाप्रदायक, सबै तहको विशेष गरी स्थानीय तहले निर्माण गर्ने विभिन्न लामो तथा छोटो अवधिका योजनाहरू एवं पार्श्वचित्रहरू समेत प्रविधिमैत्री बनाउने भन्ने छ, यस्तो प्रक्रियामा नागरिकहरूको अर्थपूर्ण सहभागिता भएको छैन नत जनतालाई भौतिक रुपमै भएपनि वस्ती बस्ती पुगेर घरदैलो पुगेर थाहा दिने काम भएको छ नत प्रविधिलाई जनमैत्री, जनस्तरसम्म पुग्ने गरी निर्माण गरिएको छ । तर प्रविधिमैत्री सेवाप्रदायक मात्र भएर पुग्दैन सेवाग्राही पनि उत्तिकै अभ्यस्त हुनुपर्छ, यसको लागि पहिलो शर्त भने कै नागरिकहरूलाई यसमा पहुँच र फाइदाको बारमा जानकारी हुन जरुरी छ । यसका लागि सेवाप्रदायकले सरकारको नीतिगतरुपमै व्यवस्था भएको प्रावधानअनुरुप कार्य गर्न सकेमा मात्र पनि सुनमा सुगन्ध हुन्छ ।

सहभागीमुलक विकासका लागि हाल तिब्रगतिमा बढेको सूचना र प्रविधिलाई अर्थपूर्ण तरिकाले अँगाल्न सकियो र यसको सकारात्मक प्रभाव नागरिकस्तरसम्म पुर्‍याउनुका साथै नागरिकहरूको ईच्छा र आंकाक्षाको सम्वोधन हुने गरी योजना निर्माण, कार्यान्वयनका साथै महसुश हुने गरी विकासका प्रतिफल वा नतिजाको बाँडफाँड न्यायोचित हुनसक्यो भने जनताको सहभागिता अनपेक्षित तवरमा वृद्धि हुन्छ र अपनत्व सहितको दिगो विकास हुन्छ । आउनुहोस्, म, तपाई र हामी सबै मिली एकजुट तथा एकढिक्का बनौं, सूचना प्रविधिको उचित सदुपयोगमार्फत जनताहरूको सहभागितामा अर्थपुर्ण वृद्धि गरी लोकतन्त्रका लाभहरूको समुचित प्रयोग गर्न नागरिक निगरानी बढाऔं ।

*लेखक नेपानको सदस्य हुनुहुन्छ सम्पर्क इमेल*
*karnanepali777@gmail.com*

## सहभागिता ५४ का लागि जनमत प्रश्न

**(५० शब्दमा नबढाई विचार राखिदिनुहुन)**

## हालका स्थानीय सरकारहरूबाट भएका असल अभ्यासहरूमा तपाईंले अवलोकन गरेको वा अनुभव गर्नुभएको सबैभन्दा राम्रो अभ्यास के हो ?

**विचार आइपुग्नुपर्ने अन्तिम मिति : २०७६ मंसिर मसान्त**

**इमेल : nepan@nepan.org.np**

# २५ वर्षे लक्का जवान 'नेपान' र सूचना प्रविधिसँगको सहयात्रा



● चेतनाथ कणेल

**नेपानका मुख्य मूल्य र मान्यता भनेकै सहभागिता, बहुलवाद, समता, आपसी सम्मान र जवाफदेहिता, धार्मिक हिसाबले निरपेक्षता, गरिब तथा पछाडि परेको वर्गप्रति समानुभूति र सहयोग, एवम् सुशासन तथा पारदर्शिता हुन् ।**

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) यतिबेला २५औं वर्षको यात्रामा छ । यो लक्का जवान भएको छ । नेपालमा मात्र होइन, सहभागितात्मक विकास पद्धति प्रवर्द्धनका मामिलामा यो विश्वभरि नै परिचित छ । नेपानका एकमात्र मानार्थ सदस्य एवम् सहभागीमूलक विकास पद्धति र प्रक्रियाका प्रसिद्ध अध्येता बेलायतवासी प्रा.डा. रोबर्ट च्याम्बर्स भन्नुहुन्छ, 'सम्भवतः नेपान नै विश्वका सहभागीमूलक विकाससम्बन्धी नेटवर्कहरूमध्ये एक निरन्तर, गतिशील र रणनीतिक संरचनासहित अगाडि बढेको नमूना नेटवर्क हो ।'

**'सेन्टर अफ एक्सेल्लेन्स'**

हो, नेपान विश्वकै एक अग्रणी विकास नेटवर्क संस्था । सन् १९९५ अप्रिलमा काठमाडौंमा विधिवत स्थापना भयो । देशभर छरिएर रहेका करिब ३०० विकासकर्मी यसका सदस्य छन् । करिब एक दर्जन संस्थागत सदस्य पनि छन् । कतिपय व्यक्तिगत सदस्यहरू विदेशमा सल्लाहकार तथा विज्ञको रुपमा पनि सेवारत छन् । जहाँ भए पनि सहभागितात्मक कार्य र पद्धति नेपान सदस्यका लागि मूल 'कर्म' र 'धर्म' बन्छ । हामीले भनेकै छौं : नेपानका मुख्य मूल्य र मान्यता भनेकै सहभागिता, बहुलवाद, समता, आपसी सम्मान र जवाफदेहिता, धार्मिक हिसाबले निरपेक्षता, गरिब तथा पछाडि परेको वर्गप्रति समानुभूति र सहयोग, एवम् सुशासन तथा पारदर्शिता हुन् । हामी प्रतिबद्ध छौं यी मूल्यमान्यता, आदर्श र संहिता प्रवर्द्धन र अवलम्बनमा । नेपानलाई एउटा 'सेन्टर अफ एक्सल्लेन्स' को रूपमा विकास र प्रवर्द्धन गर्नमा हामी निरन्तर क्रियाशील छौं, प्रतिबद्ध छौं ।

नेपानको यात्रा निकै रोचक ढंगले अघि बढेको छ । सुरुमा केही समय अनौपचारिक ढंगले घुम्ती सेयरिंगको रूपमा विकास छलफल अगाडि बढाइयो । त्यतिबेला एक्सनएड, इसिमोड,



प्लान इन्टरनेशनल नेपाल, नेपाल स्वीस सामुदायिक वन परियोजना/स्वीस विकास नियोग, हेल्भेटास आदि संस्थाले खुट्टा टेकाइदिने कार्यमा सहयोग गरे । पछि डेनिस संस्था एमएस नेपालको भरथेग भयो । नेपान सदस्यहरूको स्वयम्सेवी आर्थिक सहयोग तथा बौद्धिकश्रम त नेपान बाँच्ने मूल आधार भइहाल्यो । जुन जारी छ ।

डिल्लीबजारको बाटुलेघरमा पहिलो भाडाको घर, त्यसपछि नयाँबानेश्वर चोक, त्यसपछि बबरमहल कुरियागाउँ, त्यसपछि पुतलीसडक, त्यसपछि कुपण्डोलमा । यसरी विभिन्न भाडाका घरहरूमा सर्दै सर्दै अहिले आफ्नै 'नेपान घर' बनेको छ कोटेश्वरको जनता सडक, सहयोगीनगरमा । नेपान सदस्यहरूको पसिना र भावना मिसिएको यो घरले नेपान सदस्यहरूबीच अझ प्रगाढता, दृढता, कटिबद्धता र दूरदृष्टियुक्त यात्राको अवसर प्रदान गरेको छ । धेरै संस्थाका लागि नेपानको स्वयम्सेवी घर उदाहरणीय घर बनेको छ, विश्वासको 'विकास चौतारी' बनेको छ । नेपानसँग साझेदार गर्न चाहने संस्थाहरूका लागि पनि नेपानघर निरन्तरता, स्वयम्सेवा र विश्वासको एउटा

'आस्थाविन्दु' अर्थात् 'भरोसाकेन्द्र' बनेको छ ।

## रणनीतिक दृष्टिकोण र कार्यनीतिक शैली

अनौपचारिक छलफल र बहसबाट थालनी भएको नेपान अनेक आरोह र अवरोह पार गर्दै २५ वर्षको सफल यात्रामा छ । सन् २०१८ देखि २०२२ सम्मको लागि तयार पारिएको नयाँ (चौथो) रणनीतिक योजना पनि साथमा छ । सहभागीमूलक पद्धति प्रवर्द्धन, सुशासन र जवाफदेहिता अभिवृद्धि, मानवीय न्याय र अधिकारका लागि सहकार्य, नेटवर्क सदस्यहरूको क्षमता विकास र नेपालमा नमूनाको रुपमा विकास नेटवर्किङ प्रक्रियालाई संस्थागत सुदृढीकरणमा विशेष ध्यान हाम्रा रणनीतिक कार्यक्रम हुन् । हामी यिनै मूल रणनीतिक कार्यक्रमको सेरोफेरोमा हाम्रा क्रियाकलापहरू केन्द्रित गर्दछौं । सरकारी निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज तथा समुदायस्तरमा संगठित संस्थाहरूसँग सहकार्य गर्दै नेपान लक्का जवान भएको हो । अब स्थानीय तथा प्रादेशिक सरकार



हरूसँग विशेष सहकार्य गरी 'गाउँगाउँमा सिंहदरवार' पुऱ्याउने सार्थक कार्यमा नेपान सहयोगी बन्न चाहन्छ । अहिलेसम्म पनि पछाडि परेका वर्गको अपनत्व, सहभागिता, समृद्धि, समन्याय र सुख देख्ने नेपानको विशेष चाहना हो । सहभागिताबाट बञ्चित हुँदा सबै अवसर गुम्छन्, सहभागी बन्न सके र निर्णायक भूमिकाको खोजी आफैं गर्न सक्ने अवस्थामा पुग्न सके सबै अवसरहरूले ढोकामा पछ्याउँदै आउँछन् भन्ने नेपानको सिकाइ हो । यो सिकाइलाई हामी अझ कार्यमूलक बनाउन चाहन्छौं, बढोत्तरी गर्न चाहन्छौं ।

यी सबै उद्धेश्यहरू पूरा गर्ने हाम्रा मूल माध्यम भनेकै निम्न ६ प्रकारका कार्यशैली हुन् :

१) अनुसन्धान (कार्यमूलक अनुसन्धानमा अझ जोड)

२) तालिम, कार्यशाला, गोष्ठी तथा भ्रमण आयोजना

३) सूचना तथा सञ्चार, प्रसारण, प्रकाशन तथा वितरण

४) अभिलेखन, स्रोत केन्द्र व्यवस्थापन तथा प्रयोगमा प्रेरणा

५) कार्यक्रमको स्थलगत कार्यान्वयन तथा सिकाइ दस्तावेजीकरण

६) नीति परिवर्तनका लागि जनवकालती (पैरवी) कार्य ।

नेपानले हालसम्म गरिबी अनुसन्धान, ज्येष्ठ नागरिकको अवस्था अनुसन्धान, बाल अनुदान अनुसन्धान, ज्येष्ठ नागरिक भत्ताको प्रभावकारिता अनुसन्धान आदिजस्ता ठोस अनुसन्धान गरी नीतिगत पृष्ठपोषण गर्ने कार्यमा मुख्य राष्ट्रिय योगदान पुऱ्याएको छ । साथै, नेपालमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियम, कार्यविधि निर्माणमा, नेपालमा ज्येष्ठ नागरिक महासङ्घ गठनमा पनि आफ्नो वकालती भूमिका निर्वाह गरेको छ । नेपालको नयाँ संविधान (२०७२) बनाउने क्रममा समेत नेपानको भूमिका उल्लेख्य रहेको थियो ।

सुरुसुरुमा निकै चलनमा आएको सहभागीमूलक ग्रामीण लेखाजोखा (पिआरए) तालिम सञ्चालन गर्ने 'पायोनियर' संस्था नै नेपान हो । यसबाट सयौं जनाले प्रशिक्षण लिई अहिले देशभर ती विकास कार्यकर्ताहरू कार्यरत छन् । नेपानसँग आबद्ध पिआरए प्रशिक्षकमात्र करिब पचासको हाराहारीमा छन् । ती व्यक्तिहरू प्रशिक्षकमात्र नभएर सहभागीमूलक विकास प्रक्रियाका अनुसन्धानकर्ता तथा कार्यान्वयनकर्ता पनि हुन् । नेपालमा सहभागीमूलक प्रक्रियालाई व्यवस्थित गर्न र प्रवर्द्धन गर्नमा ती विकासे कार्यकताहरूको अहम् भूमिका छ ।

अहिले सहभागीमूलक विकास पद्धतिले नयाँ फड्को मारेको छ । पिआरएभन्दा माथि उठेर विकास पद्धतिलाई सोच्नुपर्ने अवस्था आएको छ । विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, लाभ बाँडफाँड, कार्यक्रमगत तथा नीतिगत ढाँचा परिवर्तनमा कामयावी बन्नु नै सहभागीमूलक विकासकर्मीहरूको दायित्व बनेको छ । परिवर्तनमुखी र नतिजामुखी विकास ('थ्योरी अफ चेन्ज') को सोचविना अल्पदृष्टिको विकासले अबको समयमा काम गर्दैन भन्ने पनि हामीले सिक्नुपरेको छ । समग्र सशक्तिकरण र आफ्नो विकास आफैं गर्ने 'जनसमूह' हरेक प्रदेश, जिल्ला र पालिकाहरूमा तयार नभएसम्म झारझुरे विकास, अपारदर्शी विकास, नेतामुखी विकास, असारे विकासले यहाँ प्रश्रयता पाइरहने छन् । नेपानले तिनै प्रक्रियालाई सुधार र विकास गर्ने सोच पछिल्लो समयमा अझ प्रखर बनाएको छ । यी कार्यलाई विकासकर्मी, नीतिनिर्माता र प्राज्ञिक व्यक्तित्वसम्म पुऱ्याउनका लागि नेपानले केही पहल गरिरहेको छ । अझ सघनता ल्याउने प्रयास जारी छ । २५ औं वर्षको यात्रासम्म आइपुग्दा यी सकल र सबल पाठहरूले अझ ठोस र स्पष्ट बाटो देखाएका छन् ।

केही समयअघि १५औं पञ्चवर्षीय योजना निर्माणका सन्दर्भमा राष्ट्रिय योजना आयोगसँग गरिएको वकालती भेटघाट, काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा गरिएको सहभागीमूलक विकास पद्धति र प्रक्रियासम्बन्धी विशेष छलफल कार्यक्रमलगायतका पहलहरूले नेपानलाई अझ उत्प्रेरित, उत्साहित र प्रतिबद्ध बनाएका छन् । नेपानको दायरा र नेपानप्रति अपेक्षा अझ बढ्दो छ भन्ने पनि स्पष्ट भएको छ ।

## सहभागीमूलक विकास, नेपान र सूचना प्रविधि

नेपानको स्थापना हुँदाका बखत अर्थात् आजभन्दा २५ वर्षअघि अफिसमा एक लाइन (ल्यान्ड) टेलिफोन नेपाल सरकारसँग बिन्ती गरेर पाउनु नै महान कार्य थियो । 'मोबाइल' भन्ने शब्द त सुनेकै थिएनौं भन्दा पनि हुन्छ । कसैको घर वा अफिसमा 'कर्डलेस फोन' हुनु नै ठूलो मानिन्थ्यो । त्यतिबेला इन्टरनेटको चलन विस्तारै विस्तारै आउँदै थियो । त्यो पनि केही सहरी क्षेत्रमा मात्र । 'पेजर' भन्ने पनि आयो, तर स्वाठ्ठै आयो,

स्वात्तै हरायो। सञ्चारको संसार बुझिनसक्नु छ !

इमेल पठाउने चलन भर्खर सिक्दै थियौं। सुरुमा हटमेल चलनमा आयो, पछि याहु आयो, अनि जिमेल। अहिले अधिकांश साथीहरू जिमेल र याहुमेलमा हुनुहुन्छ। नेपानको प्रारम्भताका अर्थात् बीसौं शताब्दीको अन्त्यतिर सदस्यहरूसँग कुरा गर्दा कि त ल्यान्डलाइन, कि सीमित इमेलमात्र हाम्रा मूल साधन र माध्यम थिए। सबैका साथमा इमेल सेवा वा 'इन्टरनेट कनेक्सन' थिएन। टेलिफोन लाइनविना इन्टरनेट सम्भव थिएन। टेलिफोन लाइन पाउन नै सोर्सफोर्स चाहिने जमानामा इन्टरनेट धेरै साथीहरूको पहुँचमा कसरी हुनु ? सबैका घरमा टेलिफोन हुने कुरै थिएन। एक लाइन टेलिफोन जोड्न ५ हजार धरौटी, अनेक नजराना वा अरु मान्छेसँग किन्दा ५ हजारको मूल्यमा थप २०, २५ हजारसम्म तिरेर पनि लाइन जोड्ने होड थियो।

सदस्यहरूलाई अफिसमा भएको बेलामात्र फोन गर्नुपर्ने बाध्यता हुन्थ्यो। नेपानको काम स्वयम्सेवामा आधारित, तर अफिस समयमा पनि धेरै 'डिस्टर्ब' गर्न नहुने, सञ्चार गर्न कठिन थियो। प्रत्यक्ष भेटघाट प्रारम्भतिर बढी नै हुन्थे। नेपान अफिस समय नौपाँच वा दशपाँच भए पनि मुख्य कर्मचारीहरू साँझ सातसाढेसात बजेसम्म नबसेको कुनै दिन हुँदैनथ्यो। सदस्यसँग भलाकुसारी हुन्थे। ज्ञान प्रवर्द्धनका कुरा हुन्थे। स्वयम्सेवामा नेपानलाई वार्षिक कम्तीमा ५० घण्टा के के गरी योगदान दिने भन्ने कुरा हुन्थे। लगभग सबै सदस्यहरू सिकाइको मोडमा थिए। दिन पनि चाहन्थे, ज्ञान र अवसर लिन पनि चाहन्थे। तीब्र चाहनामा थिए प्रतिबद्ध सदस्यहरू। एकअर्कासँग प्रोफेसनल नेटवर्कमा जोडिन लालायित थिए। त्यो पनि सहभागीमूलक पद्धति प्रवर्द्धन गर्ने कुराको 'प्रारम्भिक सिकाइ' नै भन्दा हुन्छ। चाहना, रुचि, लगाव, अभिलाषा, योजना र उद्धेश्य धेरै नै थिए नेपान सदस्यका। जो आज कुनै न कुनै तरिकाबाट राष्ट्रको विकास हाँक्ने अवस्था र जिम्मेवारीमा पुगेका छन्। सञ्चारका साधनहरू कम थिए, तर भेटघाटका क्रमहरू बढी थिए। सञ्चारका 'क्रमभङ्ग'हरू कमी थिए, तर मित्रताका 'अन्तरङ्ग'हरू बढी थिए।

सन् २०१९/२० तिर आइपुग्दा जमाना धेरै फेरिएको छ। अहिले संसार सञ्चार तथा सूचना प्रविधिले धेरै नै जेलिएको छ। हामी विश्व नै 'एउटा गाउँ' भनिरहेका छौं। यो भनेको पनि सञ्चार विकासको कारणले नै हो। विश्वका जुनसुकै कुनामा बसे पनि मान्छे एकै मिनटमा सम्पर्क र सञ्चारमा आउन सक्छ। 'दूर 'सञ्चारबाटै धेरै काम फत्ते गर्न सक्छ। औंलामा छ संसार। 'भर्चुअल वर्ल्ड'मा रमाउन चाहन्छन् सबै। खुट्टा कम चल्न थालेको छ, आँखा, औंला र दिमाग बढी चल्न थालेका छन्। जमाना अत्यन्तै बदलिएको छ। पछिल्लो समय अनपेक्षित रूपमा तीब्र ढंगले विकास भएका सूचना तथा सञ्चार प्रविधिहरूले यो कुरा सम्भव बनाएको हो।

नेपानकै कुरा। व्यावहारिक रूपमा हेर्दा इमेलबाट भन्दा फेसबुकबाट जोडिन चाहन्छन् कतिपय सदस्यहरू। वेबसाइटमा पढ्नभन्दा सम्पन्न गतिविधिका भिडियो क्लिपहरू युट्युबमा अवलोकन गर्न चाहन्छन् कतिपय साथीहरू।

**नेपान-घरभित्र सूचना तथा सञ्चार प्रविधि**

नेपान स्थापना भएपछिको केही समयमा नेपानले आफ्नो वेबसाइट बनायो। विश्वभर छरिएर रहेका सदस्य तथा नेपानसँग परिचित अन्य सहभागीमूलक विकासकर्मीहरूका लागि नेपान वेबसाइटले धेरै सहयोग पुऱ्यायो। इमेल, वेबसाइट, ल्यान्डलाइन फोन आदि प्रारम्भिक सञ्चार माध्यममा मोबाइल र सामाजिक सञ्जाल आएपछि भने चमत्कारै भयो। अहिले हरेक सदस्यका हातमा मोबाइल फोन छन्, त्यो पनि एउटा नभएर कतिपय सदस्यसँग दुई, तीनवटासम्म मोबाइल सेट र अलगअलग सिमकार्ड छन्। फेसबुक पेज, ट्विटर, इन्स्टाग्राम, स्काइप,.... के के हो के के, अनेक छन् अहिले सदस्यहरू एकापसमा जोडिने साधन र माध्यमहरू। एउटै व्यक्तिसँग अनेक उपाय छन्। वाइफाईले अझ सुविधा बढाएको छ। तार जोडेर इन्टरनेट चलाउने जमाना कति छिट्टै जान थाल्यो। माथि पनि भनें, सन् २००१/०२ तिर त अझ 'पेजर' भन्ने पनि चल्यो। मेसेज पठाउन साह्रै सजिलो। तर मोबाइल सेवा हातहातमा पुग्नासाथ त्यो प्रविधि नेपाली धर्तीबाट 'डायनोसर' भयो। सायद संसारमा सबैभन्दा छिटो छिटो बदलिने कुरा नै सञ्चार प्रविधि हो क्यार ! सञ्चारको रुपान्तरणले नै विश्वसम्बन्ध, सामाजिक सम्बन्ध, पारिवारिक सम्बन्ध सबैमा दह्रो प्रभाव परिरहेको छ। धेरै सकारात्मक, कतिपय नकारात्मक पनि। नकारात्मक घटनाहरू पनि हामीले दिनहुँजसो सुन्ने गरेकै छौं।

नेपानकै कुरा। व्यावहारिक रूपमा हेर्दा इमेलबाट भन्दा फेसबुकबाट जोडिन चाहन्छन् कतिपय सदस्यहरू। वेबसाइटमा पढ्नभन्दा सम्पन्न गतिविधिका भिडियो क्लिपहरू युट्युबमा अवलोकन गर्न चाहन्छन् कतिपय साथीहरू। आपसी छलफल र बहसका लागि 'याहुग्रुप' पनि छ नेपानको। त्यसमा जोडिनेले कुनै सूचना भए ह्वार्रह्वार्र पठाउन सक्छ। त्यहीँ हुन्छन् अन्तर्क्रिया, विमर्श, प्रतिक्रिया अनेक संवाद।

युट्युबको अर्को चमत्कार ! युट्युब हेरेर तलपट्टि आफ्ना विचार राख्ने सुविधा छ। त्यसको प्रयोगले एकआपसमा नेटवर्किङ गर्न र विचारप्रवाह गर्न धेरै सहयोग मिल्ने गर्छ। फेसबुकमा 'लाइक' मात्र गर्दा पनि हुने, जाँगर हुनेले 'कमेन्ट' लेख्न पाउने, अनि बेस्सरी चाहना राख्नेले मेसेजलाई अरु साथीहरूसँग 'सेयर' पनि गर्न पाउने, अनेक सुविधा आएका छन्। नेपानले यसलाई पनि अवलम्बन गरेको छ। तर यसको व्यापकता बढाउन सकिएको छैन।

कतिपय साथीहरू नेपानमा चल्ने मासिक छलफल गोष्ठी अर्थात् 'मन्थ्ली सेयरिङ' (२०७६ साउनसम्म १३२ वटा मन्थ्ली सेयरिङ श्रृङ्खला सम्पन्न) मा आफैं आउनुभन्दा 'लाइभ' फेसबुक वा युट्युबमा रेकर्ड पठाइदिन आग्रह गर्छन्। प्रस्तुत सामग्री तात्तातै

पावरपोइन्ट स्लाइडमा पठाइदिन अनुरोध गर्छन् । सूचना र ज्ञानबाट 'अपडेट' हुने आआफ्नै तरिका र प्राथमिकता छन् सदस्यहरूका । यही त रहेछ एक्काईसौं शताब्दीको महान उपलब्धि ! डिजिटल वर्ल्डको 'एउटा सानो गाउँ' ! एउटा गाउँमा ७ अर्ब मान्छे ! सूचना प्रविधिले एकैठाउँमा ल्याइएका छन् ! प्रयोग र शैली भने आआफ्नै ! रुचि र प्राथमिकताहरू पनि आआफ्नै !

समग्रमा, अहिले औंलाको 'टच' काम तीब्र, खुट्टाको काम (हिँडेर गर्ने) त्यसै कम हुँदै गएको छ । वेबिनार, स्काइप टक, अनलाइन मिटिङ, कन्फेरेन्सिङ, पोलिकम बजारमा धेरै धेरै प्रविधिमय सेयरिङ माध्यमहरू आएका छन् । अझ ती कतिपय साधन र माध्यमसँग नेपानले साक्षात्कार गर्ने अवसर कम पाएको छ । समयको गतिसँगै ती पनि भित्र्याउनै पर्छ ।

**'एक्काईसौं शताब्दीको चाहना, सूचना र सञ्चार प्रविधि नै विकासको गहना' हो भन्ने कुरा हामीले आत्मसात गर्नैपर्छ । कतिपय कुरामा हामी खरायो गतिमा छौं, तर कतिपय कुरामा कछुवा गतिमा छौं । चुनौती पनि छन्, अवसर पनि छन्, तर सोच फराकिलो नै बनाएका छौं । बनाउनै पर्छ ।**

## चुनौती, अवसर र सोच

स्पष्ट छ, सञ्चार तथा सूचना प्रविधिले नेपानलाई पनि अध्यावधिक बन्ने दायित्व थपिरहेको छ, थपिरहन्छ । विश्वस्तरीय वेबसाइट बनाउने चुनौती थपिरहन्छ । बेलायतमा हुने सदस्यले अझ बढी सूचना राख्नुपर्‍यो भनेर लेख्नुहुन्छ, पाकिस्तानमा हुने सदस्यले अझ गुणस्तर बढाऊँ भनेर 'रेगुलर फीडब्याक' दिनुहुन्छ । क्यानाडामा हुने साथीहरूले युट्युब भिडियो सेयरिङमा जोड दिऊँ भन्नुहुन्छ । कतिपय नेपालमै हुने साथीहरूले पनि नेपानले 'फिजिकल प्रिजेन्स'लाई भन्दा 'डिजिटल (भर्चुअल) प्रिजेन्टेसन'मा जोड दिऊँ भनेर बारम्बार भन्नुहुन्छ । सबै सुझाव एकदम राम्रा छन् । हाम्रो प्रयास यसतर्फ जारी छ । 'एक्काईसौं शताब्दीको चाहना, सूचना र सञ्चार प्रविधि नै विकासको गहना' हो भन्ने कुरा हामीले आत्मसात गर्नैपर्छ । कतिपय कुरामा हामी खरायो गतिमा छौं, तर कतिपय कुरामा कछुवा गतिमा छौं । चुनौती पनि छन्, अवसर पनि छन्, तर सोच फराकिलो नै बनाएका छौं । बनाउनै पर्छ । नत्र त विकासको फाँटमा 'डायनोसर' भइहालिन्छ ! यसमा समस्त नेपान सदस्यको सामूहिक चासो र पहल चाहिने कुरा भन्नै परोइन ।

उपलब्ध मानवस्रोत, वित्तस्रोत, सदस्य चाहना र योगदान, साझेदार संघसंस्थासँगको सहकार्यले नै यी सबै अपेक्षा र कुराहरू सम्भव बनाउँदै जाने हो । सूचनाप्रति सदस्यको जवाफदेहिता, सक्रियता, प्रयोगपछिको प्रतिक्रिया वा पृष्ठपोषणले नै नेपान सचिवालयमा बस्ने कर्मचारी मित्रहरूको सञ्चार-सृजना र प्रवाहमा गतिशीलता, चुस्तता र गुणस्तर अभिवृद्धिमा पनि ध्यान जाने हो । र, कर्मचारीहरूलाई सूचना प्रविधिमा समयसमयमा तालिम तथा 'एक्सपोजर'को अवसर भने अति जरुरी रहेछ । लक्का जवान 'नेपान' हाँक्न अवसरहरू पनि छन्, चुनौती पनि छन्, तर हाम्रो सोच फराकिलो, दह्रो कार्यमूलक प्रतिबद्धता र निरन्तर आद्यावधिकता चाहिने नै रहेछ । नेपानलाई 'दिने कुरा' र नेपानबाट 'लिने कुरा'को सन्तुलन र तादाम्य मिल्नैपर्ने रहेछ । यो कुरा नेपान सदस्यहरू, कार्यकारिणी समितिका पदाधिकारीहरू र नेपान कर्मचारीवर्गले समवेत्‌रूपमा सोच्नैपर्छ ।

नेपान यो 'लक्का जवानी' अवस्थामा आइपुग्दा हरेक सदस्यले एकपटक आत्म-मूल्याङ्कन गर्ने बेला भएको छ । 'ममः' भन्दै मनमनमा प्रश्न सोध्दै आफैं जवाफ खोज्नुपर्ने बेला पनि भएको छ : 'मैले नेपानलाई के दिएँ, नेपानले मलाई के दियो ?' नेपानको २५ वर्षे यात्राको मूल सन्देश र पाठ यही हो । चिन्तन गरौं, मनन गरौं, 'सेयर' गरौं । जमाना 'सेयरिङ'को छ ।

नेपानको ५ वर्षे नयाँ रणनीतिले पनि बढीभन्दा बढी डिजिटाइजेसनमा जोड दिएको छ । हाम्रा एकमात्र मानार्थ सदस्य प्रा.डा. रोबर्ट च्याम्बर्सको सुझाव पनि 'नेपानले अन्य काम उदाहरणीय बनाएजस्तै डिजिटल पार्टिसिपेसनमा पनि लिड गरोस्, मोडेल बनोस्' भन्ने छ । हाम्रा अवसरहरू प्रशस्त छन् । चुनौती पनि प्रशस्त छन् । दिगो अर्थव्यवस्था, सदस्यहरूको दिगो प्रतिबद्धता र निस्वार्थ स्वयम्‌सेवामा नै नेपानको सफलता भर पर्नेछ । जुन कुराका लागि २१ वर्षदेखि म पनि सङ्घर्षशील छु । नेपानको पहिचान 'सहभागिता' त्रैमासिक, 'पार्टिसिपेसन' वार्षिक अंग्रेजी जर्नल र अनुसन्धान प्रतिवेदन तथा नीतिपत्र प्रकाशन भएकोले अबका दिनमा पनि नेपान गुणस्तर अभिवृद्धि, पूर्ण 'डिजिटाइजेसन' र विश्वव्यापी उपलब्धताका साथ अगाडि बढ्नुपर्ने छ । नेपानका सदस्यहरूको विश्वजालो पनि यतिबेला निकै फराकिलो बन्दै गएको छ ।

आभार व्यक्त : यो आलेखको मस्यौदा पढेर सकारात्मक सुझाव दिनुहुने नेपानका पूर्व अध्यक्ष ब्रह्मध्वज गुरुङ, सञ्चारविद् मित्रद्वय विनोद तिमल्सेना र कृष्ण अधिकारीप्रति म आभारी छु । हार्दिक धन्यवाद !

**(लेखक कणेल नेपानका वर्तमान अध्यक्ष तथा लामो समय नेपानका प्रकाशन तथा सञ्चार गतिविधिका सक्रिय सदस्य)**

सम्पर्क इमेल : chetnathkanel@gmail.com

**सहभागिता** का हरेक अङ्क-विशेष अङ्क बनाउनमा हामी प्रयासरत छौं ।
- सम्पादक मण्डल

# सूचना तथा सञ्चार प्रविधिबारे युवा अनुभव र धारणाहरू



● विनोद त्रिपाठी



● टीकाराम कार्की

**आधुनिक समाजलाई 'डिजिटल समाज' भनेर पनि उपमा दिइएको छ । डिजिटल समाज प्रविधिमैत्री हुन्छ, प्रविधिमा नै रमाउँछ, प्रविधिमै आफ्नो जीवन गुजारा गर्छ । जे सोच्छ प्रविधि सोच्छ, जे गर्छ प्रविधिमा नै गर्छ । 'डिजिटल संसार' बिचित्रकै छ !**

सूचना तथा सञ्चार प्रविधि (आईसीटी) मा पछिल्लो समय उछाल आएको अनुभव गर्न सकिन्छ । मानव सभ्यताको सुरुवातदेखि हालसम्म क्रमिकरूपमा हरेक क्षेत्रमा नवीनतम आयामहरू थपिने क्रम जारी छन् । समयसापेक्ष र आवश्यकताअनुसार नयाँ नयाँ खोज र आविष्कारले निरन्तरता पाउँदै आइरहेका छन् । यसले व्यक्ति, परिवार, समाज, राष्ट्र अनि समग्र विश्वलाई नै आफुसँगै अगाडि बढाइरहेका छन् । यस्ता विकासका संवाहकका मद्धतले गर्दा विश्वका हरेक कुनाका राष्ट्र र समाज परिस्कृत हुँदै गइरहेका छन् । यसैको परिणामस्वरुप केही शताब्दीदेखि मानव सभ्यताले अग्रगामी छलाङ हासिल गर्दैछ र यो प्रक्रियाले निरन्तरता पाइरहेको छ ।



पछिल्ला दशकमा सूचना तथा सञ्चारमा भएका बहुआयामिक आविष्कार र विस्तार सबैभन्दा अग्रभागमा रहिआएका छन् । आजको विश्वमा यी प्रविधिहरू हरेक क्षेत्रमा अत्यावश्यक छन् । सञ्चार र प्रविधिविना अहिलेको जीवनशैली कसैले कल्पना पनि गर्न सक्दैन । आजका दिनमा सूचना प्रविधि एवम् सञ्चारको उपलब्धताले मानिसलाई समयभन्दा पनि अगाडि ('वन स्टेप अहेड') बढाइरहेको अनुभूत गर्न सकिन्छ । अझ आधुनिक समाजलाई 'डिजिटल समाज' भनेर पनि उपमा दिइएको छ । डिजिटल समाज प्रविधिमैत्री हुन्छ, प्रविधिमा नै रमाउँछ, प्रविधिमै आफ्नो जीवन गुजारा गर्छ । जे सोच्छ प्रविधि सोच्छ, जे गर्छ प्रविधिमा नै गर्छ । 'डिजिटल संसार' बिचित्रकै छ !

**सञ्चार र सूचना प्रविधिलाई 'बरदान' तथा 'अभिशाप' दुबै भन्न सकिन्छ । यसको उचित प्रयोग गरी हामी आफैं, परिवार, समाज, राष्ट्र र समग्र विश्वले नै सुख, समुन्नति, समृद्धि र खुसी हासिल गर्न सक्छौँ भने गलत प्रयोग गर्नाले आफैं खाल्डोमा जाकिन पनि सक्छौं ।**

त्यस्तै कोटेश्वरकी सिर्जना राईका अनुसार आफू र आफ्नो टोलछिमेकले आफ्नो संसारलाई डिजिटल बनाउने प्रयासस्वरूप विभिन्न विशेषता बोकेका इन्टरनेट सेवा, मोबाइल फोन, कम्प्युटर, ल्यापटप र अनेक प्रकारका अत्याधुनिक ग्याजेटहरू प्रयोग गरिरहेका छन्। सर्लाहीकी रुबी शर्माको विचार पनि सिर्जनाको भन्दा भिन्न छैन । उनी भन्छिन्, 'संसार बदलिएको विद्युत र इन्टरनेटले गर्दा नै हो ।' हाल बल्खु बस्ने जयराम चौधरीका विचारमा 'सञ्चार प्रविधिले सबैभन्दा किफायत गरेको समय नै हो । एक मिनेटमा विश्वका कुनै पनि ठाउँका खबर र सूचना पाइनु भनेको चानचुने कुरा होइन ।' समग्रमा भन्ने हो भने, छिटोछरितो सूचनाको आदानप्रदान हुने, भरपर्दो र पारदर्शिता अभिवृद्धि हुने, संसारभरिका गतिविधि तुरुन्त पाइने र नयाँ कुराहरूको जानकारी पाइने विशेषता नै 'डिजिटल वर्ल्ड'को विशेषता हो ।

### युवा पुस्ताको 'डिजिटल संसार' : एक खोज

अहिलेको नेपाली युवा पुस्ताले सूचना तथा सञ्चार प्रविधिलाई कसरी प्रयोग गरिरहेको छ त ? गाउँ र सहरमा प्रविधि प्रयोग केही फरक छ कि छैन ? छन् भने के के छन् ? यस्तो प्रविधिका नकारात्मक असर पनि छन् कि ? छन् भने अब के गर्नुपर्ला ? यी सवालहरू अहिलेको सन्दर्भमा निकै प्रासङ्गिक छन् । हामीले यस आलेखमा तिनै सवालहरू समेटी काठमाडौंस्थित एक तालिम केन्द्र (मिडिया हाउस) मा अध्ययन गर्दै गरेका २२ जना युवायुवतीहरूसँग विचार बुझ्ने प्रयास गरेका छौं । ती युवायुवती उपत्यकाभित्रका पनि छन्, बाहिरका ग्रामीण परिवेशका पनि छन् । साँच्चै भन्ने हो भने झापादेखि कञ्चनपुरसम्मकै प्रतिनिधित्व छ । तराई र पहाड दुबै भेग समेटिएका छन् । कम्तीमा आईए (प्लस टु) पास र बढीमा एमए पास गरेका युवायुवती यस खोजमूलक आलेखमा विचार राख्नेमा समेटिएका छन् । सहभागीको विचार बुझ्ने क्रममा एउटा चेकलिस्ट तयार पारी सबैलाई वितरण गरिएको थियो । चेकलिस्ट तयार पार्ने कार्यमा हामीले हाम्रा प्रशिक्षक तथा सल्लाहकार चेतनाथ कणेलबाट सहयोग पाएका थियौं । आलेख तयार पार्ने पंक्तिकारहरू (काभ्रे र झापा) पनि मिडिया हाउसमै तालिमरत छौं ।

### अब सोधखोजका मूल नतिजाहरूबारे क्रमशः चर्चा गरौं । आधुनिक समाज 'डिजिटल समाज'

डिजिटल समाज भनेको आईसीटी प्रविधि अधिकाधिक प्रयोग गर्ने जमात वा समाज भनेर बुझिन्छ । सहभागी युवाका धारणामा पनि यो कुरा मिल्छ । तेह्रथुमकी दीपा लिम्बूको विचारमा 'अहिलेको समाज इन्टरनेटमा सम्मिलित भएको समाज हो, इन्टरनेट सञ्जालले मान्छेको दूरीलाई सहज गरी साह्रै नजिक बनाइदिएको छ, कुनै पनि सूचनाप्रवाह गर्न सजिलो बनाइदिएको छ ।'

### दैनिक जीवनमा प्रयोग

सबै सहभागीले मोबाइल र त्यसमा पनि 'स्मार्ट मोबाइल' बोक्ने गरेको पाइयो । यो कुराले भन्छ, अहिलेको युवापुस्ता स्मार्ट बन्दैछ । भक्तपुरकी सानु दुवालको अनुभव छ, 'आफू पनि आधुनिक सूचना प्रविधिको एक प्रयोगकर्ता भएकोले यसले आफ्नो जीवनमा पारेको प्रभावबारे सोच्नुपर्दा अचम्मै लाग्छ । सूचनाले गर्दा कति छिटोछिटो अगाडि बढिरहेको छ संसार, छक्क परिन्छ । अब कोही पनि सञ्चारप्रविधि प्रयोग नगरी अछुतो रहन सक्दैन भन्ने मेरो अनुभव छ ।'

सञ्चारले सम्पर्कहरूलाई अत्यन्तै सहजीकरण गरेको छ । सम्पर्क अनेक माध्यमबाट भइरहेका छन् । साथीहरू भन्छन्, 'फोन, भाइबर, भिडियो कल, मेसेन्जर, इमेल, च्याट अनेक उपाय छन् आजकाल ।' कञ्चनपुर महेन्द्रनगरका सुशील चटौत र भैंसेपाटीकी शरणा के.सी. एकसाथ भन्छन्, 'सामाजिक सञ्जाल र दूरसञ्चारका माध्यमहरू प्रयोग नगरी अब को बस्न सक्छ ?' साथीहरूको अभिव्यक्तिमा हो मा हो मिलाउँछिन् लगनकी नवीना सिंह । उनी थप्छिन्, 'म इमेल र एसएमएस अलि बढी नै प्रयोग गर्छु ।'

आफ्नो दैनिक जीवन आधुनिक सूचनाका साधनहरूले गर्दा अति सहज भएको कुरा स्वीकार्छन् बालाजुकी सृष्टि अधिकारी र भैंसेपाटीकी प्रेमशोभा महर्जन । उनीहरूका विचारमा दैनिकरूपमा सञ्चार तथा सूचनाका माध्यमहरू बढी प्रयोग हुने भनेको 'देश विदेशमा रहेका आफन्त तथा साथीसँगीहरूको हालखबर बुझ्ने र उनीहरूले गरेका सफल, असफल कामहरूका बारेमा थाहा पाउने' हो ।

'अरुका सकारात्मक काम र प्रगतिबाट प्रेरणा लिने माध्यम पनि बनेको छ सामाजिक सञ्जाल', प्रतीक्षा राई र मोन्टी कार्कीको भनाइ छ । प्रतीक्षा थप्छिन्, 'नयाँनयाँ ज्ञान र सीप सिक्न अनि संसारभर फैलिएका मान्छेहरूसँग सम्पर्कमा रहन आधुनिक सूचना प्रविधिले नै सिकाएको हो, सहज बनाएको हो ।' मोन्टीको भनाइ छ, 'आईसीटीले गर्दा एकबाट अर्कोमा ज्ञान र सीप हस्तान्तरण अति सहज भएको छ ।'

'हामी आईसीटीलाई परिवर्तनको सबैभन्दा ठूलो संवाहक मान्न सक्छौं', उदयपुरकी रञ्जना कार्कीको भनाइ हो यो । उनका कुरामा सहमति जनाउँदै जावलाखेलकी सहारा के.सी थप्छिन्, 'सूचना सञ्चारका सकारात्मक पक्ष धेरै छन्, जति चर्चा गरे पनि कम नै हुन्छ ।'

### के त्यसो भए नकारात्मक असर केही छैनन् त ?

मत बुझ्ने क्रममा प्रायशः सबै सहभागीको धारणा पाइयो- 'सकारात्मक कुरा जसको हुन्छ, त्यसको केही नकारात्मक पक्ष पनि त हुन्छ । सूचनाप्रविधिका पनि केही नकारात्मक पक्षहरू अवश्य छन् ।'

### के के हुन् त ती नकारात्मक असरहरू?

नवलपरासीका रामप्रसाद पाण्डे भन्छन्, 'सूचना प्रविधिको अति प्रयोगले समाजमा एक्लोपन बढ्दै गएको छ । जोडिनुको साटो अझै पारिवारिक सम्बन्धमा बेमेल बढिरहेको छ । सामाजिक विकृतिहरू दिन दुई गुणा रात चौगुणा बढ्दो छ ।' ललितपुर सातदोबाटोकी आरती नकर्मीको विचारमा पनि 'गलत प्रवृत्ति फैलिने डर र भावी पुस्ताले गलत र सही छुट्याउन नसक्ने हुन् कि' भन्ने छ ।

बाँसबारीकी राधिका खड्काका अनुसार यसले समाजमा यस्तो भयावह अवस्थाको सृजना गरेको छ कि सँगै बसेका परिवारका मानिसहरू पनि एक अर्कालाई बेवास्ता गरी सामाजिक सञ्जालमा भुलिरहेका हुन्छन् । 'आजकालको यो एउटा ठूलो र साझा रोग हो', उनको भनाइ छ । 'यसले स्वास्थ्य र मानसिकतामा पनि गहिरो नकारात्मक असर पारेको छ, कतिपयमा लत नै बसेको छ, खानलाउन पनि बिर्सेर सामाजिक सञ्जालमा रम्ने जमात पनि छ', आफ्नो अनुभव सुनाउँदै कपनकी स्तुती खड्का भन्छिन् ।

त्यसो त हरेक कुरा आफैंमा कहिल्यै पनि नराम्रो हुँदैन । यही नियम सूचना-प्रविधिको क्षेत्रमा पनि लागू हुन्छ । समाज रुपान्तरणका संवाहक र संसारलाई आजको दिनसम्म डोहोऱ्याइरहेको सूचनाप्रविधिलाई सकारात्मक रुपमा प्रयोग गर्नु नै बुद्धिमानी ठहरिन्छ । यो मानवनिर्मित साधन हो । त्यसैले, जबसम्म मानिसले यसलाई नियन्त्रित रूपमा चलाउँछन् यो मानवको सहयोगी र दास हुन्छ । अर्को पाटो भनेको जब यसको प्रयोग अनियन्त्रित हुन्छ तब यो मानिसमैत्री हुँदैन र मानवलाई नै 'दास' बनाउँछ । अनि अपराध, बेमेल, बैमनस्यता, तनाव तथा आत्महत्याजस्ता कुकृत्यले स्थान जमाउन पुग्दछन् ।

### सदुपयोगका लागि केही सुझावहरू

मत सर्वेक्षणका क्रममा विभिन्न सहभागीहरूले सूचना प्रविधिको उच्चतम सदुपयोग गर्ने विशेष सल्लाह पनि दिएका छन् । ति सल्लाह निम्न छन्:

क) प्रविधिको महत्व बुझ्दै र आत्मसात गर्दै आवश्यकता अनुसारमात्र सकारात्मक रूपमा ठिक्क प्रयोग गर्ने ।

ख) सूचनाप्रविधि (सामाजिक सञ्जालसमेत) मा भएका विकृतिहरू पहिचान गरी न्यूनीकरण गर्ने प्रयास गर्ने ।

ग) अभिभावक र बालबालिकाहरूबीच नियमित अन्तर्क्रिया गर्ने ।

घ) जनचेतनामूलक कार्यक्रमहरू आयोजना गर्ने ।

ङ) अनावश्यक सामाजिक सञ्जाल र खराब एवम् अपरिचित व्यक्तिबाट टाढै रहने ।

च) गलत र अफवाह फैलाउने सूचना तथा त्यस्ता साइटलाई निरुत्साहित गर्ने ।

### निष्कर्ष

हामीले प्रविधिलाई आफ्नो अनुकूल उपयोग गर्न सिक्नुपर्छ । प्रविधि आफैंमा एक अथाह भण्डार हो । यसका सबल र दुर्बल पक्ष, विशेषता, उपयोगिताको पहिचानपश्चात् मात्र हामी आफूले चाहे जसरी आफ्नो फाइदाका लागि चलाउन सक्छौं । यसको सकारात्मक पक्ष भने पनि, नकारात्मक पक्ष भने पनि, हामी स्वयम्ले उपयोग गर्ने तरिकामा नै भर पर्ने कुरा हो ।

सूचना तथा सञ्चार प्रविधि मानवद्वारा मानवकै भलाइ र उपयोगका लागि हुनुपर्छ । प्रविधिलाई पहिचान गर्न सक्नु सकारात्मक पक्ष हो । अघि नै भनियो, यो हानिकारक पनि हुनसक्छ । त्यसैले सञ्चार र सूचना प्रविधिलाई 'बरदान' तथा 'अभिशाप' दुबै भन्न सकिन्छ । यसको उचित प्रयोग गरी हामी आफैं, परिवार, समाज, राष्ट्र र समग्र विश्वले नै सुख, समुन्नति, समृद्धि र खुसी हासिल गर्न सक्छौं भने गलत प्रयोग गर्नाले आफैं खाल्डोमा जाकिन पनि सक्छौं । ख्याल आफैं गरौं ! सचेत र प्रबुद्ध आफैं बनौं !!

(लेखकद्वय क्रमशः काभ्रे तथा झापा जिल्लाबाट काठमाडौं आई मिडिया हाउसमा प्रोफेसनल क्यापासिटी बिल्डिङ तालिम प्राप्त गरिरहनुभएको छ ।)

सम्पर्क इमेलः binodtripathi2014@gmail.com
followmetikaram@gmail.com

# शिक्षण र सूचना प्रविधि: केही व्यावहारिक अनुभवहरू



● विष्णुप्रसाद भण्डारी

**ग्रामीण क्षेत्रमा स्मार्ट फोन प्रयोग गर्नेको संख्या बढ्दै गए पनि इन्टरनेट सहज र सस्तो नहुनाले सूचना प्रविधिको प्रयोग हुनुपर्ने तहसम्म भएको छैन । हामी शिक्षककै सन्दर्भमा पनि त्यो कुरा लागू हुन्छ ।**

अहिलेको युगलाई सूचना प्रविधिको युग भनिन्छ । विकास, शिक्षा, पर्यटन, साहित्य, मनोरञ्जन, विपद् व्यवस्थापन आदि हरेक क्षेत्रमा सूचना प्रविधिले अपत्यारिलो किसिमले प्रभाव पारेको छ । मान्छेका हातहातमा मोबाइल छन् । घरघरमा कम्प्युटर छन् । संसार साँघुरिएको छ । एकछिनमा विश्वको कुनै पनि कुनामा भएको खबर पाउन अब कुनै आइतवार कुर्नु पर्दैन ।

तर सहरी क्षेत्रको तुलनामा ग्रामीण भेगमा सूचना प्रविधिको प्रयोग कठिन छ । विकसित देशको तुलनामा अल्पविकसित र विकासोन्मुख देशहरूमा सूचना प्रविधिले अपेक्षितरुपमा फस्टाउने मौका पाएको छैन । नेपालको सन्दर्भमा झन् भन्नै पर्दैन । गाउँगाउँमा सूचना प्रविधिका बाछिटा त पुगेका छन्, तर सबै वर्ग र तप्काका मान्छेका हातमा सूचना प्रविधि सहज हिसाबले पुग्न सकेको छैन । मोबाइलको प्रयोग त बढेको छ, तर सूचना प्रविधिको प्रयोगभन्दा बढी सञ्चार (फोन) गर्ने काममा मात्र प्रयोग हुने गरेको छ । ग्रामीण क्षेत्रमा स्मार्ट फोन प्रयोग गर्नेको संख्या बढ्दै गए पनि इन्टरनेट सहज र सस्तो नहुनाले सूचना प्रविधिको प्रयोग हुनुपर्ने तहसम्म भएको छैन । हामी शिक्षककै सन्दर्भमा पनि त्यो कुरा लागू हुन्छ । शिक्षकहरू समाजका अगुवा मानिन्छन्, समाजका सबैभन्दा बढी उदाहरणीय व्यक्ति मानिन्छन्, तर कम्प्युटर, मोबाइलजस्ता ग्याजेट सबै शिक्षकका हातमा पुगेका छैनन् । घरघरमा कम्प्युटर हुने शिक्षक ग्रामीण क्षेत्रमा कमै हुन्छन् ।

कम्प्युटर भए पनि नियमितरुपमा चलाउने व्यक्ति कम हुन्छन् । कारणवश कम्प्युटर बिग्रेमा बनाउने वा मरम्मत गर्ने कुरा ज्यादै कठिन छ । बनाउनु परे ठूलो रकम खर्च हुन्छ । विद्यालयमा डेस्कटप कम्प्युटर त छन्, तर कम्प्युटर प्रयोगबारे सिकाउने, मेन्टेनेन्स गर्ने शिक्षक (प्राविधिक) पाउनै कठिन छ । बाहिरबाट त्यस्ता व्यक्ति ल्याउनुपर्छ र अरु शिक्षकलाई भन्दा बढी नै तलब दिनुपर्ने हुन्छ । कम्प्युटर सुरुमा किन्नुभन्दा मेन्टेन गर्न धेरै खर्च लाग्छ । गाउँका विद्यालयमा विदेशमा बस्ने तथा सहरतिर बस्ने दाताहरूले कम्प्युटर उपहार दिएर गुन त लगाउने गरेका छन्, तर ती कम्प्युटर नियमित 'मेन्टेनेन्स' गरेर चलाउने काम कठिन रहेछ । धेरै विद्यार्थीले एउटै कम्प्युटर चलाउनुपर्दा त्यस्ता कम्प्युटर एक दुई हप्ता वा एक दुई महिनामा नै काम नलाग्ने संभावना पनि उत्तिकै हुँदोरहेछ ।

अर्को कुरा, विद्यालयमा सिकेर ती विद्यार्थीले घरमा अभ्यास गर्न पाउँदैनन्, जसले गर्दा एक-दुई दिन वा एक-दुई हप्तामा सिकाएको कुरा फेरि बिर्सन्छन् । नियमितरुपमा कम्प्युटर सिकाउन पनि एकमात्र शिक्षकका कारण कठिन रहेछ । अझ प्राथमिक (आधार भूत) तहका विद्यालयमा त यो ठूलो चुनौती हो । सरकारले साना बालबालिकालाई पनि कम्प्युटर सिकाऊ त भन्छ, तर विद्यालयमा नै प्रशस्त कम्प्युटर नहुनु, एक प्राविधिक शिक्षकका भरमा सम्पूर्ण शिक्षकहरू र विद्यार्थीहरू आश्रित रहनुपर्ने, बिग्रँदा मरम्मत गर्न र नयाँ पाटपुर्जा फेर्न महिनौं कुर्नुपर्ने अवस्था छ । कुनै पनि साझा वस्तु कम चल्छ भन्ने हाम्रो अनुभव नै हो । त्यसले गर्दा जतिवटा डेस्कटप विद्यालयमा राखे पनि ती धेरै दिन चल्दैनन् । शिक्षकका हातमा समेत अझै ल्यापटप पर्न सकेका छैनन् । जसले गर्दा कम्प्युटर प्रयोगप्रति शिक्षकको चासो कम भएको हो । यी केही व्यावहारिक यथार्थ हुन् ।

## सहरमा जस्तो हुँदैन गाउँमा !

सहरका हरेक विद्यालयका हरेक कक्षामा कम्प्युटरका माध्यमबाट भित्तामा देखाउँदै पढाइन्छ भनिन्छ। तर ग्रामीण क्षेत्रका सरकारी विद्यालयमा ती कुरा पुग्न अझ धेरै कुर्नुपर्ने देखिन्छ। कम्प्युटर हुँदा शिक्षक हुँदैन, शिक्षक हुँदा कम्प्युटर हुँदैन । अझ बिजुलीको नियमित उपलब्धता र हालका कक्षाकोठाहरूको बनोट अर्को चुनौती छ। कम्प्युटर सिकेर पढाउने कार्यमा कम्प्युटर प्रविधि वा नयाँ शिक्षण पद्धति अपनाउने भन्ने कुरा पुराना शिक्षकहरूका लागि ज्यादै कठिन काम हो। कम्प्युटर सिक्ने भनेर आधा/एक महिनामात्र तालिम पाएर अद्यावधिक हुँदै आफ्नो शिक्षण कार्यलाई अगाडि बढाउन अहिले सरकारी विद्यालयहरूमा पढाइरहेका पुराना शिक्षकका लागि थप चुनौती हो।

**के गर्ने, के नगर्ने, अबको जिम्मा स्थानीय सरकारकै हो । स्थानीय सरकार बलिया र तगडा भए सबै प्रणाली बलियो र तगडा हुनेछ ।**

व्यवहारिक रुपमा हेर्ने हो भने कति विद्यालयमा कति शिक्षकले कम्प्युटर चलाएर वा देखाएर पढाउँछन् होला ? उत्तर सहज छ : अति न्यून विद्यालयमा अति न्यून शिक्षकले आफ्नो शिक्षणमा सूचना प्रविधि प्रयोग गरिरहेका छन् ! अभिभावक र विद्यार्थीकै पनि चासो त्यतिसाह्रो कहाँ बढेको छ र ? कम्प्युटर भनेको कुन चराको नाउँ हो भनेर सोध्ने अभिभावक अझ पनि धेरै छन्।

अभिभावकको पनि चासो र आवश्यकता नभएसम्म हाम्रो ग्रामीण शिक्षण जहींको तहीं नरहला भन्न सकिन्न । अनेक चुनौती र समस्या छन् । अझ कतिपय ठाउँका विद्यालयमा विद्यार्थीलाई राम्रोसँग बस्ने बेन्च र टेबल त छैनन्, नचुहिने छाना त छैनन्, त्यस्तोमा सूचना प्रविधि प्रयोगको कुरा के गर्नु ? एकातिरको आँधी, एकातिरको झोलुङ्गो भनेको यही हो । अथवा, मुखमा लाउन के छैन, केमा लाउन जाइफल भनेझैं हुनसक्छ । सपना र कल्पना ठूला हुन्छन्, यथार्थको धरातल बिल्कुल अलग छ, फरक छ।

## घट्दो विद्यार्थी सङ्ख्या : एउटा चिन्ता !

सरकारी विद्यालयमा खासगरी प्राथमिक वा आधारभूत तहमा विद्यार्थी घट्दै गएका छन् । तल्लो तहमा नै विद्यार्थी घटेपछि माथिल्लो तहमा कसरी बढून् ? एउटा प्रावि वा आधारभूत विद्यालयमा ६०/७० जना विद्यार्थी र एउटा हाइस्कुलमा एकडेढ सय मात्र विद्यार्थी हुनु सामान्य भएको छ । अवस्था हेर्दै गयो र विश्लेषण गर्दै गयो भने अत्यन्तै सोचनीय र मर्मयुक्त छ यो कुरा। प्रतिशिक्षक १० जना विद्यार्थी पनि नपर्ने अहिले गाउँघरमा धेरै विद्यालय छन् । यही भएर होला कतिपय गाउँका बुजुकले आवेशमा आएर भन्ने पनि गर्छन् : 'अब सरकारी विद्यालय सबै बन्द गरिदिए भइहाल्यो नि, बेकारको खर्च किन ?' तर यो आवेशले देशको शिक्षा अगाडि बढ्न सक्दैन । विकट, दूरदराजमा र गरिबी तथा विपन्नताले जकडिएका बस्ती क्षेत्रमा बोर्डिङ स्कुल कसले खोल्छ ? कसले महँगो शुल्क तिरेर पढाउँछ ? नेपालको शिक्षा प्रणालीले गरिबलाई छुन सकेकै छैन ।

सरकारी विद्यालयमा पढाउने क्रम किन घटेको छ त ? कारण स्पष्ट छ, पालिकाका केन्द्र तथा ससाना बजार भएका ठाउँमा पनि बोर्डिङ (निजी) स्कुल खुल्दै गएपछि स्थानीय अभिभावकहरू सकेसम्म आफ्ना केटाकेटी सरकारी स्कुलमा पढाउन चाहन्नन् । सरकारी स्कुलमा सित्तैमा पढ्न पाइने भए पनि विद्यार्थी पनि बोर्डिङतिरै जान आतुर हुन्छन्।

पछिल्लो समयको यो एउटा 'फेसन' पनि हो । जति नै शुल्क लागे पनि अभिभावकले खाईनखाई आफ्ना बच्चालाई बोर्डिङ स्कुलमा पढाउन लालायित हुने संस्कारले गाउँघरतिरका सरकारी स्कुलहरू वर्षेनि खुम्चँदैछन् । सरकारी स्कुल भनेका गरिबका स्कुल हुन्, पुराना र कम पढेका शिक्षकले पढाउने स्कुल हुन् भन्ने भ्रमले पनि बास गरेको छ। यो समग्र नेपालकै लागि चुनौती हो।

शिक्षकलाई आधुनिक शिक्षण प्रविधि र नयाँ पाठ्यक्रमबारे छिटफुटरुपमा दिइने तालिमहरू प्रभावकारी बन्न सकेका छैनन् । अझ कतिपय ठाउँमा शिक्षकमात्र होइन, स्ययम् आरपी (स्रोतव्यक्ति) र विद्यालय निरीक्षकहरूलाई नै कम्प्युटर चलाउन आउँदैन । त्यस्ता व्यक्तिले शिक्षकलाई पनि कम्प्युटर वा सूचना प्रविधि प्रयोग गरी शिक्षण गर्नोस् भनेर कसरी भनून् ? 'कुरो गहिरो छ, घरछेउमै पहिरो छ'।

## अबका प्राथमिकताहरू के हुनुपर्छ ?

१) विश्व सूचना प्रविधिले नै अगाडि बढेको हो। हाम्रा विद्यालयमा पनि सूचना प्रविधि प्रयोग गर्नुको विकल्प छैन । हरेक केटाकेटी अहिले प्रविधिसँग परिचित हुन चाहन्छन् । हातमा मोबाइल पर्नासाथ एउटा डेढ वर्षको बच्चा पनि गेम खेल्न र अरु कुरा चलाएर मनोरञ्जन लिन चाहन्छ। तर सबैका हातमा मोबाइल (स्मार्ट) नहुन सक्छन्, इन्टरनेट उपलब्ध नहुन सक्छ, उपलब्ध भए पनि अत्यन्त महँगो छ, सर्वसुलभ छैन । साधन बिग्रेमा बनाउनका लागि प्राविधिकको अभाव छ । हरेक विद्यालयमा अनिवार्य कम्प्युटर शिक्षणप्रशिक्षण भन्ने कुरामा स्थानीय सरकारको चासो पुगेको छैन। अब पुग्नुपर्छ।

२) भौतिक पूर्वाधार (कक्षाकोठा, बिजुली, पर्दा, सहज बस्ने व्यवस्था, कम्प्युटर, इन्टरनेट, प्रिन्टर, प्रोजेक्टर आदि) बढाइदिने, उपयुक्त जनशक्ति जुटाइदिने काम हुन सकेको छैन । हरेक शिक्षकलाई अनिवार्यरुपमा लामो तालिम

दिलाउनुपर्छ । प्रयोगमा प्रेरित गर्दै शिक्षकको नियमित अनुगमन पनि गर्नुपर्छ ।

३) अभिभावकलाई पनि अभिमुखीकरण जरुरी छ । किन कम्प्युटर प्रयोग गर्नुपर्छ छोराछोरीले ? किन यस्ता साधनमा बाबुआमाले पनि लगानी गरिदिनुपर्छ र 'हरेक घरमा कमसेकम एक कम्प्युटर' हुनुपर्छ भन्ने कुरा सबैलाई बुझाउनु जरुरी छ । मोबाइल चलाउन जानेर मात्र पुग्दैन, कम्प्युटर पनि चलाउन जान्नुपर्छ भनेर सबै अभिभावक पनि 'कन्भिन्स' हुनुपर्छ । अभिभावकहरूले आवश्यकता महसुस गर्ने, आफ्ना बालबालिकालाई साधन किनिदिने र नियमितरुपले विद्यालयमा अन्तर्क्रिया हुने व्यवस्था पनि जरुरी छ ।

४) कतिपय सन्दर्भमा सूचना प्रविधि (मोबाइल) को अति धेरै र नाजायज प्रयोग पनि चुनौती बनिरहेको सन्दर्भमा 'सही काम, सही प्रविधि' होस् भन्नाका लागि अब स्थानीय सरकार, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र विद्यार्थी एकसाथ नारिएर अगाडि बढ्नुपर्छ ।

५) पुराना शिक्षकहरू क्रमशः 'रिटायर्ड' भएर निस्कँदै गरेकोले नयाँ शिक्षक भर्ना गर्दा सूचना प्रविधिको ज्ञान र अनुभवस्तर मूल्याङ्कन गरेर मात्र नियुक्ति गर्ने पद्धति सबैतिर बसाल्नुपर्छ ।

६) स्थानीय सरकारका व्यक्तिहरूले पनि शिक्षामा लगानी, व्यवस्थापन र गुणस्तर अभिवृद्धिबारे विशेष सिक्नुपर्छ । तालिम लिने, भ्रमणमा जाने गर्नुपर्छ । अन्यत्रका असल उदाहरण नहेरेसम्म आफूलाई परिवर्तन गर्न गाह्रो हुन्छ, त्यसैले अन्तका राम्रा कुरा हेर्ने र व्यवहारमा प्रयोग गर्ने प्रयास गर्नुपर्छ । गाउँ वा नगरपालिकाका लागि यो कुनै कठिन कार्य पनि होइन । पालिकाहरूले विद्यालय व्यवस्थापन समिति र शिक्षक प्रतिनिधिहरूलाई पनि भ्रमणमा लाने प्रक्रियालाई एकीकृत ढंगमा नियमित गर्नुपर्छ । हरेक पालिकाले प्रतिस्पर्धामा आफ्नो शिक्षालाई अब जबर्जस्त अगाडि बढाउनुपर्छ ।

७) विद्यालयमा भौतिक पूर्वाधार बढेसँगै सुरक्षा चुनौती पनि बढ्दै जान्छ । त्यसका लागि पालिका सरकारले हरेक विद्यालयमा दिवाकालीन परिचर (पियन) को व्यवस्था त अनिवार्य गर्नैपर्छ, त्यसबाहेक रात्रिकालीन चौकिदारको दरबन्दी पनि व्यवस्था गरिदिनुपर्छ । अब स्थानीय शिक्षा व्यवस्थापनको जिम्मा पालिका सरकारमा आएकोले शिक्षाको गुणस्तर बढाउने, शिक्षक व्यवस्थापन गर्ने, अभिभावक अभिमत बुझ्ने, विद्यार्थी प्रगति नाप्नेजस्ता नियमित काममा पालिकाले बढी चासो राख्नुपर्छ ।

८) शिक्षा नै विकासको आधार र दियो अनि मियो भएकोले पालिका सरकारहरूले शिक्षा विकासलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । अबको युग प्रविधिको युग भएकोले हरेक केटाकेटीलाई सानैदेखि प्रविधिमैत्री बनाउँदै लानुपर्छ । यसका लागि आधारभूत तहदेखि नै कम्प्युटर शिक्षा अनिवार्य गर्दै शिक्षण हुने व्यवस्था लागू गर्नुपर्छ ।

अन्तमा, के गर्ने, के नगर्ने, अबको जिम्मा स्थानीय सरकारकै हो । स्थानीय सरकार बलिया र तगडा भए सबै प्रणाली बलियो र तगडा हुनेछ । शिक्षाबाट सभ्यतासहितको विकास, सभ्य विकासबाटै समृद्धि बढ्ने छ । समृद्धि बढेमात्र सुख र खुसी बढ्नेछ । नेपालआमाको चाहना पूरा हुनेछ । (चेतनाथ कणेलको सहयोगमा)

*(लेखक गुल्मी जिल्लास्थित चन्द्रकोट गाउँपालिका, रुपाकोटको हीराभवन आधारभूत विद्यालयमा शिक्षण गर्नुहुन्छ ।)*
*इमेलः bishnumyalpokhara@gmail.com*

## नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
## (सन् १९९५ – २०१९)
## नेपानको स्थापनाकालदेखि हालसम्मका अध्यक्षहरू

- रमेश सिंह
- डा. शिवेशचन्द्र रेग्मी
- डा. विनोद भट्ट
- यशोधा श्रेष्ठ
- हुकुमबहादुर सिंह
- मानबहादुर थापा
- राघवराज रेग्मी
- डा. भोलाप्रसाद दाहाल
- तेजराज दाहाल
- डा. नानीराम सुवेदी
- छिङलमु शेर्पा
- ब्रह्मध्वज गुरुङ
- उत्तम उप्रेती
- चेतनाथ कणेल

## नेपानको स्थापनाकालदेखि हालसम्मका सचिवालय संयोजकहरू

- हुस्नबान्हु शेख
- डा. कमल फुयाल
- द्रोण केसी
- चेतनाथ कणेल
- झविन्द्र भण्डारी
- बच्चुराम बस्नेत
- डम्मर ब. लोहोरुङ राई
- दलबहादुर जी.सी.
- फटिकबहादुर थापा
- उषा अर्याल दाहाल

# सूचना प्रविधि, इन्टरनेटको लत र समाधान



● डा. नरेन्द्रसिंह ठगुन्ना

**इन्टरनेटसम्बन्धी लत लागेका व्यक्तिले अक्सर इन्टरनेट चलाउन नपाउँदा नकारात्मक भावनाहरू अनुभव गर्दछन् ।**

सूचना प्रविधिसँगै इन्टरनेटको द्रुत विकास, विस्तार र पहुँचले मानव जीवन छिटोछरितो भएको छ । विश्व इन्टरनेट तथ्यांक २०१७ का अनुसार पछिल्ला दुई दशकहरूमा, विश्वव्यापी रूपमा, इन्टरनेट प्रयोगकर्ताहरूको संख्या तीन अर्बको भन्दा बढी छ । सन् २०१७ सम्ममा, विश्वव्यापी इन्टरनेट प्रयोगकर्ताहरू मध्ये ४८.७% एशियामा, १७% युरोपमा र १०.९% अफ्रिकामा प्रयोगकर्ताहरू छन् । हालका केही वर्षको अमेरिकी डाटावेस अनुसार १२ देखि २९ सम्मका किशोर किशोरीहरू र युवा वयस्कहरूमध्ये ९३% ले बारम्बार अनलाइनमा सक्रिय रहेर इन्टर नेटको प्रयोग गरेको देखाएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार हाल नेपालमा इन्टरनेट प्रयोगकर्ताको संख्या एक करोड ९० लाख २५ हजार पुगेको छ । प्राधिकरणले केन्द्रीय तथ्यांक हालको अनुमानित २ करोड ९५ लाख १४ हजारको जनसंख्यालाई आधार बनाएर इन्टरनेट प्रयोगकर्ताको संख्या निकालेको हो । नेपालमा इन्टरनेट प्रयोगकर्तामध्ये ५० प्रतिशतले मोबाइलबाटै चलाउने गरेका छन् । नेपाल दूरसञ्चार प्राधिकरणले जारी गरेको पछिल्लो तथ्यांकअनुसार नेपालमा हाल ६४.४६ प्रतिशत नेपालीले विभिन्न माध्यमबाट इन्टरनेट (डाटा) प्रयोग गर्ने गरेका छन् । यसमध्ये तारसहितको इन्टरनेट प्रयोगकर्ता १२.६९ प्रतिशत, ताररहित सेवा प्रयोगकर्ता १.१९ प्रतिशत छन् । यसमा सबैभन्दा ठूलो हिस्सा मोबाइल प्रयोगकर्ताको छ ।

विद्यार्थीको पढाइमा पनि यसले धेरै सहयोग पुगेको छ । नेपालमा विशेषगरी ग्रामीण भेगको तुलनामा सहरी क्षेत्रमा इन्टरनेटको पहुँच बढेको छ । कार्यव्यस्तताले गर्दा हिजोआज अभिभावकले आफ्ना सन्तानलाई प्रशस्त समय दिन सक्दैनन् तर उनीहरूलाई मोबाइल, ट्याब, ल्यापटप आदि सजिलै किनिदिन्छन् ।

### के हो इन्टरनेटको लत

इन्टरनेटसम्बन्धी लत भन्नको लागि बिशेष गरि यति नै समय फोनमा बिताउनु पर्ने अथवा यति नै पटक सामाजिक सञ्जालमा आउने सूचना हेरिरख्नु पर्ने भन्ने छैन । तर जब यसले हाम्रो दैनिक जीवनका सम्बन्ध, काम वा पढाईमा असर गर्न थाल्छ त्यो बेला यसलाई समस्या मानिन्छ । इन्टरनेटसम्बन्धी लत लागेका व्यक्तिले अक्सर इन्टरनेट चलाउन नपाउँदा नकारात्मक भावनाहरू अनुभव गर्दछ । यसलाई विभिन्न नामले सम्वोधन गरिन्छ । जस्तै कम्प्युटर लत, बाध्यकारी इन्टरनेट प्रयोग, समस्यापूर्ण इन्टरनेट प्रयोग, इन्टरनेट निर्भरता आदि हुन सक्छ ।

इन्टरनेट दुर्व्यसनको लागि कुनै एक परिभाषा छैन यद्यपि इन्टरनेटको दुर्व्यसन भएका मानिसहरूलाई उनीहरूको अनलाइन गतिविधिहरूको कारण व्यक्तिगत र व्यावसायिक दायित्व पूरा गर्न समस्या हुन्छ, र इन्टरनेटको प्रयोगले परिवार र साथीहरूसँगको सम्बन्धमा तनाव उत्पन्न हुने गर्दछ ।

### यस्ता व्यवहार देखिए इन्टरनेटको लत

- तपाईं इन्टरनेटमा धेरै समय भिडियो गेम खेल्नमा बिताउनु हुन्छ ?
- के तपाईं बाध्यात्मक हिसाबले अनलाइन सपिङ्ग गर्नु हुन्छ ?
- के तपाईं आफ्नो फेसबुकमा आउने सूचनाहरू घरिघरि हेर्नबाट आफुलाई रोक्न सक्नु हुन्न ?
- के तपाईंको यस्तो किसिमको बानीले दैनिक जीवन काम, सम्बन्ध अथवा पढाईमा असर त परिरहेको छैन ?
- इन्टरनेट चलाउन धेरै समय खर्चिनका लागि तपाइँले अन्य कामलाई त्याग्ने वा बेवास्ता गर्ने त गर्नुहुन्न ?
- अफलाइन हुँदा पनि अनलाइन हुनेबारे सोँचिरहनुहुन्छ ?

- तपाइँले अनलाइनमा धेरै समय बिताएको भनि कतै अरुले तपाइँको आलोचना गर्न सुरु गरेका त छैनन् ?
- अनलाइनमा आउन तपाउँदा कतै तनाव तथा नमज्जा अनुभुति त हुँदैन ? अनलाइनमा आउँदा बित्तिकै त्यस्तो तनाव स्वात्तै हराइहाल्ने हुन्छ की ?
- के तपाइँ इन्टरनेट चलाएरै राति अबेरसम्म जागै बस्नुहुन्छ ?
- इन्टरनेटमा एकक्षण पनि जोडिन नपाउँदा निरास त बन्नुहुन्न ?

**समग्र एसियामा इन्टरनेट एडिक्सन ७.१ प्रतिशत रहेको छ । दक्षिण तथा पूर्वी युरोपमा ६.१ प्रतिशत, ओसेनियामा ४.३ प्रतिशत र उत्तरी तथा पश्चिमी युरोपमा २.६ प्रतिशत छ ।**

यदि तपाईंको उत्तर 'हो' भने तपाई लाई इन्टरनेटको लत छ । यदि यस्तो हो भने पक्का हुनुहोस, तपाईमा इन्टरनेटको लत लागिसकेको छ ।

### इन्टरनेटको लतको समस्या

अझै विश्वको ४०% भन्दा कममा मात्र इन्टरनेट पहुँच छ । विश्वव्यापी तथ्यांक हेर्ने हो भने आम जनसंख्याको करिब ३८ प्रतिशतमा यस्तो समस्या छ भने अमेरिकी तथा यूरोपेली देशमा जनसंख्याको ८ दशमलब २ प्रतिशतसम्ममा यो समस्या देखिएको विभिन्न अध्ययनले देखाएका छन् । ८८% अमेरिकीहरू इन्टरनेट प्रयोगकर्ता छन् । १८ देखि २४ वर्ष उमेर समुहका युवा वयस्कले बाथरूममा सामाजिक मिडिया प्रयोग गर्दछ ।

विश्वका प्रत्येक सयमा ६ जना अर्थात् १८ करोड २० लाख मानिस ग्रसित रहेको हालैको एक अध्ययनले देखाएको छ । युनिभर्सिटी अफ हङकङका शोधकर्ता सिसेलिया चेंग र एन्जेल यी लाम ली ले यसअघिका इन्टरनेटको लत सम्बन्धिका प्राज्ञिक अध्ययनको ८० वटा अध्ययनपत्रहरू छनोट गरी अध्ययन गरेका थिए जसमा विश्वका विभिन्न ७ क्षेत्रका ३१ देशका मानिसहरूको इन्टरनेटको लतका बारेमा शोध गरिएको थियो । उनीहरूका अनुसार मध्यपूर्व एसिया विश्वमा सबैभन्दा धेरै इन्टरनेट अम्मलीको क्षेत्र बनेको छ । त्यसक्रममा अध्ययनमा समावेश गरिएका देशहरूमा इन्टरनेट अम्मलीको संख्या कुल जनसंख्याको औषतमा ६ प्रतिशत रहेको पाइयो । सबैभन्दा उच्च इन्टरनेट लत भएको क्षेत्र मध्यपूर्व हो । त्यहाँ इन्टरनेट लतको दर १०.९ प्रतिशत रहेको छ, त्यसमा इरान, इजरायल, लेवनान र टर्की समावेश छन् । इन्टरनेट अम्मल उच्च रहेको दोश्रो क्षेत्र उत्तर अमेरिका परेको छ । त्यहाँ इन्टरनेट अम्मलीको संख्या ८ प्रतिशत छ । समग्र एसियामा इन्टरनेट एडिक्सन ७.१ प्रतिशत रहेको छ । दक्षिण तथा पूर्वी युरोपमा ६.१ प्रतिशत, ओसेनियामा ४.३ प्रतिशत र उत्तरी तथा पश्चिमी युरोपमा २.६ प्रतिशत छ ।

यसैबीच फ्रन्ट रेन्ज नामक संस्थाले गरेको अध्ययन अनुसार विश्वका ५३ प्रतिशत मोबाइल फोन प्रयोगकर्ताहरू आफ्नो मोबाइल चलाउन नपाउँदा निकै नै निरास बन्ने गरेको पाइएको छ ।

### नेपालमा इन्टरनेटको लतको समस्या

नेपालमा विद्यार्थीले विशेषगरी गृहकार्य गर्न, अनलाइन गेम खेल्न, च्याट गर्न, फेसबुक, भाइबर आदि सामाजिक सञ्जाल चलाउन, संगीत सुन्न इन्टरनेट प्रयोग गर्ने गरेको पाइएको छ । केही बालबालिकाले अश्लील सामग्री हेर्नकै लागि पनि इन्टरनेट प्रयोग गर्ने गरेको एक सर्वेक्षणले देखाएको छ । अभिभावकत्वको समस्याले गर्दा बालबालिकामा अनलाइनमार्फत हुने यौन दुर्व्यबहारको उच्च जोखिममा रहेका हुन्छन् ।

मरहटा र साथिहरूले (२०१७) र प्रमानिक र साथिहरूले (२०१२) गरेको दुईवटा अध्ययनले नेपालमा मेडिकलका विद्यार्थीहरूमा गरेका ४०% देखि ५०.८% सम्म सामान्य, ४०.७ % देखि ४२% सम्म अलिकति समस्या १.३% देखि ३.७% सम्म इन्टरनेटको लतसमस्या भएको पाईयो । झा र साथिहरूले (२०१६) गरेको अध्ययनले ९८% फेसवुक प्रयोग गर्ने अत्यधिक इन्टरनेटको लतले २१% मा आँखामा सुक्खापनको समस्या, १९% मा निन्द्रामा समस्या र १६% मा टाउको दुख्ने समस्या देखियो ।

एक्प्याट लग्जमबर्गले सन् २०१७ मा काठमाडौं उपत्यकाभित्र इन्टरनेट प्रयोग गर्ने चार सय ५२ बालबालिकामाथि सर्वेक्षण गरेको थियो । इन्टरनेट चलाउने कुल बालबालिकामध्ये १३.७ प्रतिशत अनलाइन दुर्व्यबहारमा परेको पाइएको छ । २० प्रतिशत बालबालिकाले कम्तीमा एकपटक अश्लील सामग्री हेर्ने बताएका छन् । इन्टरनेट चलाउने बालबालिकामध्ये जम्मा २२ प्रतिशत बालबालिकालाई मात्रै अनलाइनमार्फत हुने सम्भावित यौन दुर्व्यबहाबाट जोगिने उपायबारे जानकारी भएको देखियो ।

### इन्टरनेट एडिक्सन डिसआर्डरका प्रकार

इन्टरनेट एडिक्सन डिसआर्डरलाई निम्न ५ प्रकारमा वर्गीकरण गरिएको छ ।

१. नेट कम्पलसन (बाध्यता): अनलाइन जुवा, किनमेल, शेयर ट्रेडिंग, अनलाईन सपिङ्ग धेरै गर्ने ।

२. गेमिग एडिक्सन : अनलाइन खेल खेल्दै, अनलाइन गेम प्लेइङ गर्ने इन्टरनेटमा धेरै गेम खेल्ने लत ।

३ साइबर सेक्स र इन्टरनेट अश्लीलता: साइबर सेक्सुअल एडिक्सनमा इन्टरनेटमा पाइने यौन उत्तेजनात्मक लेख, पोस्टर वा भिडियोको लत ।

४. साइबर रिलेसन एडिक्सन : साइबर सम्बन्ध, सामाजिक मीडिया, अनलाइन डेटिग, अन्य भर्चुअल सञ्चार, धेरै मात्रामा च्याट, म्यासेन्जर, फेसबुक, इन्स्ट्राग्राम वा इमेलजस्ता सामाजिक सञ्जालको प्रयोग गरिराख्ने लत ।

५. जानकारी खोजी वा सूचनाको लागि नेट एडिक्सनः वेब सर्फिंग र डाटाबेस खोजी गर्ने । यस प्रकारको लतको मतलब भनेको तपाईलाई साना साना सूचनाको लागि अनलाइन मद्दत चाहिन्छ र समय धेरै बिताउँछन् । तपाई आफैं वेब सर्फिंग र जानकारी लगातार देख्नबाट रोक्न सक्नु हुन्न जसले जानकारी ओभरलोड गराउन सक्छ ।

**किन मानिसहरूलाई इन्टरनेटको लत लाग्छ ?**

पहुँचः धेरै मानिसहरूमा सजिलैसँग र अनलाइन प्राप्त गर्न सक्दछन दिन वा रातको कुनै पनि समयमा नेटको पहुँच भएका कारण ।

नियन्त्रणः जब व्यक्तिहरूले चाहेको वेलामा अन्य व्यक्तिहरूले थाहा नपइ, र नियन्त्रण नगरेको महसुस भएका कारण व्यक्ति अनलाइन जान सक्छन् ।

उत्साहः अनलाइनमा रहँदा व्यक्तिलाई एक प्रकारको उच्चस्तरको आनन्द दिन्छ । अनलाइन लिलामी, जुवा खेल्ने, वा खेल खेल्ने बिडिंगको रहस्य विशेष रूपमा रोमाञ्चक हुन सक्छ ।

पहुँच, नियन्त्रण र उत्साहको संयोजनले व्यक्तिलाई अनलाइन व्यसनीमा जान जारी राख्नको लागि सहयोग पुर्‍याउँछ ।

**इन्टरनेट लतका लक्षणहरू**

इन्टरनेट एडिक्सन डिसआर्डरको लक्षणहरूले आफूलाई दुबै शारीरिक र भावनात्मक अभिव्यक्तिहरूमा प्रस्तुत गर्न सक्छ । इन्टरनेट वा स्मार्ट फोनका लतले गर्ने असर अरु मानसिक समस्यामा जस्तैं एउटा मात्रै कारण यसमा भन्न सकिदैन । इन्टरनेटको लत विभिन्न प्रकारका जैविक, मनोवैज्ञानिक तथा सामाजिक कारणको समिश्रणले गर्दा हुन सक्छ । । इन्टरनेट एडिक्सन डिसर्डरको भावनात्मक लक्षणहरूमा समावेश हुन्छन् ।

**मानसिक/ भावनात्मक लक्षणहरू**

- उदासीनता (डिप्रेसन)
- झुठो वोल्ने वा बेइमानी
- दोषी महसुस
- चिन्ता र नर्भस हुनु
- कम्प्युटर प्रयोग गर्दा खुशीको अनुभूति
- प्राथमिकता दिन वा तालिकाहरू राख्न असमर्थता
- एक्लोपनको भावना वा एक्लीने
- समयको अनुभूति नहुनु
- वचाव र कामको बेवास्ता
- मूड स्विंग
- डर
- एकाकीपन
- नियमित कार्यहरूको साथ बोरडम
- ढिलाइ
- तनाव, तथा बेचैनी,
- निन्द्राको समस्या ।
- थकान महशुस हुनु ।
- रक्सिको दुरुपयोग बढ्नु ।
- कुनै कुरामा राम्ररी ध्यान केन्द्रित गर्न समस्या हुने वा कुनै नयाँ रचनात्मक कार्य गर्न गाह्रो पर्ने

**शारीरिक लक्षणहरू**

- पीठको दुखाई वा ढाड दुख्ने ।
- टाउको दुख्ने ।
- घाँटी र गर्दन दुख्ने ।
- सुख्खा आँखा र अन्य दृष्टि समस्याहरू
- वजन वा तौल घट्ने ।
- कार्पल टनेल सिन्ड्रोम
- टाउको दुख्ने
- अनिद्रा
- खान मन नहुने वा अत्यधिक खाना खाने
- व्यक्तिगत सरसफईमा ध्यान न दिने

**इन्टरनेट लत र मानसिक रोग**

इन्टरनेटको लतसँग संघर्ष गर्ने किशोर किशोरीहरूमा अरु मानसिक स्वास्थ्य समस्याहरू जस्तै मदिराजन्य पदार्थको प्रयोग, डिप्रेसन, आत्मघाती विचारधारा, एडीएचडी, फोबियस, स्किजोफ्रेनिया, जुनूनी(बाध्यकारी डिसआर्डर, र आक्रामकता जस्ता समस्याहरू पनि हुन्छन् ।

वयस्कहरू जो इन्टरनेटको दुर्व्यसनमा छन् उनीहरूलाई डिप्रेसन, चिन्ता, मदिरा जन्य पदार्थको प्रयोग समस्याहरू, बाध्यकारी आचरण, निद्रा विकार, एडीएचडी, क्रोधको समस्या, र विच्छेदनपूर्ण अनुभवहरू पनि हुन सक्छन् ।

मानिसहरूमा पहिले इन्टरनेटको दुर्व्यसन आउँछ, कि मानसिक स्वास्थ्य समस्या आउँछ भने कुरा मनोवैज्ञानिकहरूको विचमा बहसको विषय भएको छ ।

**इन्टरनेट लत समस्याको समाधान र रोकथाम**

केही मनोविद वा पेशेवरहरूले इन्टरनेट लतलाई जुनसुकै बाध्यकारी विकारको रूपमा वर्गीकृत गर्छन जबकि अन्यले यसलाई आवेग नियन्त्रण विकारसँग तुलना गरेका छन् । त्यसकारण, इन्टरनेट व्यसनको लागि कुनै एक मात्र खास उपचार पद्धति छैन ।

इन्टरनेट लत समस्याको उपचारको उद्देश्य भनेको यसलाई पूर्णरूपमा मेटाउनुको सट्टा इन्टरनेट प्रयोगको वरिपरि सीमा र सन्तुलन सिर्जना गर्नु हो । यदि एक निश्चित खेलको एपको अनुप्रयोग वा साइटको लतले ध्यान केन्द्रित देखिन्छ भने यसको प्रयोग रोक्न उपचारको हिस्सा हुनसक्छ । थेरापी प्राय जहिले पनि इन्टरनेट व्यसनको उपचारमा सम्मिलित हुन्छ। संज्ञानात्मक व्यवहार उपचार (सीबीटी) र समूह थेरापी सामान्यतया प्रयोग गरिन्छ । व्यायाम पनि इन्टरनेट व्यसनको उपचारमा सम्मिलित हुन सक्छ । प्रतिबन्धित इन्टरनेट प्रयोगको परिणामस्वरूप

दिमागमा कम डोपामाइनको प्रभावहरूलाई कम गर्न व्यायामले सहयोग गर्दछ । माथि उल्लेखित तरिकाहरूबाहेक समस्याको अवस्था हेरी आवश्यकताअनुसार कग्निटिभ बिहेबियेर थेरापी जस्ता मनोवैज्ञानिक उपचार विधिको प्रयोग समेत गर्नुपर्ने हुन सक्छ ।

विश्राम लिनुहोस्: उदाहरणको लागि, प्रत्येक ४५ मिनेट इन्टरनेटको उपयोग को लागि १५ मिनेट ब्रेक लिने कोशिश गर्नुहोस् । घर छोड्दा तपाईको स्मार्ट फोन वा ट्याब्लेट आफूसँग नराख्नुहोस् ।

तपाईंलाई मनपर्ने चीजहरूको सूची बनाउनुहोस् : जसमा इन्टरनेट समावेश छैन । यदि तपाईं अनलाइन जान प्रलोभित महसुस गर्नुहुन्छ भने, यसको सट्टामा तपाईंको सूचीबाट एक गतिविधि छनौट गरी आफुलाई व्यस्त गर्नुहोस् ।

फोन अफ गर्नेः रातमा निद्रा त्यागेर इन्टरनेट चलाइरहनेहरूका लागि फोन अफ गर्ने वा खाना खाने बेला तथा परिवार र साथीभाइसँग रहेको बेला साइलेन्ट मूडमा राख्ने विधि पनि इन्टरनेटको लत कम गर्ने एउटा तरिका हो । रातको समय सुत्न लाग्दा फोन प्रयोग नगर्ने ( फोनबाट उत्सर्जन हुने निलो किरणले निन्द्रामा समस्या ल्याउँछ ) । फोनबाट फेसबुक, इन्स्ट्र, म्यासेन्जर, ट्वीटरजस्ता एपहरू हटाउने । कतिपय व्यक्तिमा बारम्बार फोन हेर्ने वा चलाउने बानी हुन्छ । यस्तो अवस्थामा फोनको प्रयोग गर्ने समयावधि बिस्तारै सीमित गर्दै लग्न सकिन्छ । कहिलेकाही अलार्म राखी प्रयोग गर्ने समयअवधि निर्धारण गर्ने ।

नियन्त्रित रुपमा इन्टरनेट चलाउने : डिभाइसको पहुँच हटाउने र सुरुका ७२ घण्टा इन्टरनेट चलाउने ग्याजेट प्रयोगकर्ताको हातमा पर्नै नदिने । त्यसपछि विस्तारै नियन्त्रितरुपमा दिँदै जाने । दिनमा कति समय इन्टरनेट चलाउन दिने भन्ने अधिकतम समय तोक्ने र त्यस्तो नियम कडाइ पूर्वक पालना गर्ने ।

व्यवहार परिमार्जन गर्नेः फोन वा इन्टरनेट कति समय चलाउने भन्ने कुरा दैनिकीका आधारमा निर्धारण गर्ने वा आफुले गर्नुपर्ने केही कार्य सकेपछि सो सकेको इनामको रुपमा मात्र प्रयोग गर्ने । दिनमा केही समयका लागि आफ्नो फोन बन्द गर्ने (जस्तैं गाडी चलाउँदा, खान खाँदा, बच्चाबच्चीसँग खेल्दा र बाथरुम जाँदा) ।

References:


1. Internet world stats [Internet], 2018. Miniwatts marketing group. Available: https://www.internetworldstats.com/stats.htm
2. Pramanik T, Sherpa MT, Shrestha R. Internet addiction in a group of medical students: a cross sectional study. Nepal Med Coll J NMCJ 2012; 14: 46–48.
3. Marahatta SB, Adhikari B, Aryal N, et al. Internet addiction and associated factors among health sciences 8 J Psychiatrists' Association of Nepal Vol .4, No.2, 2015
4. Shakya R et. al. Problematic Internet Use.... students in Nepal. J Community Med Health Educ 2015; 5: 6–10. 28.
5. Jha RK, Shah DK, Basnet S, et al. Facebook use and its effects on the life of health science students in a private medical college of Nepal. BMC Res Notes 2016; 9: 378
6. Young, K. (1999). "The research and controversy surrounding internet addiction". Cyber Psychology and Behavior. 2 (5): 381–383.
7. http://netaddictioncom/netcompulsions/
8. Kuss DJ, Griffiths MD, Karila L and Billieux J. ( ). Internet Addiction: A Systematic Review of Epidemiological Research for the Last Decade. Current Pharmaceutical Design. 20.
9. Winker A, et. al. (2013) Treatment of internet addiction: a meta-analysis. Clinical Psychology Review. 33(2) :317-329.
10. Petersen KU, Weymann N, Schelb Y, Thiel R, Thomasius R. (2009). Pathological Internet use - epidemiology, diagnostics, co-occurring disorders and treatment. Fortschritte Der Neurologie Psychiatrie. [Review]. 77(5): 263-71.
11. Lanjun Z. (2009)The applications of group mental therapy and sports exercise prescriptions in the intervention of Internet addiction disorder. Psychological Science (China). 32(3): 738-741.
12. Beard KW. (2005). Internet addiction: a review of current assessment techniques and potential assessment questions. CyberPsychology & Behavior. 8(1): 7-14.


(डा. ठगुन्ना मनोविद् हुनुहुन्छ र पद्मकन्या क्याम्पसमा अध्यापन गर्नुहुन्छ ।)

# सूचना प्रविधिको क्षेत्रमा महिलाको सहभागिता किन न्यून?



● विन्दु गहतराज

**सूचना र सञ्चार प्रविधिको महत्व र आवश्यकता विकासका हरेक क्षेत्रहरूमा दिनहुँ अत्यावश्यक रूपले बढिरहँदा नेपाली महिलाहरूमा पनि सूचना र सञ्चार प्रविधिको क्रियाशीलता र सक्रियता बढ्दै गएको छ, तर पनि उनीहरूको सहभागिता अझै पनि बलियो र समान भने छैन ।**

एक्काइसौ शताब्दीलाई विश्वमा सूचना तथा सञ्चार प्रविधिको युगको रुपमा चित्रित गरिन्छ । सञ्चार प्रविधिले सामान्य मानिसको दैनिक जनजीवनदेखि समाज, देश एवंम राष्ट्रिय, अन्तर्राष्ट्रिय परिदृष्यमा हरेक पल, क्षण र क्रियाकलापहरूमा प्रभाव पारेको छ । सामान्यतयः सूचना तथा सञ्चार प्रविधि भन्नाले सूचना तथा जानकारीमा पहुँच सिर्जना गर्दै सूचनाको संकलन, प्रशोधन, भण्डार, प्रसारण र आवश्यकताअनुसार यसको उपभोग गर्न सकिने गरी सूचनालाई सञ्चार प्रविधिसँग संयोजितरुपमा तयार गरीएको एकीकृत संजालको रुपमा बुझ्न सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको द्रुत विकासले र प्रयोगले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्ने अवसरको सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

सूचना सञ्चार प्रविधिमा आबद्ध दूर सञ्चार जन्य सेवा र कम्पूटर प्रविधिको एकिकृतरुपको प्रयोगले विकास व्यवस्थापनलाई सरल मितव्ययी, समयानुकूल व्यवस्थापनयोग्य तुल्याउन सहयोग पुऱ्याएको छ । वर्तामान विकास व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको भूमिका यतिसम्म भइसकेको छ कि सूचना सञ्चार प्रविधिको प्रयोग विना विकासका एजेण्डाहरूको पहिचानदेखि, योजना तर्जुमा, त्यसको कार्यान्वयन, अनुगमन र प्रभाव मुल्याङनसम्मका सबै प्रक्रियाहरू अवरुद्ध बन्न पुग्दछन् । तसर्थ कुनै पनि मुलुकको चौतर्फि विकासको लागि सूचना र प्रविधिको प्रयोग अपरिहार्य एवंम् अति आवश्वयक मानिन्छ । साथै सूचना र प्रविधिको प्रयोग मुलकको विकासमा देखापर्ने चुनौतिहरूको सामान गर्ने एउटा सशक्त पूर्वाधार हुनुका साथै यसले विकासमा देखिने कठिनाइहरूलाई सहज बनाउन खेल्ने महत्वपूर्ण भूमिकालाई नर्कान सकिदैन ।

सूचना र प्रविधि क्षेत्रमा विश्वव्यापी विकास र प्रयोग बढ्दो क्रमसगैं नेपालमा पनि केही दशक यता सूचना र प्रविधिको विकास र प्रयोग तिव्ररुपमा स्थापित हुँदै गएको छ । विकास र सूचना सञ्चार प्रविधिको उचित संयोजनबाट नै देशको सामाजिक एवम् आर्थिक विकास रोजगारी सिर्जना, गरिबी न्युनीकरण र सूचना एवम् ज्ञानमा आधारित समाजको निर्माण गर्दै विद्युतीय शासन र सुशासनमा रुपान्तरण गर्न सकिने उद्देश्य अनुरुप पछिल्लो समय नेपालमा पनि हरेक सानादेखि ठूला, स्थानीयदेखि राष्ट्रियस्तरसम्मका विकासका गतिविधिहरूमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्न थालिएको छ । सूचना कै माध्यमबाट स्मार्ट शासनको अवधारणाअनुसार विकास परियोजनाहरूको सञ्चालनलाई प्राथमिकतामा राख्न थालिएको छ ।

यसरी सूचना र सञ्चार प्रविधिको महत्व र आवश्यकता विकासका हरेक क्षेत्रहरूमा दिनहुँ अत्यावश्यक रुपले बढिरहदाँ नेपाली महिलाहरूमा पनि सूचना र सञ्चार प्रविधिको क्रियाशीलता र सक्रियता बढ्दै गएको छ । ग्रामीणस्तरदेखि शहरसम्म व्यक्तिगतदेखि सार्वजनिक गतिविधिहरूसम्म सूचना र सञ्चार प्रविधिले पछिल्लो समयमा महिलाहरूलाई पनि उतिकै प्रभाव पारेको देखिन्छ । विद्यालयमा पढ्ने ससाना बालिकाहरू, कलेजमा पढ्ने युवतीहरूदेखि निजी र सरकारी तथा गैह्रसरकारी सेवा, कार्यालयमा आबद्ध अधिकांश महिलाहरू दिन प्रतिदिन सूचना र प्रविधिसँग जोडिदै गएका छन् । सूचनाको संङकलन, सम्प्रेषण, एवं सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लागायतका प्रविधिमा महिलाहरूको संलग्नता बढ्दै गएको छ। सूचना र प्रविधिको बढ्दो प्रयोगसँगै महिलाहरूको सक्रियता आम सञ्चारका माध्यमहरू पत्रपत्रिका,

रेडियो, टेलिभिजन, चलचित्र, पुस्तक, इन्टरनेट, अनलाइन आदीमा पनि तिब्र रुपले बढिरहेको छ । विश्वप्रविधि बजारसँगै नेपालमा भित्रिएका आधुनिक दुर सञ्चारका माध्यमहरू लगायत सामाजिक सञ्जालहरूमा पनि महिलाहरूको संलग्नता व्यापक रुपले बढिरहेको छ ।

**नेपालमा सूचना प्रविधि शिक्षा केही खर्चिलो हुनका साथै बढि मात्रमा शहर केन्द्रित हुने हुनाले सूचना तथा प्राविधिक क्षेत्रमा बढी मात्रामा शहरमा बसोबास गर्ने महिलाहरू संलग्न छन् ।**

सूचना र प्रविधिको विश्वव्यापी विकास र प्रभावलाई मध्येनजर गर्दै संयुक्त राष्ट्रसंगका सदस्य राष्ट्रहरू र अन्तर्राष्ट्रिय दुर सञ्चार संघ (आइ.टि.यु.) को अग्रसरतामा प्रत्येक बर्ष अप्रिल महिनाको २६ गते चौथो बिहिबार “इन्टरनेसनल गल्स इन आइसिटी डे” नेपालमा पनि मनाउन थालिएको छ । सोही अवसरमा गत बर्ष सन् २०१८ मा नेपालमा पनि नेपाल दूरसञ्चार प्राधिकरणले सूचना प्रविधिमा महिला सहभागितासम्बन्धी कार्यक्रममा बालबालिका, युवती, महिलाहरूलाई सूचना तथा प्रविधि क्षेत्रमा क्षमता अभिबृद्धि गरी उनीहरूको सशक्तीकरणमा टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरू गर्न गराउने प्रयोजन अघि सारेको छ । यसबाट धेरैजसो महिलाहरूलाई एकातिर सूचना प्रविधिसँगै विभिन्न तालिम, प्रतियोगिता अन्तरक्रिया र अन्य उपयुक्त कार्यक्रममा संलग्न हुने अवसर सिर्जना भएको छ भने अर्कोतिर महिला बालबालिकहरूलाई सूचना र प्रविधिको क्षेत्रमा अघि बढ्न प्रोत्साहन मिलेको छ । २०१३ सालदेखि नेपालमा हरेक बर्ष मनाइने यो दिवसमा यो वर्ष पनि महिलाहरूलाई सूचना र प्रविधिमा पहुचँ पुऱ्याउने उद्देश्यअनुरुपका तालिम, कार्यक्रमहरू, अन्तरक्रियाहरूको आयोजना गरि मनाइएको छ जसले प्रत्येक वर्ष नेपाली महिलाहरूलाई सूचना र प्रविधिसँग प्रत्येक्ष वा अप्रत्यक्षरुपमा जोडिनका उर्जा मिलेको छ ।

सूचना प्रविधिको क्षेत्रमा महिलाहरूको सहभागिता र क्रियाशिलता अभिबृद्धि गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा भएका विभिन्न प्रयासहरूलाई अवलम्बन गर्दै नेपालमा पनि विभिन्न संवैधानिक व्यवस्था धारा १९, सञ्चारको हक धारा २७, सूचनाको हक र धारा ४६, मा उक्त हकहरूलाई संवैधानिक उपचारबाट संरक्षण गरिनुका साथै कानुनी, नीतिगत, संस्थागत एवंम कार्यगत व्यवस्थामार्फत् महिलाहरूको सूचना र प्रविधिको समान अधिकारमा जोड दिइएको छ । सुचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चार प्रविधिलाई युवा, महिला तथा बालबालिकासम्बन्धी विषयहरूमा मुल प्रवाहिकरण गर्ने माध्यमको रुपमा स्थापित गर्दै लगिने नीति लिनुका साथै विभिन्न अवसरहरू प्रदान गरी उक्त समुहको शसक्तिकरणमा जोड दिएको छ । त्यसैगरी महिला तथा युवा लक्षित सूचना तथा सञ्चार प्रविधि जन्य कार्यक्रमलाई विशेष प्राथमिकतामा राखी बञ्चितीकरण तथा विपन्नवर्गमा परेका समुदायको लागि सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चत गर्न विशेष कार्यक्रम लागू गर्ने नीति लिएको छ जसबाट बञ्चितीकरणमा परेका समुहहरू बढि लाभन्वित हुने अवसरहरू पनि सिर्जना भएको छ । तर कार्यान्वयन पक्ष अझै सशक्त नहुँदा नेपाली महिलाहरूलाई सूचना र प्रविधि क्षेत्रमा अगाढि बढ्न उत्तिकै जटिल समस्याहरू पनि देखिएका छन् जसलाई बुदाँगत रुपमा सुक्ष्म तरिकाले विश्लेषण गरिएको छ ।

## सूचना प्राविधिक शिक्षामा महिलाको न्यून उपस्थिति

नेपालमा शिक्षाको विकास र प्रभावसँगै महिला साक्षरता दर ह्वातै बढीरहेको छ । तर शिक्षा क्षेत्रमा आएको नयाँ शैक्षिक आयमहरू हाल अध्यापन गराइने कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स तथा कम्युनिकेशन इन्जिनियरिङ्ग, कम्प्युटर एप्लिकेशन्स, कम्प्युटर साइन्स तथा इन्फरमेशन टेक्नोलोजी आदि विषयमा अझैपनि महिलाहरूको रुचि र पहुँच पुरुषहरूको तुलनामा धेरै कम नै देखिन्छ । एकातिर प्रविधि क्षेत्रलाई महिलाहरू स्वयंले दिमागी विषय भनेर बुझिदिने र आउन डराउने हुनाले यो क्षेत्रका उनीहरूको उपस्थिति कम भएको हो भने अर्कोतिर अझैपनि नेपाली समाजमा प्राविधिक शिक्षा खर्चिलो हुन्छ भनी महिलाहरूलाई अध्यापन गराउन कन्जुसाइँ गर्ने संकुचित मानसिकता पनि छ । यस क्षेत्रलाई नै कर्म थलो बनाएर लाग्न खोज्ने महिलाहरू पारिवारिक र सामाजिक कारणले पनि अगाढि आउन सकेका छैनन् । त्यसैले सरकारी क्षेत्र निकायमा निर्देशकको रुपमा काम गर्न महिलाहरूको सूचना र प्रविधि क्षेत्रमा महिलाहरूको अनिवार्य सहभागिता भएपनि नेपालको केही सफ्टवेअर उद्योगमा केही महिलाहरू नेतृत्व भूमिकामा काम गरीरहेका देखिन्छन तर उनीहरूको उपस्थिति पर्याप्त या बलियो मात्रामा भने देखिदैन ।

सूचना प्रविधिका क्षेत्रमा महिलाहरूको सहभागितामा बृद्धि भएपनि वर्तमान समयसम्म यस क्षेत्रमा दक्ष, निपूर्ण, क्षमतायुक्त व्यावसायिक महिला जनशक्ति बढी मात्रमा उत्पादन हुन सकेको छैन । नेपाल टेलिकमकी सहायक निर्देशक रोजा किरण बासुकलाले नेपाल टेलिकममा नै पनि अति कम पाँच प्रतिशत महिला प्राविधिक रहेको उल्लेख गरेकी छन् । उनका अनुसार नेपालमा २१ हजारको हाराहारीमा महिलाहरू आइसिटी क्षेत्रमा सहभागी देखिएका छन् जुन न्यून नै हो ।

## ग्रामीण भेगमा महिलाहरूको सूचना र प्रविधिमा पहुँच नपुग्नु

नेपालमा सूचना प्रविधि शिक्षा केही खर्चिलो हुनका साथै बढि मात्रमा शहर केन्द्रित हुने हुनाले सूचना तथा प्राविधिक क्षेत्रमा बढी मात्रामा शहरमा बसोबास गर्ने महिलाहरू संलग्न छन् ।

सूचना प्रविधि शहरमा केन्द्रित हुँदा स्वत ग्रामीण महिलाहरूको यस क्षेत्रमा पहुँच पुग्न नसक्नु कुनै नौलो कुरा भएन तर पहुँच पुगेका केही शहरका महिलाहरूले भने आफुलाई यस क्षेत्रमा निर्खादै सफल मात्र नभएर अब्बल पनि सावित गरिरहेका छन् । अधिकांश ग्रामीण महिलाहरू अझैपनि ससाना प्रविधिक कामको लागि पनि षुरुषहरूसँग नै भर पर्नुपर्ने अवस्था छ । दैनिक जीवनमा प्रयोग हुने मोबाइल फोन, कम्प्यूटर, इन्टरनेट आदी कार्यहरूमा अधिकांश शहरका महिलाहरूको पहुँच भएपनि ग्रामीण महिलाहरू अझै यसको पहुचँबाट टाढै छन् । त्यसैगरी व्यपार, व्यवसाय, उद्योग, बैङ्क, वित्तिय, शिक्षा, रोजगारी निजी तथा सरकारी आदी क्षेत्रमा पनि ग्रामीण महिलाको तुलनामा शहरमा बस्ने महिलाहरू सूचना र प्रविधिसँग बढी आबद्ध र क्रियाशील छन् ।

## सूचना प्रविधि क्षेत्रमा भौतिक पूर्वाधारको कमी

नेपालमा सूचना र प्रविधिको क्षेत्रमा एकातिर महिला दक्ष जनशक्तिको कमी छ भने अर्कोतिर दक्ष जनशक्तिले पनि सूचना र प्रविधि महिलामैत्री नहुदाँ एवमं भौतिक पूर्वाधारको अभाव हुँदा सूचना र प्रविधिको उपयुक्त प्रयोग गर्न पाएका छैनन् । देशको जटिल भौगोलिक बनावटका कारण मुलुकका सबै भुभागमा सूचना सञ्चार प्रविधिजन्य पूर्वाधारको स्थापना विकास र विस्तारमा कठिनाई देखिएको छ । सार्वजनिक सेवाको क्षेत्रमा हाल भइरहेको सूचना प्रविधिको उपभोगको अभ्यासमा पनि विभिन्न जटिलताहरू देखिएका छन् भने सेवा प्रदायकहरूमा व्यावसायिकता र प्रर्याप्त ज्ञानको कमी, सेवाग्राहीहरू प्रविधिमैत्री बन्न नसकेको अवस्था छ ।

## महिलामैत्री सूचना र प्रविधिको अभाव

नेपालमा सूचना र प्रविधिको विकास निरन्तर बढ्दै गएपनि महिलामैत्री सूचना र प्रविधिको विकास अझै हुन सकेको छैन । सूचना सञ्चार प्रविधि सम्बद्ध पुर्वाधार र साधनहरूलाई विलासिताको वस्तुको रुपमा लिने नेपाली मानसिकता पनि यस क्षेत्रको विकास विस्तारमा बाधकको रुपमा छ । संसारमा दिनदिनै अत्याधुनिक बन्दै गईरहेको सूचना सञ्चार प्रविधिको उपभोग गर्न सक्ने ज्ञान सीप दक्षता र क्षमतायुक्त महिला जनशक्ति नहुदाँ महिलाहरू सूचना र प्रविधि प्रयोग गर्ने नाउँमा विसंगति



र विकृतिको शिकार बन्दै गएका छन् । त्यसैगरी महिलाहरूलाई विभिन्न क्षेत्रमा सूचना सञ्चार प्रविधिको उपभोग र यसले प्रभाव पार्न सक्ने सकारात्मक प्रभावका बारेमा प्रर्याप्त अध्ययन, अनुसन्धान उपलब्धता हुन सकेको छैन जसको कारण केही महिलाहरू सूचना र प्रविधिको दुरुपयोगमा पनि संलग्न हुन बाध्य भएका छन् । सूचना सञ्चार प्रविधिको सुरक्षित उपयोग गर्ने र गोपनियता कायम राख्ने विषय पनि चुनौतीपूर्ण बन्दै गएको छ जसको असर वर्तमानमा बढी महिलाहरूले नै भोग्नु परेको छ । यस क्षेत्रबाट सिर्जना भएका र हुन सक्ने विकृति, विसंगति र गैरकानुनी क्रियाकलापहरूलाई निरुत्साहन र दण्डित गर्न सक्ने मुलुकी क्षमता कमजोर छ । सञ्चार प्रविधिको बढ्दो उपयोगलाई व्यवस्थित रुपले प्रबर्द्धन गरी सम्भावित अपराधको जोखिमलाई न्युनीकरण गर्न एवंम सोबाट आउन सक्ने विकृतिहरू नियन्त्रण गर्न प्रभावकारी नियमनको अभाव हुँदा महिलाहरू यस क्षेत्रमा संलग्न हुन नचाहेको देखिन्छ ।

## शैक्षिक संस्थाहरू प्रविधिमैत्री नहुनु

नेपालका अधिकांश शैक्षिक संस्थाहरू मन्टेश्वरी, विद्यालय, र केही क्याम्पस र विश्वविद्यालयहरूमा बढी मात्रामा महिलाहरू शिक्षण पेशामा आबद्ध छन् । तर शैक्षिक संस्थाहरू प्रविधिमैत्री नहुँदाँ दुवै शिक्षिका र छात्राहरूले सूचना र प्रविधिको राम्ररी उपभोग गर्न पाएका छैनन । सूचना प्रविधिलाई महिलामैत्री र शिक्षामैत्री बनाउन विभिन्न प्रयासहरू नभएका होइन तर मुलतः विद्यालयका छात्रा तथा बालिकाहरूको बौद्धिक, शैक्षिक तथा सामाजिक विकास हुने गरी सूचना र प्रविधिको प्रयोगमा ध्यान दिन सकिएको छैन । नेपालमा स्कुले शिक्षा सामान्यतः आधर भुत तह कक्षा १ देखि कक्षा ८ सम्मको पढाईमा निर्भर रहने गर्दछ । तैपनि आइसिटि तथा यस क्षेत्रको आधारभुत सिकाई, शब्दावलीहरूको अध्ययन तथा व्याख्या, सम्बन्धित राष्ट्रिय तथा अन्तराँष्ट्रिय संघसंस्थाको परिचय तथा जानकारी, आइसिटीको महत्व र यसको बहुआयामिक पुहँच तथा असरबारे विद्यालयदेखि नै पाठ्क्रम भित्र समावेश हुन सकेको छैन । साथै यस प्रविधिबाट लिन सकिने यसको फाइदा तथा यसको दुरुपयोग तथा नकारात्मक प्रभाव र साइबर सुरक्षाका बारेमा अपनाउनुपर्ने आधारभुत पक्षहरूका बारेमा छात्रछात्रालाई सिकाउन र अभ्यास गराउन सकिएको छैन । माध्यमिक तहको शिक्षामा सूचना प्रविधिका व्यावसायिक पक्षहरू, प्रविधिगत तौरतरिका, विधि, टुल्स, एप्सका व्यावसायिक शिक्षाबारेमा महिलाहरूलाई आवश्यक ज्ञान प्रधान गर्न सकिएको छैन ।

## सूचना र प्रविधि शिक्षा अन्य अनिवार्यता र प्राथमिकतामा जोड नहुनु

नेपालमा सरकारीलगायत निजी सिटिईभिटिद्वारा मान्यता प्राप्त संस्थाहरूका लागि सूचना र प्रविधि शिक्षासम्बन्धी थप सिकाई, ज्ञान प्राप्त गर्न सकिन्छ तर त्यस्ता प्रयासहरू अझै कमै भएको देखिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाले नै प्लस टु तथा कलेज लेभलका छात्रा तथा महिलाहरूलाई प्रविधिक पेशामा आबद्ध बनाएर कामकाजी महिलाहरूको शैक्षिक तथा बौद्धिक विकासमा टेवा पुर्याउन सकिन्छ तर त्यसको लागि सहज वातावरण अझै पनि बन्न सकेको छैन । यस्तै हाल अध्यापन गराइने कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स तथा कम्युनिकेशन इन्जिनियरिङ्ग, कम्प्युटर एप्लिकेशन्स, कम्प्युटर साइन्स तथा इन्फरमेशन टेक्नोलोजी जस्ता विषय लिई प्रविणता, प्रमाणपत्र, व्याचलर्स तथा मास्टर्स तहका विद्यार्थीहरूका लागि यस क्षेत्रमा प्रशस्त रोजगारीका अवसरहरू सिर्जना गरी यसबाट उनीहरूलाई लाभान्वित बनाउन सकिएको छैन । साथै केही निजीदेखि सरकारी सेवामा पनि सूचना र प्रविधिको क्षेत्रमा महिला सहभागितालाई विशेष प्राथमिकता साथ निश्चित कोटाको सुनिश्चित गरिएको भएपनि कार्यान्वयको पक्ष अझै फितलो छ ।

यसरी महिलाहरूलाई नेपालको सन्दर्भमा सूचना र प्रविधिको क्षेत्रमा चुनौति र संभावना सँगसँगै देखिएका छन् । तर विश्वव्यापीरुपमा सूचना र प्रविधिको बढ्दो प्रयोग र लोकप्रियता पछ्याउदै पछिल्लो समयमा नेपाली महिलाहरू पनि सूचना र प्रविधिका क्षेत्रमा खडा भएका अवरोधहरूलाई सामना गर्दै दिनप्रतिदिन अबब्ल हुँदै उद्यमीसम्म बन्न सफल भएका छन् । सूचना र प्रविधिको क्षेत्रमा नेपाली महिलाले आफुलाई निखार्दै बैङ्क, वित्तीय क्षेत्र वा सफ्टवेयर कम्पनी अथवा विज्ञान प्रविधि इत्यादि क्षेत्रमा सफल मात्र होइन अब्बल नै साबित गरीरहेका छन् । साथै सूचना प्रविधिको पहुँच र प्रयोगलाई सक्दो उपभोग गरेर मानिसको दैनिक जीवनमा सहजता ल्याउनमा महिलाहरूले अहम भूमिका निर्वाह गरेका छन् । अझ उचित वातावरण पाएको खण्डमा नेपाली महिलाहरू यस क्षेत्रमा पुरुष जतिकै अब्बल भएर अगाडि बढ्न सक्षम छन् । तसर्थ सूचना र प्रविधि प्रति महिलाहरूको बढ्दो आर्कषण र संलग्नतालाई मध्येनजर गर्दै महिलाहरूका लागि यस क्षेत्रमा देखिएका चुनौतिहरूको सामाना गर्दै उचित वातावरण बनाउन सम्बन्धित पक्षहरूबाट पहल हुन जरुरी छ । विश्व नै एक गाउँ भएको बेला अब आउने नयाँ पुस्तामा सूचना प्रविधि अनिवार्य भएको छ यसकारण महिलाको सहभागिता सकेसम्म बढी हुनुपर्छ, महिलाहरू प्रविधि क्षेत्रमा नेतृत्वदायी भूमिकामा आउनको लागि जोड दिनु आवश्यक छ । विश्वव्यापी रुपमा मौलाएको सूचना र प्रविधिको क्षेत्रमा नेपाली महिलाहरूको पनि सक्दो सहभागिता बढाउन र उचित वातावरण कायम राख्न सरकार र सम्बन्धित पक्षको बेलौमा ध्यान जान जरुरी छ ।

**सन्दर्भ सामग्रीहरू :**

नागरिक दैनिक (२०७६) मा प्रकाशित विभिन्न सूचना र प्रविधि सम्बन्धी विभिन्न समाचार, लेख र रिर्पोटहरू

*(लेखक नेपान सदस्य हुनुहुन्छ ।)*

# एचआईभी एड्स नियन्त्रणमा सूचना प्रविधिको भूमिका र यसको प्रयोग



● दलबहादुर जि.सी.

**नेपालमै एचआईभीको संक्रमण दर घट्दै जानु राम्रो हो । यद्यपि प्रभावकारी नीति र कार्यान्वयनमा थप जोड दिनुपर्ने छ । सूचना प्रविधिको विकास र यसको सदुपयोगले संक्रमण दर घटाउन मद्दत गरेको छ, तर प्रविधिको दुरूपयोगमा भने विशेष ख्याल गर्नुपर्ने समय आएको छ ।**

एचआईभी एड्सको जोखिममा रहेका जनसंख्यामा अधिकांश हिस्सा युवाहरूको नै छन् । नेपालको संक्रमणको स्थिति केन्द्रिकृत महामारीमा रहेकाले जोखिममा रहेको समुहमा यौनकर्मी महिला र तिनका ग्राहकहरू, तेश्रो लिंगी, सुईद्धारा लागु पदार्थ प्रयोग गर्नेहरू, आप्रवासी कामदार छन् । युवायुवतीहरू जो जोशमा होस गुमाउँछन्, सबैभन्दा बढि यौन संक्रमणका Sexual Transmission माध्यमबाट, त्यसैगरी रगतको माध्यमबाट र सक्रमित आमाबाट वच्चामा सक्रमण हुने गरेकोछ। नेपालमा सन् २०१० र २०१५ को तथ्याङ्कलाई तुलना गर्दा नयाँ संक्रमणदरमा ४३ प्रतिशतले कमी आएको, एड्स सम्वन्धित मृत्युमा १२ प्रतिशत कमि आएको, साथै बालबालिकाहरूमा नयाँ संक्रमण ५७ प्रतिशतले कमि भएको पाईएकोछ।

अर्कोतिर हातहातमा मोबाईल, साथसाथमा ल्यापटप, च्याटीङ., फेसबुक, भाईबर, युट्युब, टिभी, रेडियो पत्रपत्रिकाको प्रयोग दिनानुदिन बढिरहेको अवस्थामा सूचना प्रविधिको विकास संगसंगै एचआईभी एड्स न्युनीकरणमा पनि यस्तो प्रविधिको उपयोगले महत्वपुर्ण योगदान पुर्‍याउदै आएको पाईन्छ।

विश्वमा २०१८ को युएनएड्सको तथ्याङ्कअनुसार अनुमानित ३७.९ मिलियन व्यक्ति एचआईभी सक्रमित थिए भने १.७ मिलियन नयाँ एचआईभी संक्रमित व्यक्तिहरू थिए जुन २०१० को तुलनामा १६ प्रतिशतले घटेको पाइएको थियो । यसैगरी २०१८ मा एड्स सम्बन्धी मृत्यु भएका व्यक्तिहरूको संख्या ७,७०,००० रहेको थियो।

**विश्व र नेपाली परीवेश विश्वको एड्स संक्रमण २०१८ (श्रोत युएनएड्स)**

| | | | |
|---|---|---|---|
| एच आइभी संक्रमित व्यक्तिहरू | जम्मा | ३७.९ मिलियन | ३२.७ मिलियन ४४ मिलियन |
| | प्रौढहरू | ३६. २ मिलियन | ३१.३ मिलियन४२.० मिलियन |
| | महिलाहरू १५ वर्ष माथिका | १८.८ मिलियन | १६.४ मिलियन २१.७ मिलियन |
| | बालबालिकाहरू १५ वर्ष मुनिका | १.७ मिलियन | १.३ मिलियन २.२ मिलियन |
| सन् २०१८ मा नयाँ एच आइभी संक्रमित व्यक्तिहरू | जम्मा | १.७ मिलियन | १.४ मिलियन २.३ मिलियन |
| | प्रौढहरू | १.६ मिलियन | १.२ मिलियन २.१ मिलियन |
| | बालबालिकाहरू १५ वर्ष मुनिका | १६०००० | ११०००० २६०००० |
| २०१८ मा एच आइभी सम्बन्धी मृत्युहरू | जम्मा | ७७०००० | ५७००००-१.१ मिलियन |
| | प्रौढहरू | ६७०००० | ५००००-९२०००० |
| | बालबालिकाहरू १५ वर्ष मुनिका | १००००० | ६४००० १६०००० |

**नेपालमा एचआईभी संक्रमण अनुमान २०१८ (श्रोतः राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र)**

| | २०१८ |
|---|---|
| जम्मा संक्रमित संख्या | २९८७८ |
| एचआईभी संक्रमण दर (१५ देखि ४९) | ०.१४ |
| एचआईभी संक्रमित पुरुष | १७६९२ (५९ प्रतिशत) |
| एचआईभी संक्रमित महिला | १२१८६ (४१ प्रतिशत) |
| एचआईभी संक्रमित बालबालिका (जम्मा संक्रमित संख्यामा) | १३०३ (४.३ प्रतिशत) |
| नया एचआईभी संक्रमितहरू | ८७३ |
| Elevating Vertical Transmission सेवा आवश्यक आमाहरू | २१८ |
| एड्स सम्बन्धित मृत्यु | ९१६ |

## नेपालको एचआईभी रणनीति र रोकथाममा अपनाईएका विधिहरू

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हक ३५ (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पँहुचको हक हुने बारे उल्लेख गरेकोछ ।

नेपाललाई जनस्वास्थ्यको चुनौतीका रुपमा रहेको एड्स इपिडिमिकलाई सन् २०३० सम्ममा अन्त्य गर्ने परिकल्पना अनुरुप नेपालको रणनैतिक योजना २०१६-२०२१ ले २०२१ सम्ममा मुख्य समुहहरू ९० प्रतिशत को पहिचान, सिफारिस तथा परिक्षण गर्ने, एचआईभीको निदान भएका ९० प्रतिशत व्यक्तिहरूको उपचार गर्ने, एचआईभी भएको निदान भएका ९० प्रतिशत व्यक्तिहरूलाई एन्टिरेक्टोभाईरल निरन्तर उपचारमा राख्ने, आमाबाट बच्चामा हुने संक्रमणको निवारण गर्ने र आमाहरूलाई जीवित तथा स्वस्थ राख्ने, जन्मजात सिफिलिस उन्मुलन गर्ने, नयाँ एचआईभी संक्रमणमा ७५ प्रतिशतले कमी ल्याउने लक्ष लिएकोछ ।

आउटरिच प्रत्यक्ष भेटघाटको माध्यमबाट दिईने शिक्षा, साथी शिक्षा, ड्रप ईन सेन्टरमा आएकाहरूलाई दिईने जानकारी, मोबाईल क्लिनिकको माध्यमबाट चेकजाँच र परामर्श, सेटलाईट किल्निक, नियमित किल्निक, इन्डेक्स टेस्टिङ्ग, सेल्फ टेस्टिङ्ग, कम्युनिटी लिड टेस्टिङ्ग, सम्पर्क अघिको प्रोफिल्याक्सीस एचभ्ए, सम्पर्क पछिको प्रोफिल्याक्सीस एभ्ए, रिफरल पद्धति, अस्पतालबाट दिईने सेवा र एन्टीरेक्टो भाईरल ट्रिटमेन्ट लगायतका विधिहरूनै एचआईभी रोकथाम र उपचारमा अपनाईएका प्रमुख विधिहरू छन् ।

Key Population को अनुमानित संख्या २०१६ (श्रोतः राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र )

| Key Population | संख्या |
|---|---|
| सुईद्वारा लागु पदार्थ लिने (People who inject drugs) | ३०,८६८ |
| पुरुष समलिंगी (Men who have sex with Men) | ६०,३३३ |
| यौनकर्मी महिला (Female Sex Worker) | ४९,०१३ |
| पुरुष यौनकर्मी (Male Sex Worker) | १८,२८७ |
| तेश्रो लिंगी (Transgender People) | २१,४६० |
| आप्रवासी कामदार (Migrants) | ५०,५०० |

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको तथ्याङ्क २०१६ ले उल्लेखित जोखिम समुहको अनुमानित संख्याअनुसार आप्रवासी कामदारहरू सबैभन्दा धेरै संख्यामा जोखिममा रहेको पाईएको छ भने पुरुष समलिंगी तथा दोश्रो स्थानमा यौनकर्मी, तेश्रो स्थानमा सुईद्धारा लागु पदार्थ लिने चौथो स्थानमा र त्यसैगरी तेश्रो लिंगी पाँचौ स्थानमा र पुरुष यौनकर्मीको संख्या छैटौ स्थानमा छ ।

**जनसंख्या समुहअनुसार अनुमानित संक्रमित संख्या २०१८ (श्रोतः राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र )**

| जनसंख्या समुह | प्रतिशत |
|---|---|
| सुईद्वारा लागु पदार्थ लिने पुरुष (Male people who inject drugs) | ३ |
| पुरुष समलिंगी (Men who have sex with Men) | ९ |
| यौनकर्मी महिला (Female Sex Worker) | २ |
| पुरुष यौनकर्मी (Male Sex Worker) | २ |
| ग्राहकहरू (Clients) | ९ |
| कम जोखिमयुक्त पुरुषहरू आप्रवासी कामदारहरू समेत (Low risk males including migrants) | ३६ |
| कम जोखिमयुक्त महिलाहरू (Low risk Females) | ३९ |

जनसंख्या समुहअनुसार अनुमानित संक्रमित संख्या २०१८ को तथ्याङ्कलाई विश्लेषण गर्दा कम जोखिमयुक्त महिलाहरू र कम जोखीमयुक्त पुरुषहरू चलायमान व्यक्तिहरू समेतहरूको प्रतिशत क्रमश ३९ र ३६ प्रतिशत छ भने यौनकमी महिलाहरूको ग्राहकहरू र पुरुष समलिंगीहरू दुबैको बराबर ९ प्रतिशत छ । सुईद्वारा लागु पदार्थ लिने पुरुषहरू ३ प्रतिशत रहेकोमा पुरुष यौनकर्मी र यौनकर्मी महिलाहरू दुबैको बराबर २ प्रतिशत छ ।

## एचआईभी र मानवअधिकार

नेपालमा एचआईभी सक्रमितहरू र जोखिम समुहका व्यक्तिहरूमा घरपरिवार र समाजले नराम्रो व्यवहार गर्ने, विद्यालयमा पढ्नबाट वञ्चित गर्ने र जागिरमा प्रवेश नगराउने र कार्यस्थलबाट निकाला गर्ने, अस्पतालमा अपरेशन नगरिदिने र स्वास्थ्यकर्मीहरूबाट लाञ्छना र भेदभाव गरिने जस्ता बिषयहरूमा विभिन्न माध्यमहरूबाट पीडितहरूले व्यक्त गर्दै आएको पाईन्छ । यिनै कुरालाई मध्यनजर गर्दै राष्ट्रिय एचआईभी रणनीतिक योजना २०१६ २०२१ को निर्देशक सिद्धान्तहरूमा एचआईभी र मुख्य समूहहरूका सन्दर्भमा भेदभाव र पूर्वाग्रहप्रतिको शून्य

सहनशीलताको बारेमा उल्लेख छ ।

यस प्रकारको गतिविधिले मानव अधिकारलाई चुनौती दिईराखेको सन्दर्भमा यस क्षेत्रमा कार्यरत अभियानकर्ताहरूबाट यसको न्युनीकरण खातीर कार्य गर्दै आएको र सरकारी तवरबाट पनि यस्को समाधानको लागि अस्पतालमा आधारित One Stop Crisis Management Center (OCMC) ४४ जिल्लामा सञ्चालन गरेको पाईन्छ । यस सेवालाई व्यापकरुपमा सदुपयोग गर्नको लागि ग्लोबल फण्डको सहयोगमा गैससहरू परिचालन गरी चेतना जागरण, वकालत र प्रबर्धात्मक कार्यको शुरुआत पनि भैरहेकोछ । लाञ्छना र भेदभावलाई न्युनीकरणकै खातीर संक्रमितहरूको Greater Involvement of People with AIDS (GIPA) / Meaningful Involvement of People with AIDS (MIPA) को सिद्धान्तको पनि अबलम्बन गरिदै आएकोमा केही हदसम्म सकारात्मकतर्फ अघि बढेको पाईन्छ भने अर्कातिर सक्रमितका अधिकारलाई थप सुरक्षित पार्न तयार पारिएको एचआईभी विधयेकलाइ पनि तत्काल पारित गर्न जरुरी देखिन्छ । त्यसैगरी संक्रमित बालबालिकाहरूलाई मासिक एक हजार रुपैयाँ प्रदान गर्दै केही मात्रामा भए पनि सामाजिक सुरक्षाको अनुभुत भएतापनि यस्को निरन्तरता र प्रभावित बालबालिकाहरूलाई समेत पनि यसप्रकारको सहयोग गर्न वान्छनिय रहेको देखिन्छ ।

**रोकथाम र उपचार पँहुचमा सूचना र प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण रहेको र हालको दशकमा यस्को प्रयोगमा व्यापकता आएको पाईन्छ ।**

## रोकथाम र उपचार पँहुचमा सूचना र प्रविधिको भूमिका र यस्को प्रयोग

एचआईभी रणनैतिक योजनामा विकसित विषयवस्तु तथा नविनता (Emerging issues and Innovations) नयाँ प्रविधिहरू, सामाजिक सञ्चारमाध्यम तथा सङ्कटकालिन पुर्वतयारीको बारेमा चर्चा गरिएकोछ । रोकथाम र उपचार पँहुचमा सूचना र प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण रहेको र हालको दशकमा यस्को प्रयोगमा व्यापकता आएको पाईन्छ । नेपालमा हाल अपनाई राखिएका विधिहरूको संक्षिप्त विवरण निम्नानुसार छ ।

एस एम एस एप्लीकेशन (मेरो साथी) : अनलाईन अफलाईन अवधारणामा आधारित रहेर एसएमएसको माध्यमबाट सन्देश दिई एचआईभी बारेमा सचेत गराउने तथा जोखिम समुहका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य बारेजिज्ञासालाई सोही माध्यमबाट जवाफ पठाउने गरिन्छ साथै सो सम्पर्कमा आएका व्यक्तिहरूको सहमतिमा अफलाईनमा नै प्रत्यक्ष अन्तरक्रियाद्धारा सेवाबारे जानकारी आदान प्रदानद्धारा प्रत्यक्ष लाभ हासिल गरेको पाईन्छ ।

**हटलाईन सेवा (मेरी साथी)** : सेवाग्राहीहरूले यौन तथा प्रजनन स्वास्थ्यबारेमा आफ्ना जिज्ञाशाहरू निशुल्क रुपमा हटलाईन सेवाद्धारा प्राप्त गर्ने र परामर्श सेवा समेत उपलब्ध गर्न सकिने सेवा युवा र जोखिम समुह बीच लोकप्रिय बन्दै गएकोछ ।

**एस एम एस रिमाईन्डर** : सेवाग्राहीहरूलाई उनीहरूको सम्पर्क नम्वरमा उनीहरूको आवश्यकअनुरुप औषधी खाने समय, सेवा लिने समयजस्ता बिषयको जानकारी उनीहरूकै मोबाईलमा एस एम एस द्धारा रिमाईन्डर मेसेज पठाउने विधि पनि हाल प्रचलनमा छ,जसबाट औषधीको नियमिततालाई सहयोग पुर्‍याएको पाईन्छ ।

### इन्टरनेट तथा सामाजिक सञ्जालहरू

इन्टरनेट तथा सामाजिक सञ्जालहरूको व्यापक प्रयोगले आफूलाई आवश्यक सूचनाहरू सहजै पाउन सकिने भएकाले पनि व्यक्ति स्वयम सुशुचित हुँदै गएकाले पनि पछिल्ला दिनहरूमा एचआईभी संक्रमण दर घट्न गएको महसुस भएकोछ यसबारेमा विस्तृत अध्ययनपश्चात मात्र योगदानको हिस्साबारे एकिन गर्न सकिनेछ ।

**र्भच्युयल साईड्स** : हालका दिनमा आएर र्भच्युयल साईड्सहरूको माध्यमबाट ग्राहकको खोजी गर्ने र आफ्नो चाहना पुरा गर्ने प्रचलन बढ्दै गएको अवस्थामा सोही र्भच्युयल साईड्सहरूको छली प्रयोग विधि अपनाई शिक्षा दिने तथा उपचारमा लैजान सहजीकरण गर्ने कार्य पनि प्रचलनमा आएकोछ ।

**टेलिफोन** : हिजोआज चलनचल्तिमा मोबाईल र टेलिफोनको माध्यमबाटै अधिकांश व्यावसायिक यौनधन्दाको योजना तय गरी कार्यसम्पादन गर्ने प्रचलन बढ्दै गएकाले कतिपय यौन दलालीहरूको पेशानै धरापमा परेकोछ भने यौन दलालहरूको व्यवशायलाई सहज पार्ने माध्यम पनि टेलिफोन नै भएकोछ । अर्कातर्फ टेलिफोनको माध्यमबाटै सुरक्षित उपायहरूबारे जानकारी लिनेदिने कार्यमा पनि सहजता भएकोछ ।

**रेडियो प्रशारण** : रेडियो प्रशारणको माध्यमवाट र एफएम रेडियोबाट प्रशारण गरिने जनचेतनामुलक कार्यक्रमले व्यापकता पाएकोछ । युवालक्षित सन्देशमुलक कार्यक्रमहरू, अन्तरक्रिया, सेवाबारे सूचनामुलक जानकारीहरूले पनि एचआईभी न्युनीकरणमा योगदान पुर्‍याएकोछ ।

**श्रव्यदृष्य सामग्रीहरू** : केही बर्षयता आएर टेलिभिजनको पहुँचमा आएको वृद्धिसंगै टिभीको माध्यमवाट जनचेतनाको स्तर बढाउन निकै मद्दत पुगेको पाईन्छ । टिभीबाट प्रशारण गरिने समाचार, अन्तरक्रिया, विज्ञापन, सेवाबारे सूचनाहरू सफलता र चुनौतीबारेका जानकारीहरूले श्रोताहरूले प्रत्यक्ष फाईदा पाएको

देखिन्छ । त्यसैगरी संक्रमित, जोखिम समुदाय र सर्वसाधारणलाई सचेत गराउने अभिप्रायले तयार पारिएका श्रव्यदृष्य सामग्रीहरूले पनि एचआईभी न्युनीकरणमा मद्दत पुर्‍याएकोछ ।

**पत्रपत्रिका र शैक्षिक सामग्रीहरू :** बालबालिका, युवा र सर्वसाधारणमा व्यापकरुपमा फैलिने माध्यम पत्रपत्रिका र शैक्षिक सामग्रीहरूनै छ । पाठ्यक्रम, लेख, अन्तर्वार्ता, घटना अध्ययन, कार्टुन र विज्ञापनको माध्यमबाट शैक्षिक स्तरोन्ती र चेतना जागरण गर्न मद्दत पुर्‍याएकोछ ।

**ट्याबलेटद्वारा सूचना संकलन :** ट्याबलेटद्धारा कार्यक्रम बारेको सूचना संकलन गरी यथासिघ्र बिश्लेषण गरी योजनाकार, कार्यक्रम व्यवस्थापक र सर्वसाधारणलाई सुशूचित गर्नलाई प्रभावकारी माध्यम बनेकोछ ।

### समस्या र चुनौतीहरू

- एचआईभी/एड्सका कार्यक्रमहरू दातृ निकायहरूमा बढी परनिर्भर भएकोमा डोनरहरू खुम्चिदै गएको अवस्थामा कार्यक्रमले निरन्तरता पाउन नसकेको ।
- युवाहरू र बालबालिकामा अनावश्यक साईडमा भुल्ने कुलतको मात्रा बढ्दै गएको र साईबर काईम बढेको ।
- एन्टीरेक्टोभाईरल औषधीमा सरकारले जिम्मेवारी लिएकोमा यसको कार्यान्वयनमा उचित व्यवस्थापन नहुनु ।
- प्रदेश र स्थानीय सरकारले एचआईभी/एड्सका कार्यक्रमहरूको स्वामीत्व ग्रहण गर्न नसकेको ।,
- पी पी पी मोडलको कार्यान्वयन प्रभावकारी बन्न नसकेको ।
- सूचना तथा सन्चार मन्त्रालय सामाजिक सन्जाल नियमन विधयेकबारे प्रष्ट नहुनु ।
- एचआईभी एड्स नियन्त्रण मैत्री नीति निर्माण बन्न नसक्नु ।

### सारांश

विश्व र नेपालमै एचआईभीको संक्रमण दर घट्दै जानु राम्रो हो । यद्यपी प्रभावकारी नीति र कार्यान्वयनमा थप जोड दिनुपर्नेछ । सूचना प्रविधिको विकास र यसको सदुपयोगले संक्रमण दर घटाउन मद्दत गरेको तर अर्कोतिर प्रविधिको दुरुपयोगमा पनि विशेष ख्याल गर्न जरुरीछ । एचआईभीको बढी प्रभाव युवा पुस्तामा पर्ने र नयाँ प्रविधिमा पनि उनीहरूकै पहुँच हुने भएकाले युवामैत्री सचेतनामुलक प्रविधिको विकास र प्रबर्द्धन गर्दै जान जरुरीछ । सरकारी सन्यत्रले प्रभावकारी नियमन गरी गुणात्मक सेवा, दोहोरोपन हटाउने र नागरीक समाज, गैससहरू, निजी क्षेत्रले गरेका चेतना जागरण, उपचार र हेरचाहमा सहयोग र वकालत र पैरवी कार्यको निरन्तरताको लागि सकारात्मक दृष्टिले हेर्नुपर्ने देखिन्छ ।

**नेपान सदस्य एवं पूर्व संयोजक जि सि हाल एडसविरुद्ध राष्टिय नेटवर्क समूह - नेपाल (नानगान) का अध्यक्ष हुनुहुन्छ ।**

विकास कविता

# कोठाभित्रको दुनियाँ



**● सीता भण्डारी कँडेल**

बारीका कान्लाबाट घाँसको भारी बोकेर
सुइय् सुइय् सुस्केरा सुसेल्दै
पसिना चुहाउने मान्छे
कुर्सीमा बसेर टेबुलमाथिको
कम्प्युटरको किबोर्डमा
औंला र दिमागलाई खेलाइरहेको छ
आजको मान्छे !

संसार देख्न महाकाली तर्नुपर्दैन हिजोआज
संसार देख्न कोशीमेची तर्नुपर्दैन हिजोआज
बारीको छेउमा परालको गुन्द्री ओछ्याएर
ल्यापटप चलाउँदै, बाँदर धपाउँदै
संसार चियाउँदै छ आजको मान्छे
एउटा कोठाभित्र बसेर
आफ्नै औंलामा इन्टरनेट दुनियाँ चहार्दै
गुगल र वेबको संसार घुम्दै
नयाँनयाँ विचार र तर्कनाहरू भर्दै
'भर्चुअल संसार'मा आफूलाई चिनाउन
सक्षम भएको छ मान्छे !

पल्लो गाउँमा एउटा खबर पुर्‍याउन
टन्टलापुर घाममा दिनभर
पैदल धाउने मान्छे आज
आफ्नै घरको मझेरी र दलानबाट
मकैका घोगा नङ्ग्याउँदै
'एअरफोन' कानमा लगाएर
मोबाइल र आईप्याडबाट
एक सेकेन्डमै खबर आदानप्रदान गर्दैछ !

कराईमा आफ्नै बारीको रायोको साग
झ्वाइय पारेको आवाज
क्यानाडा र अस्ट्रेलियामा रहेका छोरीज्वाइँहरूलाई
भान्साको कुनाबाटै सुनाउन सक्ने भएको छ
आफ्नै वनपाखा पखेरीमा गुन्जिएका
झ्याउरे र सोरठी भाकाहरूलाई
टपक्क टिप्दै युट्युबमा राखेर
दुनियाँ नचाइरहेको छ
क्यामरामा कैद गरिएका सुन्दर दृश्यहरूले
फेसबुक र इन्स्टाग्रामका स्क्रिनहरू रंगाउँदै
बेलायत र अमेरिकामा बस्ने छोराबुहारीहरूसँग
भाइबरगफ हाँकिरहेको छ
कति सहज र सुखी देखिन्छ आजको मान्छे
दुनियाँलाई आफ्नै औंलामा राखेर
कति आनन्दित र प्रफुल्ल देखिन्छ आजको मान्छे !!

नयाँबानेश्वर, शङ्खमूल, काठमाडौं ३१

# विकास अभियानमा सहभागीमूलक सूचना प्रविधि



● बिर्ख छेत्री

**सहभागीमूलक सूचना प्रविधिमार्फत् योजना प्रणालीलाई आधुनिककीरण गर्दै संघीय योजना प्रणालीको संस्थागत सुदृढीकरणमार्फत् देशको समृद्धि अभियानमा उल्लेख्य योगदान गर्न सकिन्छ ।**

विद्युतीय प्रविधिको माध्यमबाट विकासका सरोकारवालाहरूलाई सहभागी गराउँदै विकासका विभिन्न क्षेत्रहरूमा अवधारणा विकास, योजना निर्माण, कार्यान्वयन अनुगमन, प्रतिफल मूल्यांकन, प्रक्रिया अभिलेखन, ज्ञान संश्लेषण र पुनप्रयोग तथा सिकाइ आदान प्रदान गर्ने प्रक्रियालाई यस लेखको सन्दर्भमा सहभागीमूलक सूचना प्रविधिको अर्थमा प्रयोग गरिएको छ ।

**विकासमा सहभागीमूलक सूचना प्रविधि किन ?**

- सूचना अधिकारको हिसाबले हरेक नागरिक तथा सरोकारवालाहरूले आफू सम्वद्ध विकास प्रक्रियाबारे थाहा पाउनुपर्ने कानुनी आधार रहेको,
- स्थानीय तहका विकास कार्यहरू ठूला पुर्वाधारमा मात्र सीमित नभै मानवीय संवेदना, मनोविज्ञान, कला, सिर्जना तथा अनुसन्धान र विज्ञानका क्षेत्रमा समेत विस्तार हुँदै गएकोले विकास कल्याणकारी सेवामात्र नभइ नागरिकहरूको वौद्धिक सहभागितासहितको प्रतिफल पनि बन्दै गएकोले नागरिक सहभागितासहितको विकास पद्धतिलाई भावनात्मक र वैचारिकरुपमा बलियो, प्रशासनिकरुपमा सुशासनयुक्त तथा प्राविधिक रुपमा प्रभावकारी बनाउनुपर्ने आवश्यक्ता बढ्दै गएको,
- सूचना प्रविधिमा आधारित विकास पद्धतिले आर्थिक मितव्ययिता, समय वचत, नतीजाको गुणस्तरीयता, सूचनाको जानकारी र सत्यतामा बढी विश्वासनीयता, तथ्यांकहरूको बहु उपयोग र अमूर्त सोचहरूलाई आमनागरिकका लागि मूर्त र सरल बननाउन मद्दत पुग्ने भएकाले स्थानीय विकास प्रणालीमा यसलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता बढ्दै गएको ।
- नेपाली समाजमा बढ्दै गएको सामाजिक सञ्जाल प्रयोगलाई सिर्जनात्मक, उत्पादनमूलक र विकासमैत्री बनाउँदै लैजानुपर्ने अनिवार्यता देखिन थालेको,



**बाँकेकी अभियानकर्मी स्वस्तिका चौधरीलाई मोवाइल महत्वपूर्ण औजार भएको छ । उनी मानव वेचविखन विरुद्ध क्रियाशील छिन् ।**

- सामाजिक विकासमा लागेका व्यक्तिहरूको आफ्नै व्यक्तित्व व्यवस्थापनमा सूचना प्रविधिमार्फत लिन सकिने सहज सेवाहरूको अधिकतम पहुँच र प्रयोग बढाउँदै लैजानुपर्ने अवस्था बढ्दै गएको,

**सहभागीमूलक सूचना प्रविधिबाट गर्न सकिने केही नमुना सूचीहरू**

| क्र.सं. | विषयगत क्षेत्र | सूचना प्रविधि प्रयोग गर्न सकिने केही उदाहरण |
|---|---|---|
| १ | स्थानीय तहको प्रोफायल, योजना निर्माण र सुशासन | - आफ्नो क्षेत्रमा हरेक विषयको वर्तमान अवस्था कस्तो छ? बदलिरहने अवस्थालाई कसरी सहज रुपमा (कम समय, खर्च र कर्मचारी) अद्यावधिक गर्ने?<br>- गाउँ, देश, विदेशमा बसेका नागरिकहरूले घरमै बसेर विकासको सोच निर्माण तथा योजना प्रक्रियामा कसरी धेरैभन्दा धेरै सहभागी हुनसक्छन्? विकास लक्ष्य र प्रगतिहरूलाई कसरी सहजै देख्ने, बुझ्ने, प्रतिक्रिया दिनसक्ने र योगदान गर्नसक्ने बनाउन सकिन्छ?<br>- स्थानीय सरकार र हरेक घरका नागरिकबीच सूचना, विचार, गुनासा जानकारी, योजना तथा प्रतिवेदनहरू कसरी नियमित र सहज रुपमा आदान प्रदान गर्न सकिन्छ? |
| २ | कृषि | - आफ्नो खेतबारीको मोहडा, उँचाइ, माटो, हावा, पानी, वर्षा, मौसमको अवस्था कस्तो छ? के खेती गर्नु उपयुक्त हुन्छ? खेतीको गुणस्तर कस्तो छ?<br>- उत्पादन, संरक्षण तथाा उपचार, बाली संकलन, भण्डारण, बिक्री, खरीदसम्बन्धी कस्ता सेवा र प्रविधिहरू छन्, सेवाकेन्द्रहरू कहाँ छन्, कसरी सेवा लिने? |
| ३ | पशुपंक्षी पालन | - वातावरण, स्वास्थ्य तथा आयमूलक प्रजातिहरू के के छन्? खरीद तथा बिक्री केन्द्रहरू कहाँ छन् र घरैबाट कसरी सेवा लिने? तिनको पालन तथा उपभोग कसरी गर्ने? |
| ४ | सेवाकेन्द्रहरू | - के के सेवाकेन्द्रहरू कता छन्? कस्ता सेवाहरू छन्? सेवा कसरी लिने? |
| ५ | प्राकृतिक स्रोतहरू | - जल, जंगल, जमीन, जलवायु, जैविक विविधता आदि स्रोतहरू कस्ता कस्ता छन्? कहाँ छन्? कति छन्? विकास सम्भाव्यता के छ? |
| ६ | पर्यटन | - कस्ता कस्ता पर्यटन केन्द्रहरू कहाँ छन्? के सेवाहरू छन्? कसरी पुग्ने? कस्तो व्यवस्थापन पुर्वतयारी चाहिन्छ? |
| ७ | शिक्षा | - हरेक विद्यार्थी तथा शिक्षकहरूको व्यक्तिगत प्रोफायल कसरी व्यवस्थापन गर्ने ?<br>- विद्यालय प्रशासन, अभिभावक र अन्य सरोकारवालाहरूसंगको सम्बन्ध र सूचना कसरी व्यवस्थित गर्ने ?<br>- दूर शिक्षाबाट ख्यातिप्राप्त शिक्षक तथा विज्ञहरूको कक्षा कसरी लिने?<br>- आफ्नै स्कुलभित्र बसेर देश विदेशका राम्रा राम्रा कलेज र विषयहरू कसरी छनौट गर्ने र भर्ना कसरी हुने? |

| क्र.सं. | विषयगत क्षेत्र | सूचना प्रविधि प्रयोग गर्न सकिने केही उदाहरण |
|---|---|---|
| ८ | स्वास्थ्य | - नजीकको स्वास्थ्य केन्द्रमा पुगेर दूर सेवामार्फत उच्च गुणस्तरको सेवा र परामर्श कसरी लिने?<br>- देश तथा विदेशमा जानुपरेमा घरैबाटै सही र गुणस्तरीय स्वास्थ्य सेवा केन्द्र तथा प्राविधिकहरू कसरी पहिचान गर्ने र सेवाका लागि बुकिङ गर्ने? |
| ९ | खानेपानी | - खानेपानीको पहुँच पुगेका र नपुगेका घरधुरीहरू कुन कुन हुन्? पानीको माग कति छ? शुद्धता कस्तो छ? शुद्धता प्रविधिहरू के के छन्? |
| १० | जनसंख्या | - आफ्नो कार्यक्षेत्रको जनसंख्या बनोट कस्तो छ? कुन घरमा कस्ता र को मान्छेहरू छन्? कसका लागि कस्ता र कति योजनाहरू आवश्यक छ अफिसमै बसेर कसरी आँकलन गर्ने? बदलिंदो तथ्यांकलाई कसरी सहज रुपमा अपडेट गर्ने? |
| ११ | पूर्वाधार विकास | - कहाँ कहाँ कस्ता पूर्वाधार कति र कुन अवस्थाका छन्? तिनका योजना र प्रगतिको अवस्था कस्तो छ? यस्तो विवरण स्थानीय नागरिक र सरोकारवालाहरूले कसरी थाहा पाउने? |
| १२ | विपद व्यवस्थापन | - विपद्का कस्ता कस्ता स्वरुप र सम्भावनाहरू छन्? कहाँ कहाँ छन्? तिनको विनाश क्षमता कति छ? व्यवस्थापन योजना र प्रगतिहरू के छन्?<br>- जोखिम न्यूनीकरण सर्तकता सेवा तथा प्रविधिहरू के के छन्, कसरी उपयोग गर्ने |
| १३ | व्यक्तित्व विकास | - आफैंले आफ्नो स्वास्थ्य अवस्थाहरू (जस्तै रक्तचाप, सुगर, नाडी, मुटु, श्वास प्रवास, श्रवण, दृश्य, क्यालोरी, आहार तथा आराम आदि) कसरी पहिचान गर्ने र सुरक्षित रहने?<br>- व्यक्तित्व विकासका विविध सेवाहरू कसरी पहिचान गर्ने र आफू, परिवार तथा सहकर्मीलाई लाभ दिलाउने? |

### ५. सहभागीमूलक सूचना प्रविधि कस कसले प्रयोग गर्नसक्छन्?

- स्थानीय जनप्रतिनिधिहरू,
- विभिन्न विषयगत कार्यालयका कर्मचारीहरू,
- विद्यालयका शिक्षक तथा विद्यार्थीहरू
- व्यापारीहरू
- किसानहरू
- गाडी चालकहरू
- पर्यटन व्यवसायी, कर्मचारी तथा पर्यटकहरू
- विकास साझेदार तथा सहजकर्ता संस्थाहरू
- स्थानीय समुदायिक संस्था तथा क्लबहरू
- प्राविधिक, योजनाकार तथा अनुसन्धानकर्ताहरू
- किसान तथा सर्वसाधारणहरू

### नेपान कसरी अघि बढ्न सक्छ?

विकास अभियानमा नेपानले आफ्नो स्थापनाकालदेखि बोक्दै आएको सहभागीमूलक विकास प्रक्रियाको आधारभूत मान्यता र यसका प्रयोग विधिहरूलाई सूचना प्रविधिमा परिष्करण गरी स्थानीय तहको समग्र विकास प्रणालीमा योगदान गर्नुका स्थानीय सामुदायिक संसथाहरू, स्थानीय सरकार, प्रदेश तथा संघीय सरकार र अन्तरराष्टिय तहसम्मका बहुपक्षीय विकास साझेदारबीच सहकार्य गर्दै सहभागीमूलक सूचना प्रविधिमार्फत योजना प्रणालीलाई आधुनिककीरण गर्दै संघीय योजना प्रणालीको संस्थागत सुदृढीकरणमार्फत् देशको समृद्धि अभियानमा उल्लेख्य योगदान गर्नसक्छ । यसका लागि प्रथमतः सहभागीमूलक सूचना प्रविधिको रणनीति र योजना विकासका लागि चरणवद्ध रुपमा विस्तृत आन्तरिक तयारी गर्नु आवश्यक छ ।

### लेखक परिचय

*(लेखक नेपान सदस्य हुनुहुन्छ । हाल महानगरपालिका, नगरपालिका र गाउँपालिका गरी २० वटा बढी स्थानीय तहमा सूचना प्रविधिमैत्री प्रोफायल, आवधिक योजना, एकीकृत शहरी विकास योजना, स्मार्ट सिटी योजना तथा समृद्ध गाउँपालिका अभियानमा संलग्न हुनुहुन्छ ।*

सम्पर्कः divyadrishti74@gmail.com

# 'सूचना प्रविधिको प्रयोगबाट कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याउन सकिन्छ'

डा. अनोज क्षेत्री लामो समयदेखि नेपालको विकासको बारेमा जानकार हुनुहुन्छ । विशेषगरी, सूचना प्रविधिमा आएको परिवर्तनको बारेमा विशेष रुचि राख्नुहुन्छ । डा. क्षेत्रीले नेपाल सहभागीमूलक कार्य समूह (नेपान) संग आवद्ध भई सहभागीमूलक विकास प्रकियाको आवश्यकता र यसको औचित्यको बारेमा नेपालमा लामो समय वहस, छलफल र पैरवी गर्दै आउनु भएको छ । टीकाराम कार्की र रञ्जना कार्कीले गरेको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।



● डा. अनोज क्षेत्री

**सूचना प्रविधिको क्षेत्रमा यहाँको विशेष दख्खल छ । तपाइको अध्ययन र अनुसन्धानको क्षेत्रमा प्राप्त उपलव्धिको आधारमा सूचना प्रविधिको बारेमा केही वताइदिनुहोस् न ।**

मानिसको दैनिक क्रियाकलापलाई आधार मान्ने हो भने अहिलेको जमना भन्नु नै सूचना प्रविधिको हो । यस्तो हुन थाली सक्यो कि प्रविधिको प्रयोगविना हाम्रो जीवन कल्पना गर्न समेत कठिन हुन थाल्यो । घरायसीदेखि व्यावसायिक क्षेत्रमा यसको महत्व धेरै रहेको पाउन सकिन्छ । नेपाल कृषिप्रधान देश हो । विशेषगरी कृषि क्षेत्रमा उक्त क्षेत्रको उत्पादकत्व वृद्धिको लागि सूचना प्रविधिको भरपुर प्रयोग गर्नुपर्दछ । सूचना प्रविधिको माध्यमबाट कृषक र उपभोक्ता तथा कृषि उत्पादनको बजारीकरण सजिलै गर्न सकिन्छ । अहिले इजरायल जस्तो देशमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी झन्डै ४-२१ प्रतिशत उत्पादनमा वृद्धि भएको देखिन्छ । विभिन्न अध्ययन अनुसन्धानलाई आधार मान्ने हो भने नेपालमा पोल्ट्री व्यवसायमा पनि २१ प्रतिशतले सूचना प्रविधिले प्रभाव पारेको देखिन्छ । अन्य ठाउँ, जस्तो खाद्यान्न बालीमा २ देखि ४ प्रतिशत वृद्धि पुऱ्याएको देखिन्छ ।

अलिक पहिलेको अवस्थालाई फर्केर हेर्दा, कृषि प्राविधिकहरूले कार्यस्थलमा नै गएर प्राविधिक सहयोग गर्थे । रेडियो, पत्रपत्रिका, वुलेटिनको माध्यमबाट कृषिसम्वन्धी सूचनाको आदानप्रदान हुन्थ्यो । तर धेरै सख्यामा आम जनताहरूलाई सूचना प्रदान गर्नको लागि उच्च स्तरीय प्रविधिको प्रयोग अहिलेको समयमा भइरहेको छ । विभिन्न मोवाइल एप्लिकेशनको माध्यमबाट कृषि सम्वन्धि अत्यावश्यक जानकारी तथा सूचनाहरू प्रदान गर्न थालिएको छ । सूचना लिने गरेको पाइन्छ र विभिन्न संघसंस्थाले त्यसको बारेमा सोचिरहेको पाइन्छ ।

सरकारी निकायले पनि डिजिटल सोलुसन जस्तै उद्यमशीलतालाई प्रवर्द्धन गर्दा डिजिटल सोलुसनको उपायहरू कसरी ल्याउन सकिन्छ, विभिन्न संघसंस्थाले महिलाहरूलाई ध्यानमा राखेर विभिन्न आयआर्जनका माध्यमहरू जस्तै व्युटीपार्लर, सिलाइवुनाइ जस्ता अन्य कामहरू गर्न थालिसकेका छन् । हाम्रो जस्तो परम्परागत सोच भएको समाजमा महिलाहरूको लागि सहज पहुँच छैन । बजारसम्म जानको लागि गाह्रो छ । सूचना प्रविधिको कारणले व्यस्त रहँदारहदै पनि स्मार्ट फोनको माध्यमवाट विभिन्न सेवा तथा सुविधाहरू प्राप्त गर्न सक्छन् । कृषि क्षेत्रको साथै गैरकृषि क्षेत्रमा पनि सूचना प्रविधिको भरपुर प्रयोग गर्न सकिन्छ । जसको खेतीपाति गर्नको लागि सम्पति छैन, उनीहरूलाई अफ फार्म र नन फार्म को क्षेत्रमा लगाउन सकिन्छ । उदाहरणको लागि, उच्च प्रविधिले सुसज्जित टेलरिङ्ग, व्युटिपार्लर, इलेक्ट्रिसियन, फर्निचर उद्योग आदिको क्षेत्रमा सूचना प्रविधिको अहम भूमिका रहेको पाउन सकिन्छ । अवको समयमा आधुनिक प्रविधिको प्रयोग गरी महिला, दलित, आदिवासी जनजाति र पिछडिएको वर्गको जीवनस्तरलाई उकास्न सकिन्छ ।

**के नेपालमा सूचना प्रविधिको प्रयोग सही किसिमले भइरहेको छ ? तपाईको अनुभवले के भन्छ ?**

अव यसमा ठ्याक्कै सही किसिमले प्रयोग भएको भन्न मिल्दैन । भएको भए साइवर कानुनहरू वनाउन आवश्यक थिएन । तर म के भन्छु भने सहि तरिकाले प्रयोग भएको नभएको भन्दा पनि धेरै काम गर्न बाकि छ । इन्टरनेटको पहुँच धेरै कम मानिसमा भएतापनि पहुँच भएका मानिसहरूले यसको अधिकतम प्रयोग गर्न सकेका छैनन् । यो मोवाइल फोन मात्रै सबैको हातहातमा पुगेको छ । इन्टरनेट सेवा प्रदायक संस्थाहरू धेरै ठाउँमा पुग्न बाकि छ । यो सेवा अझ भरपर्दो वन्न सकेको छैन । मोवाइल फोनको प्रयोग अनुत्पादनशिल क्षेत्रमा भन्दा पनि उत्पादनशिल क्षेत्रको प्रयोग गरेको खण्डमा सूचना प्रविधिको प्रयोगवाट घट्ने विभिन्न सामाजिक विकृतिहरू कम हुन जान्छ । जस्तै, सामाजिक सञ्जाल, फेसवुक, ट्वीटर, टिकटक, मेसेन्जर आदिको प्रयोगवाट वालविवाह र पारिवारिक स्थायित्व नहुने, साइवर क्राइमका विभिन्न घटनाहरू घट्ने गर्दछन् ।

समाजको उन्नति र प्रगतिका साथै आयमूलक र स्वास्थ्य क्षेत्रमा यसको प्रयोगको माध्यमवाट आम मानिसको चेतनाको अभिवृद्धि गर्नु पर्ने आवश्यकता देखिन्छ । डिजिटल गेम, सामाजिक सञ्जाल

आदिको अधिकतम प्रयोगबाट युवा पिढिमा सूचना प्रविधिको कुलत लागेको देखिन्छ । त्यसैले, विद्यालय तथा कलेजहरूमा यसको सहि प्रयोगको बारेमा चेतना अभिवृद्धि गर्ने खालका विभिन्न क्रियाकलापहरू गर्नु पर्ने खाँचो छ ।

> **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत प्रत्येक जिल्लामा सूचना प्रविधिको प्रयोगबाट किसानको लागि आवश्यक प्रणालीको विकास गर्नुपर्दछ । प्रधानमन्त्री कृषि परियोजनाको माध्यमबाट कृषकको लागि आवश्यक सबै सूचना तथा जानकारीहरू समेटर मोवाइल एप्लिकेशन बनाउन सकेको खण्डमा यसको प्रत्यक्ष लाभ सम्वन्धित कृषकहरूले पाउछन**

**नेपाली किसानमा सूचना प्रविधि कसरी पुगिरहेको छ ? के के कुराहरूको कमी छ ?**

सूचना प्रविधिको कुरा गर्ने हो भने नेपाल यो क्षेत्रमा बामे सर्दै गरेको छ । उपलब्ध भएका विभिन्न उपकरणहरूको प्रयोगबाट कृषकहरूले चाहे जति जानकारी प्राप्त गर्न सकेका छैनन् । जस्तै कि, विउविजन, मल, बैंकबाट प्राप्त हुने सुहलियत दरका कृषि ऋणहरू जस्ता सेवा सुविधाहरू लिन पाइरहेका छैनन् । त्यसको भर्खर सुरुवात हुदैछ । नेपाल सरकार र विभिन्न संघसस्थाहरू मिलेर किसान टुरजस्ता ठुला ठुला परियोजनाहरू सञ्चालन गरिनुपर्दछ ।

नेपालले कृषि विकास रणनीतिको माध्यमबाट कृषिको क्षेत्रमा धेरै भन्दा धेरै कार्य गर्नुपर्छ । पछिल्लो समयमा आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत प्रत्येक जिल्लामा सूचना प्रविधिको प्रयोगबाट किसानको लागि आवश्यक प्रणालीको विकास गर्नुपर्दछ । प्रधानमन्त्री कृषि परियोजनाको माध्यमबाट कृषकको लागि आवश्यक सबै सूचना तथा जानकारीहरू समेटर मोवाइल एप्लिकेशन बनाउन सकेको खण्डमा यसको प्रत्यक्ष लाभ सम्वन्धित कृषकहरूले पाउछन जस्तो लाग्छ, जुन कुरा हुन सकेको छैन । तर सूचना प्रविधिको पूर्वाधार नै कमजोर रहेको छ ।

विभिन्न नीति नियमहरूको निर्माण गरि प्रभावकारी रुपमा कार्यन्वयन हुनुपर्दछ । नेपालको सन्दर्भमा सूचना प्रविधिको प्रयोग कृषि क्षेत्रमा भन्दा स्वास्थ्य र शिक्षा क्षेत्रमा भएको छ । दुर शिक्षाको महत्वपूर्ण माध्यमको रुपमा रहेको सूचना प्रविधिलाई प्रयोग गरेर समय तथा इन्धनको वचत गर्न सकिन्छ । मेरो अनुभवका आधारमा सूचना प्रविधिको प्रयोगमार्फत कार्वन फ्युल घटाउन सहयोग गर्दछ । हाम्रो आवश्यकता अनुसारको संरचना गरिएको एप्लिकेशनको प्रयोग गरिएको छैन ।

**बर्तमान पुस्तामा सूचना प्रविधिको लत लागेको भनिन्छ, यसलाई यहाँले कसरी विश्लेषण गर्नुहुन्छ ?**

सूचना प्रविधिको सही प्रयोगभन्दा पनि गलत प्रयोग गरेको पाइन्छ । बालवालिकाहरू विग्रनुका साथै युवा पिढीमा पनि यसले नकारात्मक असर पारेको छ । अत्यधिक मोवाइलको प्रयोगको कारणले विभिन्न दुर्घटनाका साथै मानिसहरूको ज्यान समेत जाने गरेको छ । यी सबै कुरालाई विश्लेषण गर्दा युवा पिढीमा लत लागेको मान्न सकिन्छ । सूचना प्रविधिको लतको कारणले युवामा मनोसामाजिक समस्याहरू देखा पर्नुको साथै नीतिगत व्यवस्था गरी दिर्घकालिन समाधानका उपायहरू खोज्नुपर्दछ । मेरो विचारमा विद्यालयमा भएका बालबालिका र कलेजमा पनि अनुभुतीकरणका कार्यक्रमहरू आयोजना गरी प्रयोगको वारेमा जानकारी प्रदान गरिनुपर्दछ । मानिसहरूले महशुस र आत्मबोध गरिनुपर्दछ । युवा लक्षित कार्यक्रम प्रभावकारी रुपमा गर्नको लागि सेलिब्रेटी आइकन मार्फत पनि गर्न सकिन्छ ।

**आफ्नै सँस्थामा फर्कौ, नेपानमा हालको सूचना प्रविधिको प्रयोगको स्थितिलाई कसरी मूल्याकंन गर्नुभएको छ ?**

नेपानको सबै सदस्यले सूचना प्रविधिको बारेमा पढ्न र जानकार हुन जरुरी छ । नेपानको कार्य समितिको साथीहरूले पनि पढ्ने र यसको दायरा कति छ र कति प्रविधिहरूलाई हामीले अपनाउन सक्छौ सक्दैनौ त्यसको आधारमा नेपानले सूचना प्रविधिलाई प्रयोग गर्न हामीले के के काम गर्न पर्छ भनेर कार्यढाँचा बनाउन आवश्यक छ । नेपानको नियमित वैठकको लागि कुन कुन पूर्वाधारको आवश्यक छ भनेर ख्याल लेखाजोखा गरी त्यस्ता स्रोत र साधनाको अधिकतम प्रयोग गरिनुपर्दछ ।

सूचना प्रविधिको उच्चतम प्रयोग गरी नेपान बैठकहरूलाई सजिलो बनाउन सकिन्छ । ल्यापटप, मोवाइल, कम्प्युटर, पोलिकम आदिको माध्यमबाट वैठक तथा भेलाहरूलाई प्रविधिमैत्री बनाउन सकिन्छ । नेपानले पुस्तकालयलाई सिकाई केन्दको रुपमा लैजानको लागि डिजिटल गरिनुपर्दछ । त्यसै गरि त्यसलाई अनलाइनमा कसरी ल्याउने, प्लेटफर्मसंगको पहुँच कसरी स्थापना गर्ने, कसरी गुगलसंग लिंक गराउने इलेक्ट्रोनिक भर्सनमा कसरी फाइलहरू उपलब्ध गराउने भन्ने विषयमा सूचना प्रविधिको प्रयोग गरी प्रविधि मैत्री बनाउनु पर्दछ ।

नेपानले डिजिटल सोलुसनको रणनितीको रुपमा अहिले सम्मका सिकाईहरूलाई संग्रह गर्ने, व्यवस्थापन गर्ने, आवश्यकता अनुसार उपलब्ध गराउने र अन्तिममा देश विकासको लागि सहि सदुपयोग गर्न सकिन्छ । त्यसको लागि नेपानले अरु संघसंस्थाहरू समन्वय र परिचालन गरी नेपाल सरकारको सहयोग लिएर काम गर्नु पर्दछ ।

## जनमतः

# सहभागीमूलक र समावेशी विकास प्रवर्द्धनमा सूचना प्रविधिको प्रभावकारी प्रयोग कसरी गर्न सकिएला ?



सहभागीमूलक र समावेशी विकास प्रक्रिया प्रवर्द्धनको भरपर्दो र पहिलो माध्यमको रुपमा आधुनिक सूचना प्रविधिलाई मान्न सकिन्छ । अहिलेको आधुनिक विश्वमा सूचना प्रवाहको सबैभन्दा प्रभावकारी माध्यमको रुपमा सूचना सहभागीमूलक र समावेशी विकास प्रक्रियाअन्तर्गत विभिन्न कार्यक्रमहरु जानकारीको लागि सफ्टवेयर विकास गरेमा हरेक व्यक्तिले आफनो सहभागिता अनलाइनबाटै गराउन सक्छन् भन्ने लागेको छ ।

***-बिना गोले, रामेछाप***

Devising a policy of using modern information technology:

1. Ensuring one door information circulation system.
2. Use social media as means of communication.

***- Rishi Adhikari, Dailekh***

Use social media (Facebook, twitter), Periodic update of websites, Produce short documentaries

and NEPAN'S thematic area and publish on YOU-TUBE

***- Padam Bhusal, Kapan***

समावेशी विकासको लागि ग्रामीण क्षेत्रमा रहने जनताहरुलाई नेपालको संविधान, समावेशी नीति र कार्यक्रमको महत्ववारे पत्रपत्रिका र टिभी, फेसबुकमार्फत जानकारी गराउने ।

***- गम्भीरबहादुर हाडा, काठमाडौं***

सूचनामूलक र अनुसन्धानात्मक लेखरचनाहरु समावेश हुनुपर्ने, विशेषगरी सहभागीमूलक विकास पद्धतिलाई प्रभावकारीता आउने खालका लेख रचनामा समावेश हुनुपर्ने र एउटै व्यक्ति/ एउटै प्रक्रियाका लेख रचनामा परिवर्तन हुनुपर्ने ।

***-महेश दाहाल, चितवन***

सबैजसो जनता र सरकार सबै नागरिकले प्रयोग गर्ने सामाजिक सन्जालमा विभिन्न उत्पादित सूचनाहरुलाई राखिदिने हो भने त्यसको पहुँच सबैमा पुग्ने र सबै यसमा सहभागी हुन सक्ने भएकोले त्यो प्रविधि प्रयोगलाई प्रोत्साहन दिन सकिएला ।

***-देवकी थापा, भक्तपुर***

लेख रचना तथा असल सिकाइहरूलाई डिजिटल प्रक्रियामा लैजाने ।

***- नेत्रप्रसाद उपाध्याय***

फेसवुककोसदुपयोग गरेर पनि प्रवर्द्धन गर्न सकिन्छ । साथै समसामयिक लेखहरु बनाएर वेवसाइटमा राख्न सकिन्छ ।

***-महेन्द्रकुमार शाक्य, नागार्जुन***

Haven't seen a facebook page for NEPAN and can be created. Mainly list can be expanded to include the newly elected representative at all level and furnish them with information on participatory performance.

***- Tara Devi Gurung***

प्रथम त जनप्रतिनिधिहरुलाई उक्त विषयमा थप सोचवारे बुझ्न र वुझाउन सहजीकरण गर्नुपर्छ। श्रोतको पहिचान र कार्यान्वयन गर्न सहयोग गर्नु पर्छ । वालमनोविज्ञान, सूचना प्रविधि र रचनात्मकताको सम्बन्धको बारेमा खोजी गर्ने ।

***- डा नरेन्द्र ठगुन्ना, काठमाडौं***

हरेक स्थानीय तह, प्रदेश तह र केन्द्रका वीचमा सामान्य भूमिका निर्वाह गर्नका लागि आवश्यक पर्ने प्रविधिलाई नयाँ ऐन, कानुन तथा संघीयताको मर्म र भावना अनुकुल वनाई अनुगमन मूल्याङकनको कार्यहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गराउने तर्फ ध्यान दिनु पर्छ । पारदर्शीता, सुशासन र जनसहभागिताको सुनिश्चित गर्नका लागि आधुनिक सूचना र प्रविधि आवश्यक छ भन्ने कुराको ज्ञान नीति निर्माण तहमा रहेका नेताहरुलाई अवगत गराई महशुस गर्न सक्ने बनाउनुपर्छ ।

***-टीकादास श्रेष्ठ, आदर्श खबर, काठमाडौं***

भरपर्दो र आधिकारिक सूचनाको प्रयोग, आधिकारिक संस्था व्यक्तिबाट माग भएको आधिकारिक सूचना राख्ने, तल्लो निकायसम्म प्रभावकारी संयन्त्र वनाउने, सहि सूचना, सभ्य र शिष्ट भाषाको प्रयोग, स्थानिय भाषा, सम्प्रदायको संवेदनशीलतालाई ध्यान दिने ।

***- विष्णुप्रसाद आचार्य, वन तथा वातावरण मन्त्रालय***

- सकारात्मक सोचको विस्तार
- असल कुरा स्वीकार्ने संस्कार
- नेतृत्वकर्तामा समावेशीकरण
- नकारात्मक सोचको न्यूनीकरण
- जनजनमा अभिमुखीकरण

***-हिम्मतसिंह लेकाली, चाँगुनारायण, भक्तपुर***

सहभागीमूलक र समावेशी विकास प्रकृया प्रवर्द्धनमा आधुनिक सूचना प्रविधिलाई प्रभावकारी गर्नको लागि स्पस्ट रुपमा सूचना प्रविधिको बारेमा वुझाउनु पर्ने देखिन्छ ।

***- केशवप्रसाद नेपाल, मण्डनदेउपुर, काभ्रे***

सूचना प्रविधि सहभागीमुलक र समावेशी विकास प्रक्रियालाई प्रभावकारी वनाउन प्रत्येक कार्यालयमा सूचना प्रविधि वायोमेटिक्स डिभाइसको प्रयोग, सबैलाई राष्ट्रिय परिचयपत्र, वैंक खाता, जेष्ठ नागरिकहरूको तथ्याङ्कहरू, रोजगारीको स्थितिको सबै रेकडहरू सहज ढंगले पाउन सक्ने वा अद्यावधिक गर्न सक्ने गरि राख्न सक्नुपर्छ । र यसकामका लागि नागरिकहरुको प्रभावकारीरुपमा सहभागिताको सुनिश्चितता गर्नु पर्छ ।

***- अभिनवकुमार पुडासैनी, बेल्कोटगढी, नुवाकोट***

The local level government should establish information and knowledge center in each municipal. Each municipal update both electronic and display type of information system. The government also learns the local level people and develop human resource for the sustainability. Mobile apps also need to be introduced for various information access to government services.

***- Rajendra Khanal, Jhamsikhel***

विकास कविता

# प्रविधिका पराक्रमहरू !



● तीर्थराज अधिकारी
लप्सीबोट, गोरखा
हालः सरस्वतीनगर काठमाडौं- ६

प्रविधिका पराक्रमले प्रादुर्भाव भएका
प्रविधिले निर्मित पाउडर र पानीका
प्लास्टिकका पोकाका पौष्टिकताले पन्पिएका
प्यारले पुल्पुलिएका - बच्चाहरू
पाउ टेकेर पर पुग्दा नपुग्दै
प्रविधि चुम्दै र प्रविधि चुस्दै
प्रविधि ओढ्दै र प्रविधि ओछ्याउँदै
सिरानी पनि प्रविधिकै हालेर
निरन्तर प्रविधि पछ्याइरहेका छन् ।

सगर र सागर छैन - दूर
सहर र बगर छैन - दूर
देश र देशान्तर छैन - दूर
विश्वमानचित्र सजाएर मान्छे
हत्केलामा  नाचिरहेको छ - औँलामा ।

वय बिर्सिंदै प्रविधि भेट्न
चस्मामा पावर बढाउँदै पलेँटी कसेर
पापड पेलिरहेका छन् पाकाहरू
जे हो खोजेको त्यही भेटेर युग सुसेल्दै
यतै सुरेली खेलिरहेका छन्
युवा वयका भाकाहरू !!

नाता बन्छन् र नाताका खाता बन्छन्
रातमा जूनतारा बल्छन् ।
फेरि यतै
भमराहरू फूल चुस्छन्
फूलहरू भमराका प्वाँख चुँड्छन्
रंगीन बट्टाभित्र
रहरिला र जहरिला रसै-रस छन्
रुचि जसलाई जे छ, त्यही रस पिउन सक्छन् ।

कोही यहाँ बाँचेरै पनि
'समवेदना' पाउँछन्
कोही यहाँ मरेर कतै गइसकेका पनि
'बधाई' खान आउँछन्
यहाँ अज्ञानताको लेश हुन्न कसैमा
यहाँ विज्ञताकै नशा चढ्छ सबैमा
लीला अनौठो छ
बुक पछार्दै विजेता बनेको
जालै जालको चित्रविचित्रको - फेसबुक-संसारमा ।

चालक गाडी चलाउँदैन - मोबाइल चलाउँछ
भान्छे भात चलाउँदैन - मोबाइल चलाउँछ
आमा बच्चा हेर्दिन - मोबाइल हेर्छे
बटुवा बाटो हेर्दैन - मोबाइल हेर्छ
श्रोता वक्ताका वचन सुन्दैन - मोबाइल सुन्छ
चेलो पाठ पढ्दैन - मोबाइल पढ्छ
गुरु पाठ पढाउँदैन - आँखा मोबाइलमै गाड्छ
प्रशासक फाइल समाउँदैन - मोबाइलमै रमाउँछ
पुलिस चोर समाउँदैन - मोबाइल नै समाउँछ ।

दृश्य  स्पष्ट छ -
देश प्रविधिको शिखरमा छ
लाग्छ, अब यहाँ समृद्धिको बाढी नै आउँछ
हा ! हा !! छ, हु ! हु !! छ
कण्ठमा कोही काग छैन
कर्कश कुनै राग छैन
सबै विज्ञ छन्
सबैको दाबी छ
आफ्नैमात्र कण्ठमा कोइलीको मधुर
अनुपम कुहँ-कुहुँ छ !!

# विकासमा सञ्चार तथा सूचना प्रविधिको महत्व र अबका पाइलाहरू



● गम्भीरबहादुर हाडा

***२१औं शताब्दी सूचना तथा प्रविधिको युग हो । यसले सिंगो विश्वलाइ नै प्रभावित गरेको छ । विकसित मुलुकका नागरिकले पर्याप्त मात्रामा सूचनाको हक प्राप्त गर्ने गरेका छन् । तर नेपालमा यो पक्ष निकै कमजोर छ । यसतर्फ समग्ररूपमा सोच्नुपर्छ ।***

सञ्चारको माध्यमद्वारा एक ठाउँको खबर, सूचना आदिलाई अर्को ठाउँ, एक राष्ट्रबाट अर्को राष्ट्रमा छिटो छरितो तरिकाबाट पठाउन सकिने हुँदा यसले समष्टिगतरूपमा सम्पूर्ण सामाजिक गतिविधिको सन्देशात्मक प्रक्रियालाई नै सञ्चालन गरेको पाइन्छ । राष्ट्रको चौथो अंगको रूपमा रहने सञ्चार क्षेत्रलाई सबैले संवेदनशील क्षेत्रको रूपमा स्वीकार गरेका छन् । साथै समाजको गतिविधि, वर्तमान स्थिति र व्यवस्थाको विकास निर्माण यसैमा भरपर्ने हुनाले सञ्चारको विकास अहिलेको आवश्यकता हुनु स्वाभाविकै हो ।

सञ्चार भन्नाले भाषा, हाउभाउ, इसारा, चित्र, ज्ञान, तथ्याङ्क, रंग, नक्सा, सन्देशात्मक क्रियाकलाप आदि विभिन्न माध्यमबाट दुई व्यक्ति वा समूहबीच गरिने सूचना एवं जानकारीलाई जनाउँछ । लेखन, हेराइ, स्पर्श, संकेत, चार्ट र डायग्राम आदिबाट पनि सञ्चार प्रवाह हुन्छ । सञ्चार वा सूचना प्रणाली हुनको लागि ३ महत्वपूर्ण तत्व हुनु जरुरी छ : क) सूचना प्रेषक ख) सूचना प्रापक र (ग) सूचना यी तीन तत्वमध्ये कुनै एकको अनुपस्थितिमा सञ्चार प्रणाली स्थापित हुन सक्दैन ।

सामान्य भाषामा बुझौं : इसारा, रेखाचित्र, ध्वनि, हावभाव, भाषा, लिपि, लेखाइ, पत्रपत्रिकाको प्रकाशन, रेडियो, टेलिभिजन, सिनेमा, डकुमेन्ट्री, वृत्तचित्र, टेलिफोन, इ-मेल, नेटवर्क (सञ्जाल) इत्यादि सबै सञ्चारका माध्यम हुन् । सञ्चार गर्नुका अनेक उद्देश्य हुन्छन् ।

### संस्थाहरूका लागि सञ्चार र सूचना प्रविधि

सञ्चारले संगठनमा रक्त सञ्चारको काम गर्दछ । संचारविना संगठनले आफ्नो कार्य सम्पादन गर्न सक्दैन । यसले सांगठनिक कार्यहरूमा सहयोग, समन्वय, सन्तुलन र सामञ्जस्यता कायम गर्दछ । बैठक, सभा, गोष्ठी, सम्मेलन, भेटवार्ता, चिठीपत्र, अन्तर्क्रिया, राय प्रतिक्रिया यसका माध्यमहरू हुन् । यिनै माध्यमहरूमार्फत् दुई वा दुईभन्दा बढी पक्षको बीचमा सम्पर्क स्थापित गरी कार्य सम्पादन गरिन्छ ।

सूचना प्रविधिले संगठनका लक्षहरू कामदारहरूमा जानकारी गराउने गर्दछ । कार्य सन्तुष्टि र उत्प्रेरणाका आधारहरू पनि अभिवृद्धि गर्ने कार्य गर्दछ । व्यवस्थापनलाई शीघ्र र सही निर्णय लिने कार्यमा सहयोग पुऱ्याउने काम पनि सूचनाले गर्दछ । अर्को कुरा सूचनाबाट औद्योगिक अशान्ति हटाउनमा मद्दत गर्दछ । सूचना जति प्रभावकारी, विश्वसनीय, भरपर्दो र शुद्ध हुन सक्छ त्यत्तिकै संगठनको निर्णय क्षमता नेतृत्व र उत्पादकत्वमा सकारात्मक प्रभाव पर्छ ।

व्यवस्थापनको आधुनिक अवधारणामा उसलाई व्यवस्थापकीय सूचना प्रणाली पनि भनिन्छ । सूचना प्रणालीबाट निर्णय गर्नमा सहयोग गर्नुको साथ योजना बनाउनु र त्यसको सफल कार्यान्वयनमा सहयोग प्रदान गर्दछ । सूचनाबाट मूल्यांकन र अनुगमन गर्नमा समेत सहयोग गर्दछ । सूचना प्रविधिले व्यवस्थापन परिवर्तन उन्मुख हुन आधारशीलाको निर्माण गर्दछ र संगठनभित्र सद्भाव, सहयोग र आपसी सम्बन्धको विकास भई औद्योगिक अशान्ति उत्पन्न नै हुने सम्भावनाको विकास गर्दछ ।

सूचनाहरूलाई अद्यावधिक पार्ने कार्यमा आजकाल नयाँनयाँ प्रविधिले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यी नयाँनयाँ प्रविधिहरूको प्रयोगबाट धेरै सूचनाहरू थोरै समयमा नै प्रशोधन र विश्लेषण गर्ने कार्य सम्भव भएको छ । यी प्रविधिहरूले गर्दा सही सूचनाहरू थोरै समयमा नै प्राप्त गर्न सकिने र यसको प्रयोगबाट अत्यन्त जटिल कार्यहरू पनि सरलताका साथ सम्पन्न गर्न सकिने भएको छ । संसार छोटो र विश्व साँघुरिदै गइरहेको वर्तमान परिवेशमा पनि यही आधुनिक सूचना प्रणालीको

विकासबाटै सम्भव भएको छ । आज विश्वको कुनै कुनामा केही घटना घटेमा त्यसका प्रत्यक्ष असर तुरुन्तै संसारभर थाहा पाउन सक्नु नै प्रविधिको सफल प्रयोगबाट सम्भव भएको हो ।

नेपालको संविधान २०७२ को भाग ३ अन्तर्गत मौलिक हक र कर्तव्यको दफा १९ मा सञ्चारको हक सम्बन्धमा उल्लेख गरिएको छ । सञ्चारको बढ्दो हक र सुविधासँगै देशमा सञ्चार क्षेत्रमा राम्रो उन्नति भएको अवस्था छ । हालसम्म ६ सय ७२ वटा एफएम रेडियोले अनुमति पाएकोमा ५ सय ५८ वटा नियमित प्रसारण भइरहेका छन् ८८ वटा टेलिभिजनको अनुमति लिएकोमा २५ वटाबाट प्रसारण सुरु भएको छ । नेपाल टेलिभिजनकै मात्र कुरा गर्नुपर्दा पनि राष्ट्रिय प्रसाारणको पहुँच पुगेको जनसंख्या ७२.५ प्रतिशत र भौगोलिक हिसाबले त्यो पहुँच ५२ प्रतिशत रहेको छ भनिन्छ । साथै, भूउपग्रह मार्फत् मुलुकभर र विश्वका १४६ मुलुकहरूमा नेपाल टेलिभिजनको पहुँच पुगेको बताइन्छ । रेडियोको पहुँच पनि अत्यधिक बढेको छ । रेडियो नेपालको प्रसारण पहुँच ८७ प्रतिशत जनसंख्यामा र ९० प्रतिशत भूभागमा पुगेको छ । मोबाइलको त झन् कुरै के गर्नु ! यसको विकास धेरै छिटो छिटो भएको छ । उदाहरणार्थ, देशभर ७७ वटै जिल्लामा मोबाइल सुविधा पुगेको र करिब ९० प्रतिशत भूभागमा मोबाइल सेवाको पहुँच पुगेको छ भनेर विभिन्न तथ्यांक बताउँछन् । यी केही उदाहरणमात्र हुन् । सबैको फेहरिस्त उतार्नु यस लेखको सीमाबाहिरको कुरा हो ।

## चुनौती

नेपालमा छिटो छिटो सञ्चार र सूचना प्रविधि विकास भए पनि हाम्रासामु केही चुनौती अवश्य छन् । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभरूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीणलगायत सहरी क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा-सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्यप्राप्तिमा टेवा पुऱ्याउनु र अपेक्षा पूरा गर्नु अहिलेको मूल चुनौती हो ।

भूमण्डलीकरणको मूलप्रवाहमा समाहित हुनसमेत यस क्षेत्रलाई पूर्वाधारको चुनौती छ । पछिल्लो समयमा यस क्षेत्रबाट प्रदान हुँदै आएको सेवामा सङ्ख्यात्मक वृद्धि गर्ने होड त छ, तर गुणस्तर भने बढ्न सकेको छैन । नेटवर्क नआउने, इन्टरनेट ढिलो र कम गतिको हुने, फोन नबुझिने समस्या धेरै ठाउँमा छ । अब लिनुपर्ने बाटोको बारेमा बुँदागतरूपमा तल सुझाव दिइएको छ ।

## अबका पाइला

क) २१औं शताब्दी सूचना तथा प्रविधिको युग हो । यसले सिंगो विश्वलाई नै प्रभावित गरेको छ । विकसित मुलुकका नागरिकले पर्याप्त मात्रामा सूचनाको हक प्राप्त गर्ने गरेका छन् । तर नेपालमा यो पक्ष निकै कमजोर छ । यसतर्फ समग्ररूपमा सोच्नुपर्छ ।

ख) नेपालको सूचना आयोगले सूचना कानुनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेको अवस्था छ । सरकारी पर्याप्त मात्रामा पारदर्शी हुन सकेको छैन । राजनीतिज्ञ, नागरिक समाज र आमसञ्चारका माध्यमहरू राजनीतिक दर्शन, आग्रह र पूर्वाग्रहबाट प्रभावित छन् । यस्ता पक्षहरूमा सुधार हुनु आवश्यक छ ।

ग) आमसञ्चारका माध्यमहरू पनि खोज पत्रकारितामा आधारित नभई सतही आग्रह र पूर्वाग्रहबाट निर्देशित छन् । सरकारी, गैरसरकारी तथा सामुदायिक कुनै पनि निकायमा काम-कारवाही पारदर्शी हुन सकेका छैनन् । सूचनाको हकको उपयोग गर्न जनतामा चेतना जागृत हुन सकेको छैन । जागृति ल्याउने काम तपाईं हामी सबैको हो ।

घ) सरकारले विद्युतीय सुशासनको अवधारणालाई व्यवहारमा लागू गरेको छ । तर तद्नुरुप कार्यान्वयन प्रक्रिया अघि बढ्न सकेको छैन । यसो हुनुमा सम्बन्धित सरोकारवाला निकायहरूबीचको सञ्चार प्रभावकारी नहुनु नै हो । तसथै समन्वयात्मक सञ्चारमा जोड दिनुपर्छ । गैससका लागि पनि यो कुरा लागू हुन्छ ।

ङ) ग्रामीणस्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्नेतर्फ पनि सरकारको विशेष ध्यान जानुपर्छ । आफ्नो स्वामित्वमा रहेका आमसञ्चारका माध्यमहरूमा व्यावसायिकता, प्रतिस्पर्धा, गुणात्मकता, आधुनिक प्रविधियुक्त र विकेन्द्रित गर्दै स्वनिर्भर तुल्याउनेतर्फ सोच्न ढिला भएको छ ।

च) हुलाक सेवाको पुनर्संरचना गरी बहुउपयोगी संस्थाको रूपमा विकास गर्नु, सूचना तथा सञ्चार मन्त्रालय तथा मातहतका निकायहरूको ऐतिहासिक महत्वका वस्तु उत्पादन र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्नु, विद्युतीय सञ्चार माध्यमको अनुगमन गर्नु, सुरक्षण मुद्रणसम्वन्धी कार्य स्वदेशमा गर्न आवश्यक पूर्वाधार तयार गर्नु, प्रसारण संस्थाले प्रसारण गर्ने विषयवस्तु, त्यसको गुणस्तर, त्यसमा गरेको लगानी, प्रयोग भएको प्रविधि र जनशक्तिको बारेमा नियमित अनुगमन तथा सहयोग गर्ने परिपाटी हुनुपर्छ ।

छ) नेपाल टेलिकमको राष्ट्रव्यापी पहुँच विस्तार गर्नु र सार्वजनिक निकायमा रहेको सूचनालाई डिजिटाइज्ड गरी अनलाइनबाट सूचना माग्ने र उपलब्ध गराउनेतर्फ पनि जोड दिनुपर्छ ।

**अन्त्यमा,** अवसरको रूपमा रहेको सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, सेवा प्रभावकारिता बढाउने शासन संयन्त्रलाई बढी सहभागीमूलक एवम् पारदर्शी बनाउनु, सार्वजनिक प्रसारणलाई समावेशी, निस्पक्ष, स्वतन्त्र र स्वायत्त बनाई धार्मिक, सांस्कृतिक र भाषिक अतिक्रमणलाई रोकी राष्ट्रिय एकता प्रवद्धर्न गर्न सकिने वातावरण बन्नु, राज्यले लिएको खुला नीतिका कारण निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रसारण गर्नु, इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनुजस्ता तमाम अवसर हाम्राअघि छन् । तर तिनको सही परिचालन र सदुपयोग गर्नेतर्फ हाम्रो प्रयास धेरै बढ्नुपर्छ ।–

**(लेखक भक्तपुर बहुमुखी क्याम्पसका पूर्व सहप्राध्यापक हुनुहुन्छ र विकास, सञ्चार, अर्थ आदि विषयमा नियमित लेख्नुहुन्छ ।)**

इमेल : gambhir.hada@gmail.com

# रोजगारी सिर्जनाः दिगो विकासको आधार



● प्रा. डा. नरविक्रम थापा

**रोजगारी हरेक मानिसको लागि जीवन निर्वाहको महत्वपूर्ण साधन हो । सबैभन्दा उत्तम कुरा स्वरोजगार हुनु हो । स्वरोजगार व्यक्ति स्वाभिमानी हुन सक्छ । नेपाल गरिब हुनुमा सम्मानजनक रोजगारी हरेक नागरिकले प्राप्त गर्न नसक्नु पनि हो ।**

देशलाई सम्वृद्धिको वाटोमा डोर्‍याउने पहिलो खुड्कीलोनै रोजगारी सृजना गर्नु हो । हाम्रो देशको युवा शक्तिलाई आफ्नै देशमा रोजगारीको सृजना गर्ने पहिलो क्षेत्र कृषिनै हो । यस अन्तर्गत् ब्यावसायिक कृषि उत्पादन तरकारी खेती, पशुपालन, कुखुरापालन, माछापालन, फलफूल, दुग्ध ब्यवसाय, च्याउ खेती आदिमा लगानी विस्तार गर्न सरकारको सहयोग तथा संरक्षण अति आवश्यक हुन्छ । यस क्षेत्रको साथै गैरकृषि क्षेत्रमा रहेका पर्यटन, होटल, हस्तकला, जलविद्युत, सूचना र प्रविधि साथै उद्योग पनि स्वदेशमा रोजगारीको अवसर प्राप्त गर्ने क्षेत्र अन्तर्गत पर्दछन् । विद्यमान् चुनौतिलाई जरैवाट फ्याक्नका लागि शैक्षिक क्षेत्रमा परिवर्तन गर्नुको साथै सामाजिक आर्थिक संरचनामा पनि परिवर्तन गर्नु जरुरी छ । जसले दीगो विकासको लक्ष्यलाई सहजै पूरा गर्न मद्धत गर्नेछ ।

### परिचय

जीवन जिउन र समाजमा प्रतिष्ठा प्राप्त गर्नको लागि मानिसलाई रोजगारी नभई हुँदैन । रोजगारी सृजना गर्न राज्य, नीजि क्षेत्र र नागरीक स्वयंको महत्वपूर्ण भूमिका हुन्छ । हाम्रो देशमा सरकारी जागिरलाई रोजगारीको भरपर्दो र प्रतिष्ठाको विषय ठानिन्छ । तथापि आजको दुनियाँमा नीजि क्षेत्र र नागरिक स्वयंले प्रसस्त रोजगारीको अवसर सिर्जना गर्न सक्दछन् । वास्तवमा राज्यले त रोजगारी सिर्जना गर्न नागरिकहरूलाई नीतिगत तथा असल शासनमार्फत उचित वातावरण मात्र बनाइदिने हो । राज्यको मात्र मुख ताक्ने हो भने नागरिक सक्रिय हुन सक्दैनन् । रोजगारी सिर्जना गर्न उद्यमशीलता आवश्यक छ । हरेक परिवार तथा घरधुरी उत्पादनका इकाई हुन् । उनीहरू आफैले आफ्नो ठाउँमा रोजगारीको अवसर प्राप्त गर्न साना घरेलु उद्योग स्थापनादेखि कृषिमा आधारित व्यवसायहरू संचालन गरेर मनग्गे आम्दानी गर्न सक्दछन् । कृषि तथा घरेलु उद्योगले ग्रामीण क्षेत्रमा रोजगारी बढाउन ठूलो भूमिका खेल्न सक्दछन् । तथापि नेपालमा कृषि पेशा निर्वाहमूखि  छ । कृषिमा दुई तिहाईभन्दा बढी जनसंख्या आश्रित रहेपनि देशको जीडिपिमा केवल एक तिहाई मात्र योगदान पुर्‍याएको छ । कृषिमा निर्भर धेरै नेपालीहरू अर्धवेरोजगार छन् । कृषि पेशामा व्यावसायिकरण हुन आवश्यक छ । तब मात्र यसले प्रसस्त आयआर्जन गर्न सक्छ ।

दिगो आर्थिक वृद्धि र गरिबी घटाउने प्रमुख आधारनै उत्पादनशील रोजगारी रहेको तथ्यलाई विश्वको वर्तमान प्रवृत्तिका रुपामा स्वीकार गर्न थालिएको छ । सामान्यतय, उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र वेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ, जसले अन्ततः गरिवी न्यूनीकरणमा योगदान गरिरहेको हुन्छ । यी प्रवृत्तिका अलवा के पनि देखिएको छ भने आर्थिक वृद्धि रोजगारी गरिवीबीचको अन्तरसम्बन्ध आर्थिक वृद्धिका साथै रोजगारीको परिणाम तथा गुणस्तरका ढाँचाहरू रोजगारीको उपलब्धीलाई प्रभावित तुल्याउन महत्वपूर्ण हुन्छन् । यसैको प्रतिक्रियास्वरुप, संसारभरका नीति निर्माताहरूले आआफ्ना प्रमुख नीतिगत विषयवस्तु तथा विकास रणनीतिका रुपमा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारीलाई अघि सारेका छन् । खासगरी, रोजगारीसँग अन्तर सम्बन्धित प्रवृत्तिलाई सम्बोधन गर्न विस्तृत नीति, संरचना निर्माण गर्नेतर्फ देशहरूको अग्रसरता बढेको देखिन्छ (श्रम तथा रोजगार मन्त्रालय २०७१) । यसवाहेक विकास योजना, क्षेत्रगत नीतिहरू र कार्यक्रमहरूको महत्वपूर्ण उद्देश्यका रुपमा रोजगारीलाई समेट्ने गरिएकोछ । वास्तवमा हरेक योजनाहरूले कति रोजगारी सिर्जना गरे भन्ने आधारमा परियोजनाको सफलता मापन गर्नु पर्ने देखिन्छ । अब जनचेतना

जगाउने मात्र परियोजनाको उद्देश्यले औचित्य पुष्टि गर्न सक्दैन । जनचेतना वृद्धि, आयआर्जन, पूर्वाधार विकास र रोजगारीका अवसरजस्ता कुराहरू समुदायमा संगसंगै लैजानु पर्दछ । जनतालाई बजारसँग प्रत्यक्षरुपमा जोडनु पर्छ । हाम्रा गाउँहरू शहरबाट आउने चाउचाउ, विस्कुट, रक्सी र वियर बेच्ने बजार मात्र बन्नु हुन्न । गाउँबाट पनि ट्रकभरी सामान लिएर शहर फर्कनु पर्छ । गाउँहरूबाट शहर फर्कदा ट्रकहरू खाली फर्कनु हुँदैन ।

नेपालमा उत्पादनमूलक उद्योगको विकास नभए सम्म आर्थिक सम्वृद्धि हासिल हुन सक्दैन । यसतर्फ राज्य, नीजि क्षेत्र र सामान्य नागरिकले समेत ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## रोजगारीको वर्तमान अवस्था

नवगठित सरकारले आर्थिक संवृद्धिलाई प्राथमिकता दिएको छ । आर्थिक संवृद्धिका लागि पर्याप्त रोजगारी हुन आवश्यक छ । नेपाली श्रम बजारमा हरेक साल ५ लाख युवाको प्रवेश हुन्छ, तथापी मुस्कीलले २ लाखले मात्र नेपालमा रोजगारी पाउँछन् । श्रम शक्तिको व्यावस्थापन हुन नसक्दा लाखौ युवा रोगजारीका लागि विदेश जान बाध्य छन् । अहिले मुलुकभित्र कुल रोजगारीको ६० प्रतिशत रोजगारी नीजि क्षेत्रले प्रदान गरेकोछ । यस हिसावले नेपालको सबभन्दा ठूलो रोजगारदाता नीजि क्षेत्र हो । त्यसमा पनि सबभन्दा रोजगारी उत्पादन गर्ने भनेको उत्पादनमूलक क्षेत्र हो । आर्थिक सम्वृद्धि हासिल गर्न पनि उत्पादनमूलक क्षेत्रलाई नै प्राथमिकतामा राख्नु पर्ने हुन्छ (आचार्य, ०७५) । उत्पादन क्षेत्रलाई बढावा दिन उद्यमशीलताको विकास गर्नु अपरिहार्य छ । नेपालको आन्तरिक बजारको व्यवस्थित र पर्याप्त अध्ययन हुन सकेको छैन । बजारको आवश्यक्ता अनुसार उद्योग स्थापना गर्नु पर्ने हुन्छ । अहिले नेपालाई आन्तरिक उत्पादन बढाउनुपर्ने चुनौती छ । कुनै पनि मुलुकले आफ्नो उत्पादन अवस्थाका आधारमा स्वदेशी उत्पादनको संरक्षण गर्नु पर्ने हुन्छ । रोजगारी वृद्धिले कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विगत दश वर्षको बजेट र नीति तथा कार्यक्रम हेर्‍यो भने युवालाई रोजगारी दिइने उल्लेख गरेको पाइन्छ । तथापि आर्थिक समिक्षामा भने त्यस्ता घोषणा कति पुरा भए भन्नेतर्फ कुनै लेखाजोखा गरिदैन । सस्तो लोकप्रियताका लागि वजेटमा उल्लेख गर्ने तर त्यसको मापन नगर्ने अभ्यास छ । अनुसन्धानमार्फत समस्याको पहिचान हुन नसक्दा त्यसको समाधान समेत हुन सक्दैन । शिक्षालाई प्रत्यक्ष रोजगारीसँग गास्नु पर्ने हुन्छ । उद्योग, कृषि तथा बजार व्यवस्थापन गर्न सक्ने जनशक्ति उत्पादन गर्नु पर्ने आजको आवश्यकता छ । शैक्षिक वेरोजगार उत्पादन गर्ने शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्नु पर्ने देखिन्छ । शैक्षिक संस्थालाई रोजगार बजारसँग गाँस्नु पर्छ ।

संसार सानो गाउँमा परिणत भईसकेको छ । समाज गतिशील छ । कुनै पनि देशले श्रमिकलाई आफ्नै देशमा मात्र सीमित राख्न सक्दैन । निश्चितरुपमा श्रमिकले आफ्नो देशमा रोजगारी नपाएमा अर्को मुलुकमा जान पर्नु बाध्यता हुन्छ । नेपाली श्रमिकहरू विदेशमा रहँदा सीपसँगै काम गर्ने संस्कृति पनि सिकेर आएका हुन्छन । त्यस्ता श्रमिकहरूलाई देशले उचित काम गर्ने वातावरण दिनुपर्छ । वैदेशिक रोजगारीबाट फर्केका कामदारले सिकेको शीपलाई देशको आर्थिक विकासमा उपयोगमा ल्याउनुपर्छ । थोरै भएपनि विदेशमा काम गरेर फर्केका श्रमिकले नेपालमै केही व्यवसाय गरेर आयआर्जन गर्ने कामको सुरुवात हुन थालको छ । यो सकारात्मक संकेतलाई राज्यले प्रोत्साहन दिनु पर्ने हुन्छ । नेपालमा उत्पादनमूलक उद्योगको विकास नभए सम्म आर्थिक सम्वृद्धि हासिल हुन सक्दैन । यसतर्फ राज्य, नीजि क्षेत्र र सामान्य नागरिकले समेत ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## लगानीका सामान्य सिद्धान्तहरू

देशको आवश्यकतामा आधारित लगानी छनोट गर्नु सजिलो भने छैन । उद्योगमा लगानी गर्दा गहन अध्ययन मुख्य आवश्यक कुरा ठानिन्छ । लगानी छनोट गर्दा मुख्यतय पाँचवटा पक्षमा ध्यान दिनु पर्छ ।

१. आम्दानीको सुरक्षाः लगानी गर्ने भनेको आम्दानीको लागि हो । यस्तै सावाँका साथै व्याज वा प्रतिफल समेत प्राप्त हुने ग्यारेन्टी हुने क्षेत्रमा लगानी गर्नुपर्छ । जति लामो समयका लागि लगानी गरिन्छ, सोको प्रतिफल पनि त्यत्तिकै बढी हुनुपर्छ ।

२. आम्दानी दरः आफूले गरेको लगानीको प्रतिफल कुन दरमा प्राप्त हुन्छ भन्ने विषयसमेत किटान गरी लगानी गर्नुपर्ने हुन्छ । हाल गरिएको साँवाको कुन दरमा प्रतिफल प्राप्त हुने विषयको निर्क्योल गरी बढी नाफा हुने स्थानमा लगानी गर्न सकिन्छ ।

३. नगदमा परिवर्तन गर्न सकिने लगानीः अहिलेको समय नगदमा आधारित अर्थव्यवस्था भएको समय हो । आफूले गरेको लगानी जुनसुकै वेला पनि विक्री गरी नगद प्राप्त गर्ने स्थानमा लगानी गर्नुपर्ने हुन्छ ।

४. मूल्य प्राप्त गर्न सकिनेः लगानीको आन्तरिक मूल्य भनेकै वृद्धि हुने हो । लगानीको बजार मूल्य विस्तार हुनुपर्छ ।

५. मूल्य स्थिरताः लगानी गर्दा सो लगानीको बजारमूल्य अस्वभाविक ढंगले बढ्ने वा घट्ने प्रक्रिया भयो भने उपयुक्त लगानी मान्न सकिदैन ।

यी पाँच गुण भएका प्रत्येक लगानी नै लगानीसम्बन्धी ज्ञान हुने व्यक्तिले छनोट गर्ने लगानीका क्षेत्र हुन । सफल लगानीकर्ताले यी विषयमा ध्यान दिएको हुन्छ ।

**विप्रेषणमा आधारित अर्थतन्त्र**

नेपालको अर्थतन्त्र दुई दशकदेखि विप्रेषणमा आधारित छ। यस अवधिमा राजनीतिक अस्थिरता, कृषि परम्परागत अवस्थामा नै रहेको, नयाँ उद्योगहरू नखुलेको र विकास निर्माणमा पूँजीगत लगानी हुन नसकेको जस्तो अवस्थाबाट अर्थतन्त्र थला पऱ्यो । जे होस्, विप्रेषणको भरमा नेपाली अर्थतन्त्र चलायमान रहन सक्यो । अहिले करीव ४० लाखभन्दा बढी नेपालीहरू विदेशमा काम गर्दछन् । आर्थिक वर्ष २०७३/०७४ मा नेपालमा विप्रेषणको रुपमा ६ खर्ब ९५ अर्ब नेपाली रुपैया भित्रिएको छ। जुन मुलुकको कुल गार्हस्थ्य उत्पादनको तुलनामा २६.९ प्रतिशत हुन आउँछ । यो अनुपात आर्थिक वर्ष २०७२/०७३ मा २९.६ प्रतिशत थियो । वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाएको विप्रेषणबाट शिक्षा, स्वास्थ्य, यातायात, मनोरञ्जन, बैकिङ्ग र व्यापारजस्ता क्षेत्रमा आर्थिक क्रियाकलाप बढ्न गई आयत साथै वैदेशिक ऋणलगायतको दायित्व भुक्तानी गर्न पनि विप्रेषणबाट प्राप्त भएको विदेशी मुद्राले धानेको छ। पछिल्लो समय बैदेशिक रोजगारीमा जानेको संख्या घटे पनि विदेशमा रोजगारीमा रहेकाहरूको संख्या वढेकै अवस्थामा छ (श्रेष्ठ, २०७५)। वास्तवमा युवा जनशक्ति विदेशमा गएर श्रमिकको रुपमा काम गर्नु दीर्घकालीन रुपमा देशको हितमा छैन । यस्तो अवस्थाले देशमा श्रमशक्तिको अभाव हुन थालिसकेको छ । हाम्रा निर्माणका कामहरू समयमा कुनै पनि सम्पन्न हुन सकेका छैनन् । युवा श्रमिकको अभावले धेरै क्षेत्रमा वाधा परिसकेको छ ।

नेपाली अर्थतन्त्रको आकार

नेपालको कुल गार्हस्थ उत्पादन बढेर अर्थतन्त्र ३० खर्ब ७ अर्ब २४ करोड पुगेको छ (केन्द्रीय तथ्यांक विभाग २०७५)। चालु आर्थिक वर्षमा प्रतिव्यक्ति आय १००४ डलर (करिव १ लाख ४ सय रुपैया) रहने प्रक्षेपण विभागको छ। अघिल्लो आ.व.मा प्रति व्यक्ति आय ८ सय ६६ अमेरिकी डलर थियो ।

तथ्यांकअनुसार नेपालको अर्थतन्त्रमा सबैभन्दा ठूलो हिस्सा सेवा क्षेत्रको छ । चालु आ.व. मा जिडिपीतर्फ सेवा क्षेत्रको हिस्सा सबैभन्दा बढी ५८ प्रतिशत रहनेछ। दोस्रो स्थानमा रहेको कृषि, मत्स्यपालन तथा वन क्षेत्रले २८ प्रतिशत योगदान गर्छन भने तेस्रो स्थानमा उद्योग तथा उत्पादन क्षेत्रको हिस्सा रहनेछ । उद्योग तथा उत्पादनले नेपालको कुल गार्हस्थ उत्पादनमा १४ प्रतिशत योगदान गर्ने विभागले प्रक्षेपण गरेको छ।

**नेपालमा गरिवीको अवस्था**

नेपालको विगत एक दशकको आर्थिक वृद्धिदर ४ प्रतिशत रह्यो। जबकि छिमेकी मुलुकहरू चीन र भारतमा यो अवधिको आर्थिक वृद्धिदर क्रमस ९ र ८ प्रतिशत थियो। विगत दश वर्षमा मुद्रास्फीति दर औषत करिव ९ प्रतिशत रह्यो । न्यून आर्थिक वृद्धि, उच्च मूल्य वृद्धि र आयको वितरण समन्यायिक तथा समावेशी हुन नसक्नाले अझै २१.६ प्रतिशत नेपाली आय गरिवी र २८.६ प्रतिशत घरपरिवारहरू बहुआयामिक गरिवीको रेखामुनि छन्। अन्तर्राष्ट्रिय परिभाषा (प्रतिव्यक्ति प्रतिदिन आय १.९) अमेरिकी डलर) अनुसार गणना गर्ने हो भने ३६ प्रतिशत नेपालीहरू गरिवीको रेखामुनी छन्। आगामी ५ वर्षमै चरम गरिवीलाई शुन्यमा झर्ने निकै चुनौति रहेको देखिन्छ (खतिवडा, २०७४)।

> **नेपालको विगत एक दशकको आर्थिक वृद्धिदर ४ प्रतिशत रह्यो । जबकि छिमेकी मुलुकहरू चीन र भारतमा यो अवधिको आर्थिक वृद्धिदर क्रमस ९ र ८ प्रतिशत थियो ।**

पछिल्लो श्रमशक्ति सर्वेक्षण अनुसार नेपालमा खुला वेरोजगारी दर २.३ प्रतिशत रहेपनि अर्धवेरोजगारी दर करिव ३० प्रतिशतको हराहारीमा रहेको अनुमान छ। युवा अर्धवेरोजगारी ३५.८ प्रतिशत छ । हाल दैनिक करिव एक हजार नेपाली युवाहरू रोजगारीको खोजीमा जाने गरेका छन्। वैदेशिक रोजगारीमा जाने युवाशक्ति मध्ये तीन चौथाई भन्दा बढी अदक्ष रहेको कारण एकातर्फ विदेशमा न्यूनतम ज्याला दरमा श्रम बेच्नु पर्ने र अर्कोतर्फ देशभित्र कृषि, उद्योग तथा निर्माण कार्यमा श्रमशक्तिको अभाव भएको छ । श्रम बजारमा वार्षिक रुपमा थपिने करिव ५ लाख श्रमशक्तिलाई कामको अवसर सिर्जना गर्नु र बैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्नु पर्ने चुनौति छ ।

आयको ९० प्रतिशतभन्दा बढी अंश उपभोगमा नै खर्च हुन गई वचत न्यून हुने गरेको छ । आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका सबैजसो उत्पादनका साधन आयत हुने भएकाले उत्पादन लागत र घाटा बढ्दै गएको छ । विकास निर्माण औद्योगिक उत्पादन, पर्यटन लगाएतका सेवा क्षेत्र र आम उपयोग्य क्षेत्रका वस्तु र सेवामा आयतित वस्तु र सेवाको बाहुल्यता रहेको छ । नेपाली नागरिकहरूले स्वदेशी सामान प्रयोग गर्न जोडदिने र स्वदेशमा उद्योगधन्दा खोल्न देशी तथा विदेशी कम्पनीहरूलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ । यसो भएमा देशभित्र रोजगारी सिर्जना हुन सक्छ ।

**कृषि क्षेत्र**

नेपालको एघारौं जनगणना (२०६८) ले मुलुकभरमा जम्मा ५४ लाख २७ हजार परिवार रहेको र यी परिवारमा दुई करोड ६४ लाख ९५ हजार जनसंख्या रहेको देखाएकोछ। त्यसपछि भएको नेपालको छैटौं कृषि गणनाले मुलुकभरमा जम्मा ३८ लाख ३१ हजार किसान परिवार रहेको र यी परिवारमा दुई करोड पाँच लाख ५३ हजार जना रहेको देखाएको छ । यी दुई गणनाबाट प्राप्त नतिजाको आधारमा नेपालका ७१ प्रतिशत परिवार केहि न केहि कृषि कार्यमा लागेको देखियो र ७८ प्रतिशत जनसंख्या

किसान परिवार भित्र पर्दछ । देशको सम्पूर्ण परिवारमा सरदर ४.९ जना छन् भने किसान परिवारमा सरदर ५.४ जना छन् । कृषि पेशा अझै पनि नेपालीहरूमाझ जीवन पद्धति, संस्कार र सामाजिक मर्यादाको सवालको रुपमा रहेको छ (थापा, २०७३) ।

**कृषि क्षेत्र रोजगारी सिर्जना गर्नको लागि अझै महत्वपूर्ण सेक्टर हो । विदेशबाट फर्केका नेपालीहरू केहिले व्यावसायिक तरकारी खेती, पशुपालन, कुखुरापालन, माछापालन, फलफूल खेती, दुग्ध व्यावसाय, च्याउ खेती, आदि संचालन गरेका छन् ।**

छैटौ कृषि गणना (२०६८) अनुसार देशभरमा २५ लाख २३ हजार हेक्टर जग्गा खेतीपाती भएको छ । देशमा खेतीपातीको लागि कृषकले भोगचलन गरेको जग्गाको खण्डीकरण भने कम हुँदै गएको छ । कृषकले भोगचलन गरेको जग्गाको आकार पनि एकपछि अर्को गणनामा घटदै गएको छ । पहिलो गणनामा एक कृषक परिवारको भागमा १.११ हेक्टर जग्गा पर्दथ्यो भने ५० वर्ष पछि (२०६८) आएर यसको आकार ०.६८ हेक्टरमा झरेको छ ।

भौगोलिक क्षेत्रमध्ये तराईमा एउटा कृषक परिवारको भागमा सरदर ०.७५ हेक्टर जग्गा पर्दछ भने पहाड र हिमाली क्षेत्रमा यो संख्या क्रमस ०.५७ तथा ०.६५ हेक्टर रहेको छ । नेपालको पूर्वी भागमा भन्दा पश्चिम भागमा साना कृषकहरू धेरै रहेका छन् । कृषि गणना २०६८ अनुसार पूर्वाञ्चलमा (प्रदेश १) भोगचलन गरेको जग्गाको आकार ०.८४ हेक्टर छ भने सुदूर पश्चिमाञ्चलमा (प्रदेश ७) यस्तो जग्गाको आकार ०.५३ हेक्टर मात्र छ ।

कृषि गणना २०६८ अनुसार नेपालका सम्पूर्ण कृषक परिवार मध्ये आधा भन्दा बढी (५३ प्रतिशत) साना किसान ०.५ हेक्टर भन्दा कम जग्गा भोगचलन गर्ने किसान परिवार छन् । यीनीहरूले भोगचलन गरेको जग्गाको हिस्सा भने देशभरमा भोगचलन भएको जम्मा जग्गाको १९ प्रतिशत मात्र छ । अर्को तर्फ ठूला किसान (२ हेक्टर वा सो भन्दा बढी जग्गा भोगचलन गरेका किसान परिवार) पाँच प्रतिशत मात्र छन् भने उनीहरूले चलन गरेको जग्गाको हिस्सा २४ प्रतिशत रहेको छ । ठूला किसानको तुलनामा साना किसानले सघन रुपले खेती गरेको पाइन्छ ।

कृषि क्षेत्र रोजगारी सिर्जना गर्नको लागि अझै महत्वपूर्ण सेक्टर हो । विदेशबाट फर्केका नेपालीहरू केहिले व्यावसायिक तरकारी खेती, पशुपालन, कुखुरापालन, माछापालन, फलफूल खेती, दुग्ध व्यावसाय, च्याउ खेती, आदि संचालन गरेका छन् । यस्ता कार्यहरू धेरै किसानहरूले संचालन गरि देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ । साथै विदेशबाट आयत हुने अन्न, तरकारी, फलफूल, मासु, माछा आदिलाई प्रतिस्थापन गर्न सकिन्छ । नेपालमा वार्षिक एक खर्ब भन्दा बढीको कृषिजन्य खाद्य पदार्थ भारत लगायत अन्य देशबाट आयत हुने गरेको छ । यो नेपाल जस्तो कृषि प्रधान देशको लागि सुहाउने कुरा होइन । नेपाल हिमाल, पहाड, तराई, भित्री मधेस र गरतिर प्रदेश मिलेर बनेको विविध हावापानी, भौगोलिक बनावट र पर्यावरण भएको देश हुँदा याहाँ विविध किसिमका फसलहरू व्यावसायिक रुपमा खेती गर्न सकिन्छ । चिसो हावापानीमा उत्पादन भएका कृषि उपजहरूको माग संसार भरिनै भएको हुँदा बजारको समस्या छैन् । नेपालले कृषिजन्य उपजहरू तरकारी, फलफूल, जडिबुटी, च्याउ, माछा आदि निकासी गरेर विदेशी मुद्रा आर्जन गर्न सक्छ । तर कामदारको अभावमा करिव ३० प्रतिशत खेतीयोग्य जमिन बाझो रहेको छ । जमिन ओगटेर राख्ने तर खेती नगर्ने परिपाटीलाई निरुत्साही गर्न राज्यले उपयुक्त भू-उपयोग नीति लागु गर्न आवश्यक छ ।

### गैह्र कृषि क्षेत्र

कृषि वाहेक नेपालमा पर्यटन, हस्तकला, होटल, जलविद्युत, सूचना प्रविधि, कृषिमा आधारित उद्योग संचालन गरेर रोजगारीका अवसर सिर्जना गर्न सक्ने संभावना देखिन्छ । यस क्षेत्रमा नेपालीले स्वदेशमै व्यावसाय गरेर रोजगार हुन सक्छन् । यसमा उद्योग संचालन गर्न विदेशी लगानी पनि आकर्षित गर्न सकिन्छ । नेपाल एउटा धार्मिक पर्यटन, शिक्षा र स्वास्थ्य सेवाको लागि महत्वपूर्ण केन्द्र बन्न सक्छ । पशुपतिनाथ, गौतम बुद्धको जन्मस्थान लुम्बिनी र हिमाल (सगरमाथा) नेपालका लागि अति महत्वपूर्ण पर्यटकीय स्थान हुन । नेपाल एउटा यस्तो देश हो जहँ संसारभरका मानिसहरू घुम्न रुचाउँछन् । संसारका दश महत्वपूर्ण पर्यटकीय गन्तव्य मध्ये नेपाल पनि एक हो । यस कुरालाई नेपालीले क्यास गर्न सक्नु पर्छ । एसिया महादेश संसारको विकासको केन्द्रबिन्दु हुँदैछ । त्यसमा पनि चीन र भारत जस्ता ठूला आवादि भएका देश नेपालको छिमेकी भएका हुँदा नेपालले धेरै फाइदा लिन सक्छ । भारत र चीनको एक प्रतिशत जनसंख्या मात्रैले पनि नेपालको भ्रमण गरे भने देशको आर्थिक अवस्थामा सुधार आउन सक्छ । नेपालले विदेशी पर्यटकहरूको लागि आवश्यक पर्ने आधारभूत पूर्वाधारको विकासमा जोड दिनुपर्छ । उत्तर-दक्षिण लिङ्क सडक, रेलमार्ग खोल्न सके आर्थिक विकासमा ठूलो टेवा पुग्न सक्छ । भारत संग पनि सुमधुर सम्बन्ध स्थापित गर्दै समुद्रसँग पहुँच बढाउनु पर्ने देखिन्छ । नेपालका नेताहरूले यी सबै कुरा पूरा गर्न सपना देखे पनि व्यावहारमा रुपातरण गर्न आवश्यक छ ।

अहिले सम्म धेरैले देशबाट लिए मात्रै अब सबैले देशको लागि केहि दिने वेला आएको छ । देशको सामाजिक-आर्थिक रुपान्तरण गर्नका लागि सुसासन, शान्ति, वित्तिय अनुसाशन, सदाचार, लगनशीलता, राजनीतिक अठोट, दुरदर्शी नेतृत्व, देशभक्ति

भावना र त्याग-तपस्या आवश्यक छ । कर्मचारीतन्त्रमा पनि जोस, जाँगर र केहिगरु भन्ने भावनाको विकास हुन आवश्यक छ। राम्रो काम गर्नेलाई पुरस्कार र खराव कार्य गर्नेलाई समयमै पहिचान गरि दण्डको व्यावस्था हुनु पर्ने देखिन्छ। अब राजनीतिको मुहान सङ्लो हुनुपर्छ। राजनीति पेशा हैन् यो त जनताको सेवा गर्ने संयन्त्र बन्न सक्नुपर्छ । अव सबै नेपाली नागरिकहरूमा "अहिले नगरे कहिले गर्ने ? हामीले नगरे कस्ले गर्ने ?" भन्ने भावनाको विकास हुन आवशयक छ। जनता इतिहासका निर्माता हुन, विकासका खम्वा हुन र उचित वातावरण पाएमा जनताले आर्थिक क्षेत्रमा पनि आमूल परिवर्तन ल्याउन सक्छन् ।

समस्याको समाधान राजनीतिमा अडकेको छ। जनता विकासको लागि तयार छन् । वैज्ञानिक, प्राविधिक र समाजशास्त्री तथा अर्थशास्त्रीहरू काम गर्न आतुर छन् । राज्यले उचित सम्मान र वातावरण सिर्जना गरि दिनुपऱ्यो । जुन समाजमा श्रम र सिर्जनाको उचित सम्मान हुन्छ त्याहाँ विकास गर्न धेरै समय कुर्नु पर्दैन । विज्ञान र प्रविधिको देश विकासमा ठूलो भूमिका हुन्छ । त्यसैले राज्यले यस क्षेत्रमा अध्यायन-अनुसन्धान गर्न यथोचित बजेटको व्यावस्था गर्न सक्नु पर्छ । शैक्षिक संस्थाहरूमा पनि कोरा सिद्धान्त मात्रै रटाएर हुँदैन । विद्यार्थीहरूलाई सिद्धान्त भन्दा व्यावहारिक शिक्षामा जोड दिनु पर्ने हुन्छ । शिक्षा क्षेत्रमा गुणस्तर सुधार गर्न विशेष पहल गर्नु पर्ने देखिन्छ । नेपालमा नैतिक शिक्षाको त खडेरी नै परेको छ। नैतिक शिक्षाको अभावमा नेपाली नयाँ पुस्ता छाडा, अनुशासनहिन, अराजक र गैह्रजिम्मेवार बन्दैछ। यो नेपाली समाजको लागि ठूलो चिन्ताको विषय हो । सामाजिक मेलमिलाप र सामाजिक सद्भाव अहिलेको आवश्यकता हो । सामाजिक विभेदको अन्त्य गर्दै सामाजिक समानता र सामाजिक न्यायको प्रवर्द्धन गर्नुपर्छ। छुवाछुत, छाउपडी, महिला-पुरुष विभेद, जेष्ठ नागरिकको अपहेलना, आर्थिक शोषण, अन्याय आदि सामाजिक कलंक हुन् । यस्ता कुरितिको जरैदेखि निर्मूल पार्न आवश्यक छ ।

प्रदेश र स्थानिय तह खासगरी गाउँपालिका र नगरपालिकाका जनप्रतिनिधिहरूले स्थानिय समुदायको विकासमा ठूलो योगदान पुऱ्याउन सक्छन् । वास्तविकरुपमा समुदायको आवश्यक्ता पहिचान, योजना तर्जुमा कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कन स्थानिय तहले सही ढङ्गबाट गर्न सक्नुपर्छ । स्थानिय तहका जनप्रतिनिधिहरू जनताको नजिक हुने हुँदा उनीहरू जनताको समस्या समाधान गर्न भरपर्दा सहायक हुन सक्छन । स्थानिय तहमा धेरै रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ। संकलन केन्द्र मार्फत कृषि उपजहरू बजारसम्म पुऱ्याउन स्थानिय तहले सहजिकरण गर्न सक्छन् । अव स्थानिय सडक छेउछाउमा व्यापकरुपमा आर्थिक क्रियाकलापहरू केन्द्रित गर्नुपर्छ। कुनै पनि भूमि बाँझो रहन दिनु हुन्न। कृषक उत्पादक समूह तथा सहकारी मार्फत व्यावसायिक कृषि उत्पादन गरेर गरिबको जीवनस्तर सुधार गर्नुपर्छ। निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिकरणमा रुपान्तरण गर्न आवश्यक छ।

## प्रमुख चुनौतीहरू

श्रम बजारका मुख्य चुनौतिहरू निम्नलिखित छन्:

१. अपर्याप्त संरचनागत रुपान्तरण र विविधता,

२ उत्पादनशील रोजगारको कमी (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था),

३. शिक्षको कमजोर स्तर तथा अपर्याप्त शीप विकास, वैदेशिक रोजगारको प्रयोग र खोजी, युवा तथा अरु समूहहरूको लागि विभिन्न किसिमका अवरोध,

४. श्रम बजार सूचना प्रणाली र श्रम प्रशासनको अभाव,

५. प्रभावकारी कार्यक्रम र परियोजनाहरू समावेश रहेका नीतिहरूको कार्यान्वयन नै प्रमुख चुनौति, र

६. देशभित्र मौलाएको भ्रष्टाचारले धेरै क्षेत्रमा जरा गाडेको हुँदा रोजगारीका अवसर सिर्जना गर्न पनि चुनौति छ ।

रोजगारीका चुनौतीहरू भएपनि "युवा पुस्ताा आकर्षक जागिर छाडेर आफै व्यावासाय गर्ने चलन सुरु भएको छ। पढे लेखेकाहरू पनि उद्यमी बन्ने प्रयासमा कृषिमा लाग्ने क्रम बढेको छ ।" यो नेपाली अर्थतन्त्रका लागि सकारात्मक कदम हो । यस्ता प्रयासहरू अझै धेरै हुन आवश्यक छ । कृषि क्षेत्रले ग्रामीण इलाकामा स्वरोजगार सिर्जना गर्न धेरे योगदान गर्न सक्छ । कृषि व्यावसाय फस्टाउँदै गएपछि सो बाट कमाएको आर्जनबाट गैह्र कृषिजन्य उद्योग खोल्न सकिन्छ । एकजना युवकले भने 'हामी हातमा राम्रो सीप हुँदा र उमेर छँदा विदेशमा काम गर्न जान्छौं। त्यही सीप र उमेर स्वदेशमै उपयोग गर्ने हो भने हाम्रो देश विकसित बन्दैन र ?' यो भनाई धेरै मर्मस्पर्शी छ। नेपाली युवाले व्यावसायिक कामबाट स्वरोजगारी सिर्जना गर्न सक्छन र देशबाट गरिवी हटाउन धेरै समय कुर्नु पर्दैन । तथापी मुलुकमा शान्ति, सुशासन र सकारात्मक सोच भने चाहिन्छ।

अभिमानलाई कहिल्यै पनि आउन नदेऊ। स्वाभिमानलाई कहिल्यै पनि जान नदेऊ। अभिमानले मानिसलाई कदापि उठन दिदैन । स्वाभिमानले मानिसलाई कहिल्यै गिर्न दिदैन (थापा २०७४) । रावणले मर्नु अघि रामलाई भनेछ: "उमेरमा म तिमीभन्दा जेठो छु, ज्ञान र वलमा पनि म तिमीभन्द अघि छु। तिम्रो सुनको घर मेरो सुनको देश, तपस्या र क्षमता पनि मेरै ठूलो छ। सबै चिजमा तिमीभन्दा मेरै ठूलो छ । सबै चिजमा तिमीभन्दा म अघि भएर पनि म हारे । कारण तिम्रो भाई तिम्रो साथमा छ, तर मेरो भाई दुश्मनको साथमा छ।" संसारमा मिलेर काम गरे सफलतानै सफलता हात लाग्दछ । दिदी-वहिनी र दाजु-भाइ फुटेमा भएको वैभव पनि लुटिन्छ।

## निष्कर्ष

रोजगारी हरेक मानिसको लागि जीवन निर्वाहको महत्वपूर्ण साधन हो। सबैभन्दा उत्तम कुरा स्वरोजगार हुनु हो। स्वरोजगार व्यक्ति स्वाभिमानी हुन सक्छ। नेपाल गरिव हुनुमा सम्मानजनक

रोजगारी हरेक नागरिकले प्राप्त गर्न नसक्नु पनि हो । रोजगारी आफैमा देशको राजनीति, आर्थिक, सामाजिक संरचनासँग गासिएको सवाल हो । यसलाई सरलरेखामा बुझ्न सकिदैन । अहिले संसार अन्तरनिर्भर छ । विज्ञान र प्रविधिको विकासले संसारको एक कुनाबाट अर्को कुनामा सजिलै सम्पर्क गर्न सकिन्छ । एक देशको नागरिक अर्को देशमा गएर श्रम बेच्न सक्छ र केहि आय आर्जन पनि गर्न सक्छ । तथापी, त्याहाँ सम्मानजनक व्यावहार नहुन पनि सक्छ । हाम्रा नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरू विदेशमा श्रमिक भएर काम गर्ने अवसर प्राप्त गरे पनि गुणस्तरिय शिक्षा, विशिष्ट सीपको अभावमा न्यून ज्यालामा काम गर्नु परेको छ । त्यहाँ नेपाली प्रति विभेद भएको सुन्न पाइन्छ । हरेक दिन नेपालीको लास बाकसमा बन्ध भएर त्रिभुवन विमानस्थलमा आएको समाचार सुन्न पाइन्छ । यो हाम्रो लागि दुःखद पक्ष हो ।

हाम्रो देश संसारको सुन्दर भूभाग हो । यहाँ नहुने कुरा र गर्न नसकिने व्यावसाय कमै छ । हामीले चाहेमा र पसिना बगाउन सकेमा हाम्रो माटोमा सुन फलाउन सकिन्छ ।

हाम्रो देश किन गरिव भयो ? याहाँ किन उद्योग धन्दा फस्टाउन सकेनन ? नेपालीहरू किन आफ्ना देशभित्र मेहनत गर्न चाहदैनन् ? राज्यले किन उचित वातावरण दिन सकेको छैन् ? कसरी नेपाल भित्रै सम्मानजनक रोजगारी सिर्जना गर्न सकिन्छ ? यी तमाम प्रश्नको उत्तर अब हरेक नेपाली नागरिकले खोज्ने वेला आएको छ । नेपालीहरूमा धेरै राम्रा पक्ष भए पनि एउटा सुधार गर्नु पर्ने के कुरा छ भने हामीहरूले नकारात्मक भावना त्यागेर सकारात्मक सोचको विकास गर्नु पर्ने देखिन्छ । राम्रो काम गर्ने व्यक्तिलाई प्रसंसा र धन्यवाद दिन कुञ्जुस्याई नगरौं । श्रम र सिर्जनाको सम्मान गर्ने वानी वसालौ । पढेलेखेको व्यक्तिले भौतिक श्रम गर्न लाज नमानौ । काम गरेर सानो भइदैन बरु आदर्श नागरिक बन्न सकिन्छ । हामीहरू जागरिला बनौ र समयको अधिकतम सदुपयोग गरौं । हामीहरू धमिरा हैन कमिला बन्न सिकौ । अझ वीर नेपालीहरू हामी भिर मौरी हौ । हामीले गर्न नसक्ने कुरा केहि पनि छैन । तर इच्छा शक्ति चाहियो । अर्कालाई दोष दिएर अब उम्कन सकिदैन । सबभन्दा पहिला हामीले आफैलाई बदलौ र आफ्नो ठाउँबाट केहि काम गरेर देखाऊ । भोलीको काम आज गरौं, आजको काम अहिल्यै गरौ । आफ्नै श्रोत, श्रम, ज्ञान र सीपबाट व्यावसाय सुरु गरेर स्वरोजगार बनौ । यहिनै आजको आवश्यक्ता हो । नेपाललाई माया गरौ र नेपाली भएकोमा गर्व गरौ ।
जय होस !

**सन्दर्भ सामग्रीहरू**


अर्थ मन्त्रालय (२०७४) । देशको वर्तमान आर्थिक स्थिति सम्बन्धमा अर्थमन्त्री डा. युवराज खतिवडाबाट जारी श्वेतपत्र । काठमाडौंः अर्थ मन्त्रालय, नेपाल सरकार ।

अर्याल, निरु । (२०७५) । अर्थतन्त्रको आकार ३० खर्ब नाघ्यो । काठमाडौंः कारोवार, विहीवार, १३ वैशाख, २०७५ ।

आचार्य, भरत । (२०७५) । यसरी प्रवर्द्धन गरौ आन्तरिक रोजगारी । काठमाडौंः नयाँ पत्रिका, आइतवार ९ वैशाख ०७५ ।

आचार्य, सूर्यराज । (२०७५) । रेलमार्ग नेपाल आफैले बनाउनु पर्छ । काठमाण्डौंः नयाँ पत्रिका, ९ बैशाख २०७५ ।

केन्द्रीय तथ्याङ्क विभाग । (२०६८) । नेपालमा गरिबी र नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो २०६६/०६७ मा आधारित संक्षिप्त प्रतिवेदन) । काठमाडौंः राष्ट्रिय योजना आयोगको सचिवालय ।

केन्द्रीय तथ्याङ्क विभाग । (२०६८) । राष्ट्रिय कृषि गणना २०६८ सार संक्षेप । काठमाडौंः राष्ट्रिय योजना आयोगको सचिवालय ।

खतिवडा, विमल । (२०७५) । आफ्नै प्रोजेक्ट । काठमाडौंः कान्तिपुर, १४ बैशाख, २०७५ ।

थापा, नरविक्रम । (२०७३) । नेपालमा कृषि तथा जनजीविकाको अर्थराजनीतिः किसानहरू कहिले सम्म उपेक्षित रहिरहने ? काठमाडौंः सहभागिता, वर्ष२०, पूर्णङ्क ५०, २०७३ भदौ । नेपाल सहभागिमूलक कार्य समूह, दोभानटोल, कोटेश्वर, काठमाडौं ।

थापा, नरविक्रम । (२०७४) । शान्तिको खोजः आत्मजागरण सुत्र । काठमाडौंः जन विकास प्रा. लि. ।

श्रम तथा रोजगार मन्त्रालय (२०७१) । राष्ट्रिय रोजगार नीति, २०७१ । काठमाडौंः श्रम तथा रोजगार मन्त्रालय, नेपाल सरकार ।

श्रेष्ठ, मीनबहादुर । (२०७५) । यसकारण घटयो रेमिट्यान्स । काठमाडौंः नयाँ पत्रिका, सोमवार १० बैशाख ०७५ ।

Thapa, N.B. (2013). Food Security and Livelihood strategy of Rural People in Dailekh District, Nepal. Dissertation Submitted to the Faculty of Humanities and Social Sciences of Tribhuvan University for the Degree of Doctor of Philosophy in Rural Development (unpublished), Kirtipur T.U. Kathmandu, Nepal.



*लेखक नेपान सदस्य प्रा डा थापा हाल लुम्बिनी एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीसँग आवद्ध हुनुहुन्छ ।*
*सम्पर्क इमेल E-mail: nbthapa2012@gmail.com*

# स्थानीय सरकारमा न्यायिक समितिको प्रभावकारिता कसरी बढाउने ?



● तेजबहादुर सुनार

**न्यायमा पहुँच बढाउन राज्यले अनेक पहल गरेको भएता पनि महिला, बिपन्न र सीमान्तकृत समूहहरूको न्यायमा पहुँच कम छ ।**

नयाँ संविधान र संघीयतासँगसगै नेपालमा नयाँ नयाँ संरचनाहरू अभ्यासमा आएकाछन् । त्यस मध्येको एक हो स्थानीय तहमा न्यायिक समितिको व्यवस्था । संविधानको धारा २१७ ले प्रत्येक गाउँपालिका र नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति रहने व्यवस्था गरेकोछ । उक्त समितिमा गाउँ वा नगर सभा सदस्यहरूबाट निर्वाचित दुई जना सदस्यहरू रहने व्यवस्थाछ। स्थानीय शासन सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म यससम्बन्धी ब्यस्थालाई बिस्तृत रुप दिएकोछ । संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय तथा कानुन न्याय तथा संसदीय मामला मन्त्रालयले बनाइदिएको नमुना कार्यविधि कानुनको आधारमा धेरै पालिकाहरूले आआफ्नो न्यायिक समितिको कार्यबिधि कानुन पनि बनाएका छन् ।

## न्यायिक समिति र यसका कानुनी दायराहरू

स्थानीय शासन सञ्चालन ऐन २०७४ ले दफा ४७ (१) र ४७ (२) अन्तर्गत न्यायिक समितिले हेर्न पाउने विवाद र मेलमिलाप गराई दिने विवादहरूलाई परिभाषित गरिदिएकोछ । न्याय प्रणाली सरल, सुलभ र पहुँचयोग्य बनाउन यसले अहम भूमिका खेल्ने कुराको यसबाट आशा राखिएकोछ । न्यायिक समितिलाई आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग, अरुको बाली नोक्सानी गरेको, चरण घाँस दाउरा, ज्याला मजुरी नदिएको, घरपालुवा पशुपंक्षी हराएको वा पाएको, ज्येष्ठ नागरिकको पालनपोषण वा हेरचाह नगरेको, नाबालक छोराछोरी वा पति पत्निलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको, बार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुबिधा, अरुको घर जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको, आफ्नो घर वा बलेसीबाट अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणमा जग्गा नछोडी बनाएको, सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुराएको जस्ता विवादहरू निरुपण गर्ने अधिकारक्षेत्र तोकिएकोछ। न्यायिक समितिले त्यस्ता विवाद निरुपण गर्दा सकेसम्म मेलमिलापको लागि प्रोत्सहन गर्नुपर्दछ ।

न्यायिक समितिलाई निम्न बिषयका विवादहरू मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्ने अधिकार तोकिएकोछ । जस्तै, एकको हकको जग्गा अर्काले च्यापी, मिची वा घुसाइ खाएको, आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको, सम्बन्ध बिच्छेद बाहेक पति पत्निको सम्बन्धसम्बन्धी, गाली बैज्जती, अंगभंग बाहेकका बढीमा एक बर्षसम्म कैद हुनसक्ने कुटपीट, लुटपाट, पशुपंक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापारबाही गरी अरुलाई असर पारेको, अरुको आवासमा अनाधिकृत प्रवेश गरेको, अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको, ध्वनि प्रदुषण गरी वा फोहरमैला फ्याँकी छिमेकीलाई असर पुराएको आदि ।

## न्यायमा पहुँच र सवल वातावरण

यसरी न्यायमा पहुँच बढाउन राज्यले अनेक पहल गरेको भएता पनि महिला, बिपन्न र सिमान्तकृत समुहहरूको न्यायमा पहुँच कम छ । उनिहरूको आफ्नै परिबेश (सचेतना तथा आत्म विश्वासको कमी, बिपन्नता, सामाजिक दवाव आदि) तथा न्यायिक प्रणालीमा देखिएका कमी कमजोरीका कारण यस्ता समुहहरूको न्यायमा पहुँचमा बृद्धि गर्न कठिनाई भईरहेको छ । एकातर्फ समाजमा परम्परागत सामाजिक सांस्कृतिक मुल्यमान्यता एवं विश्वास, पितृसत्तात्मक तथा जातीय ब्यवस्था आदि जस्ता संरचनागत प्रणाली तथा तद्अनुसार लिंग, जातजाति, धर्म, क्षेत्र आदिको अधारमा कायम हुने कोहीको उच्च र कोहीको निम्न सामाजिक हैसियत तथा त्यही हैसियतको आधारमा सृजना हुने शक्ति सम्बन्धको कारण उनिहरू बढी जोखिममा हुन्छन् । महिला, बिपन्न र सीमान्तकृत समुहहरूका ब्यक्तिहरूलाईँ समाजमा

अवमूल्यन गर्ने, कमजोर ठान्ने प्रबृत्तिले गर्दा उनिहरूबिरुद्ध जे गर्दा पनि हन्छ भन्ने मानसिकताले उनिहरूमाथि शोषण, दमन, हेपाईमा, अधिकारको उलंघन र समाजमा दैनिक जीवनमा उनिहरू पीडित भैरहेको अबस्था हुन्छ । यस्तो अबस्थामा महिला र सीमान्तकृत समुहलाई उनिहरूको अधिकार, कानूनी प्रावधान, न्यायीक प्रकृयाबारे सचेतना तथा न्यायीक निकायहरू र प्रणालीमा अनुकुल तथा सवल वातावरण सृजना गरेर उनिहरूको न्यायमा पहुँचको बृद्धि गर्न जरुरी हुन्छ । विवाद निरुपणमा प्रभाव पार्ने संभाव्य पक्षहरूलाई निम्न बमोजिक बिश्लेषण गर्न सकिन्छ ।

### शक्ति सम्बन्ध

शक्तिशाली ब्यक्ति वा समुहको समाजमा उच्च हैसियत हुने र प्रभाव पार्न सक्ने हुन्छन् र अरुको साथ र  सहयोग पाउने गर्छन् भने निम्न हैसियत हुनेहरू कमजोर हुने र अरुको साथसमेत कम पाउने अवस्था हुन्छ । नेपाली समाजमा सामन्यतया महिला र सीमान्तकृत समुहका ब्यक्तिहरू कमजोर र पुरुष तथा गैर सीमान्तकृत समुहका ब्यक्तिहरू शक्तिशाली रहेको अबस्था छ । यसरी शक्तिशाली र कमजोरको बीचमा विवाद हुँदा र विवाद निरुपण गर्ने सन्दर्भमा शक्तिशालीको प्रभावले गर्दा कमजोरले सहेर वा सम्झौता गरेर मिल्नु पर्ने अवस्था आउन सक्छ ।

परम्परागत सामाजिक सांस्कृतिक मूल्यमान्यताः कतिपय कार्य कानुन बमोजिम अपराध हुन् तर परम्परागत सामाजिक सांस्कृतिक मूल्यमान्यता अनुसारको सोच र ब्यवहारले त्यस्ता कार्यलाई सामान्य व्यवहार मानि दिनाले प्रभावित ब्यक्ति वा समुह सहेर बस्ने अथवा न्यायको लागि परिवार वा समाजको साथ नपाउने स्थिति रहन्छ । विवाद निरुपण गर्ने निकायले समेत त्यस्ता कार्यलाई सामान्य व्यवहार मानि दिनाले उनिहरू उचित न्याय नपाउने अबस्था रहन सक्छ । यसले त्यस्ता ब्यक्ति थप पीडामा पर्न पुग्ने र समाजमा तिरस्कृत हुने अबस्था आउनसक्छ ।

सम्पत्तिमाथिको पहुँच, नियन्त्रण र परनिर्भरताः जसको सम्पत्तिमाथिको पहुँच र नियन्त्रण हुन्छ उनि नै शक्तिशाली, प्रभावशाली र सम्झौता कम गर्ने हुन्छन् । सामान्यतया महिलाहरूको घरसम्पत्तिमा नियन्त्रण नहुने र परनिर्भरता हुने कारणले गर्दा पारिवारिक मुद्धामा वार्तालापमा छिट्टै गल्छन् र अन्यायपूर्ण सम्झौता गर्न बाध्य हुने स्थिति रहनसक्छ । यसका साथै अन्य मुद्धाहरूमा पनि महिला तथा बिपन्नहरू आर्थिक अबस्था कमजोरका कारण मुद्धामामिलामा छिटो गल्ने भएकाले पछि हट्ने वा सम्झौता गर्नु पर्ने अबस्थाले आउँछ । परिणामतः उनिहरूले उचित न्याय नपाउने अबस्था रहन सक्छ ।

**ब्यक्तिगत क्षमता वा सशक्तिकरणको तहः** सशक्तिकरण भएको ब्यक्ति वा क्षमतावान ब्यक्ति वोल्न सक्ने हुन्छ र आफ्नो कुरा राखी प्रभावकारी ढंगले तर्क बितर्क गर्न सक्छ । त्यसको बिपरित कमजोर ब्यक्तिहरू आत्मविश्वासको कमी तथा जानकारीको कमीको कारण त्यसो गर्न सक्दैन । न्याय निरुपणमा यसको असर पर्न गई उनिहरूले अन्यायपुर्ण सम्झौता गर्न बाध्य हुने स्थिति रहनसक्छ ।

**ब्यक्तिगत सञ्जाल र सम्बन्धः** जसको प्रभावशाली ब्यक्ति वा निकायहरूसँग सम्बन्ध हुन्छ, उनिहरूबाट आवश्यक सहयोग पाउन सक्ने संभावना रहन्छ । तुलनात्मक रुपमा महिला, बिपन्न र सीमान्तकृत समुहका ब्यक्तिहरूको त्यस्ता प्रभावशाली ब्यक्ति वा निकायहरूसँग सम्बन्ध कम हुन्छ । न्याय निरुपणको क्रममा त्यस्ता प्रभावशाली ब्यक्ति वा निकायहरूले प्रभाव पार्न सक्ने भएकोले यसको असर पर्न गई महिला, बिपन्न र सीमान्तकृत समुहका ब्यक्तिहरू अन्यायपूर्ण सम्झौता गर्न बाध्य हुने स्थिति रहनसक्छ ।

**लैंगिक संवेदनशीलता र प्रकृयाः** समय, स्थान, संलग्न हुने ब्यक्तिहरू, मध्यस्थता सहजीकरण प्रकृया, प्रयोग गरिने भाषा शैली र व्यवहार आदिले पनि कतिलाई सहयोग पुग्ने भने कतिलाई प्रतिकुल असर गरिरहेको हुन सक्छ । कतिपय लैंगिक संवेदन भएका विवादहरूसम्बन्धी उचित स्थानमा राखेर महिलाबाट नै हेर्नु पर्ने हुन्छ । त्यस्तै बालवालिका, ज्येष्ठ नागरिक, अति बिपन्न आदि पक्ष भएका विवाद प्राथमिकता राखेर हेर्नु पर्ने हुन्छ ।

### न्यायिक समितिले विवाद समाधान गर्दा ध्यान दिनुपर्ने कुराहरू

स्थानीय न्यायिक समितिहरूले लैंगिक तथा सामाजिक संवेदनशील विवाद निरुपण तथा मेलमिलाप गराउँदा धेरै कुराको ख्याल पुराउनुपर्छ । जस्तै, विवाद निरुपण गर्दा कुनै राजनीतिक, सामाजिक आर्थिक, धार्मिक ब्यक्ति वा संस्थाको प्रभावमा नपरी स्वतन्त्र, तटस्थ पूर्वाग्रहरहित ढंगले कार्य गर्नुपर्दछ ।  कानून बमोजिमका कसुरलाई परम्परागत सामाजिक सांस्कृतिक मूल्यमान्यता वा अन्य कुनै पनि बाहानामा छुट पाउने अबस्थामा चनाखो बन्नु पर्दछ । त्यसो गर्दा लैंगिक बिभेद तथा हिंसा (घरेलु हिंसा लगायत) र जातीय विभेदका घट्नाहरूले कानुनी उपचार पाउन सक्ने अवस्था सृजना गर्न सकिन्छ ।

नाबालक, अपांगता भएको ब्यक्ति, ज्येष्ठ नागरिक, अति बिपन्न पक्ष भएको विवाद, तथा लैंगिक तथा यौनजन्य दुर्व्यवहारसम्बन्धी विवादलाई प्राथमिकता राखेर हेर्ने न्यायिक प्रकृया अघि बढाउनु न्याय संगत हुन्छ। बन्द इजलास, दोभाषेको ब्यबस्था, अपांगतामैत्री संरचना, पिडित सहायता कक्ष (सर्वसाधारण महिला, बिपन्न र सीमान्तकृत समुहहरूका उजुरी लेखिदिने, आबश्यक प्रकृयाबारे जानकारी दिने र सहजीकरण गर्ने गरी), पिडित विश्राम कक्षको ब्यवस्था (गर्भवती, बच्चासहितको महिला, शारीरिक वा मानसिक चोट परेको महिला, अपांगता भएको ब्यक्ति, बृद्ध बृद्धा पीडित पक्षहरूको लागि) को ब्यवस्था गरी पीडितमैत्री अनुकुल वातावरण सृजना गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।  न्यायिक समितिले महिला, बिपन्न र सीमान्तकृत समुहका ब्यक्तिहरूलाई लक्षित गरी कानुनी सचेतना अभियान संचालन गरी उनिहरूको न्यायमा पहुँच बृद्धि गर्ने कार्य गर्नु उपयुक्त हुन्छ । यस्ता पहलहरूले महिला, बिपन्न र सीमान्तकृत समुहका ब्यक्तिहरूका न्यायमा पहुँचको बृद्धि गर्न योगदान पुग्न जान्छ ।

*लेखक नेपानका कोषाध्यक्ष हुनुहुन्छ ।*

# होमस्टे र सूचना प्रविधि : केही अनुभवहरू



● नन्द लाल माझी

**कतिपय होमस्टेले आफ्ना वेबसाइट र ब्लग पनि बनाएका छन् । त्यसले गर्दा पर्यटक वा टुर प्याकेज सञ्चालन गर्नेलाई धेरै सहज भएको छ ।**

आजभन्दा झण्डै १७८ वर्षअघि अर्थात् सन् १८४१ मा बेलायतका थोमस कुकले आफ्नो देशमा व्यावसायिक हिसाबले पर्यटन व्यवसाय सुरु गरेको मानिन्छ। तर नेपालमा भने सन् १९५० पछिमात्र पर्यटन व्यवसायले जनचासो तान्न थालेको हो ।

नेपाल सांस्कृतिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक आदि अनेक आकर्षणले भरिपूर्ण छ ।  यस्तो विविधता कमै देशमा पाइन्छ। यति सुन्दर गन्तव्य विश्वमा कमै ठाउँमा रहेको कुरा नेपाल घुम्न आउने पर्यटकहरूले नै बताउने गरेका छन्। विश्वका प्रमुख गन्तव्यमा नेपाल पनि पर्छ। तर हामीले नेपालको पर्यटनलाई भने चाहेअनुसार अगाडि लान सकेका छैनौं ।

**होमस्टे के हो ?**

होमस्टेलाई नेपालीमा घरबास पनि भनिन्छ। घरमा पाहुना राख्ने, राम्रो सेवा दिने, अनि सेवाबापत पैसा पनि लिने कार्य जहाँ हुन्छ त्यो नै होमस्टे हो। होमस्टेमा बस्ने पाहुना नेपाली पनि हुन सक्छन्, विदेशी पनि हुन सक्छन्। नेपाली भएमा हामी आन्तरिक पर्यटक भन्छौं, विदेशी भएमा वाह्य पर्यटक भन्छौं। नेपालको पर्यटनमा आन्तरिक तथा वाह्य दुबै खालका पर्यटकको महत्व छ। कतिपय ठाउँमा अझ विदेशीभन्दा आन्तरिक पर्यटक भरिभराउ हुने र विदेशीले भन्दा बढी पैसा खर्च गर्ने पनि गर्छन्। केही वर्षअघिसम्म नेपालीलाई 'पर्यटक' नमान्ने चलन थियो, तर अहिले त्यो सोचाइ र व्यवहारमा विस्तारै परिवर्तन आउँदै छ। यो राम्रो कुरा हो ।

अहिले नेपालमा धेरै होमस्टेहरू बनेका छन्। सर्वप्रथम स्याङ्जा जिल्लाको सिरुबारीमा शुरु भएको हो। त्यसपछि लमजुङ जिल्लाको घले गाउँ, इलामको श्रीअन्तु, रसुवाको बृद्धिम गाउँ, बर्दिया जिल्लाको डल्लागाउँ, चितवनको मेघौली, नवलपरासीको अमलटारी आदि तमाम ठाउँमा होमस्टे फैलिएको मानिन्छ। हालसम्म देशका करिब ३०  जिल्लामा झण्डै १ हजार ५०० घरमा होमस्टे स्थापना भएको बताइन्छ। अहिले देशभर नै होमस्टे खोल्ने लहर चलेको छ। एक ठाउँको सञ्चार र सन्देश छिट्टै अर्को ठाउँमा पुग्ने, सामाजिक सञ्जालबाट तस्बिर तथा सन्देश देश तथा विदेशमा पनि छिटो छिटो सेयर हुने, इच्छुक पर्यटकलाई सम्पर्क गर्न सजिलो पनि हुने, हरेक ठाउँमा मोबाइलमा छिनछिनमा सञ्चार गरी कहिल्यै नपुगेका ठाउँमा पनि सोधी-सोधी सहजै पुग्न सकिनेजस्ता कारणले होमस्टे खोल्ने र होमस्टेमा बस्न रुचाउने रहर र लहर बढेको हो। कतिपय होमस्टेले आफ्ना वेबसाइट र ब्लग पनि बनाएका छन्। त्यसले गर्दा पर्यटक वा टुर प्याकेज सञ्चालन गर्नेलाई धेरै सहज भएको छ। सिरुबारीको होमस्टे खोल्ने बेला र अहिले सञ्चारमा आकाश-पातालको फरक छ। त्यो बेला सिरुबारीमा फोन गर्न पनि मुस्किल थियो। अहिले एउटै होमस्टेमा पनि ३, ४ जनाका मोबाइल हुन्छन्। यो सञ्चार-प्रविधि विकासकै कारण हो। सञ्चारले पर्यटनलाई धेरै सहज बनाउँदै लगेको छ। पर्यटनमध्येमा पनि होमस्टे पर्यटनमा नयाँ लहर ल्याएको छ।

**गुणस्तर सुधारमा चासो**

होमस्टे खोल्ने लहर त देशैभरि चलेको छ, तर नेपाल सरकारको मापदण्डअनुसार कति चलेका छन् त ? यो जटिल प्रश्न हो। नेपालको होमस्टेलाई प्रभावकारी बनाउने हो भने बनाइएको मापदण्डको राम्रोसँग प्रयोग हुनुपर्छ। होमस्टेको गुणस्तर र

सुरक्षामा सबैले जोड दिनुपर्छ । होमस्टेको गुणस्तरअनुसार वर्गीकरण पनि गरिनुपर्छ । होमस्टेको वर्गअनुसार नेपाल सरकारले सहयोग पनि गर्नुपर्छ । होमस्टेको व्यवस्थापनमा केन्द्र, प्रदेश तथा स्थानीय तीनै सरकारहरूले अझै बढी ध्यान दिनुपर्छ । हरेक प्रदेशमा होमस्टे एसोसिएसन पनि छ, त्यसले पनि सहकार्य र निगरानीमा जोड दिनुपर्छ । होमस्टेको क्षमता विकासमा पनि जोड दिनुपर्छ ।

**समयको मागसँगै होमस्टेहरूलाई आधुनिक प्रविधि तथा सूचना-मैत्री बनाउनमा सबैको सहयोग जरूरी छ ।**

नयाँ ठाउँमा होमस्टे बनाउनेहरूले पनि केही विशेष कुरामा ख्याल गर्नुपर्छ । सर्वप्रथम सम्भाव्यता अध्ययन गर्नु जरुरी हुन्छ । आफ्नो ठाउँमा होमस्टे किन बनाउने र किन होमस्टेमा पर्यटक आउँछन् भन्ने कुरा पहिल्यै अध्ययन, छलफल गरेर बुझ्नुपर्छ ।

सबै कुराले सम्भव देखियो भने सहयोगी संस्थालाई सुरुदेखि सहभागी गराउने वातावरण मिलाउनुपर्छ । स्थानीय अगुवाइ पनि राम्रो हुनुपर्छ । समुदायमा पटक-पटक बैठक गरेर सामूहिक निर्णय गर्नुपर्छ । सामुदायिक होमस्टे चलाउने हो भने होमस्टे चलाउन र प्रवर्द्धन गर्न सजिलो हुन्छ । तर सामूहिक कामका लागि राम्रो नेता छान्नुपर्छ । ।

सुरुमा तालिम र भ्रमण पनि जरुरी हुन्छ । समुदायलाई होमस्टे बनाउनमा प्राविधिक र आर्थिक सहयोग गर्ने विभिन्न संस्था भेटिन्छन्, तिनलाई परिचालन गर्न सक्नुपर्छ । सहयोग लिन जान्नुपर्छ । यसका लागि समूहका नीति, नियम, आचारसंहिता आदि कुराहरू सबैले स्पष्ट बुझ्ने गरी तयार पार्नुपर्छ । समूहमा सबैलाई थाहा हुनुपर्छ ।

सरकारको नियमअनुसार सामुदायिक होमस्टे बनाउन कम्तीमा ५ वटा घर चाहिन्छ । तर ती घरहरू टाढाटाढा छरिएर रहेको हुनु भएन । व्यक्तिगत होमस्टे पनि बनाउन सकिन्छ । होमस्टे बनाउनका लागि हरेक घरले मापदण्ड पूरा गरेको हुनुपर्छ । जस्तै, अलग्गै सुत्ने कोठा र उपयुक्त खाट, पानीको सुविधा, शौचालय तथा स्नानकक्ष, छुट्टै भान्सा, खाना खाने राम्रो ठाउँ, उज्याला कोठा र सफा ओड्ने ओछ्याउनेहरू, आदिको व्यवस्था हुनु अनिवार्य हुन्छ । यस्ता मापदण्डको सूची लामै छ ।

सबै कुरा भयो कि भएन भनेर अनुगमन गर्ने काम सरकारी प्रतिनिधिले गर्छन् । पहिले पहिले यस्तो काममा पर्यटन विभागको बढी जिम्मेवारी थियो । तर अब त्यो भूमिका क्रमशः प्रदेश तथा स्थानीय सरकारहरूमा सरेको छ ।

**स्थानीय सरकारहरूले ख्याल गर्नुपर्ने कुरा**

क) अब होमस्टेको दर्ता प्रक्रिया सरल बनाउनुपर्छ । प्रमाणपत्र पाउनका लागि धेरै झञ्झट दिनु हुँदैन ।

ख) नियमित अनुगमन, सहयोग, सहजीकरण गर्ने काम पनि स्थानीय सरकारले गर्नुपर्छ ।

ग) होमस्टे समूह र समितिहरूको क्षमता बढाउने काम गर्नुपर्छ ।

घ) स्थानीय उत्पादन वृद्धिका लागि अनुदान, सहज ऋण आदिको व्यवस्था गर्नुपर्छ ।

ङ) होमस्टे एसोसियसनसँग सहकार्य गर्ने, प्रदेश सरकारसँग समन्वय गर्ने, नीति निर्माणमा एकरुपता ल्याउने, नेपाल पर्यटन बोर्डसँग मिलेर व्यापक प्रचार गर्ने काम अब स्थानीय सरकारले सशक्त ढंगले अगाडि बढाउनुपर्छ ।

**अन्त्यमा,**

पर्यटनले गरिबी निवारण, रोजगार सृजना, वैदेशिक मुद्रा आर्जन, राष्ट्रिय पहिचान राख्न मद्दत पुऱ्याउँछ । पर्यटनसँग सम्बन्धित होमस्टे (घरबास), साना होटल, लज आदिबाट स्थानीय स्तरमा राम्रो लाभ हुन सक्छ । स्थानीय स्रोत-साधन उपयोग गरी पर्यटकहरूलाई सेवा दिनका लागि होमस्टे एउटा राम्रो उद्यम हो । यो उद्यमलाई सबै मिलेर अगाडि बढाउनु पर्छ । यसबाट स्थानीय जीविकोपार्जन तथा आय अभिवृद्धिमा ठूलो टेवा पुग्ने छ । समयको मागसँगै होमस्टेहरूलाई आधुनिक प्रविधि तथा सूचना-मैत्री बनाउनमा सबैको सहयोग जरुरी छ । (यो आलेख तयार पार्नमा सहयोग गर्ने पर्यटन विशेषज्ञ तथा नेपानका अध्यक्ष चेतनाथ कणेलप्रति म विशेष आभारी छु । धन्यवाद !)

*(लेखक सामुदायिक विकास विशेषज्ञ हुनुहुन्छ र पछिल्लो समय समुदाय तहमा होमस्टे उद्यम प्रवर्द्धन गर्नमा तल्लीन हुनुहुन्छ ।)*
*इमेल : nlmajhi@yahoo.com nandaduhabi@gmail.com*

# स्थानीय सरकारको विकास गति ५ नम्बर गियरमा कहिले ?



● गोपीकृष्ण ढुंगाना

**संघीयता लागू भएयता पहिलोपटक निर्वाचित जनप्रतिनिधिले स्थानीय सरकारको नेतृत्व गरेको वर्ष दिनपछि यतिबेला यस्तै विकासले नागरिकमा खुसीको तरंग आभास गराउन थालेको हो । गाउँपालिका मात्र होइन, नगरपालिकाका पनि यस्तै थुप्रै असल अभ्यास सञ्चारमाध्यममा छाउन थालेका छन् ।**

'विदेश बिर्साउने बस्ती', 'पहिले बाटो न घाटो अहिले बाटैबाटो', 'सुख र समृद्धिका लागि एक छाक एक मुट्ठी अभियान', 'सबै सामुदायिक विद्यालयमा इलाइब्रेरी', 'वृद्धवृद्धालाई घरमै औषधोपचार', 'भारततर्फको परनिर्भरता घट्दै', 'सबै वडामा हेलिप्याड', 'एक घर एक रोजगार', 'योजनावद्ध विकास गर्न स्मार्ट भिलेज', 'सहकारीमार्फत कृषिमा लगानी', 'मानवअधिकारमैत्री गाउँपालिका', 'महिलाहिंसामुक्त बन्दै गाउँहरू', 'मदिरा नियन्त्रण अभियानले गाउँमा खुसी', 'वडैपिच्छे सुरक्षित नमूना बस्ती', 'सबै स्वास्थ्य चौकीमा ल्याबसँगै नो मोर होम डेलिभरी', 'सौर्य सडकबत्तीले गाउँ नै झलमल्ल' ।

पछिल्लो समय सञ्चारमाध्यममा यस्तै दर्जनौं खुसीका समाचार तरंगित हुन थालेका छन् । यी केही उदाहरण मात्र हुन्, जुन स्थानीय सरकारका रूपमा जनताको घरदैलो पुगेका गाउँपालिकाले यसरी 'असल अभ्यास' थालेका छन् । 'सिंहदरबार' कै उपमा पाएका गाउँपालिका/नगरपालिकाले गर्ने/गरेका यस्ता असल/उत्तम अभ्यास अर्को स्थानीय सरकारका लागि प्रेरणाको स्रोत बन्न सक्छ, उर्जा बन्न सक्छ । दसकौं भयो, सरकार, राजनीतिक दल र विभिन्न सार्वजनिक सरोकारका विषयबारे नकारात्मक समाचार सुन्नु परेको । संघीयता लागू भएयता पहिलोपटक निर्वाचित जनप्रतिनिधिले स्थानीय सरकारको नेतृत्व गरेको वर्ष दिनपछि यतिबेला यस्तै विकासले नागरिकमा खुसीको तरंग आभास गराउन थालेको हो । गाउँपालिका मात्र होइन, नगरपालिकाका पनि यस्तै थुप्रै असल अभ्यास सञ्चारमाध्यममा छाउन थालेका छन् :-

'सबैको मन तान्दै अटो भिलेज', ' एक वडा एक प्राविधिक शिक्षालय', 'मौलिक संस्कृति जोगाउन स्थानीय पाठ्यक्रम', 'आमा र बच्चा जोगाउन मेयरसँग मातृशिशु', 'जनप्रतिनिधि डिजिटल साक्षरता कार्यक्रम', 'असल आमाबाट सामाजिक विकास', 'समुन्नतिको आधार : कृषि, शिक्षा, पर्यटन र पूर्वाधार', 'विधिको शासनबाट समाजको समृद्धि', 'सबै वडामा वायरलेस इन्टरनेट', 'श्रम बैंकबाट रोजगार व्यवस्थापन', 'प्रभावकारी बन्दै मेयर उद्यमशीलता कार्यक्रम', 'पर्यटकीय क्षेत्रको सौन्दर्यीकरण', 'भारतमा काम गर्ने श्रमिकको बिमा', 'सासुससुरा पाल्ने बुहारीलाई सरकारको सम्मान', 'बालश्रम हटाउन हरियो झन्डा' ।

### माछा दिने कि माछा मार्न सिकाउने ?

सफलता कसरी प्राप्त गर्ने ? भन्ने चासो र चिन्ता सबै स्थानीय सरकारमा देखिन्छ । दसकौंदेखि नेपालीले अपेक्षा गरेको विशेषगरि भौतिक पूर्वाधार विकासमा सबैको चासो छ । अपवाद छोडेर धेरैले समग्र विकास मार्फत सफलता खोजिरहेका छन् । एउटा भनाइलाई मनन् गर्ने हो भने यसले पनि जनप्रतिनिधिलाई धेरै सिकाउन सक्छ, माछा दिएर होइन, माछा मार्ने कला सिकाएर हामी यो देशको गरिबी हटाउन सक्छौं किनभने आज दुनियाँमा भएको जति पनि पैसा छ त्यो सबैलाई बराबर बाँड्ने हो भने कोही गरिब रहँदैन ।

किनकि सबै अरबपति हुनेछन् । तर पाँच बर्षपछि ती मानिस फेरि पनि गरिब नै हुनेछन् जो अहिले छन् । र ती मानिस धनी हुनेछन् जो अहिले धनी छन् किनकी आज जति पनि मानिस धनी भएका छन् ती कर्मशीलकै कारण भएका हुन् । जो कर्मशील छैनन् उनीहरूलाई डोकोभरी पैसाको बिटो बोकाइदिए पनि एकैदिनमा गरिबीमा झर्छन् । तसर्थ माछा दान दिएर होइन, माछा मार्ने कला सिकाएर समाजको गरिबी हटाउन सकिन्छ ।

त्यसैले पछिल्लो समय केही स्थानीय सरकारले सुरु गरेको भत्ताले दीगो विकास सम्भव छैन । आज बाँडेको रकम भोलि सकिन्छ तर माछा मार्ने कला सिकायो भने सधैं आम्दानीको बाटो खुला भइरहन्छ । उसले खर्च पनि व्यवस्थित ढंगले गर्छ । जनप्रतिनिधिले भोलिको निर्वाचनलाई लक्षित गरेर नागरिकलाई हात पार्ने भित्री सोचले पनि काम र योजना ल्याएका छन् जुन दीगो देखिँदैन । समग्र विकासमा दीगोपन जोडेर काम गर्ने हो भने जनप्रतिनिधिले एउटा होइन, थुप्रै निर्वाचन जित्नेमा दुईमत छैन । तर संघीयतापछिको पहिलो निर्वाचन र आफूहरू सिक्दैछौं भन्ने मानसिकताबाट वा यो/त्यो बहानामा पाँच वर्ष बिताउने 'खेल' मात्र खेल्ने हो भने यसबाट 'खास' परिणाम आउँदैन ।

राष्ट्रिय योजना आयोगका पूर्वनिर्देशक एवं स्थानीय सरकारबारे अध्ययनरत पूर्वसहसचिव वसन्तराज गौतमले जनप्रतिनिधिको पहिलो पाँच वर्ष कसरी बित्नेछ भने गरेको अनुमानले सोच्न बाध्य बनाएको छ । जसअनुरूप पहिलो वर्ष 'नयाँ छौं सिक्दै छौं' (काम, कर्तव्य र अधिकार बुझ्ने), दोस्रो वर्ष 'क्यै पद्दति नै रहेनछ' (नीति, कानुन, कार्यविधि र संरचना तयारी), तेस्रो वर्ष 'सहयोग नै भएन' (बिनायोजनाका पूर्वाधार, अनियन्त्रित खर्च र अनियमितता), चौथो वर्ष 'हामी लागि परेका छौं' (पूर्वाधार विकास तथा सेवा प्रवाहमा गति ल्याउने प्रयास) र पाँचौं वर्ष 'अर्को वर्ष त निर्वाचन भैगो नि' (राजनीतिक आग्रह र पूर्वाग्रह) मा बित्नेछ ।

गौतमले समस्यामात्र तेर्स्याएका छैनन्, जनप्रतिनिधिलाई पाँच वर्ष क्रमशः के गर्ने भन्ने पनि सुझाएका छन् । पहिलो वर्ष जनचाहना पूरा गर्न आवश्यक नीति, कानुन, कार्यविधि निर्माण र योजना कार्ययोजना प्रस्तुत, दोस्रो वर्ष सेवा प्रवाह र योजना कार्यान्वयन गति, तेस्रो वर्ष सेवा प्रवाह र योजना कार्यान्वयन गतिका साथै मध्यावधि समीक्षा, चौथो वर्ष अझ रफ्तारमा सेवा प्रवाह र योजना कार्यान्वयनमा गति र पाँचौं वर्ष जनचाहना केही छुटे कि ? फेरि मत माग्न जानु छ । दुई वर्ष जसरी बिते पनि अबका दिनमा जनप्रतिनिधिले कम्तिमा यसरी सोच्ने कि ?

### असल उदाहरण अन्तका

पाँच दसकअघिसम्म दक्षिण कोरियाको हैसियत पनि नेपालकै सरह थियो । नेपालबाटै कतिपय खाद्यान्न निर्यात् हुन्थ्यो । तर नेपालका स्थानीय सरकारले मलेसिया वा दक्षिण कोरियाकै विकास नमूना अनुसरण गरे पनि हुन्छ । कोरियासँग नेपालको एउटा मोडल मिल्छ । त्यहाँका सेमाउल उन्दोङले स्थानीयलाई 'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने उत्प्रेरणा जागृत गराएका थिए भने नेपालमा पनि २०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले यही नारालाई कार्यान्वयन गराएका थिए । जुन नेपालमा सफल अभ्यास मानिएको छ । अबका दिनमा पनि प्रत्येक स्थानीय सरकारले यस्तै कुनै विकासे मोडल बनाएर विकास अघि बढाउन सक्छन् ।

मलेसिया सरकारले समय किटान गरेरै देशको समग्र विकासका लागि ठूलो र छिटो परिणाम अर्थात् बीएफआर ढाँचामा युद्धस्तरमा अभ्यस्त छ । हाम्रा प्रत्येक स्थानीय सरकारले पनि यस्तै कुनै ढाँचा तयार पारी त्यसको समयसीमा समेत तोकेर काम अघि बढाउनै पर्ने देखिएको छ । विकासका लागि दस वर्षे राष्ट्रिय रूपान्तरण कार्यक्रम अघि बढाइरहेको मलेसियाले आठ वर्षअघि सुरु गरेको बीएफआर सम्पन्न हुन अब दुई वर्ष बाँकी छ । सन् २०२० सम्मको लक्ष्यअनुसार सरकार र आर्थिक रूपान्तरण गर्ने उसको सपना पनि पूरा हुने चरणमा छ । मलेसिया सरकारको यो बीएफआर ढाँचा गाउँपालिका वा नगरपालिकाका लागि पनि राम्रो सिकाइ हुनसक्छ ।

मलेसियाले सरकार रूपान्तरण कार्यक्रममार्फत परिणाम देखिने गरी काम गर्न सात क्षेत्रमा राष्ट्रिय सूचक (कि) बनाएर अघि बढेको थियो । जसमा अपराध न्यूनीकरण गर्ने, भ्रष्टाचारविरुद्ध अभियान, गुणस्तरीय शिक्षाको सुनिश्चितता, न्यून आय भएका वर्गको जीवनशैली उच्च बनाउने, सहरी सार्वजनिक यातायातमा सुधार गर्ने, ग्रामीण विकासमा सुधार गर्ने र जीवन बिताउँदा लाग्ने बढ्दो लागतलाई सम्बोधन गर्ने छन् ।

आर्थिक रूपान्तरण कार्यक्रमका लागि आर्थिक क्षेत्रमा १२ राष्ट्रिय सूचक बनाएको छ । यसका लागि ६ वटा रणनीतिक सुधारको पहल अघि बढाएको छ । १२ सूचकमा तेल, ग्याँस र उर्जा (ओजीई), पाल्म तेल र रबर खेती, वित्तीय सेवा, पर्यटन, व्यापार सेवा, बिजुली र विद्युतीय, होलसेल र रिटेल व्यापार, शिक्षा, स्वास्थ्य सेवा, सञ्चार सामग्री र पूर्वाधार, कृषि र ग्रेटर क्वालालाम्पुर/क्लाङ भ्याली छन् ।

यी सूचक प्राप्तिका लागि तयार पारिएका ६ वटा रणनीतिक सुधारमा प्रतिस्पर्धात्मक मानक र स्वतन्त्रता, सार्वजनिक वित्त सुधार, सार्वजनिक सेवा वितरण, असमानता कम गर्ने, व्यापारमा सरकारको भूमिका घटाउने र मानव पूँजी विकास गर्ने छन् । के सबै स्थानीय सरकारले यसरी नै आफूलाई अघि बढाउन सक्दैन ? त्यसो भएपछि समग्र नेपालको विकास हुँदैन र ? के यो असंभव छ ?

सन् १९८२ सम्म चीनको ख्वासी गाउँ अति विपन्न थियो । रातदिनको मिहिनेतले गाउँलेले ख्वासीलाई यस्तो बनाए कि हिजोसम्म विवाह गर्न केटी नदिनेलगायत १६ गाउँसमेत ख्वासीमै मिसिए । सन् १९८० कै दसकमा समृद्ध बनेको ख्वासी अवलोकन गर्न अहिले वर्षेनी विश्वभरबाट २० लाख मानिस पुग्छन्, जहाँ प्रधानमन्त्री, राष्ट्रपति पनि हुन्छन् । यसको नेतृत्व सामान्य परिवारका किसान उ रनपाओले गरेका थिए । कतिसम्म भने ६ वर्षअघि नै ख्वासीको वार्षिक आम्दानीले केही दसकअघि नै त्यस्तै एक सय गाउँ बनाउने हैसियत राखिसकेको थियो ।

### विकासको गति ५ नम्बर गियरमा

नेपाल संघीयतामा प्रवेश गरिसकेको देश हो । विकासका लागि संघीयता अवसर हो । विकास कुनै व्यक्तिको प्रयासमा संभव हुने विषय होइन, सामूहिक प्रयास भएकाले यतिबेला ७५३ स्थानीय सरकार र सात प्रदेशसँग संघीय सरकारको तालमेल मिल्ने हो भने आजको नेपाल केही दसकमै नेताले भाषण गरेझैं 'सिंगापुर' हुन अवश्य सम्भव छ । कुनै बेला फोहोरले आक्रान्त एसियाकै अँध्यारो कुनो मानिएको सिंगापुर अहिले एसियाको यूरोप भनेर चिनिन्छ । दक्षिण कोरियाको प्रसंगबाट पनि नेपाल त्यस्तै भव्य देश हुनेमा शंका छैन ।

चीनको ख्वासी गाउँकै उदाहरण पर्याप्त छ । नेपाललाई नेपाल बनाउन सबै नेपालीको हातेमालो अत्यावश्यक छ जुन यो पंक्तिकारले सुरुआतमा स्थानीय सरकारका केही असल अभ्यास प्रस्तुत गरिसकेबाट अनुमान गर्न सकिन्छ । तर त्यतिमात्रले १ नम्बर गियरमात्र हानेको छ, विकासका लागि नेपालको सन्दर्भमा कम्तिमा पाँच नम्बर गियर आवश्यक छ ।

*(लेखक विकास पत्रकार मञ्च, फोडेज नेपालका अध्यक्ष हुनुहुन्छ ।)*
*इमेल : gopiji2065@gmail.com*

सञ्जाल अनुभव

# सामुदायिक विकास सञ्जालीकरण : सुदूरपश्चिमको अनुभव !




● राधादेवी ओली
● ज्ञानुप्रसाद तिवारी

**समूहमा रहेका सवालमा रही आफैंले योजना बनाई आफैं योजना कार्यान्वयन गर्ने अभ्यासले आजका दिनसम्म समूहहरू दिगोरूपमा निरन्तर स्वचालित छन् । सिबिओहरू र सिबिओ विकास केन्द्रले विभिन्न समयमा समूहहरूको अनुगमन गर्ने, सहयोग गर्ने, समन्वय गराउने काम निरन्तर चलिरहेको छ ।**

२०५८ सालतिर सुदूरपश्चिमको कैलाली जिल्लाका श्रीपुर गा.वि.स.का दिदीबहिनीहरू आफ्नो परिचय दिन पनि नसक्ने अवस्थामा थिए । तीमध्येमा म राधा ओली पनि पर्थें । अब त १८ वर्ष नै भएछ 'बेतालदेउ महिला समूह' गठन भएको । ती समूहदेखि विस्तारै अगाडि बढ्दै अहिले म कैलालीकै एक अग्रणी संस्था 'सिबिओ विकास केन्द्र'को अध्यक्ष छु। २०७३ सालमा म अध्यक्ष चुनिएकी हुँ । मजस्तै धेरै दिदीबहिनी र दाजुभाइहरूले सामुदायिक विकासका सवालमा धेरै प्रगति गर्नुभएको छ ।

हाल गोदावरी नगरपालिका ७ खैरेनी (साविक श्रीपुर ५ खैरेनी) मा बस्ने कलावती साउँद भन्नुहुन्छ, '२०५७/५८ सालसम्म हाम्रो गाउँघरमा घरको अगाडि एक बोट लसुन पनि नलाउने हामी दिदीबहिनीहरू अहिले तरकारी खेती गरिरहेका छौं ।' 'उत्पादन भएको तरकारी आफूले खाएर बाँकी गाउँघरमा बेची आफ्ना बालबालिकाहरूलाई पढाउने, घर खर्च चलाउने काम पनि हामी आफै गर्छौं' अर्की महिला सदस्य लक्ष्मी चौधरी भन्छिन् ।

### ५ रुपैयाँबाट ५० रुपैयाँ पुग्दाको आनन्द

२०५८ सालमा लुथरन विश्व फेडरेसन (एलडब्लुएफ) ले कैलाली जिल्लाका साविकका श्रीपुर, चौमाला, गदरिया, फूलबारी र उर्मा गाविसहरूमा नेपाल विकास परियोजना लागू गरेर उपेछित घरधुरी छनोट गरी हामीलाई आबद्ध गराएको थियो । सदस्यहरूलाई तीन महिनासम्म शसक्तिकरण शिक्षा कक्षामार्फत् आफ्नो नाम लेख्न र अरुसँग आपसी भलाकुसारी गर्न सक्ने बनायो । तीन महिना बितिसकेपछि सोही कक्षालाई छलफलबाट समूहमा परिणत गरी प्रत्येक महिनाको कुनै २ दिन बैठक बस्ने छौं भनी निर्णय गरियो । प्रत्येक महिना मासिक बचत रु. ५ उठाउने र आफूमा भएका र आइपरेका समस्याहरू समूहमा राखी सबै मिलेर समाधान गर्ने गरियो र प्रत्येक सदस्यले उठाएको रकम बढ्दै जाँदा समूहमा हिसाब राख्न साह्रै अप्ठेरो भएको थियो । संस्थाले हामीलाई विभिन्न किसिमका क्षमतामूलक तालिम दिएर हिसाबकिताब गर्न सिकायो । यसका साथै आयमूलक तालिमहरू (जस्तै, तरकारी खेती, बाख्रापालन, बंगुरपालन आदि) ले हाम्रो आयआर्जन वृद्धि हुँदै गयो । हामीले मासिक बचत रु. ५ बाट बढाएर रु. ५० गर्न थाल्यौं ।

### समूहहरूको गाविसस्तरीय साझा संस्था

त्यसपछि हाम्रो बचतको सुरक्षाको साथै समूहको दिगोपनका लागि गाविसस्तरीय सञ्जालको आवश्यकता महसुस भएपछि प्रत्येक समूह र वडाको प्रतिनिधित्व हुनेगरी गा.वि.स.भरिको एक मूल समिति गठन गरियो । मूलसमिति भइसकेपछि हामीलाई समूह सञ्चालन गर्न सजिलो भयो । मूलसमितिलाई वैधानिकरूपमा काम गर्न र समूहलाई दिगो परिचालन गर्न हामीले सिबिओको सञ्जाल संगठनको रूपमा विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय धनगढीमा दर्ता गरियो । 'सिबिओ विकास केन्द्र' भनेर नाम राखियो ।

सिबिओले सम्पूर्ण समूहहरूको प्रतिनिधित्व गर्दै गाविसस्तरमा पैरवी गर्ने, वार्षिक योजना बनाउने, समूहमा विभिन्न सवालमा छलफल चलाउने र विभिन्न अभियान चलाउने काम गरियो । ५ वटै गाविसका समूहमा परिवर्तन देखिन थालेपछि गाविसहरूबाट पनि सहयोग हुन थाल्यो । सिबिओ र समूहको कामले प्रशंसा र प्रोत्साहन पाउँदा सदस्यहरूमा अझ हौसला बढ्यो ।

### सिबिओहरूको सञ्जाल अर्थात् 'सिबिओ विकास केन्द्र'

माथि उल्लिखित गाविसस्तरीय ५ वटै सिबिओहरूको क्षमता विकास र संजालीकरणका लागि जिल्लास्तरीय सञ्जालको आवश्यकताको महसुस गरियो । ५ वटै सिबिओको प्रतिनिधित्व हुने गरी मानबहादुर चौधरीको अध्यक्षतामा २०६३ सालमा तदर्थ समिति गठन भएपछि संस्थाहरूको पनि महासंस्था अर्थात् 'छाता

संगठन'को रुपमा सिबिओ विकास केन्द्र दर्ता गरियो ।

सिविओ विकास केन्द्रका सम्पूर्ण विनियम तथा नियमावली तयार गरी एलडब्लुएफ नेपालको प्राविधिक सहयोगमा परियोजना विकास गरी सिबिओमार्फत् एउटा परियोजना सञ्चालन गरियो । समूहमा रहेका सवालमा रही आफैंले योजना बनाई आफैं योजना कार्यान्वयन गर्ने अभ्यासले आजका दिनसम्म समूहहरू दिगोरुपमा निरन्तर स्वचालित छन् । सिबिओहरू र सिबिओ विकास केन्द्रले विभिन्न समयमा समूहहरूको अनुगमन गर्ने, सहयोग गर्ने, समन्वय गराउने काम निरन्तर चलिरहेको छ ।

**विकट र पछाडि परेका गाउँघरमा सानातिना परिवर्तन ल्याइरहेका छन् । महिला दिदीबहिनीका मुहारमा खुसी ल्याउने प्रयत्न गरिरहेका छन् । हामी सुदूरपश्चिम क्षेत्रमै लामो अनुभव भएको सामुदायिक सञ्जाल संस्थाको रूपमा परिचित बन्न पाएकोमा गर्व लाग्छ !**


## सहकारी पनि !

अहिले गाविसस्तर (साविक) का हरेक सिबिओमा सहकारी गठन भएको छ । सहकारी र सिबिओले संयुक्त रूपमा समूह तथा सदस्यहरूमा योजना विकास गर्ने र कार्यान्वयन गर्ने गरेका छन् । समूहमा अहिले प्रतिसदस्य १०० देखि ५०० रुपैयाँसम्म मासिक बचत गर्ने गरेका छन् । समूहमा पनि २ लाखसम्म बचत जम्मा भएको छ । साना समस्याहरू समूहबाट नै सरल तरिकाले समाधान हुने गरेका छन् र ठूलो समस्याका लागि सहकारीले सदस्यलाई आयआर्जन गर्ने काममा एक लाखदेखि पाँच लाखसम्म कर्जा उपलब्ध गराउँदै आएको छ ।

यस्ता समूह र संस्थाहरूले गर्दा अहिले माहिलाहरूले आफ्नो समस्या आफैं समाधान गर्न पाएकोमा खुशी छन् र आफूलाई चाहिएको बेलामा कसैसँग हात थाप्नु नपरेको बताउँछन् ।

## नेतृत्व छनोटमा प्रजातान्त्रिक अभ्यास

सिबिओ र सिबिओ विकास केन्द्रका लागि विभिन्न समूहबाट प्रतिनिधित्व गरी आउने सभासद्हरू छान्दा समूहमा प्रजातान्त्रिक प्रणाली अपनाइन्छ । समूहको वार्षिक समूहसभावाट प्रति ५ जना सदस्य बराबर १ सभासद् छनौट गरी गाविसस्तरीय सिबिओको साधारणसभाका लागि पठाइन्छ । तिनै सभासद्हरू सिबिओको कार्यसमितिका लागि निर्वाचन तथा सहमतीय पद्धतिबाट छनौट भई आउँछन् । साथै, सिबिओको साधारणसभाले प्रति ५ समूह बराबर १ सभासद छनौट गरी सिबिओ विकास केन्द्रको साधारणसभाका लागि पठाउँछ । ५ वटै सिबिओका ३४ जना सभासद्हरूबाट सहमतीय तथा निर्वाचन प्रक्रियाबाट ५ वटै सिबिओको प्रतिनिधित्व हुने गरी सिबिओ विकास केन्द्रको कार्यसमिति गठन हुन्छ ।




यो कार्यसमितिको अवधि २ वर्षको हुन्छ । एकजना सदस्यले २ पटकभन्दा बढी अध्यक्षतामा उम्मेदवारी दिन पाउँदैन । एक व्यक्ति अध्यक्ष पदको दुई कार्यकालपछि अर्को मुख्य ४ पदमा कार्य अनुभव भएको सदस्य अध्यक्षका लागि योग्य हुने गर्छ । पहिलोपटक कार्यसमितिमा आउने सभासद्ले सदस्यबाट प्रवेश गर्नुपर्ने हुन्छ । यसरी सदस्यको नेतृत्व विकास र हस्तान्तरण गर्ने अभ्यास विगत १० वर्षदेखि सिबिओ र सिबिओ विकास केन्द्रमा हुँदै आएको छ ।

## योजना निर्माण र कार्यान्वयनमा सहभागीमूलक प्रक्रिया

समूहमा सदस्यहरू भेला भई वार्षिक समूहसभा गरिन्छ, जसमा वर्षभरिका उपलब्धिहरूको समीक्षा गर्नुका साथै आयव्यय विवरण सुनाइन्छ । आगामी वर्षका लागि सवाल छनौट गरी वार्षिक योजना बनाइन्छ, जसमा समूहले आफैं गर्ने योजना र सिबिओबाट सहयोग माग्ने योजना भनी छुट्याई सिबिओमा पठाइन्छ ।

सिबिओले सम्पूर्ण योजनाहरू संकलन गरी सिबिओको स्रोतबाट सम्पन्न गर्ने योजना र सिबिओ विकास केन्द्रबाट माग गर्ने योजनाहरू छुट्याई सिबिओ विकास केन्द्रमा पठाइन्छ (रेखाचित्र पनि हेर्नोस्) । प्राप्त योजनाहरूलाई सिबिओ विकास केन्द्रले आफ्नो स्रोतले गर्न सक्ने र दातृनिकायबाट माग गर्नुपर्ने छुट्याई परियोजना विकास गर्ने गर्दछ । परियोजना प्रस्तावना बनाई सम्बन्धित दातृनिकाय वा साझेदार संस्थामा पेश गरी योजना भित्र्याउने काम गर्दछ ।

दातृ-निकायबाट प्राप्त स्रोतलाई सिबिओको मागबमोजिम सम्झौता गरिदिने गरिन्छ र सिबिओहरूले समूहको मागबमोजिम समूहमा योजनाहरू कार्यान्वयन गर्ने गर्दछन् । यसरी समूहदेखि सिबिओ केन्द्रसम्मका विकास कमर्यक्रम र क्रियाकलापहरू चलिरहेका छन् । विकट र पछाडि परेका गाउँघरमा सानातिना परिवर्तन ल्याइरहेका छन् । महिला दिदीबहिनीका मुहारमा खुसी ल्याउने प्रयत्न गरिरहेका छन् । हामी सुदूरपश्चिम क्षेत्रमै लामो अनुभव भएको सामुदायिक सञ्जाल संस्थाको रूपमा परिचित बन्न पाएकोमा गर्व लाग्छ !

*(लेखकद्वय कैलालीस्थित 'सिबिओ विकास केन्द्र' नामक विकास सञ्जाल संस्थाका क्रमशः अध्यक्ष तथा कार्यक्रम व्यवस्थापक हुनुहुन्छ ।)*

*सम्पर्कका लागि : tiwarigyanupc@gmail.com*

# नागरिक समाजका संस्थाहरूमा सामाजिक परीक्षण




● गोविन्दराज पौडेल ● दिवेश सायमी

**सेवा प्रदायक संस्थाले सेवाग्राहीलाई प्रदान गर्न खाजेको प्रतिफल तथा उपलब्धि प्राप्त भयो भएन र सेवाको मात्रा, पहुंच तथा गुणस्तरबारे उनीहरूको धारणा मापन गरी यस्ता सेवा सुविधातर्फ स्थानीय समुदायको सहभागिता, अधिकार, जिम्मेबारी तथा स्वामित्वको स्थापना गर्नु सामाजिक परीक्षणको प्रमुख उद्देश्यहरू हुन् ।**

"सामाजिक परीक्षण" भन्नाले सार्वजनिक सरकारको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण मूल्याङ्कन गर्ने कार्य हो । यो परीक्षणअन्तर्गत सार्वजनिक सरकारले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गरिन्छ ।

कुनै पनि संघसंस्था तथा संगठनहरू आफनो उद्देश्यअनुरुप निश्चित क्षेत्र, वर्ग तथा समुदायमा विभिन्न सेवासुविधाहरू उपलब्ध गराउन क्रियाशिल रहन्छन् । यी सेवासुविधाहरू त्यस समुदायको लागि दान नभई समुदायले पाउनु पर्ने अधिकार पनि हो । यसरी संचालित विकास आयोजना तथा कार्यक्रमहरूको संचालनमा अनुगमन, संरक्षण तथा व्यवस्थापन गर्नु समुदायको जिम्मेबारी हो । साथै प्रभावकारी कार्यान्वयनले समाजको विकासका लागि संचालित क्रियाकलापहरू तथा सेवा प्रवाहमा श्रोतको दुरुपयोग, झैझगडा तथा भ्रष्टाचार जस्ता नकारात्मक पक्षलाई घटाई जनसमुदायमा समाज विकासप्रतिको जिम्मेबारी, अधिकार तथा दायित्वको बोध गराउँदछ ।

पहिला परीक्षणभन्दा साधारणतयाः लेखा परीक्षण बुझिन्थ्यो भने अहिले सेवा प्रदायक संस्थाहरूले सामाजिक परीक्षण प्रथा अवलम्बन गरी यसलाई समग्र विकास प्रयास तथा सेवा प्रवाहको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने साधनकोरुपमा लिन थालेका छन । यो परीक्षणमा सेवा प्रदायक संस्थाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक तथा सामाजिकरुपमा जनतालाई पर्न गएको असर/प्रभाव र सुधार गर्नुपर्ने पक्षहरू पहिचान गरिन्छ ।

सामाजिक परीक्षण एउटा प्रक्रिया हो, जसको माध्यमबाट कुनै पनि संघसंस्था तथा संगठनहरूले आफुले संचालन गरिरहेको (वा गर्न लागेको) आयोजना तथा कार्यक्रमहरूमा सरोकारवालाहरू: उपभोक्ता, कर्मचारीहरू, सार्वजनिक सरकारहरू, संस्थापक, साझेदारहरू र लाभान्वितसमुदायको धारणा बुझ्न सकिन्छ । संचालित क्रियाकलापमा समुदायको भूमिका के हुने? उनीहरूको आवश्यकता तथा चाहाना के हो? उनीहरूको सोचाई के छ? पहिचान गरी समुदायलाई सशक्त गर्न मद्दत पुर्‍याउँदछ ।

तसर्थ सरकार, स्थानीय सरकार, गैससले जिल्ला, नगर र गाउँपालिका, वडा तथा वस्तीस्तरमा संचालन हुने विकास तथा सेवा प्रवाहका कार्यक्रमहरूमा त्यस क्षेत्रका समुदायको आवश्यकता पहिचान गर्ने अवस्थादेखि कार्यक्रमबाट उपलब्ध हुने लाभ वितरण, योजनाको सुरक्षा, आयोजना संचालन प्रक्रिया, सरोकारवालाहरूले वेहोर्ने अंश, मर्मतसंभार अवस्थासम्मको काम कारवाहीसम्वन्धी सबै सरोकारवालाहरूमा जानकारी प्राप्त गर्ने उद्देश्यले गरिने क्रियाकलापलाई सामाजिक परीक्षण भनिन्छ । यसको महत्वहरू निम्न छन्:


- मानवीय जीवनस्तर निर्माण तथा सुदृढीकरणमा सरोकारवालाहरू सशक्त हुने ।
- नागरिक समाज तथा सहयोगी संस्था दुवैमा आ-आफ्नो दायित्व तथा जिम्मेबारीको बोध हुने ।
- सामाजिक मूल्य मान्यता, चाहना, आवश्यकता, प्रतिवद्धता र संकल्पसहित कार्यक्रमप्रति निष्ठावान हुनसक्ने ।
- समाजमा आफ्ना आवश्यकताको पूर्ति आफै गर्नसक्ने सामाजिक क्षमता र दक्षतामा अभिवृद्धि हुने ।

- समुदायको आवश्यकता अनुसारको आयोजना तथा कार्यक्रमहरू संचालन हुने कारण आत्म विश्वास बढ्ने र सम्मानित हुने ।

## सामाजिक परीक्षणको उद्देश्य

सेवा प्रदायक संस्थाले सेवाग्राहीलाई प्रदान गर्न खाजेको प्रतिफल तथा उपलब्धि प्राप्त भयो भएन र सेवाको मात्रा, पहुंच तथा गुणस्तरबारे उनीहरूको धारणा मापन गरी यस्ता सेवा सुविधातर्फ स्थानीय समुदायको सहभागिता, अधिकार, जिम्मेबारी तथा स्वामित्वको स्थापना गर्नु सामाजिक परीक्षणको प्रमुख उद्देश्यहरू हुन् । सामाजिक परीक्षणका प्रमुख उद्देश्यहरू निम्न छनः

- सार्वजनिक सङ्घसंस्था वा निकायका लागि आफ्ना गतिविधि सार्वजनीकरण गर्ने, मूल्याङ्कन गर्ने र पृष्ठपोषण गर्ने/गराउने प्रक्रियालाई संस्थागत गर्नका लागि साझा थलोका रूपमा विकास गर्नु ।
- अधिकारवाला तथा सर्वसाधारणलाई जिज्ञासा राख्ने, प्रश्न गर्ने, कामको विश्लेषण गर्ने, सुझाव दिने र सचूना लिने बानी विकास गर्नु ।
- सावर्जनिक दायित्व निवार्ह गर्ने व्यक्ति वा सङ्घसंस्था वा निकायका सूचना सार्वजनिकीकरण र उत्तरदायित्व बहन गरे-नगरेको जान्ने तरिका बसाल्न, पारदर्शिता कायम गर्न र असल शासन विकास गर्नु ।




- विभिन्न संस्थाले सञ्चालन गर्ने गतिविधिबारे अधिकारवाला तथा आम जनताको स्वामित्व र भूमिका बढाउनु ।
- समुदायलाई आयोजना तथा कार्यक्रमको सफलता तथा सुधार गर्नुपर्ने बिषयमा संलग्न गराई कार्यक्रमको स्वामित्व ग्रहण गर्न जागरण वृद्धि गर्नु ।
- आयोजना तथा कार्यक्रमलाई स्वच्छ, गुणस्तरीय बनाउनका साथै खर्च तथा कार्यप्रणालीमा पारदर्शिता ल्याउनु ।

**१. पूर्व तयारी :** सामाजिक परीक्षणको लागि सन्दर्भ सामग्री अध्ययन तथा समिक्षा

सामाजिक परीक्षकले सन्दर्भ सामग्रीको रूपमा संस्थाको बिधान, रणनैतिक योजना, संस्थाले अबलम्बन गरेका बिभिन्न नीति, निर्देशिकाहरू, महत्वपूर्ण निर्णय तथा स्थानीय सरकारसम्बन्धी ऐन, नियम, कार्यविधि र निर्देशिकाहरू, संस्थाको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना सामाजिक उपलब्धि, कार्य सम्पादन, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक समग्रीको संकलन तथा अध्ययन गर्नु पर्नेछ ।

२. तथ्य प्रमाण संकलनः
अन्तरवार्ता, स्थलगत निरीक्षण, अवलोकन र समूह छलफल

सामाजिक परीक्षकले संस्थाको शासन प्रणाली (संस्थाको उदेश्य, रणनीति, निर्णय प्रकृया, संस्थागत संरचना, नीतिः कर्मचारी, प्रशासनिक तथा बित्तिय, लैगिंक, आदी) कार्यक्रम योजना तथा कार्यान्वयन बित्तिय व्यबस्थापन तथा कार्यसम्पादन, सम्बन्ध व्यबस्थापन (समन्वय र

**प्रतिवेदनको तयारी ढांचा (फारम नं २)**

संस्थाको नाम : ------------ मितिः ----------
२. लक्ष्यः
क.
ख.
ग.
३.मुख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)
क.
ख.
४.गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि |
|---|---|---|
| | | |
| | | |
| | | |

५.लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने)

६. सामाजिक जिम्बेवारी बहन गर्न सक्ने क्षमताः

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |

संजालीकरणको अबस्था, संस्थाका साझेदार, अधिकारवाला र सरोकारवालाहरूसंगको सम्बन्ध) आदीजस्ता बिषयहरूलाई समेट्ने गरी सूचक तयार गरी संस्थाका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुखसंग अर्धसंरचित अन्तरवार्ता लिनुपर्नेछ । उक्त बिषयमा तथ्य प्रमाण संकलन गर्न सामाजिक परीक्षकल अन्तरवार्ताका अलावा स्थलगत निरीक्षण, अवलोकन र समूह छलफल आदि समेत संञ्चालन गर्न सक्नेछन् ।

३. प्रतिवेदन तयारीः सामाजिक जिम्मेवारी, प्राथमिकता तथा लक्षहरू

सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुंदागतरूपमा दिईएको ढांचा (फारम नं १ र फारम नं २) प्रतिवेदन तयार गर्नु पर्दछ ।

**प्रारम्भिक प्रतिवेदनको तयारी ढांचा (फारम नं १)**

१. संस्थाको नाम : ____________ मितिः __________
१.संस्थाको परिचय (बुंदागत रूपमा लेख्ने)
२.संस्थाको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने)
३.गतवर्षको मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने):
४.यसवर्षको मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने)
५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | यस बर्षको प्रयास | यस बर्षको उपलब्धि |
|---|---|---|---|
| **रणनैतिक योजनाः** संस्थाको भिजन, मिसन, उदेश्य, रणनैतिक योजना तथा रणनितीहरू | | | |
| **सिद्धान्तः** संस्थाका निर्देशक सिद्धान्त, मुल्य र मान्यता | | | |
| **आचार संहिताः** संस्थाका नियमकानुन र कर्मचारी आचार संहिता, अन्य नीतिः प्रशासनिक तथा बित्तिय, लैगिंक, आदी | | | |
| **संस्थागत शासन प्रणालिः** निर्णय प्रकृया, संस्थागत संरचना, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्बन्ध, सरकारी नीति संगको मेल, संस्थाका नीति र पद्तीहरू | | | |
| **कार्यक्रम योजना तथा कार्यान्वयनः** योजना तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन र पृष्ठपोषण | | | |
| **बित्तिय व्यबस्थापन तथा कार्यसम्पादन :** कुल बजेट र खर्च, बित्तिय नीति तथा प्रणाली, कार्यक्रम र प्रशासनिक खर्च आदी | | | |
| **सम्बन्ध व्यबस्थापनः** समन्वय र संजालिकरणको अबस्था, संस्थाका साझेदार, अधिकारवाला र सरोकारवालाहरूसंगको सम्बन्ध | | | |

५.गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६.सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (बुंदागत रूपमा लेख्ने)
सामाजिक परीक्षकको नाम : संस्थाको नाम (यदि सस्था भएमा) :
दस्तखत : मितिः

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने) :
क.
ख.
ग.

सामाजिक परीक्षकको नाम : संस्थाको नाम (यदि सस्था भएमा) :

दस्तखत : मितिः

कार्यक्षेत्रको परिचय, संस्थाको प्राथमिकता तथा लक्षहरू, गतवर्षको मुख्य-मुख्य उपलब्धिहरू, यसवर्षको मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने), सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता, समस्याहरू, सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू समावेस गरी प्रारम्भिक प्रतिवेदनको तयारी गर्नु पर्दछ ।

४. प्रतिवेदन सार्वजनीकरण

### क. सहभागीहरू

यसरी प्रारम्भिक प्रतिवेदनको तयारी गर्दै गर्दा प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुने सहभागीहरूको समेत पहिचान गरी उपस्थितिको सुनिश्चितता गराउनु पर्दछ । सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिमा संस्थाको तर्फबाट सल्लाहकार समिति र प्रमुख सदस्यहरू, कर्मचारी तथा व्यबस्थापन समिति लाभग्राही तथा अधिकारवालाका तर्फबाट लक्षित समुहका प्रतिनिधि, संस्थाले प्रबर्धन गरेका र साझेदार संस्थाका प्रतिनिधिहरू र सरोकारवालाका तर्फबाट स्थानीय सरकारका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, दाताका प्रतिनिधि, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय अ/गैसस, बुद्धिजीवीहरू, मिडिया जगत, टोल विकास संस्था तथा सामुदायिक संस्थाहरू, आदि) सहभागीका रुपमा समेटिएको हुनुपर्दछ ।

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति हुने मिति, समय, स्थान तोकि समयमै औपचारिक चिठी वा ईमेलबाट पत्राचार गरी टेलिफोनबाट सुनिश्चित हुनुपर्दछ ।

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा सर्वसाधारण नागरिकलाई समेत आमन्त्रण गर्नुपर्दछ ।

### ख. प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि

- सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको पूर्ण बिवरण खुल्ने गरी नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुने गरी उपस्थिति पुस्तिका राख्ने ।
- संभव हुंदासम्म सहभागीहरूलाई आमनेसामने देखिने गरी गोलाकाररुपमा राख्ने ।
- कार्यक्रमको प्रारम्भमा संस्थाका प्रमुखले सहभागीहरूलाई स्वागतसहित कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्ने तथा सहजकर्ताको परिचयसहित प्रतिवेदक पहिचान गरी कार्यक्रम हस्तान्तरण गर्ने ।
- सहजकर्ताले सहभागीको परिचय गराई, संचालन विधि, समय र आचार संहिताबारे जानकारी दिई सहमति लिने ।
- सामाजिक परीक्षकले फारम-१ र २ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्ने ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष फारम-१ र २ बमोजिमको ढाँचामा तयार गरिएका प्रश्नहरू राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्ने ।
- सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षक र प्रतिवेदकले टिपोट गरी राख्ने ।
- सहभागीहरूले उठाएका बिषयमा कसैले पनि प्रतिवाद नगर्ने र आफ्नो धारणा पनि नदिने तर छलफललाई बिषयमा केन्द्रित गराई राख्ने ।
- सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सार संक्षेप तयार गरी प्रस्तुत गर्ने तथा प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।
- कार्यक्रमको अन्त्यमा आबश्यकता अनुसार संस्थाको तर्फबाट स्पष्टिकरण दिन, सुझावहरू स्वीकार गर्न तथा प्रतिबद्धता व्यक्त गर्न समय दिई कार्यक्रम टुङ्गयाउने ।
- सामाजिक परीक्षण भेला स्थानीय सरकारको प्रमुखको अध्यक्षतामा गरिनु पर्छ ।

### ५. अन्तिम प्रतिवेदन तथा कार्यान्वयन

- सामाजिक परीक्षण भेला सम्पन्न भईसके पछि सामाजिक परीक्षकले कार्य योजना सहितको सामाजिक प्रतिवेदन (दिईएको फारम-३ बमोजिम) तयार गरी सम्बन्धित संस्थाका प्रमुखसमक्ष पेश गर्नुपर्छ ।
- सार्वजनिक लेखाजोखाबाट प्राप्त नतिजा, सवाल, पुष्ट्याइ तथा भावी कार्ययोजनाको अभिलेख तयार गरी स्थानिय सरकारी निकाय, दाता, सञ्चार माध्यम, अन्य सरोकारवाला तथा सम्बन्धित समुदायलाई पठाउने र एकप्रति सो सामाजिक लेखाजोखा गरेको स्थानमा सावर्जनिक गर्ने ।

**सामाजिक परीक्षकले सम्बन्धित संस्था प्रमुखलाई पेश गर्ने प्रतिवेदनको ढाँचा (फारम नं ३)**

श्री .......
संस्थाको नाम, ठेगाना
१. पृष्ठभूमि
२. सामाजिक परीक्षणको उद्देश्य
३. अध्ययन विधि
४. अध्ययनको सीमा
५. बृहत् छलफल कार्यक्रमको विवरण
क) मितिः ख) स्थानः ग) समयः
६. फारम १ र २ अनुसार संस्थाको विवरण संलग्न राख्ने

७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरू (बुँदागत रुपमा लेख्ने)
८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरू (बुँदागत रुपमा लेख्ने)
९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरू वा सुझावहरूः

सामाजिक परीक्षकको नाम : संस्थाको नाम (यदि सस्था भएमा) :

दस्तखत : मितिः

• संस्थाको उक्त प्रतिवेदन संस्थाले आफ्नो कार्यसमितीमा पेश गरी मूख्य बुदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नसक्नेछन् । सामाजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न संस्थाले नीतिगत निर्णय गर्न सक्छ ।

• सरोकारवालाको भेला पश्चात् सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ। भेलामा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित भेला अध्यक्षलाई प्रतिवेदन बुझाउनु पर्नेछ।

## सामाजिक परीक्षणका लागि आचार संहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ ।

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफनो कुरालाई छोटकरीमा स्पष्टरूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।
- लिङ्ग, जात, धर्म, संस्कृति, उमेर आदिका आधारमा कसैलाई दुर्व्यबहार नगर्ने ।

## सामाजिक लेखाजोखाका चुनौती र जोखिम

- सामाजिक लेखाजोखा सञ्चालन प्रक्रियालाई पारदर्शी र सर्वस्वीकार्य गराउन नसकेको खण्डमा सामाजिक लेखाजोखा प्रत्युत्पादक हुनसक्छ ।
- समाजका कतिपय मानिसमा कुनै सङ्घसंस्था वा निकायले उद्देश्य बमोजिम काम गर्‍यो गरेन भनी बहृत्तर विश्लेषण गर्ने भन्दा आर्थिक कुरामा बढी ध्यान केन्द्रित हुने ।
- सामाजिक लेखाजोखाका धेरै सकारात्मक पक्ष हुँदाहुदै कतिपय मानिसलाई यो प्रक्रिया मन नपर्न सक्छ। पारदर्शिता नरुचाउने व्यक्तिहरू यस कुराको विपक्षमा रहन सक्छन् ।
- सामाजिक लेखाजोखा गर्ने गराउने काममा ज्ञान र सीपको कमीले गर्दा अपेक्षित उपलब्धि हासिल हुन कठीन ।
- सामाजिक परीक्षणलाई अझैपनि अलग्गै कार्यक्रमको रुपमा बुझिदिंदा समग्ररुपमा यसको मर्म अनुसार संस्थामा सकारात्मक परिवर्तन ल्याउन नसकेको अबस्था बिद्यमान छ ।

## सामाजिक परीक्षणमा ध्यान दिनुपर्ने कुराहरू

- आम नागरिको उपस्थिति भए, नभएको ?
- पिछडिएको वर्गको उपस्थित भए, नभएको ?
- समानुपातिक प्रतिनिधित्व भए, नभएको ?
- हालसम्मको कार्यान्वयको स्थिति जानकारी गराए, नगर ाएको ?
- भौतिक र वित्तीय प्रगतिको जानकारी गराए, नगएको ?
- विगतका सुझावको कार्यान्वयन भए, नभएको ?
- अनुगमन सूचकहरू तयार गरे, नगरेको ?
- अनुगमन गर्दा देखिएका कमजोरीलाई सुधार गरे, नगरेको ?
- सहभागीलाई लागेका कुरा बोल्न दिए, नदिएको ?
- सभागीको विचार प्रतिवेदनमा जस्ताको तस्तै राख्न दिए, नदिएको ?
- सामाजिक परीक्षण वर्षमा एकपटक आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ ।
- सामाजिक परीक्षणको लागि योग्यता पुगेका दुई बिज्ञ (व्यक्ति वा परामर्शदाता संस्था, कम्पनी वा फर्म) को समुहलाई सामाजिक परीक्षकको रूपमा नियुक्त गरि निजहरूको कार्य विवरण तयार गर्नुपर्दछ ।

## सामाजिक परीक्षकको योग्यता

- सामाजिक बिकास सम्बन्धी बिषयमा स्नातकोत्तर गरेको वा स्नातक भई कम्तिमा २ वटा संस्थाको सामाजिक परीक्षकको रुपमा काम गरेको अनुभव
- सामाजिक परीक्षणसम्बन्धी अनुशिक्षण प्राप्त
- सम्बन्धित संस्थासंग स्वार्थ बाझिने (Conflict of Interest) अबस्था नभएको

# माझी-दनुवार बस्तीमा विकासको चर्चा र जनप्राथमिकताहरू



● कमलरत्न दनुवार

***सिन्धुपाल्चोक जिल्लाको भीमटार क्षेत्रका माझी तथा दनुवार बस्तीहरू विकासको हिसाबले पहिलेदेखि नै केही पछाडि परेका ठाउँ हुन् । पछिल्लो समय बाटोको विकास छिटोछिटो भए पनि खासगरी शिक्षा विकास र चेतनाका कुरामा पछाडि छ ।***

नेपालका ७७ जिल्लाहरूमध्ये प्रदेश ३ को सिन्धुपाल्चोक जिल्लामा पर्ने इन्द्रावती गाउँपालिकाको वडा ११ र १२ क्षेत्रलाई भीमटार क्षेत्र भनिन्छ। पहिलेको भीमटार गाविस पनि हो यो। पछि यस क्षेत्रमा १२ वटा वडायुक्त इन्द्रावती गाउँपालिका बनेपछि हाल यो भीमटार क्षेत्र दुईवटा वडामा विभाजित भएर रहेको छ।

इन्द्रावती गाउँपालिकाको भीमटार क्षेत्र विकासका कार्यमा विस्तारै अगाडि बढिरहेको छ । तर अपेक्षा गरेअनुसार अझ पनि विकास-कार्यमा तीव्रता ल्याउन सकिएको छैन। यो क्षेत्रमा अधिकांशतः माझी र दनुवारको बस्ती छ। अन्य जातजातिमा बाहुन, क्षेत्री, नेवार, तामाङ उल्लेख्य छन् । अरुलाई आश्चर्य लाग्न सक्छ, वडा १२ मा एक घर पनि दलित छैन। त्यही भएर वडा १२ को 'वडापालिका'मा दलित सदस्य अहिले पनि खाली नै छ। हाम्रो वडामा हामी ४ जनामात्र गाउँपालिकामा प्रतिनिधित्व गरिरहेका छौं।

इन्द्रावती नदीको किनारमा पर्ने यो क्षेत्र प्रख्यात साहित्यकार रमेश विकलले लेखेको 'अविरल बग्दछ इन्द्रावती' भन्ने उपन्यास र सोही नामको धारावाहिक चलचित्रको स्थल पनि हो। समथर फाँटको रुपमा सजिएको भीमटार क्षेत्रको आलु र मास पनि निकै प्रसिद्ध छ।

भीमटार क्षेत्रलाई सांस्कृतिक पर्यटनका हिसाबले अगाडि बढाउने चासो पनि अहिले बढ्दैछ। सिन्धुपाल्चोकको सिपाघाट बजारबाट नजिकै पर्ने भीमटार क्षेत्र अब मध्यपहाडी मार्ग, सिपाघाट-चौतारा सडक, सिपाघाट-नवलपुर सडकजस्ता महत्वपूर्ण सडक सञ्जालमा जोडिँदैछ। कच्ची सडक चालु छ। अलि अलि गाडी अहिले पनि चल्छन्।

भीमटार क्षेत्रको माझी तथा दनुवार बस्ती विकासको हिसाबले पहिलेदेखि नै केही पछाडि परेको ठाउँ हो । पछिल्लो समय बाटोको विकास छिटोछिटो भए पनि खासगरी शिक्षा विकास र चेतनाका कुरामा पछाडि छ। महिला सशक्तिकरणमा पछाडि छ। जातीय विशिष्टता र सांस्कृतिक संरक्षणमा चासो पुगेको छैन। भीमटारमा भीमेश्वरी हाइस्कुल त छ, तर पनि हाइस्कुल शिक्षा पूरा गर्ने माझी तथा दनुवारका बालबालिका अन्य जातजातिका तुलनामा कम हुन्छन् । माझी र दनुवारमा गरिबी बढी छ । गरिबीले गर्दा शिक्षा र विकासका अन्य पाटामा सबै जनताको ध्यान जान सकेको छैन। विहान साँझको हातमुख जोर्ने काममा नै सबैको बढी ध्यान जानुपर्ने अवस्था छ । इन्द्रावती नदीमा माछा मार्ने, तिनै माछा बेच्ने, बालुवा संकलन तथा गिट्टी-ढुंगाका काम गर्ने, अन्य 'लेबर' काम गर्ने यहाँका माझी तथा दनुवारका दैनिकी र जीवकोपार्जनका साधन हुन् । माझी र दनुवार परिवारमा एकाधबाहेक धेरैको जग्गा कम छ। त्यो जग्गा पनि अधिकांश बारी नै हो । भीमटार क्षेत्र समथर फाँट भएर पनि सिंचाइको सुविधा नहुनुले खेत हुने सम्भावना भएर पनि 'बारी' नै भन्नु परेको छ। सिंचाइको व्यापक सुविधा बढाउन सकेमा भीमटारले धेरै जनतालाई खाद्यआपूर्ति गरेर पाल्न सक्ने थियो। धानको उत्पादन प्रशस्त हुने थियो। तीन बाली सजिलै हुने थियो । माझी र दनुवारजस्ता पछाडि परेको वर्गको पनि आजीविका उत्थान सहज हुन सक्ने थियो।

### सम्भावना राम्रो

यहाँ पहाडमा हुने चीज पनि फल्छन्, तराईमा हुने चीज पनि फल्छन्। भीमटारको आँप, लिची र भुइँकटहर पनि राम्रो मानिन्छ। भीमटारको आँपफार्म (थापा परिवारको) निकै प्रसिद्ध छ । भीमेश्वरी हाइस्कुल र भीमेश्वरी मन्दिरनजिक रहेको आँपफार्म यस क्षेत्रको आकर्षक पर्यटकीय गन्तव्य नै हुनसक्ने देखिन्छ। मूलतः माझी र दनुवार संस्कृतिमा आधारित होमस्टे पर्यटनको सम्भावना पनि बढेको छ यहाँ । इन्द्रावती नदी र किनारमा आधारित 'बिच टुरिजम'को यहाँ धेरै सम्भावना छ। यो ठाउँलाई पर्यटनका दृष्टिले नयाँ तरिकाले अगाडि बढाउन सकिन्छ भनेर गाउँपालिकाले नेपाल पर्यटन बोर्डको सहयोग तथा पर्यटनविद् चेतनाथ कणेलको प्राविधिक सल्लाहमा हालै 'इन्द्रावती पर्यटन' विकास गुरुयोजना पनि बनाइएको छ। भीमटार क्षेत्रमा पर्यटनका अपार सम्भावनाहरू छन्। तर हालसम्म खासै केही हुन सकेको छैन। भविष्यमा पर्यटन विकास भई यो क्षेत्रको कृषि र संस्कृति

उत्थान भयो भने त्यसका बहुपक्षीय लाभ यहाँका विपन्न वर्गका आँगनमा पनि पुग्ने निश्चित छ ।

२०७२ को भुइँचालोले यो क्षेत्र पनि तहसनहस भएको थियो । साविकको भीमटार गाविसमा मात्र ८२ जनाको ज्यान गएको थियो । सयौं घर-गोठ क्षतविक्षत भएका थिए । हाल धमाधम घर बनिरहेका छन् । गाउँमा करिब ९० प्रतिशत घर निर्माण कार्य पूरा भएको छ । यहाँ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलगायत केही गैसस र निजी दाता/संस्थाहरूले पनि घर बनाइदिएका छन् । पुनर्निर्माण कार्यको संयोजनमा गाउँपालिकाको सक्रियता राम्रो छ । त्यसले गर्दा पनि छिटो छिटो घर बनिरहेका छन् ।

यहाँ पुनःनिर्मित धेरैजसो घरमा पाहुना (टुरिस्ट) राख्न सकिन्छ । अतः यहाँ पर्यटन विकास भएमा 'होमस्टे'का लागि यी घरहरू उपयुक्त हुनेछन् । होमस्टेका लागि चाहिने थप पूर्वाधारका लागि भने गाउँपालिका तथा प्रदेश सरकार र नेपाल पर्यटन बोर्डलगायतका संस्थाहरूको सहयोग हामीलाई चाहिने छ । भीमटारको खेती, भीमटारको संस्कृति, भीमटारको प्रकृति, र, भीमटारको सडक सञ्जाल एवम् जलपर्यटन अबका दिनमा सम्भावना नै सम्भावना हुन् । हामी निकै आशावादी छौं । विकासको घाम दनुवार र माझी बस्तीमा पनि लाग्ने कुरामा हामी निकै आशामुखी छौं ।

## जनप्राथमिकताका कुरा

भीमटार क्षेत्रको समग्र विकास र यहाँका माझी तथा दनुवार हरूको सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक तथा वातावरणीय उन्नति र प्रगतिका लागि म यहाँ केही जनप्राथमिकताका कुरा औंल्याउन चाहन्छु । मैले लेखेका कुराले अन्यत्रका माझी तथा दनुवार बस्ती र पछाडि परेको वर्गमा पनि अलिकति थप घाम लाग्न सक्नेछ भन्ने मेरो चाहना र अपेक्षा हो ।

१) भीमटारमा सिंचाइ र खानेपानी सुविधा छिटोभन्दा छिटो बढाउनुपर्छ । जनताको महत्वपूर्ण सरोकार हो ।

२) यहाँ बनेका सबै बाटाहरूको छिटोभन्दा छिटो स्तरोन्नति र पक्की गर्ने कार्यले प्राथमिकता पाउनुपर्छ । सडकमा नियमितरुपमा गाडी चल्ने व्यवस्था मिलाई काठमाडौं, भक्तपुर, बनेपा, धुलिखेल, चौतारा तथा मेलम्चीजस्ता बजारबाट पर्यटक तान्ने व्यवस्था मिलाउनुपर्छ ।

३) यहाँ अझै पनि छिटो बिहे गर्ने, स्कुल छाड्ने चलन बढी छ । त्यसको निराकरणमा सबैको चासो जानुपर्छ । छात्रा शिक्षामा अझ बढी जोड दिनुपर्छ । दाहिजो प्रथाले अझै पनि सताएकै छ । त्यसलाई पनि अन्त्य गर्नुपर्छ । विविध सञ्चार माध्यम र सूचना तथा प्रविधिको उच्च प्रयोग गरी अभियानकै रुपमा यो काम अगाडि बढाउनु पर्दछ । साथै, स्थानीय आमा समूह, महिला समूह, किशोरी समूहहरूको सक्रियता र क्षमतामा पनि जोड दिनुपर्छ ।

४) किसानले उत्पादन गरेका कृषि उपज समयमै बिक्री हुने र राम्रो मूल्य पाउने वातावरण हुनुपर्छ । कृषि उपज बेच्न पनि यातायात र गाडी सुविधाको सहज वातावरण मिलाउनुपर्छ । कृषि सूचना प्रणाली (बजार दरभाउसमेत) पनि प्रवर्द्धन गर्नुपर्छ ।

५) ज्येष्ठ नागरिकका लागि 'दिवा मनोरञ्जन तथा ध्यान केन्द्र' स्थापना गरी ज्येष्ठ जीवन सहज बनाउनमा सहयोग गर्नुपर्छ । हाल गाउँमा सबैभन्दा बढी बाँचेकी ९३ वर्षीय वृद्धा (ठूली दनुवार) हुनुहुन्छ । यस्ता बढी बाँच्ने व्यक्तिलाई विशेष सम्मान हुनुपर्छ । स्वस्थ र सुखी बुढ्यौली जविनका लागि यस्ता व्यक्तिका अनुभवहरू पनि अभिलेख गर्नुपर्छ । यो कुरा अन्यत्रका लागि पनि लागू हुन्छ ।

६) नदीमा क्रसर र मेसिनहरूको प्रयोग अत्यधिक भएकोले यसमा समयमै सोचविचार गर्नुपर्छ । इन्द्रावतीका लागि मात्र यो 'टेन्सन' होइन, समग्र हिसाबले सोचिनुपर्छ । सरकारले कुरामात्र गरेर भएन । ठोस नीति के हुने र काम के हुने ? जनता अन्योलमा छन् । स्थानीय सरकार पनि अन्योलमा छन् । विनाश नगरी विकास कसरी गर्ने ? त्यो कुरा हामीले सिक्नुपर्ने छ ।

७) युवापुस्तामा विदेश दौडने लहर छ । उतै पलायन हुन चाहने तीब्र चाहना छ । बेरोजगारीले गर्दा यस्तो भएको हो । अतः स्थानीय रोजगारी सिर्जनामा हामीले जोड दिनुपर्छ । हरेक घरमा कमसेकम एक रोजगारी होस् भन्ने कुरामा प्राथमिकता दिनुपर्छ ।

८) गाउँपालिका तह तथा अन्य सामाजिक क्षेत्रमा नेतृत्व गर्ने व्यक्तिहरूको बहुपक्षीय क्षमता बढाउने कार्यक्रम र अवलोकन भ्रमणको व्यवस्था बढाउनुपर्छ । नेतृत्वमा जानेहरूको क्षमता नबढेसम्म विकासको गति पनि अघि बढ्न सक्ने छैन । दूरगामी योजना र सोचका साथ नेतृत्वलाई कसरी तयार पार्ने भन्ने कुरामा नेपाल सरकार, सहयोगी गैससहरू र राजनीतिक दलहरूले पनि दूरगामी सोच र प्रभावमूलक पहलकदमीका साथ काम गर्नुपर्छ ।

९) नदी प्रदूषण, रासायनिक तथा विषादी पदार्थको बढ्दो प्रयोग हाम्रा चिन्ता हुन् । यी कुरामा सबैको ध्यान जानुपर्ने देखिन्छ । अर्गानिक खानेकुरा कसरी उत्पादन गर्ने भन्ने कुरामा सबै मिलेर एकसाथ अगाडि नबढेसम्म हाम्रो जीवन झनै क्यान्सरमय बन्नेछ । यसमा छिटोभन्दा छिटो नीतिगत, थितिगत र अनिवार्य व्यवहारको खाँचो छ ।


१०) नेपालमा माझी तथा दनुवारका भाषा, संस्कृति क्रमशः लोप हुँदैछन् । नयाँ पुस्ताले न भाषा बुझ्दछन्, न सांस्कृतिक रीतिथितिको महत्व र महिमा बताउन सक्छन् । अरु जातिमा पनि यो समस्या अवश्य छ । यसमा राज्यको ध्यान अझ सशक्तरुपले जानुपर्छ ।

अन्त्यमा, म एक दनुवार परिवारको सदस्य भएकोले मैले आफ्ना अनुभव र मनका कुरा दनुवार-माझीकै सन्दर्भ उठाएर यहाँ राख्ने प्रयास गरेको हुँ । मैले उल्लेख गरेका कुराले आदिवासी जनजातिका अतिरिक्त अन्य जातिको विकास र समग्रमा स्थानीय विकासमा नै टेवा पुऱ्यायो भने मेरो अभिलाषा पूरा हुनेछ । मैले पनि आईए तहसम्मको शिक्षा मात्र पूरा गरेको हुँ । धेरै पढ्न सकेको भए अझ धेरै कुरा उठाउन सक्नेथिएँ भन्ने मलाई लागेको छ ।

**(लेखक दनुवार सिन्धुपाल्चोक जिल्ला इन्द्रावती गाउँपालिका वडा नं. १२ का वडा अध्यक्ष हुनुहुन्छ ।)**

दुवै हाम्रा कुरा रोजौं राम्रा कुरा

# बाल सहभागिता र सञ्चारका कुरा



● भारद्वाज मित्र

**बालबालिका भनेका वर्तमानका साझेदार नागरिक हुन् । बालसहभागिता बालअधिकार हो । उनीहरूका लागि गरिने गतिविधिहरू निक्यौंल गर्दादेखि कार्यक्रम परिचालनमा पनि उनीहरूको सार्थक सहभागिता गराइनु पर्दछ ।**

बालसहभागिताका सन्दर्भमा अनेकानेक अभ्यासहरू भएका छन् । यस आलेखमा संसारका कुरा हैन हामी हाम्रै देशका केही अभ्यासमाथि आधारित भएर यो सानो छलफल गर्न लागिरहेका छौँ । बालसहभागिताका सन्दर्भमा मूलतः तीन वटा प्रवृत्तिमा रहेका छन् । ती हुन् :

१. बालबालिका भनेका अबोध हुन् । उनीहरूले सक्नेसम्म काम दिए हुन्छ तर निर्णयमा उनीहरूलाई सहभागी गराउनुको अर्थ छैन ।

२. हामीले कुनै कामहरू गर्दा बालबालिकालाई पनि सामेल गर्ने चलन छ । हामीले पनि गर्नु पर्दछ ।

३. बालबालिका भनेका वर्तमानका साझेदार नागरिक हुन् । बालसहभागिता बालअधिकार हो । उनीहरूका लागि गरिने गतिविधिहरू निक्यौंल गर्दादेखि कार्यक्रम परिचालनमा पनि उनीहरूको सार्थक सहभागिता गराइनु पर्दछ ।

पाठक महानुभावहरू, यहाँ हामीले तीनवटै हाम्रा कुरा रोजौं राम्रा कुरा भनेको भए सजिलो पर्ने थियो । तर यो पुरानै अभ्यास हो कि मैले यस सन्दर्भमा छोटा छोटा आलेख पस्कन लागेको सन् २००३ देखि रहेछ । यसै श्रृङ्खलाका लागि सामग्री खोजीखबरी गर्दा मेरा पुराना भण्डारहरू खोतलखातल गरिए । हाकाहाकीका लागि २००३ मा यसरी लेख्न सुरु गरिएको रहेछ । त्यही अभ्यासलाई सहभागितामा २००८ बाट निरन्तरता दिइएको रहेछ । म जाँगरिया हुँदो हुँ त यस अभ्यासलाई एउटा पुस्तकाकार रुपमै पुग्दो सामग्री भइसक्ने अवधि भएछ । तर त्यस्तो हुन सकेन । सहभागिताका केही अङ्कमा मात्र लेखिए हुनन् । त्यसै तरेलीमा आज म फेरि घोरिएको छु । मैले यस्ता साना आलेखहरू सकेसम्म कामकाजी बनुन् र समाजले यसको सार्थक उपयोग गरेस् भन्ने मनसाय राखेको हुन्छु ।

तलका कुरा पनि हाम्रा कुरा नै हुन् :

यहाँ एक नम्बरमा चर्चा गरिएको “बालबालिका भनेका अबोध हुन् । उनीहरूले सक्नेसम्म काम दिए हुन्छ तर

निर्णयमा उनीहरूलाई सहभागी गराउनुको अर्थ छैन ।” भन्ने कुरा र दुई नम्बरमा उल्लेख गरिएको “हामीले कुनै कामहरू गर्दा बालबालिकालाई पनि सामेल गर्ने चलन छ । हामीले पनि गर्नु पर्दछ ।” भन्ने विचार र अभ्यासहरू मात्रात्मकरुपमा केही कम बेसी भएता पनि दुवै उस्तै उस्तै हुन् । पहिलो त पूरै नकारात्मक चिन्तन भइहाल्यो । त्यसैले त्यसका बारेमा यहाँ चर्चा गरिरहनु नै आवश्यक रहेन ।

दोस्रो बालबालिकालाई अरुले पनि विभिन्न कार्यक्रमहरूमा सामेल गराएका छन् । त्यसैले हामीले पनि गराउनु ठीक हुन्छ भन्ने सतही सोचका आधारमा अर्थात् देखावटीरुपमा मात्र उनीहरूलाई सहभागी गराउने सन्दर्भ पनि निकै हानिकारक हुने गर्दछ । पहिलोले त निषेध नै गरेको छ । त्यसैले हामीले मात्र हैन समाजका सबैजसो दृष्टिकोण र चिन्तनहरूका अनुयायीहरूले पनि त्यस अभ्यासलाई रुढीवादी, पुरानो र डेट गैसकेको विचार र अभ्यास भनेर दुत्कार्ने छन् । तर पछिल्लोले त समाजलाई झुक्याइरहेको पनि हुन्छ । सहभागिता त गराएकै हो भन्ने हुन्छ । तर त्यो सहभागिता कत्तिको सार्थक छ भन्ने सवाल नै महत्वको सवाल हो । त्यहाँ बालबालिकालाई श्रृङ्गारिकरुपमा मात्र सहभागी गराइएको हुन्छ । पहिला पहिला राजारानीको जन्मदिनहरूमा बालबालिकालाई दरबारमा लाइन लगाएर दिनभरि घाममा सुकाएर बालदिवस मनाइन्थ्यो । जुलुसमा बालबालिकालाई हिडाइन्थ्यो । अझै पनि कुनै कुनै राजनैतिक दलहरूका चुनाव

प्रचार र्‍यालीहरूमा र नेताहरूको स्वागतमा बालबालिकालाई हिँडाएको देखिन्छ । त्यस्तो काम भनेको बालसहभागिता नभई बालदुरुपयोग हो ।

हाम्रोमा नागरिक सचेतनाको स्तर माथि उठेको छ । अब बालसहभागिताका नाममा हुने त्यस्ता बालदुरुपयोगलाई नराम्रो मान्न लागिएको छ । हुनै पनि त्यस्ता सहभागिता आलङ्कारिक मात्र हैन झनै हानीकारक र झुक्याउँने खालका हुने गर्दछन् । त्यो सहभागिता अर्थपूर्ण हुँदैन मात्र हैन बालअधिकारको विपक्षमा पनि हुने गर्दछन् । त्यसैले पहिलो र दोस्रो दुवैलाई यहाँ रोज्न नहुने कुरा अर्थात् एकैथरि कुराको रुपमा वर्गीकरण गरिएको छ । दुवै हाम्रा कुराको यो एक पाटो चाहीँ भने हो ।

**बालसहभागिता, अर्थपूर्ण सहभागिता या सार्थक सहभागिता अझ व्यवहारिक सहभागिता चाहीँ राम्रो कुरा हो र त्यही नै रोजौँ भनेर यहाँ त्यसका केही उदाहरणहरू पस्कन खोजेका छौँ ।**

## जसको सरोकार उही नै निर्णयको हक्दार :

अर्थात् जसको दरकार उसैको सरोकार । सवाल जसको हो उसैले त्यसको उठान गर्ने, पहिचान गर्ने त्यसको परिचालनको विधि, पद्धति तय गर्नेदेखि परिचालन गर्नेसम्म उही सरोकारवालाको अर्थपूर्ण सहभागिता भएमा त्यो राम्रो कुरा हुन्छ । अनि हामीले राम्रो कुराका रुपमा रोज्ने पनि त्यही हुन्छ ।

हामीकहाँ अर्थात हाम्रो नेपालमा राम्रा अभ्यासहरू पनि भएका छन् । ती राम्रा अभ्यासहरूलाई रोज्नका लागि पनि हामीले ती राम्रा कुरालाई धेरै भन्दा धेरैका माझ पुर्‍याउन सक्नु पर्दछ । राम्रो कुरा हो भनेर प्रमाणित गर्न नसक्दासम्म राम्रा कुराहरूले पनि बजार लिन सक्दैनन् । जवसम्म राम्रा कुराहरूले बजारमा आफूलाई स्थापित गर्न सक्दैनन् तवसम्म नराम्रा कुराहरूले नै आफूलाई फैलाइरहेका हुन्छन् ।

## यहाँ रोजौं भन्न खोजेको राम्रो कुरा :

बालसहभागिता, अर्थपूर्ण सहभागिता या सार्थक सहभागिता अझ व्यवहारिक सहभागिता चाहीँ राम्रो कुरा हो र त्यही नै रोजौँ भनेर यहाँ त्यसका केही उदाहरणहरू पस्कन खोजेका छौँ । बालधिकार महासन्धिले बालबालिकाका अधिकारहरूको पहिचान र निर्धारण गरिरहँने क्रममा पहिला त्यहाँ केही सिद्धान्तहरू प्रतिपादन भए । तिनै सिद्धान्तका आधारमा अधिकारहरूको सिर्जना, तर्जूमा र व्याख्या गरिए । तिनै अधिकारहरूका धाराहरूलाई चार भागमा बाँडेर वर्गीकरण गरियो । त्यही नै बालअधिकारका चार खम्बाका रुपमा प्रयोगमा ल्याइएको हो । त्यो चारमध्ये बालसहभागिता पनि एक हो । बालसहभागिता पछि त्यसलाई व्यवहारमा उतार्ने प्रयासस्वरुप चलेका अभियानहरूका प्रतिफल समाजमा देखिन लागेका छन् । त्यसरी नै अधिकारमुखी विकास अवधारणाको अभ्यासको प्रभाव समाजमा क्रमशः बढदै छ । संसारमा विकासका अधुनातन अभ्यासहरूमा सहभागीमूलक विकासको अवधारणालाई जीवन पद्दतिका रुपमा अङ्गिकार गर्ने प्रचलन स्थापित भएको छ र यो प्रचलन स्थापित मात्र हैन निर्विकल्प बन्दै झँगिदै पनि गएको छ ।

## सहभागीमूलक रुटिन बनाउने कुरा :

यहाँ प्रस्तुत सन्दर्भको एउटा प्रयोग बालबालिकाकै सहभागितामा उनीहरूको दैनिकी रुटिन निर्माण गरिएको सानो अभ्यासलाई उदाहरणका रुपमा प्रस्तुत गर्ने प्रयास गरिन्छ :

### फनपार्कमा रमाइलोसँगै ................

शनिवार सबैका स्कुल बिदा भएका दिन हजुरबाले परिस्कृता, विदेशा, रविशा, शौभाग्य र निष्पदासमेतलाई लिएर ड्राइपिक्निक गर्ने भनेर चोभार फनपार्क गएछन् । रविसाले फलफूल, निष्पदा र शौभाग्यले क्यान जूस, विदेशाले डेरीमिल्क चकलेट र परिस्कृताले बिस्कुट घरैबाट लैजाने सल्लाह गरेका रहेछन् । उनीहरूले अघिल्लो दिनै नम्बर गेम गरेर ककस्ले के के लाने भन्ने कुरा मिलाएका रहेछन् । हजुरबाले नानीहरूलाई पौडी खेल्न सघाउन भनेर अलि टाढाका नातेदार १२ कक्षा सकेर कलेजको तयारी गर्दैगरेका बिद्यार्थी रवी र रस्मितालाई पनि साथै लिएर चोभारतिर लागेछन् ।

बाटामा पर्ने ठाउँहरू, पासाङल्हामूको शालिक, चाबहिलको ध्वन्दो चैत्य, जयबागिश्वरीको मन्दिर, वनकाली, गौशाला, शहीदगेट, कालीमाटी बजार चिनाउँदै त्यस ठाउँका कुराहरू गर्दै बाबाले चोभार पुर्‍याए् । त्यहाँ उपील्याण्ड भन्ने रमाइलो गर्ने पानीमा खेल्ने, अरु शाहसिक खेलहरू पनि खेल्ने पार्क छ । त्यहाँ उनीहरूले निक्कै रमाइलो गरे । बगैचामा घुमे, ठूलो रोटे पिङ, घुमाउने साँढेमा चढे अनि के के गेमहरू खेले । रमाइलोसँग पौडी पनि खेले । गार्डेनमै बसेर घरबाट लगेको खाजा बाँडेर खाए । घरबाट लगेको खानेकुरा खाइसकेपछि त्यत्तिले मात्रै त पुगेन अरू केही खाने भन्ने कुरा भयो । त्यसपछि हजुरबाले सँगैको रिसोर्टमा लिएर जानुभयो । अनि मम र आइसक्रिम र कोल्ड ड्रिन्कस्को अर्डर गरे । मम तयार हुन त समय लाग्ने हुनाले उनीहरू छलफल गर्न लागेछन् ।

घरमा ककस्ले के के गरेर समय बिताउछौँ भन्ने कुरा पालैपालो सबैले भने । होमवर्क गर्ने, खाजा खाने, खेलहरू खेल्ने, टिभी हेर्ने, मोबाईल, ट्याब्लेटमा गेमहरू खेल्ने कुरा भए । अनि हजुरबाले सबैलाई धन्यवाद दिँदै सबैका राम्रो कामको प्रशंसा गर्नुभयो । समयमै होमवर्क गर्ने, खाजा खाने, खेलहरू खेल्ने, बिहानै उठने, समयमै सुत्ने टिभी हेर्ने, कहिलेकाहीँ मोबाईल, ट्याब्लेटमा गेमहरू खेल्ने, कथा भन्ने जस्ता सबैले गर्ने गरेका कुराहरूलाई अब सबैले ठिक ठिक समयमा मिलाएर गर्ने कुरा भयो । अझ बिदाका दिनमा घरका, भान्साका अनि बारीका, बगैँचाका कामहरू पनि सबैले गर्ने र त्यस बिदाको के महत्व छ त्यसअनुसार मनाउने

गरी त्यसका लागि सबैको साझा रुटिङ बनाउने सल्लाह भएछ। अनि त्यसपछि सबैको सहभागितामा उनीहरूले आफ्नालागि रुटिन बनाएछन् । एउटा स्कुल जाने दिनको रुटिन अनि अर्को बिदाको दिनको रुटिन बनाएछन् ।

### बालसहभागितामा बनेको स्कुल जाने दिनको रुटिन :

**सहभागीमूलक रुटिन निर्माण**
२६ मै २०१९ तदनुसार १२ जेठ २०७६
उपील्याण्ड, काठमाडैं

संयोजन शिविशा
सहजीकरण हजुरबा
सहयेग सरेज र सुनन्द
सहभागी अनुश्कृता, सुदेशा

**बिहानको रूटिन**

| समय | काम |
|---|---|
| बिहान ६ बजे | उठने |
| बिहान ६ देखि ६.१५ | बाथरूम जाने |
| बिहान ६.२० देखि ६.२५ | पानी खाने |
| बिहान ६.२५ देखि ६.४५ | दूध, फलफूल, केही खाजा खाने |
| बिहान ६.४५ देखि ७.०० | स्कुल ब्यागको तयारी |
| बिहान ७.०० देखि ७.१५ | योग, व्यायम |
| बिहान ७.१५ देखि ७.३० | पाठ याद गर्ने (पढने) |
| बिहान ७.३० देखि ७.४५ | लुगा लगाउने |
| बिहान ८.०० | स्कुल जाने |

**बेलुकीको रूटिन**

| समय | काम |
|---|---|
| बेलुकी ४.०० देखि ४.१५ सम्म | लुगा फेर्ने, हात गोडा धुने |
| बेलुकी ४.१५ देखि ४.३०सम्म | खाजा |
| बेलुकी ४.३० देखि ५.०० सम्म | खेल्ने |
| बेलुकी ५.०० देखि ६.०० सम्म | गृहकार्य (होमवर्क) |
| बेलुकी ६.०० देखि ९.०० सम्म | टिभी, फोन, ट्याब्लेट हेर्ने फ्री टाइम |
| ९.०० | सुत्ने |



### राम्रो कुराको राम्रै प्रभाव :

त्यहाँबाट फर्केपछि हजुरबाले त्यो रुटिनलाई राम्रो झिलिमीली चित्रहरूले सजाएर प्रिन्ट गरेर, लेमिनेशन गरेर घर ल्याएर उनीहरूले देख्ने ठाउँमा झुन्ड्याई दिनुभएछ। उनीहरूको दैनिकी अव पहिलाभन्दा निकै व्यवस्थित भएछ । केही समयपछि त्यो रुटिन कामलाग्दो, सहज या मिल्दो भयो कि भएन भनेर अनुगमन गरेछन् । त्यो अनुगमनमा उनीहरूलाई पनि राखेर हजुरबाले सहभागीमूलक रुपमा त्यसको परिमार्जन पनि गरेछन् । त्यो सहभागीमूलक रुटिन बनाएपछि साना साना नानी बाबुहरू पनि आफ्नो योजना अर्थात् रुटिन अनुसार नै चल्न थालेछन् । उनीहरूलाई बिहान उठन कर गर्न परेनछ अनि जतिबेला पायो त्यति बेला मोबाइल हेर्ने पनि कम भएछ। पछि टोलको बालक्लबले त्यो कामलाई आफ्नो क्लबमा पनि सेयरिङ गरिसकेको छ रे ।

### उपसंहार :

यस आलेखमा चर्चा भएको सन्दर्भ भनेको बालसहभागिताका कुरा राम्रा कुराका रूपमा ल्याउने प्रयत्न हो । अझ किटेरै भन्ने हो भने सहभागिताको नाममा हुने तथाकथित सहभागिता अर्थात् नाममात्रको र निरर्थक सहभागितालाई दुरुत्साहित गर्दै अर्थपूर्ण, कृयाशील र व्यवहारिक सहभागितालाई राम्रो कुराका रूपमा रोज्न आह्वान गर्ने प्रयत्न नै हो । यस सानो आलेखमा प्रयुक्त सन्दर्भले त्यो सवालमा कति योग पुग्ला ? त्यसमै यसको सार्थकता रहनेछ ।

*साहित्यकार मित्र मानवअधिकाकर्मी हुनुहुन्छ ।*

पुस्तक चर्चा

# नेपालआमालाई २ विशेष पुस्तक उपहार !


● चेतनाथ हरित

हालै नेपाली बजारमा दुई विशेष पुस्तक आएका छन् । अर्थात् यी पुस्तक नेपाली धर्ती, नेपालआमाका लागि अति महत्वपूर्ण ऐतिहासिक प्राज्ञिक 'उपहार' बनेका छन् । ऐतिहासिक यस अर्थमा कि यी दुबै पुस्तकले विशेष सन्दर्भ र प्रसङ्ग बोकेर आएका छन् । यस्ता कृति विशेष अनुसन्धान र शोधमा आधारित छन् । पुस्तकका शीर्षक, पुस्तकका विषय र पुस्तकका आकारसमेत नेपाली प्राज्ञिक तथा विकासजगतका लागि नमुना बनेर आएका छन् । ती दुई पुस्तक हुन् : १) प्रा.डा. गोविन्दमानसिंह कार्कीको प्रधानसम्पादकत्वमा त्रिचन्द्र कलेजबाट प्रकाशित कृति : 'त्रि-चन्द्र कलेज : सय वर्ष' (झण्डै ४०० पृष्ठ), र २) शारदाप्रसाद दाहालद्वारा लिखित 'विचारविमर्श' (झण्डै ५०० पृष्ठ) । यहाँ दुबै पुस्तकका विशेषताका बारेमा सङक्षिप्तमा चर्चा गरिन्छ ।

## १. 'त्रि-चन्द्र कलेज : सय वर्ष'

नेपालकै पहिलो स्कुल हो दरवार स्कुल (वि.सं. १९१० असोज २७) । तर पहिलो कलेज हो 'त्रि-चन्द्र कलेज' । वि.सं. १९७५ मा स्थापना भएको यस कलेजले वि.सं. २०७५ मा १०० वर्ष पूरा गरेको छ । जुन समयमा नेपालमा एउटा पनि कलेज थिएन, जुन समयमा उच्च शिक्षाका लागि भारतमा जानुपर्थ्यो, जुन समय नेपालमा राणाशासन थियो, जुन समयमा नेपालमा साक्षरता दर मुस्किलले एक प्रतिशत थियो, जुन समयमा कलेज भनेको 'कुन चराको नाउँ' हो भनेर सोध्ने मानिस धेरै थिए, त्यस्तो समयमा काठमाडौंको मुटु (रानीपोखरी छेउ, घन्टाघर) मा कलेज खुल्यो । राणा प्रधानमन्त्री (श्री ३ महाराज) चन्द्र समशेरको पालामा खुलेको यस कलेजको नाममा अगाडिपट्टि त्रिभुवन अर्थात् 'त्रि' पछिमात्र जोडिएको हो ।

कलेजले सय वर्षमा कस्ता आरोहअवरोह भोग्नुपऱ्यो ? कस्ताकस्ता व्यक्तिको मुख्य योगदान रह्यो कलेजलाई यहाँसम्म पुऱ्याउन ? कस्ता कस्ता व्यक्तिले यहाँ पढाउने अवसर पाए ? कस्ता कस्ता व्यक्तिले यहाँबाट अध्ययन गर्ने मौका पाए ? यहाँ पढाउनेका अनुभव कस्ता रहे ? यहाँ पढ्ने प्रबुद्ध विद्यार्थीका पनि अनुभूति के के रहे ? कहाँ छन् अहिले ती व्यक्तिहरू ? नेपालको शिक्षा विकासमा समग्रमा त्रिचन्द्रले पढाएको पाठ के हो ? यी यावत् कुराहरूको विस्तृत दस्तावेज यस पुस्तकमा छ । पुस्तकका प्रधानसम्पादक प्रा.डा. गोविन्दमानसिंह कार्की एक असल अनुसन्धाता पनि हुन् । ऐतिहासिक विदूषी 'योगमाया'सम्बन्धी उनको अनुसन्धानमूलक कृति प्रसिद्ध छ । उनकै पहल र सक्रियतामा त्रिचन्द्रको यो काम भएको भनेर किताबका पाना पल्टाउँदै जाँदा स्पष्ट हुन्छ ।




पुस्तकमा कभरसहित करिब ४०० पृष्ठ छन् र ४ मुख्य भागमा विभक्त गरिएको छ । पहिलो भागमा 'अनुसन्धानमूलक लेख' राखिएको छ; दोस्रो भागमा 'लेखहरू' शीर्षकमा १८ जना लेखकका अनुभवमा आधारित आलेखहरू समेटिएको छ । त्यसैगरी तेस्रो भागमा ७ जना लेखकका 'अंग्रेजी लेखहरू' छन् र चौथो भागमा 'अन्तर्वार्ता' शीर्षकमा नेपालका विशिष्ट विद्वान्हरू सत्यमोहन जोशी, केदारभक्त माथेमा, मोहनहिमांशु थापा र ध्रुवचन्द्र गौतमजस्ता आदरणीय व्यक्तित्वसँग लिइएका अन्तर्वार्ता समेटिएका छन् । साथै पुस्तकको अन्तिम दुई पृष्ठमा त्रिचन्द्र कलेज स्थापना १०० वर्षगाँठका उपलक्ष्यमा आयोजित शतवार्षिकी मूलसमारोह समितिका १०१ जनाको नाम पनि उल्लेख गरिएको छ ।

पुस्तकको सबैभन्दा महत्वपूर्ण अंश भनेकै अनुसन्धानमूलक लेख भनेर कुल ८४ पृष्ठमा प्रस्तुत प्रा.डा. कार्कीको 'नेपालको उच्चशिक्षा र त्रिचन्द्र कलेज' शीर्षकको आलेख हो । यस आलेखका लागि लेखकले निकै मेहनत गरेका छन् । अनुभूतिजन्य लेख तयार गर्नुभन्दा यस्ता तथ्य, तथ्याङ्क र इतिहास समेटिएका लेख तयार

पार्न धेरै कठिन हुन्छ । त्यो कठिनाइको बलियो सामना गरेका छन् प्रा.डा. कार्कीले । उनको यो सामग्री स्वयम्मा एक एमफिल वा पिएचडीको 'थेसिस'जस्तो लाग्छ । सोध राम्रो गरेका छन् यसमा, खोज पनि गहिरिएर भएको छ । नेपालको समग्र शिक्षा प्रणाली विगतदेखि वर्तमानसम्म के कस्तो रहिआएको छ, त्यसमा त्रि-चन्द्र कलेजको कस्तो कस्तो योगदान रहेको छ भनेर यसमा इतिवृत्त छ । 'नेपालको पहिलो कलेज'को इतिहास विस्तृतमा थाहा पाउन यो आलेख नै यथेष्ट छ । प्रा.डा. कार्की र टिमको यो प्रयास अति स्तुत्य छ ।

नेपालकै प्रसिद्ध त्रिचन्द्र कलेजसँग कुनै न कुनै रूपमा (शिक्षार्थी, शिक्षक, प्रशासक, शुभचिन्तक) गाँसिएका विभिन्न व्यक्तिहरूले तयार पारेका आलेखहरूले त्रिचन्द्रका आरोह, अवरोह, तीतामिठा अनुभव र सिक्नुपर्ने कुराका बारेमा चर्चा गरेका छन् । यी प्रसङ्गहरू स्वयम्मा रोचक पनि छन्, घोचक पनि । आलेख लेख्नेहरूमा हुनुहुन्छ : अभि सुवेदी, उपेन्द्रमान मल्ल, कमल दीक्षित, केदार दाहाल, ठाकुर पराजुली, तुलसीराम वैद्य, बेञ्जु शर्मा, भैरव रिसाल, मधुसूदन गिरी, मोहन लोहनी, रजनी श्रेष्ठ, राजेन्द्र सुवेदी, राजेश गौतम, सिद्धिवीर कर्माचार्य, सीता भण्डारी, सुनिल अधिकारी, सुरेशराज शर्मा र हरिप्रसाद पराजुली ।

त्यसैगरी आफ्ना अनुभव अंग्रेजी भाषामा लेख्नेहरूमा बलराम केसी, दीपेन्द्र पराजुली, एमएल सिंह, प्रचण्ड प्रधान, प्रदीपकुमार गिरी, शिवराम वैद्य र उषाकिरण सुब्बा हुनुहुन्छ । चार मूर्धन्य व्यक्तिका अन्तर्वार्तामा समेटिएका प्रसङ्ग र सन्दर्भहरू पनि निकै रमाइला छन् । सत्यमोहन जोशीले यो कलेजमा वि.सं. १९९७ सालदेखि २००० सालसम्म पढ्नुभएको रहेछ । राणाकालमा शिक्षक बन्न सजिलो पनि थियो, गाह्रो पनि थियो भन्ने प्रसङ्गमा उहाँ एक ठाउँमा भन्नुहुन्छ, "राणाका पालामा दरबारमा चाकरीमा जाने परम्परा त थियो नै, तर चाकरी गर्दैमा योग्यता नै नभएका व्यक्तिले कसरी पढाउने ? योग्यता भएको व्यक्ति ठाउँ भएसम्म जागिर पाउँथ्यो । योग्यता र क्षमता नभएकाहरू 'अनफिट' पनि हुन्थे ।" (पृ. ३५०)

| | |
|---|---|
| **पुस्तकको नाम** | **: त्रिचन्द्र कलेज : सय वर्ष** |
| सम्पादक (प्र.सं.) | : प्रा.डा. गोविन्दमानसिंह कार्की |
| प्रकाशक | : त्रिभुवन विश्वविद्यालय, त्रिचन्द्र कलेज, घण्टाघर, काठमाडौं |
| प्रकाशन वर्ष | : वि.सं. २०७५ |
| पृष्ठसंख्या | : ३९६ (कभरसहित) |
| मूल्य | : नेरु. ५००।- |

यस्ता मननीय तथ्य, सन्दर्भ, प्रसङ्ग र अनुभवहरूले टनाटन भरिएको छ यो पुस्तक । यो ऐतिहासिक दस्तावेज पनि भएकोले यसले त्रिचन्द्र कलेजको इतिवृत्त त केलाउँछ नै, साथै नेपालको समग्र शिक्षा प्रणाली कसरी अगाडि बढ्यो भन्ने कुरा बुझ्न पनि शिक्षा विकासमा चासो राख्ने र पुराना कुराबाट नयाँ विचार बनाउन चाहने सचेत र प्रबुद्ध पाठकहरूले एकपटक यो पुस्तक पढ्नैपर्छ । पुस्तकको मूल्य रु. ५००। छ, जुन सामान्य नै मान्नुपर्छ । यसमा संलग्न डा. कार्कीलगायत सो बृहत् टिममा सम्बद्ध सम्पूर्ण विद्वत्जनमा हामी सलाम, बधाई र धन्यवाद भन्न चाहन्छौं । त्रिचन्द्र कलेजको अझ सयौंसयौं वर्षको सुखद् र उदाहरणीय यात्रा भइरहोस् भन्ने कामना पनि गर्दछौं । नेपालको 'नालन्दा' र 'तक्षशीला' भइरहोस् त्रिचन्द्र !! –

## २. दर्शनै दर्शन केलाइएको एक भरिपूर्ण पुस्तक 'विचार-विमर्श'




लेखक शारदाप्रसाद दाहालले वर्ष २०७६ मा नेपालका लागि राम्रो उपहार दिएका छन् । एउटा अमूल्य कृति दिएका छन् । नेपाली भाषामा दर्शन ('फिलसफी') विषयमा अति कम किताब लेखिएका छन् । त्यो आवश्यकता पूरा गर्ने दिशामा अनुसन्धानात्मक लेखनको एउटा बलियो ईँट थपेका छन् दाहालले ।

शीर्षकबाटै स्पष्ट हुन्छ : पुस्तकमा विचारहरू छन्, विमर्शहरू छन् । सन्दर्भ, चेतना र अनुभवको परिपाक छ । निक्कै मेहनत छ पुस्तकमा । करिब ५०० पृष्ठ रहेको यस पुस्तकमा कुल २५ वटा शीर्षकमा विचार र विमर्श प्रस्तुत भएका छन् । मृत्युबारे चिन्तन र विमर्श, सुख र दुःखको चिन्तनमा पूर्व र पश्चिमको दृष्टिकोण, मानव स्वभावको अध्ययन, सत्यता र यसको स्वरूप, उत्तर आधुनिकवाद, ईश्वर र धर्मको मनोविज्ञान, दर्शन र विज्ञानको सीमा, आत्मालाई नमान्ने बुद्धदर्शनको मत, परमवाद

र ब्रह्म; धर्म, नीतिदर्शन र नैतिकता; ईश्वरबिनाको धर्म, पश्चिमी सन्दर्भमा ईश्वरवाद, विज्ञानको मोहमा तत्वमीमांसाको बहिष्करण, पश्चिमका केही अनिश्वरवादी चिन्तकहरू आदिजस्ता रोचक विषय र शीर्षकमा तथ्य र सन्दर्भसहित अनुसन्धानमा आधारित आलेख तयार पारेर नेपाली पाठकहरूलाई असीम गुन लगाएका छन् दाहालले ।

चिन्तक तथा लेखक दाहालले पूर्वीय सभ्यता र पाश्चात्य सभ्यताको तुलना पनि राम्रोसँग गरेका छन् । सभ्यताका आधारमा बन्ने विचार र दर्शनको पुष्ट्याइँ गरेका छन् । पूर्वीय दर्शनमा बुद्ध, शङ्कराचार्य, रामानुजजस्ता दार्शनिकको सन्दर्भमा विशेष चर्चा गरेका छन् भने पश्चिमा चिन्तकहरूमा बर्ट्रान्ड रस्सेल, नित्से, किर्केगार्ड, विलियम जेम्स, कार्लमार्क्स, ब्रेडले आदिको दर्शन तथा चिन्तनको विश्लेषण गर्दै ती विचार र विमर्शसँग पूर्वीय चिन्तन एवम् दर्शनको तुलना गर्ने प्रयास गरेका छन् ।

दाहालले पहिलो आलेखको रुपमा राखेको 'मृत्यु : चिन्तन र विमर्श' मा नेपाली नाटककार बालकृष्ण समको एउटा अविस्मरणीय पंक्ति 'ज्ञान मर्दछ हाँसेर, रोई मर्दछ विज्ञान' भन्ने दर्शनले प्रारम्भमा स्थान पाएको छ । अर्का पश्चिमी चिन्तक मिगेल डे उनामुनोको भनाइ 'नाइ म मर्न चाहन्न, कुनै पनि हालतमा मर्न चाहन्न, म सदासदाका लागि बाँच्न चाहन्छु, बाँच्न चाहन्छु, सधैंसधैंका लागि' पनि दाहाल प्रभावित भएका छन् । करिब पचास पृष्ठ लामो यस आलेखमा उनले मृत्युबारे पश्चिमी जगत के भन्छ र पूर्वी जगत के भन्छ भन्नेबारेमा राम्रो चिन्तन, मनन र विश्लेषण गरेका छन् । विश्लेषणका क्रममा उनले बेद र उपनिषद् के भन्छन्; चार्वाकदर्शन र बुद्ध धर्म/दर्शनले के भन्छन्, जैन धर्म/दर्शनको भनाइ के छ; न्यायदर्शन, साङ्ख्यदर्शन एवम् भागवत-गीताले के भनेका छन्; गरुडपुराण, योगवाशिष्ट, महाभारत एवम् बाल्मीकि रामायणमा के भनिएको छ भनेर पूर्वीय दर्शनको स्पष्ट दृष्टि पनि राखिदिएका छन् ।

साथै पश्चिमी जगत्का चिन्तक एवम् विद्वानहरूको मृत्युबारे कस्तो धारणा पाइन्छ भन्ने कुरा पनि यस पुस्तकमा पढ्न पाइन्छ । उनले विश्वप्रसिद्ध सोपेनहाउर, सुकरात, प्लेटो, अरस्तु, एपिक्युरस, जोन मार्टिन फिसर, किर्केगार्ड, हाइडेगर, जाँपाल सार्त्र, कार्ल यास्पर्स, सिमोन द बोउवार, अल्बेयर कामु, पास्कल, फ्रायड आदि चिन्तक, विद्वान तथा साहित्यकारले के भनेका छन् भनेर प्रशस्त चर्चा गरेका छन् । साथै नेपाली साहित्यकारहरू, खासगरी उपन्यासकारहरू (जस्तै बीपी, बालकृष्ण सम, इन्द्रबहादुर राई, पारिजात, ध्रुवचन्द्र गौतम, दौलतविक्रम विष्ट, आदिका प्रसङ्ग र सन्दर्भ कोट्याउँदै उनीहरूले आफ्ना लेखाइमा मृत्युलाई कसरी हेरेका छन् भन्ने कुरा पनि स्पष्ट पार्न खोजेका छन् । उदाहरणका लागि ध्रुवचन्द्र गौतमका बारेमा उनी भन्छन्, "गौतमका उपन्यासहरूमा मृत्युविमर्श छ । उनका बालुवामाथि, डापी, कट्टेल सरको चोटपटक र अलिखित उपन्यासमा प्रशस्तमात्रामा मृत्युदर्शन पाइन्छ। गौतमका उपन्यासको दार्शनिक आधार मूलत: शून्यवाद र विसङ्गतिवाद नै हो । यी दुबै वादले जीवनलाई बेकार र सारहीन मानेका छन् ।" (पृ. ४९)

उनको खोजको गहिराइ र चिन्तन निकै प्रशंसनीय छ। यसप्रकारका आलेख तयार पार्न लेखक निकै जुट्नुपर्छ, तौल घटाउनुपर्छ, हड्डी खियाउनुपर्छ । मेहनतको सीमा हुँदैन यसप्रकारको शोधमूलक आलेख
र पुस्तकमा । उनको पढाइ र लेखाइको मर्मले हामीलाई सहजै

| | |
|---|---|
| **पुस्तकको नाम** | : **विचार-विमर्श** |
| लेखक | : शारदाप्रसाद दाहाल |
| भाषा सम्पादक | : तीर्थराज अधिकारी |
| प्रकाशक | : लेखक स्वयम्, काठमाडौं |
| प्रकाशन वर्ष | : वि.सं. २०७६ |
| पृष्ठसंख्या | : ४९६ (कभरसहित) |
| मूल्य | : नेरु. ५५०।- |

प्रभाव पार्छ । कुनै पिएचडीधारीको भन्दा उनको ज्ञान र शैली कम छैन भन्ने मलाई लाग्यो । म उहाँलाई भने प्रत्यक्ष चिन्दिनँ । अहिलेसम्म भेट्ने मौका पनि मिलेको छैन ।

पुस्तकमा समेटिएका अन्य आलेखहरू पनि निक्कै मर्मस्पर्शी र विमर्श-प्रधान छन् । खोजको गहिराइमा डुबेका छन् । मान्छेका दिमाग नै झङ्कृत र तरङ्गित पार्ने खालका छन् । ती सबै आलेखको एकएक समीक्षात्मक चर्चा गर्नु मेरो यो 'परिचयात्मक लघुआलेख'को धर्म र दर्शनभित्र पर्दैन । हरेक सचेत र प्रबुद्ध पाठकले खोजी खोजी पढ्नुपर्ने पुस्तक हो यो । खासगरी अध्ययनअनुसन्धान गर्न चाहने, पूर्वीय र पाश्चात्य दर्शनमा रुचि राख्ने र दर्शन अर्थात् 'फिलसफी'कै बारेमा गहिरिन चाहनेका लागि यो पुस्तक एक गतिलो वैचारिक 'दिग्दर्शक' र 'मार्गदर्शक' पनि हो । नेपालआमाको काखमा सुम्पिएको दाहालको यो गह्रौं र कालजयी उपहारले लाखौं नेपाली पाठक लाभान्वित हुने कुरा निश्चित छ । मूल्य रु. ५५० मात्र राखिएको छ, जुन एकदम उपयुक्त देखिन्छ । नेपाली पाठकहरूले चिन्तक एवम् विमर्शक शारदाप्रसाद दाहालबाट अन्य यस्तै गहन कृतिको अपेक्षा गर्नेछन् । लेखकलाई मुरीमुरी बधाई र शुभकामना ! ––

इमेल : chetnathkanel@gmail.com

पुस्तक चर्चा

# डा. ढकालको 'पूर्वीय दर्शनको पुनर्व्याख्या'

● अश्विनकुमार पुडासैनी

एउटा चिनियाँ बाँस हुन्छ, जसलाई उत्तम ठाउँमा सारेर मलजल गर्न थालिन्छ। दिन बित्छ। महिना बित्छ। वर्ष बित्छ। दुई बर्ष बित्छ, बाँसका टुसा पलाउँदैनन्। किसानको कामलाई देखिरहेकाहरू भन्छन् "उसले आफ्नो परिश्रम, समय, श्रोत/साधन खेर फालिरहेछ।" तीन बर्ष बित्छ, चार बर्ष बित्छ, तैपनि बाँस टुसाउँदैन। बूढो किसानले दुःखमात्रै पाईरहेछ भनेर चारै तिर निराशा छाउँछ तर पूर्वीय त्यो पाको किसान भने बाँसको हेरचाहमा लागिरहन्छ। आखिर पाँचौं बर्षमा त्यो बाँस टुसाउँछ र ती टुसा हलक्क बढेर डेढ-दुईमहिनामै साठी-असी फीट अग्ला हुन्छन्। यसले चारैतिर सु- समाचार फैलाउँछ र त्यो बाँस हेर्न मानिसको भीड लाग्छ। सबैले किसानको धैर्यता, परिश्रम र आत्मविश्वासको गाथा सुनाउँछन्।

माथि लेखिएको कथाका बाँसका टुसाजस्तै प्रकारको उत्पादन लिएर आएका छन् एक इन्जिनियर तथा खुला विश्वविद्यालयका परिकल्पनाकार र मूलअभियन्ता डा. प्रमोद ढकाल।

यो पुस्तकमा ५०२ पृष्ठको पुस्तकको मूल पाठ र पचास पृष्ठ भन्दा बढी अङ्ग्रेजी सारांश, भूमिका आदि रहेका छन्। निबन्धात्मक शैलीमा लेखिएका सोह्रवटा परिच्छेदहरू यो पुस्तकका मूलसामग्री हुन्।

पुस्तकको पहिलो निवन्ध "समकालीन चिन्तन" मा लेखकले आफ्नो बाल्यकालदेखि आफ्नो परिवार, विद्यालय जीवन हुँदै उठेका जिज्ञासाहरूलाई आफूले सिकेका र प्रत्यक्ष अनुभव गरेका घट्नाहरूसँग जोडेर चिन्तन गर्नु भएको छ। यसमा लेखकको जीवनी र समकालीन मध्यमवर्गीय परिवारका युवा युवतीहरू धेरैको जीवनकथासँग मेल खाने किसिमले परम्परागत सोचलाई वैज्ञानिक सोचले बदल्ने अभिलाषा र प्रगतिशील युवापुस्ताको पाठकले यसलाई आफ्नै जीवनको कथाजस्तो मान्ने प्रकारले व्याख्या गरिएको छ।

"शब्द र ब्रह्म" निबन्धमा कतिपय आधारभूत पूर्वीय दार्शनिक अवधारणाहरू पश्चिमी अवधारणाहरूभन्दा कसरी फरक हुनसक्छ भनेर देखाउँदै त्यस्ता केही अवधारणाको पूर्वीय व्याख्या गरिएको छ। ब्रह्म, प्रकृति, पुरुष, ईश्वर, आत्मा, परमात्मा, भगवान, प्रभु, देवी, देवता, भूत आदि पूर्वीय दर्शनमा प्रयोग हुने आधारभूत शब्दसँग पाठकलाई परिचय गराउन खोजिएको छ। त्यसरी नै "बुद्धि, ज्ञान र प्रज्ञा" परिच्छेदमा ज्ञान, विज्ञान, विद्या र प्रज्ञाजस्ता दार्शनिक र व्यावहारिक अवधारणाको पूर्वीय प्रयोग र व्याख्यालाई प्रस्तुत गरिएको छ।




"धर्म सम्प्रदाय र परम्परा" मा धर्म निरपेक्षता र धर्मसापेक्षताको बहसलाई अगाडि बढाइएको छ। यस सम्बन्धमा हाम्रो सभ्यतामा रहँदै आएका धारणा र अभिमतलाई प्रस्तुत गरिएको छ। अनि यसपछिको परिच्छेदमा "संस्कार र कर्मकाण्ड" रहित समाज असामञ्जस्य, अशान्ति र उथलपुथलले युक्त हुने हुनाले कुनैपनि सभ्य समाजले आफ्ना मौलिक संस्कार र कर्मकाण्डहरू विकास गरेको हुनुपर्छ भनेर भन्दछ। कर्मकाण्डका वैज्ञानिक पाटाहरू सुदृढ गर्ने र तिनलाई रुढीवादको अति तर्फ जानबाट जोगाइरहनु पर्ने आवश्यकतालाई दर्शाइएको छ। संस्कारको विकास गरेर नै सभ्यताको प्रवर्द्धन हुन सक्ने कुरा बताइएको छ।

"वैदिक दार्शनिक धारहरू र समन्वय" नामक परिच्छेदमा आस्तिक, नास्तिक, ईश्वरवादी, अनीश्वरवादी धारहरूको परिचय दिइएको छ। प्रकृति र पुरुष तथा सत्व, र जरतम जस्ता वैदिक अवधारणाको परिचय दिइएको छ। ती छरिएका अवधारणालाई जोड्ने समन्वयात्मक अवधारणाको परिचय

दिइएको छ। यो परिच्छेद अति खाँदिएको हुनाले कतिपय पाठकका लागि पूरै पुस्तक पढेपछि यसलाई फेरि दोहोऱ्याएर पढ्न आवश्यक हुने देखिन्छ।

सातौं परिच्छेदमा "प्रमात्रासिद्धान्त र वैदिक अवधारणा"को तुलना र व्याख्या प्रस्तुत गरिएको छ, जहाँ प्रमात्रा सिद्धान्तले आधुनिक भौतिक विज्ञानले प्रतिपादन गरेको क्वान्टम थ्योरीलाई जनाउँछ। वैदिककालीन चिन्तकहरूले प्रतिपादन गरेका कतिपय अवधारणा र सिद्धान्तको आधुनिक वैज्ञानिक सिद्धान्तका खास मिलनबिन्दुहरूको पहिचान गरिएको छ। यसमै भौतिक र मानसिक संसारको परावर्तिताको पनि चर्चा गरिएको छ।

पुस्तकको दोस्रो खण्ड "वैदिक दर्शन र देवी-देवता" परिच्छेदबाट सुरु हुन्छ। वैदिक दर्शनलाई जब देवी-देवताको मूर्तिको माध्यमबाट अभिव्यक्त गर्न थालियो त्यसले यसको प्रसारणीयतालाई सहज बनायो र ऐतिहासिक ग्रन्थहरू हराएको अवस्थामा पनि तिनको मर्मलाई खोज्न जान्न सहज बनायो भन्ने धारणा राखिएको छ। मूर्तिमा उतारिने खास शारीरिक आकृति, मुद्रा, आभूषण, वाहन, बस्त्र, हतियार र ती वरिपरि देखाइने वातावरण आदिको दार्शानिक महत्व हुन्छ भनेर भनिएको छ।

"ज्ञान, विद्या र सरस्वती" परिच्छेदमा ज्ञान कसरी आर्जन गर्ने र कसरी प्रसारण गर्ने भन्ने सन्दर्भमा रहेका पूर्वीय मान्यताको व्याख्या गरिएको छ। "प्रज्ञा, नेतृत्व कला र गणेश" मा पूर्वीय दार्शानिक र परम्परामा प्रज्ञालाई ज्ञान र विज्ञानको भन्दा पृथक स्थान किन दिइयो र त्यसको सामाजिक कारण के हो भनेर व्याख्या गरिएको छ। "श्री, समृद्धि र लक्ष्मी"मा उद्यमशीलता र वैभवको आधार के हो, त्यो किन अत्यावश्यक छ र फेरि भौतिक उन्नतिको दौड किन खतरनाक छ भन्ने कुरा लेखिएको छ। "योग, रचना र शिवको व्याख्यामा योग दर्शन, ध्यानको दर्शन, तथा रचनात्मकताका आधारको बारेमा चर्चा गरिएको छ जसको केन्द्रमा शिवलिङ्गको दर्शन रहेको देखिन्छ। "सुशासनको पद्धति र विष्णु" मा समाजको शान्ति, अमन चयन र दीर्घकालीन व्यास्थापनका आयामहरूको चर्चा गरिएको छ। "अभय र पराक्रमीदेवी स्काली" मा अन्याय अत्याचार र दुराचारलाई परास्त गरेर सर्वकल्याणकारी र समतामूलक समाजको निर्माण कस्तो दार्शनिक आधारशीलामा सम्भव हुन्छ भनेर देखाइएको छ।

"वैज्ञानिक चिन्तन पद्धतिको विकास र ब्रह्मा"मा प्रामाणिक ज्ञान, विज्ञान, शास्त्रीय ज्ञानको खोज, तथा नयाँ ज्ञानको उत्पादन समाज र सभ्यताको विकासको आधार हो भनेर दर्शाइएको छ। वैदिक सभ्यतामा कुनैबेला भक्ति मार्ग र ज्ञानमार्गको टकराव भएको र ज्ञानमार्ग दमनमा परेको कुरा दर्शाइएको छ। ब्रह्मामा बुनिएको दर्शनको पुनरुत्थान हुनुपर्ने आवश्यकता दर्शाइएको छ।

"त्रिमूर्ति दर्शन" नामको अन्तिम परिच्छेदमा कुनै पनि जटिल समाजका जटिल समस्याहरूको समाधान एउटै वाद वा पन्थबाट हुन नसक्ने भनेर दर्शाइएको छ। त्यसैले फरक-फरक प्रकृतिका समस्याको समाधान तत्अनुरूप विकास गरी एकामार्गमा प्राप्त हुने हुनाले समाजका जटिल समस्याको समाधान धेरै कोणबाट खोजिनुपर्छ भन्दछ। यसले ब्रह्मा, विष्णु, र महेश्वर गरी तीन देवता, सरस्वती, लक्ष्मी र पार्वती गरी तीन देवी मिलेर जुन एक बृहत् दर्शन तयार गर्छ यो नै एक पूर्ण दर्शन हो, र विश्वका लागि पूर्वीय दर्शनको सबभन्दा ठूलो योगदान पनि त्यही हो भनिएको छ।

यसरी सोह्रवटा निबन्धमार्फत् लेखक डा. ढकालले आफ्नो पूर्वीय दर्शनमाथिको स्वअध्ययन, अन्वेषण र खोजलाई बाहिर ल्याएका छन्। यसकै बलमा एउटा सामाजिक र दार्शनिक बहसको थालनी गरेका छन्। समाज, संस्कृति, दर्शन, राजनीति, विज्ञान, प्रविधि र शिक्षा सम्बन्धमा रहेका पूर्वीय दार्शनिक सिद्धान्त र मान्यताहरूलाई प्रतीकवादी परम्पराको आधारमा व्याख्या गरेका छन्। अनेकौं आवश्यकता बोकेको एउटा समाजलाई समष्टिगत रूपमा नहेरी ती समस्याहरूको पूर्ण समाधान खोज्न सकिंदैन भन्दै पूर्वीय दार्शनिक परम्परामा त्यस्तो समग्र व्याख्या र समग्र समाधान खोज्न आवश्यक दार्शनिक साधनहरू उपलब्ध छ भनेर भनिएको छ। अन्ततः सुशासन, समृद्धि, विज्ञान र प्रविधि एक अर्काका प्रतिद्वन्दी नभएर परिपूरक तत्व हुन् भनेर निष्कर्ष निकालिएको छ। नेपाली भाषाको यो पुस्तकमा यसको सारलाई करिब पाँच हजार शब्दको अंग्रेजी निबन्धका रूपमा समावेश गरिएको छ।

मिति २०७६ असार ३० गते लोकार्पण गरिएको यो पुस्तकको प्रकाशक बिग फ्यामिली भेञ्चर्स रहेको छ। यसको वितरक विद्यार्थी पुस्तक भण्डार रहेको छ तथा यसको मूल्य रु. एक हजार रहेको छ।


## नेपानद्वारा स्थापित

# 'डा. भोलाप्रसाद दाहाल स्मृति सम्मान-कोष'

## मा यहाँको सहभागिता भयो ?

**सम्पर्क** : नेपान सचिवालय, नेपान घर, कोटेश्वर, काठमाडौं

# नेपान स्रोत केन्द्रमा उपलब्ध सामग्रीहरू

१. प्रधानाध्यापक स्रोत पुस्तक, प्रा.डा. मनप्रसाद वाग्ले र महाश्रम शर्मा, फागुन २०७४

२. स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार, २०७५ वैशाख

३. स्थानीय तहमा कार्यरत महिला नेतृत्वका लागि स्रोत पुस्तिका, सर्च फर कमन ग्राउन्ड, २०७३

४. Youth Experiences in Conflict, Violence and Peace Building in Nepal, Case Study, Search for Common ground- Nepal, January 2018

५. सहकार्यत्मक नेतृत्व तालिम निर्देशिका, सर्च फर कमन ग्राउन्ड, वैशाख, २०७५

६. PARTICIPATION, Year 20, No. 18, June, 2018, Nepal Participatory Action Network (NEPAN)

७. आदर्श खबर, वर्ष १, अङ्क ९, जेष्ठ २०७५

८. Bulletin, Former Member Parliaments Forum, Nepal, Year 3, No. 3, June, 2018

९. पार्क रेन्जरदेखि पार्किन्सनसम्मको यात्रा (Park Ranger to Parkinson), A Development Professional's Perspectives and Experiences, दिपकराज चापा (चापागाई), असार २०७५

१०. बालअधिकारमा आधारित सहभागिमूलक योजना तर्जुमा प्रक्रिया सहयोगी पुस्तिका, नेपाल सरकार, २०७५

११. सगुन, रोशी लहर, वर्ष ४, अङ्क १, वैशाख

१२. नयाँ सत्-मार्ग, चैत्र अङ्क - २०७४

१३. संस्थाको संक्षिप्त परिचय तथा राष्ट्रिय योगमाया दिवस २०७५ का अवसरमा सम्मानित स्रष्टा चिनारी पुस्तिका, नेपाल स्रष्टा समाज, ७ साउन, २०७५

१४. ज्येष्ठ नागरिक कानुनी शिक्षा तथा सचेतना पुस्तिका, राष्ट्रिय ज्येष्ठ नागरिक कोष, प्रथम संसकरण, जेठ २०७५

१५. स्रष्टा दर्पण, नेपाल स्रष्टा समाज, वर्ष १०, अङ्क २४, वैशाख-असोज २०७५

१६. डोम समुदायको पहिचानः बदलिँदो जीवनशैली, समता फाउण्डेशन, २०६९

१७. उच्चशिक्षामा सहभागिताः असमाजतामा सामाजिक आयम, मार्टिन चौतारी, पहिलो संस्करण, २०६८

१८. लि क्वान युः आधुनिक सिंगापुरका निर्माता, अच्युत कोइराला

१९. संसददेखि संविधानसभासम्म, भरतमोहन अधिकारी, प्रथम संस्करण, २०७५ वैशाख

२०. शुक्रनीति, पहिलो संस्करण, २०७४ साउन

२१. बिल गेट्सः डिजिटल क्रान्तिदेखि सिर्जशील पूँजीवादसम्म, अच्युत कोइराला

२२. बुधबारदेखि चाकुपाटसम्मः संस्मरण, मोहनमान सैँजू, २०७१ साउन

२३. नेल्सन मण्डेलाः स्वतन्त्रताको दीर्घ यात्रा, दोस्रो संस्करण, २०११

२४. जुर्मुराएको बखत, सोमत घिमिरे, पहिलो संस्करण, २०७५ जेठ

२५. Peace Politics of Nepal: An opinion from within, Kanak Mani Dixit, 1stedition , April 2011

२६. Tarai/Madhesh of Nepal, Anthropological study (upgraded version), Deepak Chaudhary, second edition 2015

२७. नेपाल नवनिर्माण महाअभियान, वामदेव गौतम, पहिलो संस्करण, २०७४

२८. Diagnostic study of local governance in federal Nepal, 2017, Australian Aid

२९. A survey of the Nepali people in 2017, Asia Foundation

३०. नेपाली लघु कथा, लघु कथा समाज, वर्ष ६, अङ्क ६, २०७५ भदौ

३१. आदर्श खबर, वर्ष १, अङ्क १०, २०७५ असार

३२. सहभागिता ५२ (युवा विशेषाङ्क), नेपाल सहभागीमूलक कार्य समूह, भाद्र, २०७५

३३. The future we want (stories of returnee women migrant workers), Nepal Participatory Action Network, September 2018

३४. Strategic Plan (2018-2022), Nepal Participatory Action Network, September 2018

३५. Anthology of 108 Successful Entrepreneurs in Nepal, Australian Aid, 1st edition, May 2018

३६. Micro Entrepreneurs' products Portfolio: Micro-Enterprise Development Programme (MEDEP),

Australian Aid, 2nd edition, December 2017

३७. Development in Practice, Volume 28, Issue 5, August 2018

३८. Development in Practice, Volume 28, Issue 6, September 2018

३९. नयाँ सत् मार्ग, असार अङ्क, वर्ष १८, अंक १, २०७५ असार

४०. नयाँ सत् मार्ग, असार अङ्क, वर्ष १८, अंक २, २०७५ साउन

४१. नेपाल पर्यटन वर्ष २०११, अभिलेख संग्रह, नेपाल पर्यटन बोर्ड , २०६९

४२. नयाँ सत् मार्ग, अङ्क ३-४, वर्ष १८, जे.पी. प्रतिष्ठान, २०७५ भदौ-असोज

४३. आदर्श खबर, राष्ट्रिय मासिक, ३-४ आदर्श सेवा नवजीवन केन्द असोज २०७५

४४. राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ बर्ष २, राष्ट्रिय युवा परिषद असोज २०७३

४५. युथ भिजन- २०२५ तथा १० वर्षे रणनीतिक योजना र राष्ट्रिय युवानीति, २०७२ राष्ट्रिय युवा परिषद १९ असोज २०७२

४६. Connect: sharing information to strengthen the HelpAge global network in Asia- Pacific HelpAge, October 2018

४७. Demographic and Socio- economic Status of Youth in I. R. Iran, UNFPA, University of Tehran and Statistical research and training center, 2015

४८. Population related Indicators of the Sustainable Development Goals (SDGs) and the Existing Data Gaps in Iran UNFPA, and Statistical research and training center, 2017

४९. Nepal Medical College Journal Nepal Medical College, September/ December 2015

५०. Plan International Nepal Country Strategy, 2018-2022 Plan International, 2018

५१. महालेखापरीक्षकको चवन्नौं वार्षिक प्रतिवेदनका सम्बन्धमा प्रकाशित समचारहरूको संगालो २०७४ महालेखापरीक्षकको कार्यालय २०७४

५२ आदर्श खबर,अङ्क ४, बर्ष २ आदर्श सेवा नवजीवन केन्द्र मंसिर २०७५

५३. Inequality in Nepal Fighting: The road to prosperity HAMI जनवरी २०१९

५४. Development in Practice, अङ्क १ पुणङ्क २९ Routledge, February 2019

५५. प्रदेश कर्णाली वीरेन्द्रबहादुर बोगटी, फागुन २०७५

५६. Senior Citizens Social Security Status in Nepal (Thesis)

५७. Development in Practice, अङ्क १ पुर्णाङ्क २९, April 2 019.

५८. International Relations & Labour Committee (Regional Conference on Legislature-Parliament, Nepal, 2017.

५९. Policies and Programmes of the Government of Nepal for Fiscal Year 2017-18 (Unofficial Translation), Nepal Government, 25 May 2017.

६०. Address by the Right Honorable President, Mrs. Bidhya Devi Bhandari, to the Joint Session of both Houses of the Federal Parliament Nepal Government, 21 May 2018

६१. संघीय संसद सन्धि/सम्झौता सङ्ग्रह (दोस्रो अधिवेशन), २०७५



**सहभागिता को आउँदो अङ्क अर्थात् पूर्णाङ्क ५४**

**स्थानीय सरकारका अनुकरणीय एवं असल अभ्यासहरू**

**विशेष अंकका रूपमा प्रकाशन हुने भएकोले यसका लागि लेखरचना उपलब्ध गराइदिनुहुन सम्पूर्ण लेखक महानुभावहरूमा अनुरोध छ ।**

**लेखरचना आइपुग्नुपर्ने अन्तिम मिति : २०७६ मंसिर मसान्त ।**

परियोजना समापन सिकाइ आलेखः

# सीएसम्याप परियोजनामा नेपान, प्रमुख कार्य, उपलब्धि र सिकाइहरू

नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजना (CS:MAP) अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) द्वारा आर्थिक सहयोग प्रदान गरिएको ५ वर्षे परियोजना हो जसलाई ईक्वेल एक्सेस र आई सी एन एल संगको साझेदारीमा एफएचआई ३६० द्वारा सञ्चालित पाँच वर्षिय (अप्रिल ४, २०१६ देखि अप्रिल ३, २०२१) परियोजना हो । यस परियोजनाले नागरिक समाज तथा सञ्चार क्षेत्रमा काम गर्ने संस्थाहरूबीच सुमधुर सम्वन्ध र नीतिगत पैरवीमा सहकार्य गर्नकालागि उपयुक्त वातावरणलाई थप सशक्त बनाउने, नीतिगत पैरवीमा सहकार्य गर्ने र रचनात्मकरुपमा संलग्न हुनका लागि नागरिक समाजको क्षमता अभिवृद्धि गर्ने र असल शासन प्रणाली तथा सार्वजनिक सेवा प्रदान गर्ने प्रक्रियाको अनुगमन, प्रतिवेदन तथा थप प्रभावकारीता एवम् विविध क्षेत्रमा जवाफदेहीता माग गर्ने, अन्तरक्षेत्रीय अभियानहरूलाई सहयोग गर्ने अभिप्राय राखेको छ ।

यस परियोजनाको लक्ष्य, "सार्वजनिक हितलाई अघि बढाउन सक्ने वैध, उत्तरदायी, दीगो, ईमान्दार र जवाफदेही नेपाली नागरिक समाजलाई प्रोत्साहन गर्नु हो" । जुन लक्ष्य यूएसएआईडी/नेपालको राष्ट्रिय विकास साझेदारी रणनीतिको उद्देश्य १ः थप समावेशी तथा प्रभावकारी शासन प्रणाली सम्वद्ध रहेको छ । नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजनाले आफ्ना कृयाकलापहरूमा लैंगिक समानता र सामाजिक समावेशितालाई संलग्न गर्दै निम्न चारवटा उद्देश्यहरू पुरा गरेर यो लक्ष्य हासिल गर्नेछः

१। नागरिक समाज र सञ्चार जगतका लागि सबलता सहितको सक्षमतामुलक वातावरण

२। प्रभावकारी सरकारी संलग्नता र नीतिको पैरवीका लागि अझ सुधारिएको नागरिक समाज र सञ्चार जगतको क्षमता

३। अझ संयोजित र प्रभावकारी नागरिक समाज र सार्वजनिक श्रोतसाधनको प्रयोग र सार्वजनिक सेवा वितरणका लागि सञ्चार जगतको दृष्टि

४। स्थानीय उपायहरूलाई बढावा दिनका लागि ग्क्ब्क्ष्म् को प्राथमिकतामा पर्ने क्षेत्रहरूमा काम गर्न छानिएका नागरिक संगठनहरूको सबल संस्थागत क्षमता र दिगोपना ।

संस्थागतरुपमा राम्रा नागरिक संगठन तथा सञ्चार संस्थाहरू जो सामुदायिक सहभागितालाई बढाउन सक्छन् र प्राथमिकताका बिषयहरूमा स्थानीय उपायहरू अगाडि बढाउन सर्वसाधारणको विश्वास हासिल गर्न सक्छन् तीनमा नेपालको बिकासको भविष्य निर्भर छ । तीनको संस्थागत सुशासन, दिगोपना र समुदायहरूमा सकारात्मक प्रभावलाई थप बलियो बनाउन लागि यो परियोजनाले नागरिक संगठनहरू र सञ्चार संस्थाहरूसंग साझेदारी गरी सहयोग गरेको छ ।

यी चार उद्देश्यहरू मध्ये उद्देश्य २, ३, र ४ लाई टेवा पुऱ्याउन नेपान र FHI 360 विच Enhancing CSO and Media Capacity for Constructive Government Engagement and Public Oversight परियोजना मिति २०१७ जनवरीमा सम्झौता भई यही २०१९ जुन महिनामा सम्पन्न भएको छ । नेपानले यस परियोजनामा नागरिक समाज संस्थाहरूको क्षमता अभिबृद्दिको लागि "Intermediary Service Organizations (ISO)" को भूमिका निर्भाह गरेको थियो ।

यी २.५ वर्षको अवधिमा नेपानले ३४ जिल्लामा कार्यरत १४ वटा संस्थाहरूको नागरिक समाज संस्थाहरूको विभिन्न क्षेत्रहरूमा क्षमता अभिबृद्धिको कार्य गरेको थियो । विषेश गरि ति संस्थाहरूको पैरवीको क्षमताको विश्लेषण गरि पैरवी कार्यमा क्षमता अभिबृद्धि, विभिन्न सामाजिक औजारहरूको प्रयोगको लागि क्षमता अभिबृद्धिलगायत परियोजना चक्र व्यवस्थापन, श्रोत परिचालन तथा आर्थिक दिगोपना, नेतृत्व तथा शुशासनजस्ता विभिन्न विषयमा तालिमहरू संचालन गरेको थियो ।

यसैगरि नेपानले चारवटा संस्थाहरूको विभिन्न चरणमा संस्थागत क्षमता लेखाजोखा तथा पैरवी क्षमता विश्लेषण

पश्चात कार्य योजना तयार गरि लागु गर्नका लागि औपचारिक तथा अनौपचारिक (Coaching Mentoring) लगायत फिल्ड भिजिट तथा अन्य माध्यमबाट समेत क्षमता अभिबृद्धि तथा प्राविधिक सहयोग गरिएको थियो । नेपानले विशेष गरि इह्किन, सामुदायिक सारथी, सुन्दर नेपाल संस्था र सोच नेपाल गरि चार संस्थाहरूको बृहत तथा गहनरुपले क्षमता अभिबृद्धिको कार्यहरूका लागि प्रत्येक्ष सहकार्य गरेको थियो ।

यस परियोजना अवधीमा नेपानले १२ वटा विभिन्न विषयहरूको तालिम तथा कार्यशाला संचालन गरि आठ वटा कोर्स मोड्युल तयार पारेको छ । नेपानले ६ वटा संस्थाहरूको १३ वटा पैरवी क्षमता विश्लेषण गरि ३४ जिल्लाका १४९ वटा पैरवीका सवालहरूको योजना तयार गरि सोको उठानको लागि प्राविधिक सहयोग गरेको थियो । प्रमाणमा आधारित पैरवीका लागि तथ्यहरू संकलन गर्ने तथा सवालमा बनेको नीति अध्ययन, विश्लेषणमा पनि सहयोग गरेको थियो । नेपान अन्तर्गतका ४ संस्थाहरूले ५० वटा सवालहरू पहिचान गरिएको थियो जस मध्ये २५ वटाको प्रमाणहरू संकलन भई २१ वटा समाधान तथा सम्बोधन भई सकेका छन् ।

यसैगरि संस्थागत क्षमता विकासका लागि ल्क्भ्त बलम ल्भ्इत्रृ जस्ता ऋक्सःबए बाहिरका साझेदार संस्थाहरूसहित चारवटा संस्थाहरूको संस्थागत क्षमता लेखाजोखा (Organizational Capacity Assessment) गरि संस्थाका रणनैतिक योजना निर्माण, वित्तिय तथा प्रशासनिक नियमावली र मानव संसाधन नियमावली बनाउने तथा अध्यावधिक गर्न सहयोग गरेको थियो ।

नेपानले तथा अन्य आइएकआ को सहकार्यमा सुशासनका न्यूनतम मापदण्ड तयार गरि १४ वटै संस्थामा लागू गरेको छ । श्रोत परिचालन तथा आर्थिक दिगोपना तालिमपश्चात, संस्थाहरूले श्रोत परिचालन समिति बनाई स्थानिय तथा अतर्राष्ट्रिय दातृ निकायहरूमा पेश गरि परियोजनाहरू हासिल गर्न सफल भएका छन् । १४ वटै संस्थाहरूले अनुगमन निर्देशिका, सञ्चार रणनीति, दन्द व्यवस्थापन नीतिहरू, लैगित तथा समोशी नीति तयार गरि संस्थालाई सवल पारेको छन् । यसै संगसंगै नेपान आफैले पनि आफ्नो उपलब्धीको रुपमा संस्थागत क्षमताको लेखाजोखा गर्ने, आफ्ना भएका वित्तिय तथा प्रशासनिक नियमावली र मानव संसाधन नियमावली अध्यावधि गर्ने र नयाँ रणनीति पनि तयार गरेको छ ।

यस बाहेक, यसै अवधिमा नेपानले सामाजिक जवाफदेहिताका ६ वटा औजारहरूको (सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, समूदाय अंक पत्र, सार्वजनिक खर्चको लेखाजोखा) सन्दर्भ समग्रीहरू तयार गरि वितरणको अवस्थामा छ । आठवटा तालिमका प्रतिवेदनहरू तयार गरि नेपानको श्रोत केन्द्रमा सबैको लागि उपलब्ध हुने गरि राखिएको छ । सार्वजनिक निकायहरूले तीन तीन महिनामा स्वत प्रकाशन गर्नु पर्ने २० प्रकारका सूचनाहरू पनि नेपानले प्रकाशन तथा वेभ साईटमा राख्न सूरुवाट गरेको छ । यी सबै कार्यहरू गर्न नेपानले आफ्ना सदस्यहरूको अधिकतम उपयोग तथा सहयोग लिएको थियो ।

नेपानले विशेष गरि इह्किन, सामुदायिक सारथी, सुन्दर नेपाल संस्था र सोच नेपाल गरि चार संस्थाहरूको बृहत तथा गहनरुपले क्षमता अभिबृद्धिको कार्यहरू गरेको थियो । यसै गरि नेपानले पाँचवटा संस्थाहरूको वित्तिय तथा प्रशासनिक नियमावली र मानव संसाधन नियमावली बनाउने तथा अध्यावधिक गर्न सहयोग गरेको थियो । हाल नेपानले यसै परियोजना मार्फत सामाजिक जवाफदेहिताका छ वटा औजार हरूको सम्दर्भ समग्रीहरू तयार गरेको छ ।

यस परियोजनाअन्तर्गत १४ वटा विविध क्षेत्रमा कार्यरत नागरिक समाज संस्थाहरूका ३४ जिल्लामा नेपानको सम्पर्क स्थापना भएको र स्थानिय तहहमा सहकार्य गर्ने अवसरहरू सिर्जना भएको छ । MiTRA Samaj, NNSWA, KLL and StriShakti जस्ता विभिन्न क्षेत्रमा दखल भएका संस्थाहरूसंग सहकार्य गर्ने अवसर मिलेको छ । NSET, NEOC, FHI 360 जस्ता संस्थाहरूसंगको भविष्यमा सहकार्य गर्ने अवसर प्रदान गरेको छ । संस्थागत क्षमता लेखाजोखा तथा पैरवी क्षमता विलेशण जस्ता नेपालमा नौलो औजारहरूमा आफ्नो संस्थागत क्षमता अभिबृद्धि भएको छ, साथै संस्थागत क्षमताको सुधिधिकरण सहित सुशासनका विषय, मापदण्डहरू तयार गरि लागु गर्न सकेको छ ।

**नेपानले पाँचवटा संस्थाहरूको वित्तिय तथा प्रशासनिक नियमावली र मानव संसाधन नियमावली बनाउने तथा अध्यावधिक गर्न सहयोग गरेको थियो । हाल नेपानले यसै परियोजना मार्फत सामाजिक जवाफदेहिताका छ वटा औजारहरूको सम्दर्भ समग्रीहरू तयार गरेको छ ।**

## नेपान घरमा बहस, सिकाई र अनुभव आदान प्रदान

# सबै विकासकर्मीहरुलाई स्वागत




### गोल्माटारको कथा नेपानमा

नेपानले साउन ६ गते आइतबार दिउँसो दिगो विकास र समृद्धिको कसीमा गोलमाटार विषयक मासिक छलफलको आयोजना गऱ्यो । नेपालको करिव १८ वर्ष अघि प्रकाशित सहभागिताको बाटोमा नामक पुस्तकमा गोल्माटारले खनेको बाटो नामक पुस्तकमा गोल्माटारको कथा समेटेको थियो । नेपानमा भएको १२६औं छलफलमा सोही कथामा आधारित भएर छलफल चलेको हो । नेपानका अध्यक्ष चेतनाथ कणेलले दुई दशकअघि कथा त लेख्यौ, तर त्यसको अवस्था कस्तो छ भनेर छलफल चलाइएको बताउनु भयो । छलफल कार्यक्रममा प्रा डा धर्मराज डंगोलले गोल्माटार एउटा खुल्ला विश्वविद्यालय भएकोले यसका सिकाइ र सफलताहरूलाई विस्तार गर्नु पर्ने बताउनु भयो । कार्यक्रममा गोल्माटारको विकासका बारेमा व्यक्तिगत र संस्थागतरुपमा १८ वर्षअघि घटना अध्ययन गर्नु भएका विकास विज्ञ एवं नेपान सदस्य हिम्ममतसिंह लेकालीले गोल्माटारबारे विकासको सुरुआत, आजको अवस्था बारेमा प्रस्तुती गर्नु भएको थियो । छलफललाई रामेछापका सहभागीहरूको टिप्पणीले सजिव बनाएको थियो ।

### भारतको आन्ध्रप्रदेशमा PRA सम्बन्धी अवसर

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले गत असोज २१ (७ अक्टोबर २०१८) गते **'१२९ औं मासिक छलफल कार्यक्रम'**आयोजना गऱ्यो । **'Experience of PRA training in India: Opportunities for NEPAN'** विषयक उक्त छलफलमा नेपानका आजीवन सदस्य डा. बिष्णुहरि बरालले भारतको आन्ध्रप्रदेशमा ५ दिनेपिआरए तालिम सञ्चालन गर्दाका आफ्ना अनुभवहरू र नेपानकालागि भारतमा कस्ता अवसरहरू छन् भन्ने बारे बताउनुभयो । एक महिला र १८ पुरुष गरी १९ सहभागीहरूको उपस्थिति रहेको सो छलफलमा द्रोण के. सी. र डा. शिवेशचन्द्र रेग्मी मुख्य टिप्पणीकार हुनुहुन्थ्यो । साथै, अन्य सहभागीहरूले पनि आ-आफ्ना विचार र अनुभवहरू राख्नुभयो । छलफल सकिएपछि दशैं, तिहार र शरदीय चाँड पर्वहरूको अवसरमा सम्पूर्ण सदस्य तथा नेपानमित्रहरू एवं उहाँहरूको परिवारको सु-स्वास्थ्य, दीर्घ आयु एवं उत्तरोतर प्रगतिको कामनागर्दै, शुभकामना आदान-प्रदान गर्दै कार्यक्रम सकिएको थियो ।

### विकासकर्मीलाई प्रभावकारी भिडियो निर्माणसम्बन्धी अभिमुखीकरण

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को आयोजनामा २०७५ साल माघ १३ (२७ जनवरी २०१९) गते **'१३० औं मासिक छलफलकार्यक्रम'**आयोजना गरियो । **'Video- story making'** का बारेमा गरिएको छलफलमा नेपानका आजीवन सदस्य, वरिष्ठ सञ्चारकर्मी तथा भिडियो निर्माण विशेषज्ञ रमेश खड्काले आफ्नो अनुभव र सीपहरूबारे चर्चा गर्नु भएको थियो । कार्यक्रमको सहजीकरण नेपानका आजीवन तथा कार्यकारी सदस्य श्रीराम के. सी. ले गर्नुभएको थियो । त्यसैगरी, नेपानका अध्यक्ष चेतनाथ कणेलले उक्त कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो भने नेपानका निमित्त कार्यकारी निर्देशक (नि. का. नि.) आशिष पाठकले कार्यक्रमको समन्वय गर्नुभएको थियो ।

करिब ३ घन्टासम्म चलेको उक्त कार्यक्रममा विकास कथा तयारी र मोबाइल क्यामरा ह्यान्डलिङका बारेमा प्राविधिक ज्ञान खड्काले प्रदान गर्नुभएको थियो । सामान्य मोबाइल क्यामराबाट

पनि भिडियो कथा तयार पार्न सकिन्छ भन्ने कुरा पनि विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै उहाँले सहभागीका जिज्ञासा समाधान गरिदिनुभएको थियो । 'अहिलेको समयमा युट्युबमा विश्वका अधिकांश व्यक्तिहरू आबद्ध भइसकेकोले नेपानजस्ता संस्था वा विकासका सवालमा चासो राख्ने कुनै पनि व्यक्तिले समेत विकास अनुभव र सफलता/असफलताका कथा राखेर विश्वको ध्यान तान्न सक्ने, अनुभव बाँड्न सक्ने र दर्शक बढी भएमा नियमित आर्थिक कमाइसमेत गर्न सक्ने अवसर छ', उहाँको भनाइ थियो ।

साथै, अभिमुखीकरणका क्रममा नै सहभागीहरूले तत्काल केही भिडियो निर्माण गरी प्रस्तुत गरेका थिए । तयारी भिडियोमा पृष्ठपोषणसमेत प्रदान गरिएको थियो । नेपानसँग आबद्ध सञ्चारविद्हरूको समन्वयात्मक कार्यबाट केही समयभित्रै नेपानको आधिकारिक युट्युब च्यानल खोली उक्त साइटमा नेपालको सहभागीमूलक विकास पद्धति र प्रक्रियाबारेका विभिन्न भिडियो सामग्रीहरू राखिने प्रतिबद्धतासमेत उक्त कार्यक्रममा जनाइएको थियो । ३ जनामहिला र १७ जनापुरुष गरी जम्मा २० सहभागीहरूको उपस्थिति थियो ।

## जलवायु परिवर्तनले पारेको असरसम्बन्धी छलफल

नेपाल सहभागीमूलक कार्य समूह (नेपान)ले आफ्नो नियमित मासिक छलफलअन्तर्गत १३१ औं श्रृङ्खलाका रुपमा २०७६ जेठ १७ गते, शुक्रबारका दिन नेपान घरमा 'महिलाहरूको पारिश्रमिक विनाको सेवामूलक कार्य र विकासमा उनीहरूको नेतृत्व माथि जलवायु परिवर्तनले पारेको असर' सम्बन्धमा अन्तर्क्रिया सम्पन्न भएको छ । दैलेख जिल्लाका केही गाउँहरूमा गरिएको कार्यमूलक अनुसन्धानका नतीजाहरूमा आधारित रहेर सो अन्तरर्क्रिया गरिएको हो । अन्तरक्रियामा सो अनुसन्धानमा हेल्भेटास नेपालको कोपिला नामक परियोजनाका तर्फबाट नेतृत्वदायी भूमिका खेल्नुभएकी उषा अर्याल दाहालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमाथि नेपान सदस्यहरू तोया गौतम, लालबहादुर ओली, रुपा बस्नेत, सिंहबहादुर खड्का, दिवेश सायमी, गोविन्दराज पौडेल र एजिङ नेपालकी सञ्जु थापाले टिप्पणी गर्नु भयो ।

## अनुगमन तथा मूल्याङ्कन विषयमा कर्णालीका अनुभव

नेपानले आफ्नो नियमित मासिक छलफलको १३२ औं श्रृङ्खला गत असार २२ मा आयोजना गरेको छ । 'परिणाममा आधारित अनुगमन तथा मूल्याङ्कन' विषयक छलफलमा **Karnali Integrated Rural Development and Research Centre (KIRDARC) को Policy Planning & Quality Assurance** प्रवन्धक गौतमराज अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथि नेपान सदस्यहरू लालबहादुर ओली, एविन्द्र न्यौपाने, राजबहादुर गिरी र नेपानकी कार्यकारी निर्देशक उषा अर्याल दाहालले टिप्पणी गर्नुभयो ।

# नेपानको २४ औं वार्षिक साधरणसभा सम्पन्न

नेपानका अध्यक्ष चेतनाथ कणेलको अध्यक्षतामा नेपानको २४ औं वार्षिक साधारणसभा २०७५ साल भदौ २३ गते (८ सेप्टेम्बर २०१८) का दिन भ्याल्ली टप रेस्टुरेन्ट, शंखमुलमा सम्पन्न भयो ।

**उद्घाटनसत्रः** कार्यक्रमका प्रमुख अतिथि एवं स्थानीयस्तर पूर्नगठन आयोगका पूर्व अध्यक्ष बालानन्द पौडेलले दीप प्रज्वलन गर्दै नेपानबाट नियमितरुपमा प्रकाशन हुँदै आएको पत्रिका सहभागिताको ५२ औं अंक (युवा विशेषाङ्क), नेपानको रणनीतिक योजना (२०१८-२०२२) र मामला अध्ययन पुस्तक विमोचन गरी उद्घाटन गरिएको सो कार्यक्रममा आयोजकका तर्फबाट रुपा बस्नेतले स्वागत मन्तव्य प्रकट गर्नुभयो । उदघाटनसत्रमा अन्य अतिथिहरू निम्नानुसार हुनुहुन्थ्योः नेपालगञ्ज उपमहानगरपालिकाकी उपमेयर उमा थापा, नेपानका संस्थापक डा. रमेशजंग खड्का, ज्येष्ठ नागरिक महासंघका महासचिव छत्र प्रधान, सामुदायिक विद्युत उपभोक्ता राष्टिय महासंघका अध्यक्ष नारायण ज्ञवाली, युएसएआइडीका प्रतिनिधि रमेश अधिकारी र कृष्ण पाठक, ब्राकका राष्ट्रिय प्रतिनिधि खेमराज उपाध्याय, नेपानका पूर्व अध्यक्षहरू क्रमशः डा. शिवेशचन्द्र रेग्मी, डा. भोलाप्रसाद दाहाल, डा. विनोद भट्ट, मानबहादुर थापा, राघवराज रेग्मी, तेजराज दाहाल, नानीराम सुवेदी, छिङलमु शेर्पा र ब्रह्मध्वज गुरुङ ।

सो अवसरमा गम्भीरबहादुर हाडालाई Prasiddha Participatory Development Award, नेपानका पूर्व कास सदस्य डा. पूर्ण नेपाली, पूर्वअध्यक्ष छिङल्म्मु शेर्पा र आवीवन सदस्य झविन्द्र भण्डारीलाई Special Contributionn Award प्रदान गरिएको थियो । त्यसरी नै Member of the Year Award नेपानका आजीवन सदस्य महेश शर्मा र Staff of the Year Award फटिकबहादुर थापालाई प्रदान गरिएको थियो ।

**प्यानल छलफलः** सम्मान कार्यक्रम पछि "संघीयतामा नागरिक सहभागिताः सवल/दुर्वल पक्षहरू एवं अवसर र चुनौतीहरू" विषयक प्यानल छलफल भयो । संस्थाका पूर्व अध्यक्ष तेजराज दाहालले सहजीकरण गर्नु भएको उक्त कार्यक्रममा बालानन्द पौडेल (पूर्व अध्यक्ष, स्थानीय स्तर पूर्नगठन आयोग), उमा थापा (उपमेयर, नेपालगञ्ज उपमहानगरपालिका), डा. भोलाप्रसाद दाहाल (आजीवन सदस्य तथा पूर्व अध्यक्ष) प्यानलिष्ट हनुहुन्थ्यो ।

प्यानल छलफलको क्रममा, स्थानीयस्तर पूर्नगठन आयोगका पूर्व अध्यक्ष पौडेलले प्रस्तुतिको क्रममा नेपाल संघीयतामा गएपछिका जल्दाबल्दा मुद्दाहरूलाई प्रकाश पार्नुभएको थियो । प्यानल छलफलकै क्रममा अर्का प्यानलिस्ट डा. भोलाप्रसाद

दाहालले संघीयता कार्यान्वयन हुँदैगर्दा विकास निर्माणमा नागरिक सहभागिता बढाउन नेपानजस्ता संस्थाहरूले आवश्यक पैरवी गर्नुपर्ने विचार राख्नुभयो । अर्का प्यानलिस्ट उमा थापाले स्थानीयस्तरमा संघीयताको कार्यान्वयनको क्रममा आफ्ना अनुभवहरू शेयर गर्नुभयो । वहाँले संघीयता कार्यान्वयन भैरहँदा निकै भ्रमहरू सिर्जना भैरहेको अनुभव बताउनुभयो ।

त्यसपछि कार्य समितिसदस्य डा. अनोज क्षेत्रीले नेपानकै पूर्व अध्यक्ष यशोदा श्रेष्ठले लेखेर पठाउनुभएको विचारलाई सारांशमा प्रस्तुत गर्नु भएको थियो । संघीयतालाई प्रभावकारी बनाउन नेपानजस्ता नागरिक समाजको महत्वपूर्ण भूमिका हुनेमा सहभागीहरूले राय प्रकट गरेका थिए । अन्त्यमा, प्यानलिस्ट र मध्यस्तकर्तालाई मायाको चिनो स्वरुप कदर पत्र दिईएको थियो । उद्घाटन सत्रको अन्त्यमा बोल्दै अध्यक्ष चेतनाथ कणेलले कार्यक्रममा उपस्थितभई साधारणसभालाई सफल पार्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिंदै उद्घाटन सत्र समापन भएको घोषणा गर्नु भएको थियो ।

### नेपानले अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनायो

गत असोज १५ (१ अक्टोबर २०१८) गते नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले २८ औं अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस विभिन्न कार्यक्रमकासाथ मनायो । बिहान ८:०० बजे नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रस्थानभई घण्टाघर, बागबजार, पुतलीसडक हुँदै नेपाल पर्यटन बोर्डको प्राङ्गणसम्मको र्‍यालीमा सहभागी भई बिहान ९:०० बजे नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजना गरिएको मूल समारोहमा समेत सहभागी भयो ।

उक्त मूल समारोहमा नेपानले २८ औं अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवसको मूल नारासहितको विशेष पोस्टर विमोचन गरिएको थियो । सोही दिवसको अवसर पारि विभिन्न ज्येष्ठ नागरिक अभियन्ताहरूसँग लिईएको अन्तरवार्ता राष्ट्रिय टेलिभिजनमा प्रसारण पनि गरिएको थियो । यी सबै कार्यक्रमहरू हेल्पएज ग्लोबल नेटवर्कको एज डिमान्डस् एक्सन (एडीए) सँग सहकार्य गरी सम्पन्न भएका थिए । साथै नेपाल सरकार ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ एवम् एजिङ नेपालसँग पनि समन्वय तथा सहकार्य गरिएको थियो ।

### स्व. डा.भोलाप्रसाद दाहालको सम्झनामा शोकसभा सम्पन्न

नेपानका पूर्व अध्यक्ष डा. भोलाप्रसाद दाहालको असोज ३० गते भएको आकस्मिक निधनप्रति भावपूर्ण शोक व्यक्त गर्न नेपान घरमा कार्तिक १० गते एक श्रद्धाञ्जलि सभाको आयोजना गरियो । २०५३ सालमा नेपानको सदस्यता प्राप्त गरी २०५९ देखि २०६१ सम्म कार्यसमितिको सदस्य, २०६२ देखि २०६४ सम्म अध्यक्ष र कोषाध्यक्ष समेत हुनुभएका शिक्षा विद् तथा सामाजिक अभियन्ता डा. दाहालआफू कार्यरत संस्था सर्च फर कमन ग्राउन्डको कामको सिलसिलामा अमेरिकाको क्यालिफोर्नियामा रहँदा २०७५ साल आश्विन ३० गते मंगलबार (तद्नुसार १६ अक्टोबर २०१८) मा असमायीक निधन भएको थियो ।

नेपान घरमा आयोजित सो शोक-सभामा पूर्व अध्यक्ष, पूर्व कोषाध्यक्ष, कार्य समितिका सदस्य, आजीवन तथा साधारण सदस्य, तथा शुभेच्छुक र सचिवालयका कर्मचारीसमेत गरी करिव ६५ जना सहभागी हुनुहुन्थ्यो ।

नेपानका कार्यकारी निर्देशक फटिकबहादुर थापाले कार्यक्रमका बारेमा र नेपानका आजीवन सदस्य तथा कर्मचारी गोविन्द पौड्यालले डा.दाहालको निधनबारे जानकारी दिनुभएको थियो । फोटोमा पुष्पगुच्छा अपर्णपछि उहाँको आत्माले चिर शान्ति पाओस् भन्दै एक मिनेटको मौनधारण गरिएको थियो । साथै, नेपानका पूर्व अध्यक्ष डा. शिवेशचन्द्र रेग्मीले सम्पूर्ण शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै स्वर्गीय डा. दाहालसँगको आफ्नो २६ वर्षे मित्रताका बारे विचारहरू व्यक्त गर्नु भएको थियो । कार्यक्रममा नेपानका अध्यक्ष चेतनाथ कणेलले स्वर्गीय डा. दाहालप्रति भावपूर्ण श्रद्धान्जली प्रकट गर्दै उहाँका प्रकाशित लेखहरूको आलेख तयार पारी पुस्तक निकाल्ने प्रतिवद्धता जनाउनु भयो ।

### इरानको तेहरानमा नेपान अध्यक्ष सहभागी

इरानको तेहरानमा भएको Help (Age Asia-Pacific Regional Conference) मा नेपानले पनि सहभागिता जनायो । २३ अक्टोबर २०१८ देखि २५ अक्टोबर २०१८ सम्म सम्पन्न सो कार्यक्रममा नेपानका अध्यक्ष चेतनाथ कणेलले भाग लिनुभयो । उक्त १८ औं सम्मेलनको मुख्य विषय, "Family, Community and State in Ageing Societies" थियो । सम्मेलनले परिवार, समुदाय र सरकारको भूमिकालाई ज्येष्ठ नागरिकहरूको अधिकार सुरक्षित गर्न र विश्वभर सम्मानित ज्येष्ठ नागरिक जीवनका लागि बढवा दिन जोड दिएको थियो । साथै, विश्वभर ज्येष्ठ नागरिक जनसंख्याको अनुपात बढ्दै गएको र समयमै विकल्प नसोचेपछि समस्या आउने कुरामा पनि ध्यानाकर्षण गराएको थियो । उक्त सम्मेलन नेपानका अनुभवहरू अन्तर्राष्ट्रियस्तरको मन्चमा सेयर गर्न र अन्तर्राष्ट्रियस्तरका अनुभव र सिकाईबाट सिक्न निकै ठूलो अवसर रहेको अध्यक्ष कणेलले बताउनुभयो ।

नेपालको ज्येष्ठ नागरिकसँग सम्बन्धित संस्थागत र कानूनी प्रावधानहरूबारे नेपानको कार्य, जेष्ठ नागरिक समूह र आयमूलक कार्यक्रममा नेपानको अनुभव, एक ज्येष्ठ नागरिक समूह अर्को ज्येष्ठ नागरिक समूहका असल कार्य हेर्न सिक्न, अवलोकन भ्रमण, ज्येष्ठ नागरिकसँग सम्बन्धित नेपानका अनुसन्धानहरूबारे कार्यक्रममा अनुभव आदानप्रदान गरेको अध्यक्ष कणेलले सुनाउनु भयो । करिव २०० जनाको

सहभागिता रहेको सो सम्मेलन संजाल विस्तारका लागि फलदायी रहेको उहाँले बताउनु भयो ।

### Parliament Support Project (PSP/UNDP) को सहकार्यमा नेपानद्वारा तालिम सहजीकरण

Parliament Support Project (PSP/UNDP) संगको सहकार्यमा नेपानले प्रदेश सभाका संसद सचिवालयका कर्मचारीहरूलाई प्रतिवेदन लेखन र दस्तावेजीकरण विषयमा उनीहरूको क्षमता अभिवृद्धि गर्नका लागि तीनवटा तालिम सहजीकरण गरेको छ । सो तालिम PSP ले निम्न मिति, निम्न समय र स्थानहरूमा आयोजना गरेको थियो ।

- सेप्टेम्बर २८ देखि ३० सौरहा, चितवन, प्रदेश नं. ३ र ५
- अक्टोबर ५ देखि ७ सम्म, ठाकुरद्वार, बर्दिया, प्रदेश नं. ६
- नोभेम्बर १ देखि ३ सम्म, धनकुटा, प्रदेश नं. १ र २

उक्त तालिममा करिब ९० जना कर्मचारीहरू सहभागी थिए । नेपानका तर्फबाट उत्तम उप्रेतीले तालिमको सहजीकरण गर्नुभएको हो ।

### नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजनाका विविध क्रियाकलापहरू

नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजना (Civil Society Mutual Accountability Project, CS:MAP) अन्तर्गत नेपानले नोभेम्बर महिनामा नागरिक समाज संस्थाहरूसंग संस्थाको आवश्यकता, Organisational Capacity Assessment (OCA) तथा Advocay Readiness Index (ARI) बाट देखिएका संस्थागत विषयहरूमा विभिन्न समयमा Coaching Mentoring कार्यहरू संचालन गरेको छ ।

यसै सिलसिलामा विभिन्न मितिमा ईह्किोन, सामुदायिक सारथी, सोच नेपालको OCA मा देखिएका विषयमा छलफल तथा प्रगतिहरूको समिक्षा गरिएको थियो । विशेषगरि संस्थाको आन्तरिक सुशासनका विषयमा गर्नुपर्ने सूधारहरूमा छलफल गरि सूधारका अभ्यास गरिएका छन । संस्थाहरूले Performance Management System लाई प्रयोगमा ल्याएको, कर्मचारीहरूको व्यक्तिगत फाईलहरू Checklist सहित अध्यावधी गर्ने, हरेक कोठामा रहेको सामग्रीहरूको सूचि तयार गरि टाँस्ने अभ्यासहरूको थालनी गरेका छन् ।

यसअन्तर्गत सोच नेपाल संस्थामा २०१८ नोभेम्बर १५ गते, बोर्ड सदस्यहरू तथा कर्मचारीहरूलाई एक दिने स्थानिय सरकार संचालन ऐन विषयमा छलफल तथा अभिमूखीकरण गरिएको थियो जसमा सोच नेपालका १० जना कर्मचारीहरू सहभागी हुनुभयो ।

त्यसैगरी, जनवरी र फेब्रुवरी महिनामा नागरिक समाज संस्थाहरूसंग संस्थागत विषयहरूमा Coaching Mentoring कार्यहरू संचालनसहित केही अन्य कार्यहरूसमेत भएको छ । जनवरी २१, २०१९ मा नेपानले सोच नेपालको अगुवाईमा १२ वटा अन्य नागरिक समाज संस्थाहरूलाई संस्थागत क्षमता लेखाजोखा (OCA) तथा आन्तरिक सुशासन प्रवर्द्धन विषयको अभिमूखीकरण सम्पन्न भएको छ । यसै विषयअन्तर्गत रहि नागरिक सामाजको परिचय र सुशासन प्रवर्द्धनमा नागरिक समाजको भूमिकाको बारेमा पनि छलफल गरिएको थियो । सो अभिमूखीकरण पश्चात दलित महिला उत्थान संघ (एड्वान) नेपालको निमन्त्रणामा, सो संस्थाको विस्तृत लेखाजोखा पनि संचालन गरेको छ, जसको अगुवाई सोच नेपालले गरेको थियो भने, नेपानले सहयोगी भूमिकामा रहेको थियो । साथै सुर्खेतमा सुन्दर नेपाल संस्थाको आयोजनामा स्थानिय १७ वटा संस्थाहरूको बीच यसै लेखाजोखाको अभिमूखिकरण गरिएको थियो । केहि स्थानिय संस्थाहरू पनि संस्थागत क्षमता लेखाजोखा गर्न ईच्छुक रहेको र भविष्यमा सुन्दर नेपालले सहजीकरण गर्ने सहमत भएको छ ।

जनवरी २८, २०१९ मा सुन्दर नेपाल संस्थामा संघियता र स्थानिय तहका सरकारका नीति र प्रावधानको सेरोफेरोमा रहि संस्थाका कार्य समिति सदस्यहरू तथा कर्मचारीह( रूलाई अभिमूखीकरण गरिएको थियो । विशेषगरि स्थानिय सरकार संचालन ऐन २०७४, त्यसमा योजना तर्जुमा तथा प्राथमिकीकरण, स्थानिय सरकारको बजेट प्रणाली र स्थानिय सरकारको कानुन निर्माण प्रक्रिया र त्यसमा नागरिक समा( जको संलग्नताको बारेमा जानकारी गराईएको थियो । यसै कार्यक्रममा विरेन्द्रनगर नगरपालिकाले हालसम्म बनाएका विभिन्न ऐनहरूको बारेमा पनि जानकारी दिईएको थियो ।

त्यस्तैगरि, मार्च ८ देखि ११ तारिख २०१९मा सोच नेपाल गोरखामा अनुगमन भएको छ । परियोजनाको हालको सि( थति, कार्यसम्पन्न हुन/नहुन प्रभाव पारेका कारकहरू पत्ता लगाउने मुख्य उद्वेश्यका साथ सोच नेपालको नेतृत्व तथा CSOs र Media को गठबन्धनमा ८ मार्चमा साझा सवाल सम्पन्न भएको थियो । साथै, मार्च १० मा Social Accountability त्ययकि बारे सोच नेपालमा अभिमुखीकरण गरिएको थियो ।

अप्रिल, २०१९ मा ४ वटा संस्थाहरू (सुन्दर नेपाल संस्था-सुर्खेत, सोच नेपाल- काठमाडौ, सामुदायिक सारथी-काठमाडौ र ईह्किोन-ललितपूर) को तेस्रो चरणको संस्थागत क्षमता लेखाजोखा सम्पन्न गरेको छ । प्रत्येक संस्थामा चार दिन संचालन भएको यस लेखाजोखामा विषेश गरि संस्थाका विभिन्न ३९ वटा क्षेत्रमा गहन छलफल साथ क्ष( मता लेखाजोखा गर्ने, सुधारका क्षेत्रहरू पहिचान तथा प्राथमि( किकरण गरि अन्तिमरुप दिन कार्ययोजना तयार गरिएको थियो ।

सोही परियोजनाअन्तर्गत मे २०१९ मा सोही ४ संस्थाहरूको पैरवी क्षमता पहिचानका लागि पैरवी विश्लेषण सूचक लेखाजोखा सम्पन्न गरेको छ । यस लेखाजोखाको मुख्य प्रयोजन संस्थाहरूद्धारा गरिएका पैरवीमा, आधारभूत

गुणात्मक तथा संख्यात्मक क्षमताको मापन तयार गर्ने र संस्थाहरूलाई चाहिने प्राविधिक आवश्यकता पहिचान गरि परियोजना अवधिभर मापनको आधारमा प्रगति अनुगमन गर्ने रहेको छ ।

तुलनात्मक अध्ययन गर्दा पहिलो चरणको तुलनामा सबै संस्थाको पैरवीको बुझाईमा तथा क्षमतामा सुधार भएको देखिन्छ भने लेखाजोखाको अन्त्यमा यस वर्ष गरिने प्रमुख कार्यहरूको कार्ययोजना तयार गरिएको थियो । लेखाजोखामा संस्थाहरूका कार्य समितिका सदस्यहरू तथा कर्मचारीहरू सहभागी थिए । दुवै लेखाजोखाको सहजीकरण, नेपानका तर्फबाट क्षमता विकास विज्ञ गोविन्दराज पौड्याल तथा कार्यक्रम अधिकृत दिबेश सायमिले गर्नु भएको हो ।

### UNICEF सँगको सहकार्य सम्पन्न

पाँच वर्षमुनिका बालबालिकाहरूले पाउने बाल अनुदान प्राप्त गरे या गरेनन भनेर तीन जिल्ला बझाङ, रौतहट र बाजुराबाट बाल अनुदान प्राप्त गर्ने बालबालिकाको अभिभावकको नाम र सम्पर्क नम्बर ६०,००० जम्मा गर्नुपर्नेमा करीव ५३,००० सम्पर्क नम्बर सहितको नाम नेपानले जम्मा गरि यूनिसेफ लाई बुझाएको छ । साथै सोको लागि मूल्याकन तथा अनुगमन ढाँचा पनि बनाएर यूनिसेफ लाई बुझाइएको छ ।

### 'नयाँ नेपालको सन्दर्भमा सहभागीमूलक विकास प्रक्रिया' विषयमा अन्तरक्रिया

नेपान र Kathmundu University School of Education (KUSOED) को संयुक्त आयोजना मा 'नयाँ नेपालको सन्दर्भमा सहभागीमूलक विकास प्रक्रिया' अन्तरक्रिया कार्यक्रमगत २०७५ माघ ३ गते, बिहिवार, नेपानले काठमाडौं विश्वविद्यालयसँग मिलि 'नयाँ नेपालको सन्दर्भमा सहभागीमूलक विकास प्रक्रिया' अन्तरक्रियाको आयोजना गर्यो । शैक्षिक क्षेत्रका ज्ञान र अनुभव विकासकर्मीहरूलाई र विकासकर्मीहरूको ज्ञान तथा अनुभव शैक्षिक क्षेत्रका व्यक्तित्वहरूसँग आदान प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको थियो ।

सरकारी अनुभव र समुदायको आवाज उचित फोरममा राखी त्यस सन्दर्भमा आफ्नो राय दिनुका साथै आगामी दिनहरूमा नेपालमा के कस्ता योजना र नीतिहरूलाई विकसित गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्न यो कार्यक्रमको आयोजना गरिएको हो । काठमाडौं विश्वविद्यालयका डिन प्रा.डा. महेश पराजुलीले विकास दिगो बनाउनका निम्ति समानता, विविधता, दिगोपन, स्मार्ट शिक्षा र स्वास्थ्य हुनु आवश्यक भएको कुरा प्रस्ट्याउनु भएको थियो ।

त्यससँगै एसोसीएसन् अफ आइएनजीओज नेपालका अध्यक्ष डा. शिबेश चन्द्र रेग्मीले विकासमा अत्यन्त राजनीतिकरण बढेकोले गर्दा दक्ष जनशक्ति र आवश्यक तथ्यांकको अभावमा विकासले पूर्णता नपाएको भनाई राख्नुभयो । यससँगै गाउँपालिका महासंघका अध्यक्ष होमनारायन श्रेष्ठले साझा अधिकारका सुची सही ढंगले नबाढिएको कारणले गर्दा संघिय कानुनको निर्माण नभएको जो विकासको मुख्य बाधक हो भन्ने तर्क दिनु भएको थियो । सो कार्यक्रमको अध्यक्षता नेपानका अध्यक्ष चेतनाथ कणेलले गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा सबै सहभागीलाई धन्यवाद दिँदै नेपानका निवर्तमान अध्यक्ष उत्तम उप्रेतीले आफ्नो मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा ३२ पुरुष र ५ महिला गरी जम्मा ३७ सहभागीहरू सहभागी हुनुभयो ।

### नेपानद्वारा प्रशंसनीय सोधखोज तालीम सञ्चालन

Together for Nepal (TFN) को आयोजनामा, PRESBYTERIAN DISASTER ASSISTANCE को सहयोगमा नेपाल सहभागिमूलक कार्य समूह (नेपान) ले Appreciative Inquiry तालीम ६ देखि ९ मार्च २०१९ मा आयोजना गर्यो । Appreciative Inquiry को अवधारणा, सिद्धान्त र व्यवहारका बारे जानकार गराउने, योजना बनाउँदा ध्यानदिनुपर्ने 4 'D'cyclesf बारे सचेत गराउने, सहभागीहरूलाई प्रशसनीय सोधखोजको महत्वबारे महसुस गराउने, सकारात्मक धारणा तथा प्रवित्ति बढाउनेजस्ता मुख्य उद्देश्यका साथ संचालन गरिएको TFN को तालीममा आयोजक संस्थाका सहभागी, संचालक संस्थाका सदस्य, सहयोगी संस्थाका सदस्य र प्रशिक्षकहरू समेत गरि जम्मा १६ जनाको उपस्थिति थियो । उक्त तालीमको अनुगभन पनि हुनेछ ।

### सम्वोधन परियोजना र यस परियोजनामा भएका बिभिन्न क्रियाकलापहरू

सम्वोधन परियोजना DFID को सहयोग तथा Mott MacDonald को व्यवस्थापनमा संचालित पूर्णिमा परियोजा अन्तर्गतको दुईवर्षे परियोजना हो । यो परियोजना पुनर्निमाणका प्रयासहरूमा कोही पनि नछुट्न (Leave No One Behind (LNOB) भन्ने अभिप्रायका साथ जोखिममा रहेका एकल महिला, अपाग्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूकम्पको कारणले विस्थापनमा परेका घरपरिवार र अति विपन्न तथा खाद्य असुरक्षा भएका घर परिवारमा पुनर्निमाण तथा जीविकोपार्जनममा सुधार, खाद्य असुरक्षा भएका अति विपन्न घरपरिवारको पुनर्निमाण तथा जीविकोपार्जनमा सुधार, खाद्य सुरक्षामा वृद्धि र सेवामा समान पहुँच पुऱ्याउन नुवाकोट जिल्लाका शिवपुरी, दुप्चेश्वर र तादी गाउँपालिकाहरूमा सञ्चालन हुँदैछ । जोखिममा परेका कम्तिमा १० प्रतिशत जनसँख्यालाई लाभान्वित गराउने लक्ष्य रहेको परियोजनाको अवधि डिसेम्वर २०१८ देखि डिसेम्वर २०२० सम्म हुनेछ ।

### गाउँपालिकास्तरीय अभिमुखीकरण कार्यक्रम

सम्वोधन परियोजना सञ्चालित नुवाकोट जिल्लाका तीन गाउँपालिकाहरू शिवपुरी, तादी र दुप्चेश्वर गाउँपालिकाहरूमा पालिकास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । परियोजनाको परिचय, उद्धेश्य, गतिविधि र कार्यान्वयनको बारेमा पालिकास्तरीय वैठकमा छलफल गरिएको थियो । गत माघ ७ गते भएको पालिकास्तरीय वैठकमा शिवपुरी

गाउँपालिकाका अध्यक्ष रामकृष्ण थापाले कार्यक्रमको बारेमा जिज्ञाशासहित कार्यान्वयनमा आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । त्यसैगरि, माघ ८ गते तादी गाउँपालिकामा भएको पालिकास्तरीय बैठकमा अध्यक्ष नारायण प्रसाद पाण्डेले स्थानियको आवश्यकताअनुसार कार्यक्रम बनाउनु पर्नेमा जोड दिनु भएको थियो । दुप्चेश्वर गाउँपालिका अध्यक्ष योगविन्द्र सिँ तामाङ्गको अध्यक्षतामा माघ १८ मा भएको सोही कार्यक्रममा दुप्चेश्वर गाउँपालिकाका अति समस्याग्रस्त घरपरिवारलाई सम्वोधन परियोजनाको कार्यक्रमले समेट्नु पर्ने बताउनु भएको थियो । साथै, आधारभूत तथ्याङ्क संकलनको लागि गणकहरूको छनोट पनि भएको छ ।

**वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न**

तादी गाउँपालिकाको वार्ड नम्वर १ देखि ६ सम्म वार्ड स्तरीय अभिमुखीकरण कार्यक्रम तथा तथ्याङ्क प्रस्तुतीकरण गरिएको थियो र उक्त कार्यक्रम गर्दा देहायवमोजिमका उपलव्धी प्राप्त भएको थियो ।

- समुदायस्तरको विपन्न घरधुरीको पहिचान तथा भुकम्पले पारेको असर तथा प्रभावको जानकारी ।
- विपन्न घरधुरी तथा परिवारको शारिरीक, सामाजिक, आर्थिक तथा वातावरणीय अवस्थाको बारेमा जानकारी ।
- जीविकोपार्जन, सामाजिक सेवामा सहज पहुँच र भुकम्पपछि पुर्ननिमाणमा छुटेको घरधुरीको बारेमा जानकारी तथा छुटेको घरधुरीको छुट्नुको कारणको वारेमा जानकारी र सहजीकरणको लागि वडा जनप्रतिनिधिलाई अनुरोध ।
- स्थानीयको सहभागिताको कारणले वडा जनप्रतिनिधिले अपनत्व ग्रहण गरेको ।
- सहकार्य र आवश्यक सहयोगको लागि स्थानीय निकाय सकारात्मक र सहयोगी रहेको ।
- विभिन्न सामाजिक संघसंस्थाहरूको सक्रिय सहभागिता भएको ।

| सामाजिक सेवा सुविधा प्राप्तिको लागी सेवा प्रदायक र सेवाग्राहीबीचको सम्पर्क स्थापनाका सिलसिलामा अपाङ्गता भएका व्यक्तिहरूलाई वितरण गएिका कार्डहरू | | | | |
|---|---|---|---|---|
| गा.पा. | रातो | निलो | पहेलो | सेतो |
| दुप्चेश्वर | ६ | ३० | ३६ | २९ |
| शिवपुर | ५२ | ८० | ५७ | ४३ |
| तादी | १३ | ७३ | ८६ | ६९ |

परियोजनाको आधारभुत सर्वेक्षणपश्चात तीन गाउँपालिकाअन्तर्गत छनौटमा परेका जोखिमयुक्त घरपरिवारको जीविकोपार्जन र आवास पुनःनिर्माण प्रकियामा समेत सहयोग गरेको छ । यस क्रममा गत अप्रिल र मे २०१९ मा कोदोको बिउ ६०० घरधुरीलाई, प्लाष्टिक घर २० वटा, पोल्ट्री हाउस ७ वटा, वंगुरपालन १, लुगा सिलाउने मेशिन ३ वटा, वेल्डिङ्ग मेशिन ५ वटा प्रदान गरि सहयोग गरिएको हो । त्यसैगरी, विपदजन्य घटनामा गरिने मानविय सहयोग र जोखिममा परेका मानिस, घरपरिवारहरूको अर्थपूर्ण सहभागिताको बारेमा आधारभुत जानकारी प्रदान गर्ने उद्धेश्यले परियोजनाका कर्मचारीहरूलाई सुरक्षा मुलप्रवाहीकरण तालिम दिइएको छ । यसैगरी सामाजिक परिचालकसहित २४ जना समुदायस्तरका सहभागीहरूलाई मनोवैज्ञानिक प्राथमिक उपचार र विपद जोखिम न्यूनीकरण सम्वन्धी ३ दिने तालिम दिइएको छ । साथै, दुप्चेश्वर गाउँपालिका, शिवपुरी र तादी गाउँपालिकामा सामाजिक सेवा सुविधा प्राप्तिको लागि सेवा प्रदायक र सेवाग्राहीविचको सम्पर्क स्थापित गराईएको छ ।

सामाजिक सेवा र सुविधा प्राप्तिको बारेमा जानकारी अभिवृद्धि गर्ने उद्धेश्यले स्वालम्वन समुहलाई नीतिगत व्यवस्थाको आधारमा सामाजिक सेवा र सुविधाको वारेमा १ दिने अभिमुखीकरण गराईयो । तीन गाउँपालिकामा गरिएको ६ वटा कार्यक्रममा दुप्चेश्वरमा ६७, शिवपुरीमा २९ र तादीमा ४४ गरि जम्मा १४० जना सहभागीहरू हुनुहुन्थ्यो । साथै, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई आवास पुनर्निर्माण कार्यक्रममा सहयोग गर्ने उद्धेश्यले नुवाकोट जिल्लाका तिन गाउँपालिकाहरूमा ६३३ जनालाई आवास पुनर्निर्माण सम्वन्धी कार्यमा सहयोग गरिएको छ ।

सम्वोधन परियोजना अन्तर्गत सीविएम इन्टरनेश्नल, सामुदायिक विकास केन्द्र, नुवाकोट  नेपाल, नेपाल सहभागीमुलक कार्य समूह (नेपान) र सप्रोस नेपाल साझेदार सँस्थाको रुपमा छन् ।

***समाचार संयोजन : फटिक थापा, उषा अर्याल दाहाल, गोविन्द पौडेल, चन्द्रबहादुर सर्तुंगे, आशिष पाठक, दिवेस सायमी ।***

# राष्ट्रिय योजना आयोगसँग नेपानको अन्तरक्रियात्मक कार्यक्रम



राष्ट्रिय योजना आयोगद्वारा तयारपार्दै गरिएको १५औं योजना र दीर्घकालीन सोचमा नेपाल सहभागीमूलक कार्यसमूह(नेपान) को तर्फबाट गत माघ ९ गते राष्ट्रिय योजना आयोगमै गएर सुझाव-पत्र प्रस्तुत गरिएको थियो । राष्ट्रिय योजना आयोगमा समतामूलक समाजनिर्माणका लागि समाजका सबै क्षेत्रमा सहभागितामूलक विकास पद्धति अबलम्बन गर्नु पर्दछ भन्ने बारे सुझाव पत्र पेश गरिएको हो । नेपालको बदलिँदो राजनीतिक परिवेश, नयाँ संविधानको भावना तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विकास प्रक्रियाका प्रवृत्तिसमेतलाई दृष्टिगत गर्दै अब बन्ने योजनाले सहभागीमूलक तथा समावेशी विकास पद्धतिको मूल मर्मलाई व्यावहारिक रूपमा आत्मसात् गर्दै दुर्गम भेगमा बसोबास गर्ने नागरिक, बालबालिका, युवा, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग तथा अन्य लाभबाट वञ्चित समूहलाई विकासको मूलप्रवाहीकरणमा ल्याउनका लागि विशेष जोड दिनुपर्ने सुझाव नेपानको प्रतिनिधिमण्डलले दिएको छ । सुझाव पत्रमा निम्नपक्षहरू समेटिएका थिए :

१) नीतिनिर्माण तहमा सहभागिताको सुनिश्चितता गर्न स्थानीय तह, प्रादेशिक तह र सङ्घीय तहमा सरोकारवाला सबैको अर्थपूर्ण, विश्वसनीय र क्रियाशील सहभागिताको सुनिश्चितता गरियोस् ।

२) सबै तहका योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा बालबालिका, युवा, ज्येष्ठ नागरिक, महिला, फरक क्षमता (अपाङ्गता) भएका अल्पसंख्यक तथा सिमान्तकृत समुदायबाट अर्थपूर्ण, विश्वसनीय र सक्रिय सहभागिताको सुनिश्चितता गरियोस् ।

३) योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयनको चरणमा सरोकारवालाहरूको अर्थपूर्ण र सक्रिय सहभागिताको सुनिश्चितता गर्न योजना आयोगले सबै तह तथा चरणमा सहभागीमूलक संयन्त्रको नीतिगत व्यवस्था गरियोस् ।

४) स्थानीय, प्रादेशिक एवं राष्ट्रियस्तरका कार्यक्रमहरूको सहभागीमूलक अनुगमन तथा मुल्याङ्कनको सुनिश्चितता गर्न आवश्यक नीतिगत व्यवस्था योजनामा नै समावेश गरियोस् ।

५) विद्यमान स्थानीय योजना तर्जुमाका सात चरणहरू-१.बजेटको पूर्वतयारी र सीमा प्राप्ति, २. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण, ३. बस्तीहरूका योजना छनौट, ४. वडातहमा योजना छनौट तथा प्राथमिकीकरण, ५.बजेट तथा कार्यक्रम तर्जुमा, ६. गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रमको स्वीकृति र ७. गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रमको प्रस्तुति तथा स्वीकृति काक्रममा सबै सरोकारवाला समूहको अर्थपूर्ण र सकृय सहभागिताको अभ्यासको सुनिश्चितताको लागि पन्ध्रौं योजनामा नीतिगत व्यवस्था गरियोस् ।

६) पन्ध्रौ योजना सार्वजनिक हुँदा बालबालिकहरूका लागि निःशुल्क स्वास्थ्योपचारको व्यवस्थासहित गुणस्तरीय निःशुल्क शिक्षाको व्यवस्था गर्नुका साथै ज्येष्ठ नागरिकहरूको निःशुल्क स्थास्थ्योपचारको व्यवस्थाको सुनिश्चितताको साथै महिलाहरूको सामाजिक सुरक्षा, सिमान्तकृत, अपाङ्गता भएका, दलित र अल्पसंख्यक समुदायहरूको सहभागिता र अधिकारको संरक्षणका साथै युवाहरूको सम्मानजनक रोजगारीको अबसरहरूको सुनिश्चितता हुने व्यवस्था गरियोस् ।

७) विकास योजना तर्जुमागर्दा कार्य योजना, अनुगमन तथा मुल्याङ्कन गर्ने सहभागीमूलक विधि प्रक्रियाहरूको रूपमा प्रयोगमा आएका विषयहरू सबै सरोकारवाला नागरिकहरूले बुझ्ने र

प्रयोग गर्न सहज हुने, नौ कोठे तालिका, सामाजिक, श्रोत तथा गतिशीलताको नक्साङ्कन, सामुदायिक स्तरीयकरण, ऐतिहासिक तत्थ्यांकीकरणजस्ता सहभागीमूलक विधि र प्रक्रियाहरूको अनिवार्य प्रयोगको सुनिश्चितताका लागि नीतिगत व्यवस्था गरियोस् ।

८) सहभागिता सुशासनको आधारशीला हो । प्रतिनिधित्वको सहभागिता र टाउका गन्ने प्रबृत्तिले सुशासनको प्रत्याभूति हुँनसक्दैन । पारदर्शिता, जनउत्तरदायित्व र पारस्परिक जवाफदेहिताबिनाको व्यक्ति, संस्था र समाजमा सुशासन सम्भव छैन भन्ने हाम्रो ठम्म्याई छ । त्यसैले यी कुराहरूको सुनिश्चितता गर्न स्पष्ट रुपमा संरचना तयार गर्न नीतिगत व्यवस्था गरियोस् ।

९) २०७२ को महाभूकम्प लगत्तै जनतामा देखिएको जनसहभागिता र सहयोगी भावना राहतवितरण, पुनर्निर्माण र विदेशी सहायताको ओईरो लागेपछि नागरिकहरूको सहभागिता भुत्ते बन्दै गएको महसुष भएको छ । नागरिकहरूमा रहेको त्यो मनोबृतिमा परिवर्तन गर्न सहभागिता, सहकार्य र स्वाभिमानको अभियान नै चलाउनु पर्ने अबस्था छ । भविष्यमा यस्ता विपत्ती आउँदा नागरिकहरूमा सहभागिताको भावना उर्वर हुने संस्कृतिको विकास गर्न आवश्यक नीतिगत व्यवस्था गरियोस् ।

१०) अहिलेको एक्काईसौं शताब्दीमा पनि प्रत्येक नागरिकहरूको बैंक खाता नहनु आफैंमा लज्जाको विषय हो । सरकारले राष्ट्रिय परिचय पत्र वितरण कार्य थालनी गरेता पनि यसले बर्षौंको समय लिन्छ । अब प्रत्येक स्थानीय तहमा बैंक पुगिरहेको सन्दर्भमा अनिवार्य बैंक खाता र करमा सहभागी हुने गरी प्रत्येक नागरिकहरूलाई स्थायी लेखानम्बर उपलब्ध गराएर राष्ट्रनिर्माणमा नागरिकको आमसहभागिता सुनिश्चित गर्ने नीतिगत व्यवस्था सहितको अभियान सञ्चालन गरियोस् ।

सो कार्यक्रममा चेतनाथ कणेल (अध्यक्ष), कार्यकारी सदस्यहरू अश्विन पुडासैनी, मिनाक्षी दाहाल, कृष्ण सुबेदी, सदस्यहरूगोरख बोगटी, दल बहादुर जोशी (सदस्य), रोजी जोशी, झबिन्द्र भण्डारी एवं नेपान कर्मचारीहरू आशिष पाठक, तुलसी सापकोटा सहभागी हुनुहन्थ्यो ।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य मिन बहादुर शाहीले सुझाब पत्रमा लेखिएका सम्पूर्ण बुँदाहरूलाई सम्बोधन गर्ने र आउँदा दिनहरूमा नेपानको बौद्धिक क्षमताको सहयोग लिएर अगाडि बढ्ने प्रतिबद्धता जनाउनु भयो ।


## सहभागिताका लागि लेख रचना लेख्न चाहने लेखकहरूसँग अनुरोध

- लेख मौलिक र तथ्यपरक हुनुपर्नेछ,
- लेख सहभागीमूलक प्रक्रियाको प्रवर्द्धन गर्ने खालको हुनुपर्नेछ,
- लेख कम्प्यूटर टाइपिङ्ग गरी पठाउने हो भने:
  - प्रीति फण्टमा हुनुपर्नेछ,
  - अक्षरको साइज १३/१४ सम्मको हुनु पर्नेछ
- नेपाली भाषामा हुनुपर्ने तथा तथ्य बारेको स्रोत खुलाउनुपर्ने छ,
- बढीमा २००० (लगभग ४ पेज) शब्दभित्र हुनुपर्नेछ,
- हस्तलिखित भएमा कागजको एक पट्टिमात्र स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ,
- लेखको साथमा लेखकको फोटो र लेखकको बारेमा छोटो विवरण पठाउनु पर्नेछ,
- आफ्नो लेखलाई सुहाउँदा फोटोहरू भएमा फोटोको क्याप्सन तथा फोटो लिने व्यक्तिका विवरणसहित पठाउनुपर्नेछ,
- लेख हुलाक, इमेल वा सिधै नेपान कार्यालयमा पठाउन सक्नुहुनेछ,
- अस्वीकृत लेख/रचना फिर्ता हुने छैन,
- लेख/रचना प्रकाशनसम्बन्धी अन्तिम निर्णय नेपानको हुनेछ ।




**थप जानकारीको लागि :**

**नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**
नेपान घर, दोभान टोल, सहयोगीनगर, जनता सडक,
कोटेश्वर, काठमाडौं-३२, नेपाल
फोन नं.: ९७७ ०१ ४१५४९३८
इमेल: nepan@nepan.org.np
वेबसाइट: www.nepan.org.np

# सहभागिताको युवा विशेषाङ्क : अब्बल अङ्क !

**प्रधानसम्पादकज्यू,**

'सहभागिता' विकास म्यागाजिनको नियमित पाठकको नाताले एउटा पत्र नलेखी मनले मानेन । सदाझैं सहभागिताको ५२ औं अङ्क (२०७५ भदौ) समयमै हात पर्‍यो । म आफैं आउन नपाए पनि नेपानका साथीहरूबाट हरेक अङ्क प्रकाशन हुनासाथ मेरो हातमा पर्ने गरेका छन् । खुसी लाग्छ । नेपानका प्रकाशनहरूको नियमित पाठक बन्न पाउँदा गर्व पनि लाग्ने गर्छ । मैले सधैं भन्ने गर्छु, सहभागितालाई कम्तीमा वर्षको ४ पटक, नभए ३ पटक, त्यो पनि नसके २ पटक त अवश्य निकाल्नुपर्छ । किनकि यो हजारौं विकासकर्मीको गाइड बनेको छ । अबको डिजिटल संसारमा सहभागिता पत्रिका छापेर नै हातहातमा पुर्‍याउनुपर्छ भन्ने मानसिकतामा पनि रहनु हुन्न । स्याम्पल कपी र भविष्यका लागि अभिलेखालयमा राख्न २००/३०० प्रति छाप्ने, अन्यथा विश्वभर छरिएका अरु हजारौं नेपाली पाठकलाई डिजिटल प्रति उपलब्ध हुने व्यवस्था मिलाउन सके राम्रो हुन्थ्यो । प्रधानसम्पादक श्रीराम केसी सर र समग्र नेपान टिमको यसतर्फ ध्यान जाओस् ।

यो अङ्क 'युवा विशेषाङ्क' बनेर आएको रहेछ । वाह, क्या मज्जाको ! अब्बल छ । १०४ पृष्ठको यो अङ्क अति उपयोगी र नौलो प्रकारको मात्र होइन, संग्रहणीय पनि छ । विकासकर्मीको राम्रो औषधी बनेर आएको छ । नीतिनिर्माताका लागि राम्रो टिप्स बनर आएको छ । लेक्चरर, शिक्षक र अनुसन्धाताका लागि गतिलो सन्दर्भ-सामग्री बनेर आएको छ । नेपालमा निस्कने विकास पत्रिकाहरूमा 'सहभागिता'को अग्रणी स्थानलाई कसैले नकार्न सक्दैन । नामजस्तै यसमा समेटिने विविध भूमिका र परिवेशका लेखकहरूको संयोजन नै 'सहभागिता'को अलग पहिचान हो भन्ने मलाई लाग्छ ।

यस अङ्कमा प्रकाशित सामग्रीहरूमध्ये गोरख बोगटी, चेतनाथ कणेल, पुष्करनाथ भण्डारी, उत्तम उप्रेती, पेशल आचार्यका लेख विशेष पठनीय छन् । विचारमूलक र नीतिगत तहमा राम्रो पृष्ठपोषण दिने खालका छन् । अन्य लेख पनि उत्तिकै जमेका छन् । खासगरी महिला लेखिकाहरूले महिला, युवती, किशोरी आदिमाथि 'फोकस' गरी लेखेका लेखले लैंगिक संवेदनशीलता र हामीले दिनुपर्ने चासोप्रति सचेत बनाएका छन् । तोया गौतम, रुपा बस्नेत र बीना अधिकारीको संयुक्त लेख एवम् गोविन्दराज पौडेल, डा. भोलाप्रसाद दाहाल र प्रणव भट्टराईको अर्को संयुक्त लेख समूह-लेखनका राम्रा उदाहरण हुन् । नेपानले यस्तै सामूहिक लेखन अर्थात् 'सहभागितात्मक लेखन'लाई प्रेरित गर्नुपर्छ भन्ने मान्यता छ । 'मिनी नेटवर्क'बाट लेख तयार पार्ने परम्पराले गुण बढाउन र नेटवर्किङ बढाउन पनि मद्दत पुग्नेछ । नेपानको विशेष पहिचान पनि हुनेछ ।

यसमा समेटिएका केही विकासमूलक कविता पनि झिल्का दिने खालका छन् । सबै कविहरूप्रति सम्मान छ । विकास सवाललाई कवितामा उतार्ने कविहरू र विकासका सवाललाई साहित्यका माध्यमबाट समेत जनसमक्ष पुर्‍याउने नेपान-पहल प्रशंसनीय छ । यो 'नेपान-ब्युटी' पनि हो । व्यङ्ग्यचित्रमा बीडी गुरुङका शब्द र भाव असाध्यै सशक्त हुने गर्छन् । उहाँलाई र कलाकार शान्त राहादीलाई पनि सलाम छ ! सहभागिताको आउँदो अङ्क सूचना प्रविधि र विकासलाई केन्द्रित गरी प्रकाशित हुने खबरले हामी झन् उत्साहित भएका छौं । तीब्र प्रतीक्षामा छौं ।

**अन्तमा केही ठोस सुझावहरू छन्** : क) भाषाशुद्धि पुगेन । ख) अक्षर अलि साना भए । ग) चित्र वा तस्बिरको आकार घटाएर ज्ञान दिने काममा नै बढी जोड दिऔं । सर्वसाधारण पाठक यसमा तानिने होइन, प्रबुद्ध पाठकले ज्ञानमा नै जोड दिन्छन् । घ) हरेक अंकमा नीतिनिर्माता, राजनेता वा यस्तै राष्ट्रिय वरिष्ठ व्यक्तित्वका वार्ता वा लेखनी पढ्न पाइयोस् ।

सहभागिता अझ स्तरीय बन्दै जाओस् । सदाझैं, हार्दिक बधाई र शुभकामना छ नेपान परिवारलाई !

- **प्रमेश अधिकारी**
नयाँबानेश्वर, काठमाडौं

**सहभागिता (सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)**

| | | |
|---|---|---|
| वर्ष | : | पूर्णाङ्क ५२, २०७५ भदौ |
| प्रकाशक | : | नेपाल सहभागीमूलक कार्य समुह (नेपान) |
| मुद्रण | : | क्रिएटिभ प्रेस प्रा.लि. |
| मूल्य | : | व्यक्तिगत रु. १०० |
| संस्थागत | : | रु. २०० |
| पृष्ठ संख्या | : | १०० |



## सहभागिता पूर्णाङ्क १ देखि ५२ सम्म 'सूचना, सञ्चार-प्रविधि' विषयमा प्रकाशित लेखहरूको विवरण

| क्र.स. | लेखक | लेख रचनाको शीर्षक | विधा | पूर्णाङ्क | प्रकाशित वर्ष, महिना र अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १. | कृष्ण सुवेदी | शिक्षा र सञ्चारको अन्तरसम्बन्ध अनि हाम्रो अवस्था | लेख | ४० | २०६५, साउन असोज र कार्तिक पुस, वर्ष १३, अङ्क १/२ | २५ |
| २. | कृष्ण अधिकारी र महेश दाहाल | सहभागीतालुक प्रक्रियाको प्रवद्धनमा सञ्चारकर्मीहरूको भूमिका | रिपोर्ट | १८ | २०५७ कार्तिक पुस / माघ चैत वर्ष ६, अंक २ र ३ (सयुक्ताङ्क) | ४३ |
| ३. | गंगामाया न्यौपाने | विकासका लागि सामुदायिक वन, सञ्चार रणनीति र व्यबहारिकता | लेख | ४० | २०६५, साउन असोज र कार्तिक– पुस, वर्ष १३,अङ्क १/२ | २२ |
| ४. | चेतनाथ कणेल | विकास सञ्चारसँग बीस बर्ष र चित्रावलीले बुझाएको चित्त | लेख | ४० | २०६५, साउन असोज र कार्तिक– पुस, वर्ष १३, अङ्क १/२ | १३ |
| ५. | देवेन्द्र अर्याल आँसु | सञ्चारले फेर्‍यो कागती गाउँ विकास र सञ्चारले ल्याएको परिवर्तन | लेख | ४० | २०६५, साउन असोज र कार्तिक– पुस, वर्ष १३, अङ्क १/२ | २७ |
| ६. | बिक्रम खत्री | इन्टरनेटको सुरुवात : विश्वब्यापी सञ्चारमा सुगमता (पिटर म्यालिङ्गको मूल लेख) | अनुवाद | ५ | २०५३, कार्तिक-मङ्सिर, बर्ष २ अंक ५ | ३० |
| ७ | बिक्रम खत्री | इन्टरनेटमार्फत् सम्पर्क (पिटर म्यालिङ्गको मूल लेख) | अनुवाद | | २०५४, बैशाख-असार, बर्ष ३ अंक १ | १५ |
| ८. | भुवन के.सी. | बालबिकासका लागि सञ्चार माध्यम र अभिभावकको दायित्व | लेख | २४ | २०५९, कात्तिक पुस, वर्ष ८ अङ्क २ | १५ |
| ९. | रामकृष्ण ढकाल | सञ्चार | कविता | ४० | २०६५, साउन असोज र कार्तिक–पुस, वर्ष १३, अङ्क १/२ | २८ |
| १०. | विनोद पहाडी | सञ्चार माध्यममा दलितहरूको सहभागिता | लेख | ४० | २०६५, साउन असोज र कार्तिक– पुस,वर्ष १३, अङ्क १/२ | ३० |
| ११ | डा. विष्णुराज उप्रेती | सहभागीतामूलक प्रविधि विकास र दिगो कृषि प्रणाली | लेख | १७ | २०५७, साउन-असोज, वर्ष ६ अंक २ | ५ |
| १२. | वेदप्रसाद भट्ट | दुर्गम क्षेत्र र सञ्चार–जगत | लेख | ४० | २०६५, साउन असोज र कार्तिक– पुस, वर्ष १३, अङ्क १/२ | ३४ |
| १३. | सगुन लावती | नेपाली सञ्चार माध्यम र समावेशीकरणका जल्दाबल्दा सवालहरू | लेख | ३४ | २०६२, माघ–चैत र २०६५ बैशाख–असार, वर्ष १२, अंक ३/४ | ५२ |
| १४. | श्रीराम के.सी. | विकास सञ्चारको लागि ठूलो बलिदान चाहिन्छ (लाल देउसा राइसँग गरिएको कुराकानी ) | अन्तर्वार्ता | २५ | २०५९, माघ–पुस, बर्ष ८, अंक ३ | ५१ |
| १५. | श्रीधर लामिछाने | विकासमा सञ्चार र वर्तमान परिवेश | लेख | ४० | २०६५, साउन असोज र कार्तिक–पुस, वर्ष १३, अङ्क १/२ | २९ |
| १६. | श्रीराम के.सी. | संस्थागत सञ्चार : कति सहभागीतामूलक | लेख | ३८ | २०६४, कार्तिक-पुस, बर्ष १२, अंक ३ | १७ |
| १७. | फटिकबहादुर थापा | सञ्चार माध्यम र विकास : कोसी ब्यारेज फुट्दाको सन्दर्भ | लेख | ४० | २०६५, साउन-असोज र कार्तिक– पुस, वर्ष १३ अङ्क १/२ (सयुक्ताङ्क) | ५ |
| १८. | सन्तोष शर्मा | बाजुरा, रेडियो र जङ्गल फडानी: एक अनुभव | लेख | ८ | २०५४, कार्तिक-पुस, बर्ष ३ अंक ३ | २४ |
| १९. | भविन्द्र भण्डारी | ग्रामीण विकासका लागि सामुदाहिक सञ्चार | लेख | १७ | २०५७, साउन-असोज, वर्ष ६ अंक २ | २४ |

# नेपानको २४औं कार्यकारिणी समितिको चिनारी

**चेतनाथ कणेल, अध्यक्ष**



नेपानका आजीवन सदस्य श्री कणेल (गुल्मी) यस संस्थाका वर्तमान अध्यक्ष हुनुहुन्छ । सन् १९९७ देखि नेपानको सदस्य रहनुभएका श्री कणेल सन् २००० देखि आजीवन सदस्य बन्नुभएको हो । सन् १९९९ डिसेम्बरदेखि सन् २००२ को अप्रिलसम्म करिब सवा दुई वर्ष उहाँले नेपानको संयोजक भएर पनि सेवा गर्नुभएको थियो । सदस्य भएदेखि नै उहाँले नेपानको प्रकाशन समितिमा अविच्छिन्न रूपमा र बेलाबेलामा कार्यकारिणी सदस्यको रूपमा पनि योगदान पुऱ्याउँदै आउनुभएको छ । सहभागीमूलक विकास पद्धति, गरीबमुखी ग्रामीण पर्यटन तथा सहभागीमैत्री तालिम व्यवस्थापनमा उहाँ विशेष दखल राख्नुहुन्छ र ती विषयमा अध्ययन, स्थलगत अभ्यास, लेखन तथा तालिम पनि प्रदान गरेको करिब ३२ वर्षको अनुभव छ । स्रोत व्यवस्थापन विषयमा बेलायतको एडिनबरा विश्वविद्यालयबाट तथा जनप्रशासन विषयमा त्रि.वि.वि.बाट गरी दुई विषयमा स्नातकोत्तर गर्नुभएका श्री कणेलले सन् २०१४ देखि काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययन (विपन्नमैत्री ग्रामीण पर्यटन विकास) विषयमा पिएचडी गर्दै हुनुहुन्छ । विकास, शिक्षा र पर्यटनसम्बन्धी उहाँका सयौं लेख-रचना तथा केही पुस्तकहरू पनि प्रकाशित छन् । नेपाल सरकार, ओडीए, डी.एफ्.आई.डी. (पाखीबास), यूएनडीपी, एक्सन एड नेपाल, एसियाली विकास बैंक आदि जस्ता विभिन्न संस्थामा लामो समय काम गर्नुका अतिरिक्त अन्तर्राष्ट्रिय परामर्शदाताको रूपमा भियतनाम सरकारका लागि पनि उहाँले विशेषज्ञ सेवा प्रदान गर्नुभएको छ । सहभागिताका सम्पादन सल्लाहकारसमेत रहनुभएका श्री कणेलले नेपाली तथा अङ्ग्रेजी दस्तावेज सम्पादन गर्ने विशेष दखल राख्नुहुन्छ ।

**उत्तम उप्रेती, पदेन सदस्य, पूर्व अध्यक्ष**



नेपानमा सन् २००१ देखि आबद्ध भई सन् २०१० मा नेपानका आजीवन सदस्य बन्नु भएका श्री उप्रेती यस कार्यसमितिका पदेन सदस्य हुनुहुन्छ । यो कार्यकाल अघि दुईपटक नेपान कार्यसमिति सदस्य रही अध्यक्षका हैसियतले एक कार्यकाल योगदान गर्नुभएका उप्रेतीले नेपानका विभिन्न उपसमितिहरूमा रही सक्रिय रूपमा योगदान पुर्याउँदै आउनुभएको छ । हाल अमेरिकी सहयोग नियोगको अनुगमन, मूल्याङ्कन तथा सीकाई परियोजनामा सीकाई तथा क्षमता बिकास बिशेषज्ञका हैसियतमा कार्यरत उँहासँग नागरिक समाजका संस्थाहरूको क्षमता अभिवृद्धि सम्बन्धी २० वर्षको अनुभव छ । यसै सन्दर्भमा नेपाल लगायत दक्षिण, पूर्व एशिया र अफ्रिकाका गैरसरकारी तथा सरकारी कर्मचारीहरूलाई परियोजना चक्र व्यवस्थापनका विविध चरणसँग सम्बन्धित तालिमहरू पनि उहांले प्रदान गर्नु भएको छ । सन १९९० देखि नागरिक समाजसंग आवध्द रहि उहांले वातावरण संरक्षण तथा सामुदायिक बिकासका बिभिन्न परियोजनाहरूको सफलतापूर्वक संयोजनका लामो अनुभव संगाल्नु भएको छ । नागरिक समाजका संस्थाहरूका लागि उपयुक्त कानूनी वातावरणका लागि निरन्तर पैरबी गर्दै आउनु भएका उप्रेतीले त्रि.वि.वि.बाट तथ्याङ्कशास्त्रमा एम.एस्सी. तथा समाजशास्त्र र मानवशास्त्रमा एम.ए. अध्ययन गर्नुभइ हाल काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा विद्यावारिधी गरिरहनु भएको छ ।

**तेज बहादुर सुनार, कोषाध्यक्ष**



नेपानका साधारण सदस्य तथा वर्तमान कोषाधक्ष्य श्री तेज बहादुर सुनार सन् २००७ देखि नै नेपानसँग आबद्ध रहँदै आउनुभएको छ । उहाँहाल सेन्टर फर दलित वुमन्स् इन नेपाल भन्ने संस्थाको लागि क्षमता विकास विज्ञका रुपमा सहयोग गर्दै आउनु भएको छ । उँहाले संयुक्तराष्ट्र सङघिय विकास कार्यक्रम (युएनडिपि) को कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रममा लैंगिक तथा सामाजिक समवेशिकरण विज्ञको रूपमा समेत काम गर्नुभएको छ । उँहाले समाजशास्त्रमा स्नात्कोत्तर गर्नुभएको छ र उँहासँग जाइका, लुथरन वर्ल्ड फेडरेसन , दलित गैरसरकारी संस्था महासङ्घ, स्पेस , उत्पीडित समुदाय उत्थान केन्द्र लगायतका निकायहरूमा झन्डै २० वर्ष काम गरिसकेको अनुभव छ । परियोजना व्यवस्थापन , लैंगिक तथा सामाजिक समावेशिकरण, स्थानिय शासन तथा सामुदायिक विकास, संस्थागत विकास तथा व्यवस्थापन, सशक्तिकरण तथा पैरवि, अध्ययन(अनुसन्धान तथा नीतिगत सुधार एवम् तालिम जस्ता क्षेत्रमा उँहामा विशेष दक्षता छ ।



**उषा अर्याल दाहाल, कार्यकारी निर्देशक (पदेन सचिव)**

सन् २०१९ अप्रिल १ देखि नेपान सचिवालयको कार्यकारी निर्देशकका रुपमा कार्यरत दाहालले युनिर्भसिटि अफ नर्वेबाट प्राकृतिक स्रोत र दिगो कृषि व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएको छ । जलवायु परिवर्तन, लैंगिक तथा सामाजिक समावेशीकरण र सामुदायिक बनमा दखल राख्ने दाहालको सरकारी तथा गैरसरकारी संस्थाहरूसँग २३ वर्ष काम गरेको अनुभव छ । हाल भैंसिपाटी, ललितपुरमा बसोबास गर्दै आउनुभएकी दाहालले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठि तथा सम्मेलनमा भाग लिनुभएको छ ।



**डा. अनोज क्षेत्री, सदस्य**

डा.क्षेत्री विगत २५ बर्ष देखि राष्ट्रिय तथा अन्तराष्ट्रिय सङघसंस्थाहरू, सरकारी तथा शैक्षिक क्षेत्रमा संलग्न हुनुहुन्छ । उँहाले जीविकोपार्जन, खाद्य सुरक्षा र कृषी क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिद्वारा नतिजामुखी परियोजना चक्र व्यवस्थपन विषयमा विशेषज्ञाता हासिल गर्नुभएको छ । नेपालबाट कृषी विषयमा स्नातक तह, बेलायतबाट कृषी सूचना व्यवस्थापन विषयमा स्नातकोत्तर तह पूरा गरी क्ष्म्र्त ष्ल ब्नचष्अगतिगचभ :बलबनझभलत विषयमा विद्यावारिधी पूरा गर्नुभएको छ । उँहाको जीविकोपार्जन ढाँचा, समावेशी आर्थिक वृद्धि, विपद् व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अनुभवहरूलाई प्रभावशाली तथा अन्तदृष्टिपूर्ण ढंगले प्रस्तुत गर्न सक्ने क्षमता रहेको छ । क्षेत्रीले नेपाल, पाकिस्तान, भारत, बेलायत तथा थाइल्याण्डमा काम गर्नुका साथसाथै एसिया, युरोप, अस्ट्रेलिया तथा अफ्रिका महादेशका विभिन्न देशहरू भ्रमण गर्नुभएको छ ।



**अश्विन पुडासैनी, सदस्य**

सन् १९९७ देखि नेपाल सहभागिमुलक कार्यसमुह नेपानमा जोडिनु भएका अश्विनकुमार पुडासैनी नेपानका आजिवन सदस्य हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा एम.बि.ए., राजनीतिशास्त्रमा एम.ए. र काठमाण्डौं विश्वविद्यालय स्कुलअफ एजुकेशनबाट एमफिल सम्मको अध्ययन गर्नुभएको छ । विभिन्न विश्वविद्यालयहरूमा भिजिटिङ्ग फ्याक्ल्टीको रुपमा व्यवस्थान विषय अध्यापन गर्दै आउनुभएका पुडौनीले परराष्ट्रमन्त्रीको सल्लाहकारको रुपमा समेत काम गर्नु भएको छ । विगतमा लामो समय पत्रकारीतामा समेत संलग्न पुडासैनीको साप्ताहिक स्तम्भ बत्तीमुनी उज्यालो प्रत्येक आईतबार धधधाकबमचष्कजथबाअफ मा पढ्न पाईन्छ । सहभागितामुलक तालिम तथा अनुसन्धानमा संलग्न रहदै आउनुभएका पुडासैनी हाल नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, प्रशिक्षण प्रमुखका रुपमा कार्यरत हुनुहुन्छ ।



**कृष्ण सुवेदी, सदस्य**

श्री सुवेदी वि.स. २०५७ देखि नै नेपानसँग आबद्ध रँहदै आउनुभएको छ। सन २००१ मा नेपानको सदस्य बन्नु भएका सुवेदि समाजशास्त्रमा स्नातकोत्तोर गर्नुभएको छ । मानवअधिकार अभियान्ता रुपमा परिचित सुवेदि, भारद्वाज मित्रका नामले साहित्यिक वृत्तमा पनि परिचित हुनुहुन्छ। उहाँ बाल अधिकार र शिक्षाको क्षेत्रमा त्यतिकै क्रियाशिल हुनुहुन्छ। उहाँसगँ समाजसेवाको क्षेत्रमा अनवरत क्रियाशिल रहेको चार दशकभन्दा लामो अनुभव छ। सामाजिक विकास, शिक्षा र बालअधिकारसम्बन्धी उहाँका धेरै लेख प्रकाशित छन्। उहाँको बाल गीत तथा कविताका केहि पुस्तक प्रकाशित छन। उहा झुल्मा बालमैत्रि पत्रिकाको प्रकाशन र प्रधान सम्पादक पनि हुनुहुन्छ। बालअधिकार अभियान्ताका रुपमा चाइल्ड नेपालको स्थापना र सञ्चालनमा अगुवाई गरिरहनु भएका सुवेदिले सन २०१४ को मानव अधिकार महाभेलाको राष्टिय संयोजक भएर काम गर्नुभएको छ । बालबालिका शान्तिक्षेत्र राष्टिय अभियान (सिजप) का अध्यक्षका रुपमा पनि उहाँले योगदान अविश्मणीय छ। संयुत्त राष्टियसंघीय बालअधिकार समितिमा नेपालका बालबालिकाको स्थिती पठाउने र जेनेवास्थित सो समितिसमक्ष नेपाली बालबालिका अधिकारको संरक्षण र उन्नयानका लागि गरिने पौरवी अभियानमा पनि उहाँ २००८ देखि निरन्तर क्रियाशिल हुनुहुन्छ । अन्तराष्टिय परामर्शदाताको रुपमा बेलायती संस्था सिडवलुएस यूकेका लागि पनि उहाँले डेड दशक लामो विशेषज्ञ सेवा प्रधान गनुभएको थियो । सिन्धुपाल्चोकका सुवेदि हाल बुढानिलकण्ठमा बस्नुहुन्छ।



**डा. मीनाक्षी दाहाल, सदस्य**

प्रारम्भिक बाल विकास र शिक्षा क्षेत्रमा विगत १७ बर्षदेखि कार्यरत नेपानकी आजीवन सदस्य दाहालले त्रिभुवन विश्वविद्यालयबाट प्राणीशास्त्रमा स्नातकोत्तर र काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशनबाट विकास अध्ययनमा एमफिल पूरा गरी बालबालिकाको भाषिक तथा पठन सीप विषयमा विद्यावारिधि गर्नुभएको छ । उहाँ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूमा परामर्शदाता तथा अनुसन्धान कार्यमा पनि सक्रिय हुनुहुन्छ र यसअघि नेपानमा कार्यकारी सदस्य भई काम गरिसक्नु भएको छ। उहाँका अनुसन्धानसम्बन्धी विभिन्न लेख-रचनाहरू पुस्तक, जर्नल तथा पत्रपत्रिकाहरूमा प्रकाशित छन्। संयुक्त राज्य अमेरिका स्थित संस्था Childhood Education International (CEI) मार्फत् बाल अधिकारको Advocacy Ambassador का रुपमा पनि कार्यरत हुनुहुन्छ।



**नन्दलाल माझी, सदस्य**

सुनसरी जिल्ला, दुहवी, भालुवा नगरपालीका १० मा स्थायी घर भएका श्री माझी वि.स. २०६७ देखि नै नेपानसँग आबद्ध रँहदै आउनुभएको छ। श्री माझीले समाजशास्त्रमा स्नाकोत्तर गर्नुभएको छ । उँहाले २५ वर्षदेखि सामुदायिक विकास, कृषि तथा वन, सामुदायिक वन, युवाक्लब परिचालन, महिला समूह परिचालन, स्वरोजगार आदि क्षेत्रमा काम गरेको लामो अनुभव बटुल्नुभएको छ। उँहा सन् २००२ देखि हालसम्म विश्व शिक्षामा काम गर्दै आउनु भएको छ।



**पदमा शाक्य, सदस्य**

सन् २०१३ देखि नै नेपानको सदस्य हुनुभएकी शाक्यको स्थायी घर ओखल्ढुङ्गा हो । उँहा विगत १७ वर्षदेखि तालिम संयोजक तथा प्रशिक्षकको रूपमा काठमाडौं तालिम केन्द्रमा सामाजिक परिचालन तालिम दिने काममा आबद्ध हुनुहुन्छ र समाजशस्त्रमा स्नातकोत्तर गर्नुभएको छ। विशेषगरी नेपालका युवाहरूलाई सीपयुक्त तथा क्षमतावान बनाएर सामाजिक परिचालनको माध्यमबाट सामुदायिक विकासको क्षेत्रमा योगदान पुर्‍याउने अभियानमा उँहा सक्रिय हुनुहुन्छ। त्यसको साथै सामाजिक परिचालन, सामुदायिक विकास, नेतृत्व सीप विकास, सहभागीकमूलक ग्रामीण लेखाजोखा, प्रशिक्षक प्रशिक्षण, सहजीकरण सीप विकास तथा विभिन्न किसिमको तालिमको क्षेत्रमा विभिन्न संघ संस्थाका सदस्यहरूलाई छोटो अविधिको तालिमहरू प्रदान गर्नुको साथै तालिम निर्देशिका तथा स्रोत पुस्तिका निर्माणको कार्य समेत सम्पन्न गर्नुभएको छ।



**पदम भुसाल, सदस्य**

सन् २००९ देखि नेपानमा आबद्ध पदम भुसाल नेपानको आजीवन सदस्य हुनुहुन्छ। समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएका भुसाल सन् १९९९ देखि गैरसरकारी क्षेत्रमा आर्थिक विकास, जीविकोपार्जन, उद्यम- उद्यमशीलता विकास, द्वन्द र त्यसपछिको व्यवस्थापन, जलवायु परिवर्तन लगायतका विषयमा परियोजना संचालनदेखि नीतिनिर्माण तहमा काम गरिरहनु भएको छ। यो अवधिमा उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सस्थाहरूमा रही नेपाल, श्रीलंका एवं फिलिपिन्समा काम गरिसक्नुभएको छ। हाल अस्ट्रेलियाली दुतावासमा कार्यरत हुनुहुन्छ।



**रुपा बस्नेत, सदस्य**

वि.स. २०६९ साल देखि नेपानसँग आबद्ध हुनुभएकी श्री बस्नेत हाल कार्य समिति सदस्य हुनुहुन्छ। त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी र जेन्डर स्टडिजमा स्नातकोत्तर र सिचुवान युनिभरसिटी चीनबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा पोष्टग्रयाच्युएट गर्नु भएकी बस्नेत हाल सञ्चारिका समूह नेपालमा कार्यरत हुनुहुन्छ। रुपान्तरण नेपालको वहुसरोकारवाला वन कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशीकरण संयोजकको रुपमा साढे दुई वर्ष कार्यरत बस्नेतसँग विकासको विभिन्न क्षेत्रमा आठ वर्ष काम गरेको अनुभव छ। बस्नेत अनुसन्धान र लैंगिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा विशेष रुची राख्नुहुन्छ।



**रुपा मुनाकर्मी, सदस्य**

बनेपा न.पा. वडा नं. २, काभ्रे निवासी श्री रुपा मुनाकर्मी काठमाण्डौं विश्वविद्यालयबाट डेनिश फेलोसिपमा शिक्षकको पेशागत सदाचारिताको बिषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ। एसएलसी उत्तीर्ण गर्नासाथ १० वर्षसम्म सामुदायिक विद्यालयको अंग्रेजी शिक्षिका, खेलकूद तथा अतिरिक्त क्रियाकलापको प्रशिक्षक, नयाँ गोरेटो नामक सामाजिक सँस्थामा ५ वर्षको आवद्धता पछि उँहाले सन् २०१५ मा काठमाण्डौ विश्वविद्यालयबाट नै दर्शनाचार्यको उपाधि प्राप्त गर्नुभएको थियो । विद्यालयमा अभिभावकको सहभागिता बिषयको शोधग्रन्थको लेखिका श्री मुनाकर्मीले गुणस्तरीय शिक्षा, शान्ति सँस्कारको विकास, लैङ्गिक समानता, छाउपडी प्रथा तथा विद्यालय सुशासन विषयमा १० भन्दा बढी अध्ययन तथा मूल्यांकन कार्यमा सम्लग्न हुनुभएको छ। सन् २०१४ देखि नेपान सदस्यभई सन् २०१७ देखि कार्य समितिमा निर्वाचित मुनाकर्मी जीलूःनिभा बाल सरोकार केन्द्र, रोटरी तथा नेल्टाजस्ता सँस्थाहरूमा समेत आवद्ध हुनुहुन्छ।




**श्रीराम के.सी, सदस्य**

सन २००२ देखि नेपानमा कर्मचारीका रुपमा आवद्ध केसीले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजीमा एमफिल र नर्वे आस्लो विश्वविद्यालयमा मिडिया अध्यान गर्नु भएको छ। के.सी. हाल प्लान इन्टरनेशनल नेपालमा सञ्चार प्रवन्धकका रुपमा कार्यरत हुनुहुन्छ। यसअघि नेपानमै प्रकाशन तथा सञ्चार अधिकृत भई करिव दुई बर्ष काम गर्नुभएका केसीले जनधारणा साप्ताहिक, राजधानी दैनिक, स्वावलम्बन विकास केन्द्रमा काम गर्नु भएको छ। विकासको बिषयमा लेख्न रुचाउने केसीका सयौ सामग्रीहरू प्रकाशित एवम् सम्पादित छन्। श्रव्यदृष्य सामग्री उत्पादन, पैरवी तथा विकास अभियान, सामुदायिक विकास, जनसम्पर्क तथा सञ्चारका क्षेत्रमा क्रियाशील केसी नेपानका आजीवन सदस्य हुनुहुन्छ। काठमाडौं फुटुङ्ग निवासी केसी स्थानीय विकासका काममा पनि सक्रिय हुनुहुन्छ।


www.ccon.edu.np
BSc.CSIT, TU
Bachelor of Science in Computer Science and Information Technology
Form Submission
Bhadra 19, 2075 (September 4, 2018), Tuesday
Bhadra 24, 2075 (September 9, 2018), Sunday
Entrance Exam
Ashwin 6, 2075 (September 22, 2018) Saturday
ADMISSIONS OPEN
Application Forms are available in the following colleges
A four-year (8-semester) academic cum professional program-126 credit hours (at par with International Universities)
One of the most recently designed Computer Science course in Nepal
Enables you to build solutions by providing in-depth theoretical & practical knowledge of the subject.
Perfect balance between extensive theoretical and thorough practical learning.
Aberdeen Int'l College
Jawalakhel, Lalitpur
Ph:5536298, www.aberdeen.edu.np
Academia International College
Gwarko Chowk, Lalitpur
Ph: 5543037, www.academiacollege.edu.np
Asian College of Higher Studies (ACHS)
Putalisadak (Near Kumari QFX), Kathmandu
Ph:4436383, www.achsnepal.edu.np
Asian School of Management & Technology
Gongabu, Kathmandu
Ph: 01-6204668, www.asm.edu.np
BernHardt College
Bafal (Kalanki Ringroad), Kathmandu
Ph:4672506, www.kbc.edu.np
College of Applied Business (CAB)
Gangahity, Chabahil, Kathmandu
Ph: 4462736, www.cab.edu.np
Henry Ford International College (Nepalaya)
Kalanki, Kathmandu
Ph: 4275203, www.henryford.edu.np
Himalaya College of Engineering
Chyasal, Lalitpur
Ph: 5540555, www.hcoe.edu.np
Kathford Int'l College of Engg. & Mgmt.
Balkumari, Lalitpur
Ph: 5186046, www.kathford.edu.np
Nagarjuna College of IT
Pulchowk, Lalitpur
Ph: 5010670, www.nagarjuna.edu.np
National College of Computer Studies (NCCS)
Paknajol, Kathmandu
Ph: 4251711, www.nccs.edu.np
New Summit College
Shantinagar, Kathmandu
Ph: 4620523, www.newsummit.edu.np
Orchid International College
Gaushala, Bijayachowk, Kathmandu
Ph: 4479744, www.oic.edu.np
Prime College
Nayabazar, Khusibu, Kathmandu
Ph: 4390072, www.prime.edu.np
Sagarmatha College of Science & Technology
Sanepa, Lalitpur
Ph: 5527274, www.scst.edu.np
Samajik College
Lokanthali, Bhaktapur
Ph: 6638497, www.samajikcollege.edu.np
Swastik College
Thimi, Bhaktapur
Ph: 6635174, www.swastikcollege.edu.np
St. Lawrence College
Chabahil, Kathmandu
Ph: 4475891, 4460996, www.stlawrence.edu.np
Texas International College
Mitrapark, Chabahil, Kathmandu
Ph: 4479017, www.texasintl.edu.np
Trinity International College
Dillibazar Height, Kathmandu
Ph: 4445955, www.trinitycollege.edu.np
Outside Valley
Birat Multiple College
Biratnagar-3, Rajbanshi Chowk, Morang
Ph: 021-420900, arniko470149@gmail.com
Birendra Memorial College
Dharan-1, Sunsari
Ph: 025-527320, www.dhss.edu.np
C-CON
CSIT COLLEGE ORGANIZATION NEPAL (C-CON)

# नेपानबाट प्रकाशित नयाँ पुस्तकहरु







आफ्नो प्रतिको लागि
नेपान घरमा सम्पर्क गरौं ।

# राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिता कसरी बढाउने ?



● जानुका न्यौपाने

**महिलाहरूको राजनीतिमा सहभागिता गराउन उल्लेख प्रयासहरू नगरिएको भने हुँदै होइन । तर, जति भएको छ त्यसलाई सम्मान गर्नुपर्ने हुन्छ । हरेक सकारात्मक पहललाई आत्मसात् गर्दै बाँकी कमजोरीहरूलाई हेर्दा राजनीतिलाई सामाजिक चेतनाकै प्रतिविम्बका रूपमा बुझिन्छ ।**

अहिले नेपाल संक्रमणकालको अन्त्यतिरको अवस्थामा छ । विभिन्न चरणहरू पार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुगेको छ। भर्खर मात्र देशमा राष्ट्रप्रमुख महिला, केही अगाडि प्रधान न्यायधिश महिला, सभामुख महिला पनि पाएका थियौ तैपनि नीति निर्माण तह तथा निर्णायक ठाउँमा महिलाको समान र उललेखनीय सहभागिता अझै भएको छैन । समान सहभागिता नभएका कारण रुपान्तरणको प्रक्रियामा अवरोध भएको देखिन्छ ।

### राजनीतिमा महिला सहभागिताको विश्व इतिहास

महिलाहरूलाई पुरुषसरह विकास कार्यमा सहभागी बनाउनका लागि महिला सशक्तिकरणको धारणाको विकास सन् १९८० मा भएको हो। यद्यपि महिलाहरूको शिक्षा, रोजगारी तथा सार्वजनिक र राजनीतिक जीवनमा उनीहरूको सहभागिता अझैपनि महिला र पुरुष बीचमा ठूलो भिन्नता छ । भारतकी इन्दिरा गान्धी, इजरायलकी गोल्डा माएर, बेलायतकी मारगारेट थ्याचर, अर्जेन्टीनाकी इसाबेला पेरोल लगायतका महिला नेतृहरूले पनि आफ्नो देशलाई उत्कृष्ट नेतृत्व प्रदान गरेका थिए ।

त्यैसैगरी श्रीलंकाकी चन्द्रीका कुमारा तुंगा, पाकिस्तानकी बेन्जर भुट्टो, बंगलादेशकी खालिदा जिया, शेष हसिना, इण्डोनेशियाकी मेघावर्ति सुकार्नो, भारतकी सोनिया गान्धी, अमेरिकाकी कडो लिजाराइस, हिलारी क्लिनटन, म्यानमारकी आङ्ग साङ्ग सुची जस्ता नयाँ पुस्ताका महिला नेतृहरू आज पनि विश्व इतिहासमा प्रभुत्तो जमाइरहेका छन् ।

यी तथ्यहरूले महिलाहरू नेतृत्वका लागि पुरुषभन्दा कम छैनन् भन्ने कुराको पुष्टि गर्दछ। लिङ्गको आधारमा पुरुष र महिलाबीच भेदभाव गर्ने प्रचलनको कारण महिलाहरू पुरुषभन्दा कमजोर हुन्छन् उनीहरूमा विचार गर्ने क्षमता र निर्णय लिने क्षमता समेत पुरुष भन्दा कमजोर हुन्छ। त्यसैले उनीहरू सधैं पुरुषबाट संरक्षित हुनुपर्छ भन्ने धारणाको कारण महिलाहरू सधैं पछाडि परिरहेको तथ्य हामी सामु छ ।

### विश्वका ११ देशका विभिन्न तहमा महिला सहभागिताको स्थिति

क्यानडा जस्तो बिकसित देशमा पनि सन् १९३० सम्म महिलाहरू निर्वाचनमा मतदान गर्न कुनै सरकारी ओहदा धारण गर्नबाट बञ्चित हुनुपरेको थियो । त्यहाँ बेलायतको प्रिभि काउन्सिलले एउटा मुद्दामा महिलाहरू पनि पुरुषहरू सिनेटमा नियुक्त हुन सक्छन् भनी निणर्य गरिसकेपछि मात्र त्यहाँका महिलाहरूले आफ्नो राजनैतिक अधिकारको प्रयोग गर्न पाएको देखिन्छ ।

### नेपालका राजनीतिक दलहरूमा महिला सहभागिता

नेपालको प्रसंगमा महिला राजनैतिक इतिहासलाई पल्टायर हेर्ने हो भने २००३ साल फाल्गुणमा बिराटनगर जुटमिलमा भएको मजदुर आन्दोलनमा महिलाहरूको योगदान कथनीय छ। नालापानीको लडाईदेखि २००७ सालको प्रजातन्त्र र २०६२/०६३ को जनआन्दोलको क्रममा शुरुका दिनदेखि नै महिलाहरू संघर्षमा सक्रिय रुपमा अग्रपंक्तिमा भाग लिदै आएको पाइन्छ र पनि महिलाहरू हरेक तह र पक्षबाट अपहेलित मात्र हैन, राज्यका नीति निमार्ण तहमा नगण्य रुपमा सहभागी हुन पाएका छन् । २०१५ सालको प्रथम प्रतिनिधि सभाको निर्वाचनमा १०५ स्थानका लागि १५ जना महिला उमेदवार भएकोमा एकजना मात्र द्वारिकादेवी ठकुरानी निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री भइन् । महिला आन्दोलनको थालनीका रुपमा योगमाया न्यौपानेको ३१ असार १९८९ जल समाधी विद्रोहलाई लिन सकिन्छ । वि.सं.१९७४ मा स्थापना गरिएको

महिला समिति नेपालको पहिलो महिला संगठन हो । जसको अध्यक्षता योगमाया कोइरालाले गरेकी थिइन् ।

विद्यमान सामाजिक तथा साँस्कृतिक कुरीतिहरूको विरुद्धको वि.सं.१९७४ मा योगमाया कोईरालाको संयोजकत्वमा गठित महिला समितिले गरेको प्रयास देखि वि.सं २००४ मा रेवन्त कुमारीको नेतृत्वमा महिलाहरूको नागरिक अधिकारका लागि गरिएको संघर्षकै कारण नेपाल सरकारको वैधानिक कानुन २००४ सालमा नै नेपाली महिलाहरूले अन्य अधिकारको साथै मानव अधिकार, मौलिक हकका रुपमा शिक्षासम्बन्धी हक साथै समान भोटको अधिकार मौलिक हकको रुपमा भए पनि प्राप्त गर्न सफल भएको देखिन्छ । वि.सं.२००३ मा रेमन्त कुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला समाज भारतको जयनगरमा स्थापना भएको थियो । २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा काठमाण्डौंमा नेपाल महिला संघको गठन भयो । आदर्श महिला समाज र नेपाल महिला संघ दुबै संगठनले राणा शासन र समाजमा व्याप्त बालबिबाह र अशिक्षाका विरुद्ध दवाव दिने काम गरे । वि.सं.२००६ मा भारतको रक्सौलमा तार अखिल नेपाल महिला संघको गठन भयो । पुण्य प्रभादेवीको नेतृत्वमा अखिल नेपाल महिला संगठनको स्थापना भयो । २००७ सालको परिवर्तन पछि मंगलादेवी सिंहको अध्यक्षतामा रहेको नेपाल महिला संघ नेपाली काँग्रेसको विचारसंग नजिक रह्यो भने कामक्षदेवीको अध्यक्षतामा रहेको नेपाल महिला संगठन नेपाल कम्यूनिष्ट पार्टीसँग आवद्ध हुन पुग्यो ।

त्यस्तै २०१५ सालको प्रथम प्रतिनिधि सभाको निर्वाचनमा १०५ स्थानका लागि १५ जना महिला उम्मेद्वार भएकोमा एकजना मात्र द्वारिकादेवी ठकुरानी निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री भइन् ।

**२०५८ सालमा मुलुकी ऐन २०२० लाई एघारौं संशोधन गरी महिला अधिकार सम्बन्धमा सुधारको प्रयत्न गरियो । २०६२/०६३ को जनआन्दोलनको सफलतापछि २०५८ सालमा विघटित प्रतिनिधिसभा पुनः स्थापना भएपछि पुनःस्थापित प्रतिनिधि सभाले महिला अधिकारका सम्बन्धमा ३ वटा ऐतिहासिक बुँदा रहेको जरूरी सार्वजनिक महत्वको प्रस्ताव पारित गरियो ।**

पञ्चायती व्यवस्थाको विरुद्धको आन्दोलनमा महिलाहरूको महत्वपूर्ण भूमिका थियो । २०४६ सालको परिवर्तन पछि २०४७ सालको संविधानमा संविधानको धारा ११(५) मा महिला र पुरुषबीच पारिश्रमीकमा भेदभाव गरिने छैन भन्ने व्यवस्था थियो । तर, व्यवहारमा कार्यान्वयन हुन सकेन । सबै पार्टीहरूले प्रतिनिधि सभामा ५ प्रतिशत महिला उमेद्वार उठाउनु पर्ने र राष्ट्रिय सभामा ३ प्रतिशत सुनिश्चित हुनुपर्ने व्यवस्था गरिएको थियो । स्वायत्त शासन ऐन २०५५ ले पनि स्थानीय निकायमा महिला सदस्य निर्वाचित गर्ने व्यवस्था गरियो ।

वि.सं.२०५८ मा मुलुकी ऐन २०२० लाई एघारौं संशोधन गरी महिला अधिकार सम्बन्धमा सुधारको प्रयत्न गरियो । २०६२/२०६३ को जनआन्दोलनमा देश भरिका हजारौं महिलाहरू गिरफ्तार भए जन आन्दोलनको क्रममा २ जना महिला शहिद भए । २०५२ सालदेखि शुरु भएको नेकपा (माओवादी) को सशस्त्र संघर्षमा नेपाली महिला बन्दुक बोकेर लागेका थिए । वि.सं.२०५२ मा सर्वोच्च अदालतले छोरीलाई अंशसम्बन्धी निर्देशनात्मक फैसला गरेको थियो । २०५८ सालमा मुलुकी ऐन २०२० लाई एघारौं संशोधन गरी महिला अधिकार सम्बन्धमा सुधारको प्रयत्न गरियो । २०६२/०६३ को जनआन्दोलनको सफलतापछि २०५८ सालमा विघटित प्रतिनिधिसभा पुनः स्थापना भएपछि पुनःस्थापित प्रतिनिधि सभाले महिला अधिकारका सम्बन्धमा ३ वटा ऐतिहासिक बुँदा रहेको जरुरी सार्वजनिक महत्वको प्रस्ताव पारित गरियो ।

- राज्यको हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने ।
- महिलासम्बन्धी विभेद कानूनहरूको खारेजी हुनुपर्ने ।
- आमाको नामबाट नागरिकता पाउनु पर्ने ।

**विभिन्न आम निर्वाचन र महिला सांसदको प्रतिनिधित्व**

| साल | प्रतिशत |
|---|---|
| २०१५ | ०.९२ |
| २०४८ | ३.४१ |
| २०५१ | ३.४१ |
| २०५६ | ५.७३ |
| २०६४ | ३३ |
| २०७० | २९.९ |

स्रोत : संसद सचिवालय

**पार्टीहरूको केन्द्रीय समितिमा महिला सहभागिता**

| क्र सं. | पार्टीहरू | संख्या |
|---|---|---|
| १. | नेपाली काँग्रेस (केन्द्र) कार्यसमिति<br>दोलखा जिल्ला कार्यसमिति | ८५ जम्मा/१७ महिला<br>४३ जम्मा/७ महिला |
| २. | नेकपा केन्द्रीय कमिट<br>नेकपा केन्द्रीय कमिट | ४४१ जम्मा/६३ महिला<br>१३५ जम्मा/१३ जना महिला |

राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत अन्य पार्टीहरूमा पनि उस्तै अवस्था रहेको पाइन्छ ।
स्रोत : सम्बन्धित पार्टी कार्यालय

## स्थानीय तहमा महिला सहभागिता

नेपालको संविधानले महिलाको राजनैतिक स्थितिमा सुधार ल्याउन गरेका विभिन्न प्रयासहरूमध्ये धारा ३८, ४२, ५०(१), ७६(९), ८४(२), ८४(८), ८६(२) (ख), १६८(९), १७६, २२२, २२३, मा महिला सम्बन्धी व्यवस्था भएतापनि कार्यान्वयन पक्ष कमजोर भएको कारणले पाएका उपलब्धीहरू पनि उपभोग गर्न कठीन भएको अवस्था छ । अहिले राज्यका हरेक तहमा महिला सहभागिता ३३ प्रतिशत अनिवार्य रुपमा गराउनु पर्ने संविधानमा नै ग्यारेण्टी भएता पनि सो प्रावधान हासिल हुन सकिरहेको छैन ।

यसरी कानुनी रुपमा महिलालाई राजनैतिक क्षेत्रमा समान अधिकारको प्रावधान भएतापनि २०५४ सालको स्थानीय चुनावको तथ्यांकलाई हेर्ने हो भने जिल्ला विकास समितिको कूल ८२३ निर्वाचित पदमा जम्मा ५ जना महिला प्रतिनिधि थिए । राजनीतिमा महिला सहभागिता वृद्धि गर्ने उद्देश्यका साथ वि.सं.२०५४ को स्थानीय निकायको निर्वाचनका सन्दर्भमा स्थानीय निकायहरूमा महिलाहरूका लागि निश्चित संख्या आरक्षणको रुपमा उपलब्ध गराइएको थियो । त्यसैगरी नगरपालिका मेयर र उपमेयर तथा गाविस प्रमुखको रुपमा महिलाहरूको विजय भएको देखिँदैन र वडाकै कुरा गर्ने हो भने पनि जम्मा ४,१४६ सदस्यमध्ये जम्मा ७५० (१८.२० प्रतिशत) जना महिला प्रतिनिधि रहेको देखिन्छ । प्रथम जनआन्दोलनपछि स्थानीय निकायको २०५४ मा २० प्रतिशत महिला अनिवार्य व्यवस्था गरिएकाले ४० हजार महिलाहरू एकैपटक वडामा सहभागी हुन सकेका थिए । ३ हजार ९ सय ८१ गाविसका ३५ हजार ९ सय १७ वडाहरू मध्ये २ सय ८९ महिला वडा अध्यक्षहरू निर्वाचित भएका थिए । २०५४ मा गाविसमा ७ दशमलव ७ प्रतिशत, नगरपालिकामा ६ दशमलव ७ प्रतिशत तथा जिल्ला विकास समितिमा १९ दशमलव ५ प्रतिशत महिलाहरू मात्रै निर्वाचित भएको देखिन्छ ।

## संसद र सरकारमा महिला सहभागिता

वि.सं.२०१६ को पहिलो आम निर्वाचनमा ६ जना महिला उम्मेद्वार उठेकामा सबैजनाले हार व्यहोर्नु पर्यो । नेपाल अधिराज्यको संविधान २०४७ ले निर्वाचनमा कम्तिमा ५ प्रतिशत महिला उमेद्वार उठाउनै पर्ने बाध्यकारी व्यवस्था गरेपछि वि.सं.२०४८ सालको आम निर्वाचनमा विभिन्न पार्टीबाट ७३ जना र स्वतन्त्र ८ जना गरी ८१ जना उठेकामा ६ जना (२.९ प्रतिशत) महिला निर्वाचित भएर संसदमा गएका थिए ।

त्यसैगरी २०५१ को मध्यावधि निर्वाचनमा विभिन्न पार्टीबाट ७४ जना र स्वतन्त्र १२ जना गरी ८६ जनामध्ये ७ जना (३.४ प्रतिशत) निर्वाचित भए भने २०५६ को संसदीय निर्वाचनमा ११७ जना पार्टीबाट र २६ जना स्वतन्त्र गरी १४३ जनामध्ये १२ जना (५.९) प्रतिशत महिलाहरू संसद सदस्यका रुपमा निर्वाचित भएका थिए । ऐतिहासिक जनआन्दोलन ०६२/०६३ पश्चात् निर्माण भएको ३३० सदस्यीय अन्तरिम संसदमा ५७ जना (१७.३ प्रतिशत) महिलाहरू सदस्य थिए ।

३० वर्षे पञ्चायती शासनमा निर्माण भएका मन्त्रिपरिषदहरूमा एकजना भन्दा बढी महिला मन्त्रीको सहभागिता भएको देखिदैन । वि.सं.२०६४ मा निर्माण भएको संविधानसभामा महिलाहरूको सहभागिता करिव ३३ प्रतिशत रहेको थियो । जुन ऐतिहासिक हो । नेपालको इतिहासमै पहिलोपटक उल्लेख्य मात्रामा संसदमा महिलाहरूले प्रतिनिधित्व गर्न सफल हुन सके । पहिलो संविधान सभाको निर्वाचनमा संविधानसभाको ५७५ सीट मध्येबाट १९१ जना (३३.२ प्रतिशत) महिला नेतृहरू निर्वाचित भएका थिए । मन्त्रिपरिषदले मनोनित गर्ने २६ सीटमा ६ जना महिलाहरू मनोनित भएका थिए । यसरी कूल ६०१ को संविधान सभामा १९७ जना (३२.८ प्रतिशत) महिलाहरू पुग्न सफल भएका थिए । यसैगरी वि.सं.२०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनबाट १७२ जना (२९.९ प्रतिशत) महिलाहरू संसदमा प्रतिनिधित्व गरिरहेका छन् ।

## मन्त्रिपरिषदमा महिला सहभागिता

देशको शासन सञ्चालन गर्ने मन्त्रिपरिषदमा महिला सहभागिता वि.सं.२०१५ मा १ जना महिला सहायक मन्त्रीका रुपमा भएको थियो । यो नै मन्त्रिपरिषदमा महिलाको प्रतिनिधित्वको शुरुवात थियो । ३० वर्षे पञ्चायत कालमा मन्त्रिपरिषदमा सहभागिता भएको देखिदैन । पहिलो र दोस्रो जनआन्दोलनका बीचमा पटकपटक कूल ४६ जना महिलाहरू मन्त्रिमण्डलमा सहभागी भएको देखिन्छ । दोस्रो जनआन्दोलन पश्चात् संविधानसभाको निर्वाचनबाट बनेको दोस्रो सरकारका समयमा हालसम्मकै ठूलो १२ जना महिलाहरू (२४.५ प्रतिशत) मन्त्रिपरिषद सदस्य बन्न सफल बनेका थिए । हालको ३० सदस्यीय मन्त्रिपरिषदमा तीनजना मात्र महिलाको सहभागिता छ ।

### लोकतन्त्र पछि सरकारमा महिला सहभागिता

| प्रधानमन्त्री | जम्मा मन्त्री | महिला |
|---|---|---|
| पुष्पकमल दाहाल | २४ जना | ४ जना |
| माधवकुमार नेपाल | ४३ जना | ५ जना |
| झलनाथ खनाल | ३५ जना | ७ जना |
| डा.बाबुराम भट्टराई | ४९ जना | १२ जना |
| खिलराज रेग्मी | ११ जना | १ जना |
| शुशील कोइराला | २४ जना | ३ जना |
| के.पी.शर्मा ओली | ३० जना | ३ जना |

स्रोत : प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

## राजनीतिमा महिला किन कम ?

महिलाहरूको राजनीतिमा सहभागिता गराउन उल्लेख प्रयासहरू नगरिएको भने हुँदै होइन । तर, जति भएको छ त्यसलाई सम्मान गर्नु पर्ने हुन्छ । हरेक सकारात्मक पहललाई आत्मसात् गर्दै बाँकी कमजोरीहरूलाई हेर्दा राजनीतिलाई सामाजिक चेतनाकै प्रतिविम्वका रुपमा बुझिन्छ । राजनीति राज्यको मूलनीति भए पनि सामाजिक चेतना र संस्कृति त्यसको जरो हो । नेपाली समाज सघन पितृसत्तात्मक चेतनाले परिचालित छ । महिलासम्बन्धी हरेक सवाल पितृसत्तात्मक (माइन्डसेट) विचार भित्र रहेर उठाइन्छ । जन्मिन पाउने कि नपाउनेदेखि उठ्ने, खाने,

बस्ने, हिँड्ने, हाँस्ने, रुने बोल्नेसम्मका तालिका त्यही (माइन्डसेट) विगतकै पितृसत्तात्मकरुपमा जन्मेको विचार अनुसार मिलाइन्छ ।

धेरैजसो माथिल्लो तहको नेतृत्वमा महिलालाई देख्ने आकाँक्षा भने नेपाली समाजमा बेलाबखत व्यक्त भइरहन्छ । राष्ट्रपति महिला पायौं, प्रधानन्यायधीश महिला पायौ, सभामुख महिला पायौ र अब राज्यको कार्यकारी प्रमुखका रुपमा महिलालाई देख्ने पायौ भने उफ् के गरौला तिमिहरूले भन्ने जमात सानो छैन । त्यसकारण महिलालाई राजनीतिमा सहजरुपमा सहभागी हुन नदिने प्रमुख बाधक परम्परागत सामाजिक संरचना र पितृसत्तात्मक चिन्तन हुन् । साथै भन्नै पर्ने केही कुरा जस्तै : नातावाद, कृपावाद, अनि पैसा र शक्ति, तान्ने र घचेड्ने व्यक्तिविहिन महिलाहरूको राजनीतिक भविष्य खासै फराकिलो दायरामा झाँगिन्छ भन्ने विश्वाश गुमाइसकेको विद्यमान अवस्था हो । के महिलाहरूको राजनीतिक क्षमता विकास गर्ने जिम्मेवारी नेपालमा उदियमान राजनीतिक दलको होइन र ? यो कसरी महशुस गराउने भन्ने चिन्ता नै मुख्य हो । महिला स्वयंले हाँकेको राजनीतिक क्रान्तिले मात्र त्यसको जरा हल्लाउन र उखेल्न सक्छ भन्ने आँट पनि बाँकी नभएको होइन । तर, पार्टीगत रुपमा टिकट प्राप्त गर्न भने उहि कुरा लागू हुन्छ जुन सामान्य महिलाहरूका लागि विडम्वना स्वरुप पछि हट्न बाध्य बनाउँछ ।

**राजनीतिक दलहरूले पार्टीका कार्यसमिति/कमिटीहरूमा महिलाहरूको हाल भएको ३३ प्रतिशत प्रतिनिधित्वको नीतिगत व्यवस्था कार्यान्वयन हुनुपर्छ ।**

### राजनीतिमा महिला सहभागिता बढाउनका लागि केही सुझावहरू

- स्रोतभन्दा सोच, मनोवृत्ति, विचार, धारणा र व्यवहारमा सकारात्मक परिवर्तनको आवश्यकता छ ।
- महिलाहरूको सुरक्षाका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था गरी सोको परिचालन गर्नुपर्ने ।
- महिलाहरूलाई पाखा लगाउने शैलीहरूमा परिवर्तन गर्ने तथा त्यस प्रकारका व्यवहार गर्ने व्यक्ति, समूह तथा संस्थाहरूलाई कानूनी कारवाहीको व्यवस्था र कार्यान्वयन गरिनु पर्ने ।
- नेपालका राजनीतिक दलहरूभित्र महिलाहरूको ३३ प्रतिशत मात्र नभई ५० प्रतिशत सहभागिता सुनिश्चित गराउनका लागि राजनीतिक दलहरूले आफ्ना विधान, नियमावली, राजनीतिक दस्तावेज, निर्वाचन घोषणा पत्र लगायतका नीतिगत दस्तावेजहरूलाई समयानुकुल सुधार गर्नुपर्ने ।
- नीति निर्माण तहमा पुगेका र पुग्न योग्य हुने महिलाको यथार्थ सूचना प्रणाली निर्माण गरिनु पर्ने ।
- कानून निर्माण गरेर भए पनि नीति निर्माण तहमा महिला सहभागिताको सुनिश्चितता कायम गरिनु पर्ने ।
- पुरुषका तुलनामा महिला बढि नै इमान्दार हुने भएकाले स्थानीय निकाय तथा विभिन्न बिकासका परियोजना र राजनीतिमा महिलाको सहभागिता वृद्धि गर्दै जानु पर्ने ।
- सामाजिकरुपमा महिलामाथि विभेद गर्नेलाई कारवाहीको कडारुपमा कार्यान्वयन गरिनु पर्ने ।
- महिलाप्रति विभेदकारी कानूनी प्रावधान तुरुन्त खारेज गरी आइन्दा त्यस प्रकारका कानून बनाउन नपाईने संयन्त्रको विकास गर्नुपर्ने ।
- महिलाहरूको हरेक किसिमको क्षमता विकास गर्न आवश्यकताका आधारमा राजनीतिक प्रशिक्षण, अन्य तालिम, सेमिनार, गोष्ठी लगायत आर्थिक परनिर्भरता हटाउने खालका कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनु पर्ने ।
- परिवार तथा समाजबाट महिलालाई राजनीतिमा लाग्ने कुनै पनि प्रकारको बाधा अवरोध नगरी राजनीतिमा लाग्न प्रेरित गर्नुपर्ने ।
- राजनैतिक दलहरूले जनवर्गीय संगठनहरूमा महिला संगठनलाई प्रधान संगठनका रुपमा मान्यता दिनु पर्ने ।
- सरकारबाट गठन गरिने समिति, परिषद, आयोग र कार्यदल आदिमा अनिवार्यरुपमा महिलाहरूलाई निर्णायक तहमा राखिनु पर्ने व्यवस्था समावेश गर्ने ।
- संवैधानिक परिषद र न्यायपरिषदको सिफारिश जस्ता व्यवस्थामा लैङ्गिक समानताको विषय समावेश गरिनु पर्ने ।
- सबै संवैधानिक निकायमा लैङ्गिक सचेतना अभिवृद्धि तथा लैङ्गिक अभिमुखीकरण गरि व्यवहारमा लागू गर्नु र गराउनु पर्छ ।
- संवैधानिक पदमा नियुक्त हुन योग्य महिलाको रोष्टर तयार गर्ने र अद्यावधिक गर्दै जाने ।
- निर्वाचनमा महिला मतदाता, उमेद्वार र पर्यवेक्षकहरूको सहभागिता वृद्धि हुनु पर्ने ।
- सबै दलहरूले महिलाको सहभागिता सुनिश्चितता गर्नको लागि महिला उमेद्वार बीच प्रतिस्पर्धा गराईनु पर्ने ।
- लैङ्गिक उत्तरदायी बजेटको महिला र पुरुष बीचमा रहेका अधिकार, जिम्मेवारी र परिणामहरूमा हुने भेदभावका पक्षलाई राम्रोसंग विश्लेषण गरी योजना बनाउने, बजेट विनियोजन, खर्च र प्रभाव/परिणाम मूल्यांकन गर्नु पर्छ ।
- आमाको नामबाट नागरिकता पाउने सहज र सरल संवैधानिक व्यवस्था हुनु पर्ने ।
- राजनीतिक दलहरूका संरचनाहरू समावेशी बनाउन राजनीतिक दलहरूभित्रै विशेष नीति कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्ने साहस गर्नु पर्छ ।
- महिलाहरूको प्रतिनिधित्व गराउँदा अन्य सीमान्तकृत समुदायका महिलाको प्रतिनिधित्वलाई विशेष ध्यान दिनु पर्छ ।
- राजनीतिक दलहरूले पार्टीका कार्यसमिति/कमिटीहरूमा महिलाहरूको हाल भएको ३३ प्रतिशत प्रतिनिधित्वको नीतिगत व्यवस्था कार्यान्वयन हुनुपर्छ ।

# नेपान अक्षय-कोषको हालसम्मको स्थिति

## अक्षय-कोष स्थापनाको औचित्य

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) एक नेटवर्किङ्ग संस्था भएको हुँदा यसले आफैं कुनै पनि प्रत्यक्ष सेवा प्रदान गरेर कोष संकलन गर्नसक्ने स्थिति छैन। जुन कुरा नेपानको विधान २०५१ मा स्पष्ट उल्लेख छ। नेपान सचिवालय सञ्चालनार्थ आवश्यक प्रशाासनिक एवम् व्यवस्थापकीय खर्चका लागि जरुरत पर्ने रकमका निम्ति सधैं दातृसंस्थामा नै भर पर्नुपर्ने स्थिति त्यति व्यावहारिक नदेखिने हुँदा नेपान अक्षय-कोष स्थापना गर्ने सोंच नेपान अक्षय- कोष स्थापना गर्ने सोंच नेपान सदस्यहरूबाटै प्रष्फुटन भई नेपानको विधान अनुरुप २०५४ सालको साधारण-सभाले यस कोषको स्थापना गर्ने लक्ष्य राखेको हो। यसले दीर्घकालीनरुपमा नेपानलाई आर्थिक रुपमा सक्षम बनाउने छ। यसैलाई निरन्तरता दिन एक ''अक्षय-कोष नियमावली'' को तत्काल आवश्यकता परेको हुँदा का.स.मा व्यापक छलफल र कार्याभ्यास गरी नेपानको विधान-२०५१ को दफा २२ र २४ को प्रावधान अन्तर्गत ''नेपान अक्षय-कोष नियमावली २०५६'' पनि तयार भई लागू भएको छ।

## अक्षय-कोषको रकम प्रयोग प्रक्रिया

अक्षय कोषमा जम्मा रकम अमेरिकी डलर १,५०,००० (एक लाख पचास हजार) वा सो बाराबरको नेपाली रुपैयाँ हुनेछ। उक्त रकम ''नेपान अक्षय-कोष''को नाममा बैंकमा जम्मा गरिनेछ। अक्षय कोषमा व्याजस्वरुप प्राप्त रकममात्र नेपानको प्रशासनिक एवम् व्यवस्थापकीय प्रयोजन हेतु खर्च गरिने छ।

यो नियम कम्तीमा पनि अक्षय-कोष स्थापना भाएको १५(पन्ध्र) वर्षसम्म लागू हुनेछ। यदि यस नियममा कुनै परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएमा साधारण सभाले छलफल गरी निर्णय गर्नेछ। यदि सावाँ रकम खर्च गर्नुपर्ने स्थिति आएमा पनि सो खर्च के कसरी गर्ने भन्नेबारे साधारणसभाले नै निर्णय गर्नुपर्ने हुन्छ। अन्यथा अक्षय-कोषको रकम खर्च गर्न सकिने छैन।

## हालसम्मको उपलब्धि

नेपानको विधानअनुरुप स्थापित नेपान अक्षय-कोषका लागि सहयोग गर्न विभिन्न संघसंस्था तथा नेपान सदस्यहरूलाई समय समयमा भेटघाट तथा पत्राचार गर्दै आइरहेका छौं। सोही प्रयासको परिणाम स्वरुप हालसम्म स्विस विकास नियोगबाट यू.एस.डलर १० हजार, एक्सनएड नेपालबाट ने.रु ३,६९,७५० (५हजार यू.एस.डलर बराबर) रकम प्राप्त भै नेपान अक्षय-कोषमा राखिसकिएको छ। यसैगरी पहिले नै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिसकेको बेलायतको आई.डी.एस. संस्थाबाट ने.रु. ३,२९,५७३ (५ हजार स्टर्लिङ्ग पाउण्ड बराबर) रकम प्राप्त भई नेपान अक्षय-कोषमा राखिएको छ।

यसैगरी नेपान 'अक्षय-कोष नियमावली' अनुसार नेपानको वार्षिक सदस्यता शुल्कबाट उठेको रकममध्ये २५ प्रतिशत, कार्यक्रम संचालनबाट बचत भएको रकमबाट २५ प्रतिशत एवम् अनुसन्धान कार्य गरेबापत बचत भएको कुल रकममध्ये २५ प्रतिशत रकम अक्षय-कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ। त्यसैगरी हालसम्म तपसीलमा उल्लेखित नेपान सदस्यहरूले पनि यस कोष वृद्धिका लागि सहयोग गर्नु भएको छ। यसरी हालसम्म २,४१,७०० रुपैयाँ कोषका लागि व्यक्तिगत तवरबाट प्राप्त भएको छ।

१. श्री रामदयाल प्रसाद यादव
२. श्री समीर कार्की (दुई पटक)
३. श्री शशी रिजाल (दुई पटक)
४. श्री सुस्मा वाराकोटी
५. श्री पुर्ण वहादुर चेम्जोङ्ग
६. श्री महेश दाहाल
७. श्री डार्लिन फूट
८. श्री भरत राज गौतम
९. श्री राघव राज रेग्मी (प्रत्येक वर्ष रु. पाँच हजार)
१०. श्री विमला चापागाई
११. श्री गोविन्द न्यौपाने
१२. श्री हेमा के.सी.
१३. श्री विशालभक्त कशु
१४. श्री रोजी जोशी
१५. श्री राज वहादुर श्रेष्ठ
१६. डा शिवेशचन्द रेग्मी
१७. श्री रमानन्द प्रसाद गुप्ता
१८. श्री चण्डी प्रसाद चापागाई
१९. श्री रवि चित्रकार
२०. श्री कमल फुयाल
२१. श्री मान वहादुर थापा
२२. श्री अश्विन पुडासैनि
२३. श्री भोला प्रसाद दाहाल
२४. श्री तेजराज दाहाल
२५. श्री श्याम अधिकारी
२६. श्री उत्तम उप्रेति
२७. श्री निशा शर्मा
२८. श्री गोविन्द राज पौडेल
२९. श्री लजना मानन्धर
३०. श्री सीता राना
३१. श्री छिङ्गलमु शेर्पा
३२. श्री यसोधा श्रेष्ठ
३३. श्री विमला घिमिरे
३४. श्री द्रोण के.सी.
३५. श्री चेतनाथ कणेल
३६. श्री फणिन्द्र भण्डारी
३७. श्री निर्मल शर्मा (दुई पटक)
३८. श्री राजेन्द्र गुप्ता
३९. डा विनोद भट्ट
४०. श्री ब्रहमध्वज गुरुङ्ग
४१. श्री गोपाल तामाङ्ग
४२. श्री विनोद चापागाई
४३. श्री प्रेम वहादुर थापा
४४. श्री अशोक कुमार पौडेल
४५. जिल्ला विकास समिति, भक्तपुर
४६. रोबर्ट च्याम्बर्स
४७. गोकुल भण्डारी (लण्डन)

यसरी २०६९ साउनसम्ममा नेपान अक्षय-कोषमा रु.४५,९१,४३५.८८ (पैतालिस लाख एकानब्बे हजार चार सय पैतीस रुपैयाँ अठ्ठासी पैसा मात्र) रकम जम्मा भईसकेको छ। आ.व. ०७२/७३ सम्म अक्षय-कोषमा जम्मा भएको रकम र घर-कोषमा प्राप्त सहयोग गरी कूल रु.६५,१४,२३९.०० भएकोमा रु.८७,००००.०० घर खरिद तथा थप निर्माण सुधारमा खर्च गरियो। तत्पश्चात् पनि अक्षय-कोषमा रकम जम्मा गर्ने क्रम जारी छ। २०७३ असार मसान्तसम्म जम्मा रु.८,९४,२६८.०० अक्षय-कोषमा सञ्चित छ। आ.व. ०७३/७४ को अक्षय-कोषमा सञ्चित रकम रु.८,९४,२६८.०० भएकोमा रु. ४,९३,९८७ घर खरिदको ऋण तिर्न प्रयोग गरियो। २०७४ असार मसान्तसम्म जम्मा रु.४,००,२८१ अक्षय-कोषमा सञ्चित छ। आ.व. ०७४/७५ सम्म अक्षय-कोषमा कूल रु. ५,५६,९८१.०० (पाँच लाख छपन्न हजार नौ सय एकासी रुपैयाँ मात्र) सञ्चित छ। त्यस्तैगरी आ.व. २०७५/७६ सम्म अक्षय-कोषमा कूल रु. ५,६८,५३९.०० (पाँच लाख अडसठ्ठी हजार पाँच सय उन्चालीस रुपैँया मात्र) सञ्चित छ।

नेपान अक्षय-कोषका अतिरिक्त घर निर्माण कोषमा सहयोग गर्ने दाता/सहयोगीहरूको नामावली यस प्रकार छ।

१. डा. भोलाप्रसाद दाहाल
२. अश्विनकुमार पुडासैनी
३. गोविन्दराज पौडेल
४. कृष्णप्रसाद न्यौपाने
५. गोविन्द न्यौपाने
६. महेश शर्मा
७. समीर कार्की
८. हीरालाल श्रेष्ठ
९. पूर्णबहादुर चेम्जोङ
१०. दीर्घजीबी घिमिरे
११. सन्जु कोईराला
१२. शान्तालक्ष्मी श्रेष्ठ
१३. पदम भुसाल
१४. मानबहादुर थापा
१५. अशोक पौडेल
१६. डा.अनोज क्षेत्री
१७. डा.कमल फुयाल
१८. फटिकबहादुर थापा
१९. नीलकमल क्षेत्री श्रेष्ठ
२०. तुलसी सापकोटा
२१. हेरिना जोसी
२२. जीव आचार्य
२३. भरतराज गौतम
२४. लाक्पातेन्जी लामा
२५. चेतनाथ कणेल
२६. मुकेश सिंह
२७. डा. कृष्णबाबु जोसी
२८. प्रेमराज न्यौपाने
२९. कृष्णप्रसाद सुवेदी
३०. गोपालप्रसाद तामाङ
३१. तेज सुनार
३२. ब्रह्मध्वज गुरुङ्ग
३३. वृतकुमारी गुरुङ्ग
३४. ललितबहादुर थापा
३५. राजबहादुर गिरी
३६. बालकृष्ण शर्मा
३७. घनश्याम अवस्थी
३८. रुपा वस्नेत
३९. निशा शर्मा
४०. निर्मला लामा
४१. श्रीधर लामिछाने
४२. रोजी जोशी
४३. मीनबहादुर गुरुङ्ग
४४. प्रेमबहादुर थापा
४५. डा. राजबहादुर श्रेष्ठ
४६. सिंहबहादुर खड्का
४७. लालबहादुर ओली
४८. द्रोण के.सी.
४९. महादेव भट्ट
५०. डा. गोपाल सेरचन
५१. डा.उद्धव राई
५२. डा. विमला राई पौडेल
५३. मीनाक्षी दाहाल
५४. पूर्णबहादुर थापा
५५. जिमि लामा
५६. हेलम्वु एजुकेशन एण्ड लाइभलीहुड प्रोजेक्ट
५७. प्रमोद उपाध्याय
५८. डा. नरविक्रम थापा
५९. डार्लिन फुट
६०. गम्भीरबहादुर हाडा
६१. नेत्रप्रसाद उपाध्याय
६२. यशोधा श्रेष्ठ
६३. डा. रमेशजङ्ग खड्का
६४. साहस नेपाल
६५. अनिरुद्धनाथ सुक्ल
६६. तेजराज दाहाल
६७. रामानन्दप्रसाद गुप्ता
६८. कालभान राई
६९. हुकुमबहादुर सिंह
७०. झविन्द्र भण्डारी
७१. डा. विष्णुराज उप्रेती
७२. यमुना घले
७३. दीपा आचार्य
७४. झेचुन लामा
७५. मीना गुरुङ्ग
७६. प्रा.डा. रोवर्ट च्याम्वर्स
७७. नन्दलाल माझी
७८. दशरथ मोक्तान
७९. तारा गुरुङ्ग
८०. छिडलमु शेर्पा
८१. डा.मुक्ति रिजाल
८२. रामहरि अधिकारी
८३. पद्मा शाक्य
८४. श्रीराम के.सी
८५. खेमराज भट्टराई
८६. वालकृष्ण देउजा
८७. घनश्याम अधिकारी
८८. डा. शिबेशचन्द्र रेग्मी
८९. डा. बिनोद भट्ट
९०. राघबराज रेग्मी

# हाम्रो अनुरोध

**नेपानको दिगोपना अभिवृद्धि र प्रगतिको लागि विभिन्न व्यक्ति र संस्थाबाट गर्नुभएको सहयोगको कदर गर्दै अन्य संस्था एवम् महानुभावहरुले पनि नेपान अक्षय कोषका लागि सक्दो सहयोग गर्नुहुन र आफ्नो पहुँच भएका नेपानको उद्देश्यसँग मेलखाने संस्थाहरुलाई नेपानको अक्षय कोषबारे जानकारी गराई कोष प्रवर्द्धनमा योगदान पुऱ्याउनुहुन हार्दिक अनुरोध गर्दछौं।**

**कार्यकारिणी समिति, नेपान सहभागीमूलक कार्यसमूह (नेपान)**
**भाद्र २०७६**






## नेपानद्वारा व्यवस्थित

# प्रसिद्ध कणेल स्मृति विकास लेखन सम्मान

(रू. १०,०००/- नगद र सम्मानपत्र)

स्थापना : २०७४ चैत

संस्थापक : चेतनाथ कणेल परिवार

नेपानमा राखिएको अक्षयकोष रकम रू. १ लाख

हालसम्म सम्मानित हुनेहरू:

२०७५ : गम्भीरबहादुर हाडा, सह-प्राध्यापक (भक्तपुर)

२०७६ : डा. विष्णुराज उप्रेती, विकास तथा द्वन्द्वविद् (दोलखा)

*नोट : अपडेट २०७६ भदौ २१ गते ।*

# NEPAN Snapshots




















एक वास्तविकता.....
विकासको लागि सूचना प्रविधि कि सूचना प्रविधिको लागि विकास ?
गाउँमा विकास गर्नु भन्दा यो मोबाइलबाट रिपोर्ट पठाउनु पो बढी गाह्रो र खर्चिलो रहेछ नि....
शब्द/अवधारणा : बी.डी. गुरुङ चित्र: सुशील थापा